# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np
email : info@bhaktapurmun.gov.np

हेल्लो भक्तपुर नगरपालिका

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

jì{ #%⋆cÆ &⋆g};≢!!#*⋆|j÷;≢@)&% h]7⋆A.D.2018

कार्यालय : कमलविनायक (पुरानो जनस्वास्थ्य भवन)

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी (बिढा)

सहायक सम्पादक : कृतिका प्रजापति

डेस्कटप : धनलक्ष्मी त्यात


मुद्रण
भक्तपुर अफसेट प्रिन्टर्स
ब्यासी, भक्तपुर
☎ ६६१३८८८

आवरण सज्जा : राजु

मूल्य रु. २५।-

तस्बिरहरू : पर्यटक सूचना केन्द्र, भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)


## Pp6f tl:a/ भक्तपुर नगरको प्रसिद्ध नाग पुखुको कुनै बेलाको तस्बिर ।




(तस्बिर : इन्टरनेट)

'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

# ‘धेरै रिसाउने मानिस आँखा भएर पनि अन्धो हुन्छ ।’ – हर्षचरित मानस

## यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | भक्तपुर नगरपालिकाको एक वर्ष | – | ३ |
| २) | ‘सरकार एकात्मक मानसिकताबाट मुक्त हुन सकेको छैन’ | सुनिल प्रजापति | ६ |
| ३) | भक्तपुरको राष्ट्रिय कला सङ्ग्रहालय पुनः निर्माणबारे छलफल | – | ८ |
| ४) | नःपुखुस्थित भवनमा जनज्योति पुस्तकालय | – | ११ |
| ५) | काठमाडौं उपत्यकालाई सांस्कृतिक केन्द्रको रूपमा विकास गर्नुपर्छ | – | १४ |
| ६) | जनस्वास्थ्य केन्द्रमा आकस्मिक कक्ष शुभारम्भ | – | १५ |
| ७) | पूँजीवादी व्यवस्था पैसा प्रधान व्यवस्था | – | १६ |
| ८) | भक्तपुरमा नयाँ प्रजिअ र एसपीको स्वागत | – | १७ |
| ९) | पाठ्यक्रमबारे प्रधानाध्यापकहरूलाई अभिमुखीकरण | – | १८ |
| १०) | युग सुहाउँदो विशेषज्ञता हासिल गर्न जोड | – | १९ |
| ११) | खेलकुदले अनुशासन, मित्रता र स्वस्थ जीवन सिकाउने | – | २० |
| १२) | देशको सार्वभौमिकता रक्षाको लागि लाग्नुपर्छ | – | २२ |
| १३) | भक्तपुर नगरपालिकामा दमक नपाका मेयर | – | २३ |
| १४) | भनपाका जनप्रतिनिधिबीच कार्ल मार्क्सको जन्म दिवसमा प्रवचन | – | २४ |
| १५) | चिनियाँ युवा प्रतिनिधिमण्डल भक्तपुरमा | – | २५ |
| १६) | शिक्षामन्त्रीको उपस्थितिमा बसेको बैठकमा झण्डै हात हालाहाल | – | २६ |
| १७) | जनप्रतिनिधि तथा प्रशासकहरूमा जनतासँग मिलेर काम गर्ने खुबीको आवश्यकता | – | २७ |
| १८) | ‘लगानी बोर्ड साम्राज्यवादी देशहरूको हतियार बन्ने खतरा’ | सुनिल प्रजापति | २९ |
| १९) | ‘चुनौतीबाट भागेर होइन त्यसको डटेर सामना गर्दै अघि बढ्दै छौं’ | सुनिल प्रजापति | ३१ |
| २०) | भक्तपुर नगरपालिकाको बैठक निर्णय | – | ३८ |
| २१) | कार्ल मार्क्स | फ्रेडरिक एंगेल्स | ५३ |
| २२) | नेपाल मण्डलको मध्यकालिक अर्थतन्त्रमा आधारभूत राष्ट्रिय सुरक्षा पक्ष | देविचन्द्र श्रेष्ठ | ६१ |
| २३) | भाजुकस तथा भाजुपोखरीको इतिहास | ओम धौभडेल | ६५ |
| २४) | काव्य सिर्जना लोकजीवनको दृष्टान्त र देशको चित्र–३ | विगोल | ७० |
| २५) | पुरुखा पिनिगु म्हगस | सिद्धिचरण श्रेष्ठ | ७४ |
| २६) | नागरिक भावना : पर्यटक शुल्क | हेमन्त | ७५ |
| २७) | समाजमा प्रचलित अन्धविश्वास : कति सत्य कति असत्य | सह प्रा.डा. बलराम कायस्थ | ७७ |
| २८) | घरदैलो नर्सिङ सेवाले भक्तपुरका वडावासीहरूमा सकारात्मक ....... | सविना दुवाल | ७९ |
| २९) | SKETCHES FROM NIPAL (25) | Henry Ambrose Oldfield | ८१ |
| ३०) | बिहानले दिनको संकेत गरेको छ (सम्पादकको पृष्ठ) | – | ८८ |


**साथमा**


विश्वविद्यालय अनुदान आयोगका प्रतिनिधि भक्तपुरमा–१०/मुलाछेँमा पाटी उद्घाटन–१०/‘खानेपानीको समस्या समाधान गर्न भनपा सक्रिय’–१२/भक्तपुर नगरपालिकाद्वारा मासु पसल अनुगमन–१२/सरसफाइ कार्यक्रमको निरन्तरता–१३/संयुक्त बजार अनुगमन–१३/‘लगानी बोर्ड ऐन खारेज गर्नुपर्छ’–१४/स्वास्थ्य उपचारसम्बन्धी जनचेतनामूलक भेला–१६/कमलविनायक र च्याह्मासिंहमा बजार अनुगमन २१/विद्यालयहरूलाई सफाइ सामग्री तथा बाल्टिन वितरण–२१/भक्तपुर नगरपालिकाद्वारा राँगो वधस्थल र मासु पसल अनुगमन–२२/जनताबाट उठेको करको सदुपयोग–२६/भक्तपुर जिल्ला फुटबल संघको पाँचौं अधिवेशन सम्पन्न–२६/भनपा १ वडामा एथ्लेटिक्स प्रतियोगिता सम्पन्न–२८/तपाईंको भान्सा:पुदिना–३०/चिनियाँ नीतिकथा:झोला चोरी–३७/भक्तपुर नगरपालिकाको राजपत्र–५०/भेलुखेलमा नमुना सरसफाइबारे छलफल–५२/जगतसुन्दर मल्लया ईसपं दयकातगु बाखँ–६०/पाटी विवरण (साविक वडा नं.८)–७६/बसिबियाँलो–७८/नेपालको संविधान २०७२, भाग–२५,राष्ट्रिय मानव अधिकार आयोग(३२)–८३/निर्माण सम्पन्न सम्पदाका तस्बिरहरू–८५/तस्बिरमा केही गतिविधि–८६/वैशाख महिनाको पर्यटक तथ्याङ्क–८७ ।

# eQmk'/ gu/kflnsfsf]Ps jif{




भक्तपुर नगरपालिकाले आयोजना गरेको जनप्रतिनिधिहरूको एक वर्षको कार्यक्रममा सम्बोधन गर्नुहुँदै नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित)

भक्तपुर नगरपालिकामा जनप्रतिनिधि बहाल भएको एक वर्ष पुगेको अवसरमा जेठ ७ गते एक कार्यक्रमको आयोजना गऱ्यो ।

उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले भक्तपुर नगरपालिकाका पदाधिकारीहरूले आफ्नो घोषणापत्र र मतदाताहरूलाई गरेको वाचाअनुरूप कार्य गर्नु अनुकरणीय भएको बताउनुभयो । उहाँले आगामी दिनहरूमा पनि नपाले जनतालाई दिएको वचनभन्दा बढी काम गर्न भक्तपुर नगरपालिकालाई शुभकामना व्यक्त गर्नुभयो ।

उहाँले भक्तपुर नगरका सडक र चोकहरूमा ढुङ्गा छपाइका कारण इनार र अन्य जलस्रोतहरूमा पानीको कमी हुन नदिन नगरपालिकाले विशेष ध्यान दिनु आवश्यक भएको बताउँदै ढल र उपचार पोखरी सुदृढ नभएसम्म नगरको सरसफाइ व्यवस्थापन अगाडि बढ्न गाऱ्हो हुने बताउनुभयो ।

अध्यक्ष बिजुक्छेंले २०४८ सालमा काठमाडौं उपत्यकामा बाहिरी जनताले अचल सम्पत्ति किनबेच गर्न नपाउने विधेयक दर्ता गरेको तर शासक दलहरूले त्यस विधेयक पास नगरेको सन्दर्भ कोट्याउँदै आज उपत्यका अस्तव्यस्त हुनुमा सत्तामा जाने दलहरू जिम्मेवार भएको बताउनुभयो ।

उहाँले भन्नुभयो – ‘घरघरमा स्वास्थ्य सेवा प्रदान गरेजस्तै आगामी दिनमा घर–घरमा शौचालय र धाराको हेरचाह तथा फिनेल र चुन छर्न सचेतना जगाउनुपर्ने बताउनुभयो ।

देशको सन्तुलित विकासको निम्ति सरकारले अन्य प्रदेशलाई काठमाडौंमा पाउने सहुलियतहरू प्राप्तिको बन्दोबस्त गर्नुपर्ने बताउँदै उहाँले काठमाडौं उपत्यकालाई सांस्कृतिक र



कार्यक्रमका वक्ताहरू प्रमुख अतिथि नारायणमान बिजुक्छें(रोहित), सुरेन्द्रराज गोसाई, सुनिल प्रजापति र रजनी जोशी



वक्ताहरू अनुराधा थापामगर, पृथुचरण वैद्य, तेजेश्वरबाबु ग्वंग र पुरुषोत्तमलोचन श्रेष्ठ

राजनैतिक केन्द्रको रूपमा संरक्षण गर्नुपर्ने विचार व्यक्त गर्नुभयो।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले निर्वाचनको बेला जनतालाई दिएको वचनअनुसार प्रतिबद्ध भई भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सरसफाइ, सम्पदा संरक्षण, खानेपानीजस्ता जनतासँग प्रत्यक्ष सरोकार राख्ने विषयलाई प्राथमिकतामा राखी कार्य सञ्चालन गरेको बताउनुभयो।

नेपालको संविधानले स्थानीय तहलाई कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको अधिकार प्रदान गरेको बताउँदै प्रमुख प्रजापतिले संविधान प्रदत्त अधिकारलाई ध्यानमा राखी नगरपालिकाले ऐन र निर्देशिकाहरू बनाई त्यसैको आधारमा कार्यहरू गर्दै जाने प्रतिबद्धता जाहेर गर्नुभयो।

नेमकिपाका पूर्वसांसद अनुराधा थापामगरले भ्रष्टाचार र भागबण्डाको राजनीतिले गर्दा देशका अन्य नगरपालिकाले आफ्नो कार्य सञ्चालन गर्न नसकिरहेको अवस्थामा भक्तपुर नगरपालिकाले पारदर्शी रूपमा आफ्नो कार्य सञ्चालन गर्नु अन्य नपाको लागि अनुकरणीय कार्य भएको बताउनुभयो। भ्रष्टाचार पूँजीवादी व्यवस्थाको छायाँ भएको बताउँदै उहाँले भ्रष्टाचारीहरूलाई मृत्युदण्डको सजाय दिइनुपर्ने विचार राख्नुभयो।

प्रदेशसभा सांसद सुरेन्द्रराज गोसाईंले नेमकिपाको तर्फबाट निर्वाचित जनप्रतिनिधिहरूले आफूलाई जनताका सच्चा सेवक, इमानदारीका प्रतीक र परिवर्तनप्रति प्रतिबद्ध जोधाहाको रूपमा निरन्तर प्रस्तुत गरेको बताउँदै देशकै निम्ति नमुना हुने खालका नयाँ नयाँ कार्य अगाडि बढाउनु सकारात्मक भएको बताउनुभयो।

त्रिभुवन विश्वविद्यालयका शिक्षाशास्त्रका पूर्व डीन पृथुचरण वैद्यले स्थानीय निकायबाट पाठ्यक्रम तयार भएको कार्यको उच्च मूल्याङ्कन गर्नुपर्ने बताउँदै ठाउँ–ठाउँमा सार्वजनिक शौचालयको निर्माण, सार्वजनिक ठाउँहरू सुरक्षित गर्ने र व्यवस्थित पार्किङको लागि नगरपालिकाको ध्यान जानु आवश्यक भएको बताउनुभयो।

संस्कृतिविद् तेजेश्वरबाबु ग्वंगले नगर प्रवेशको लागि पर्यटकसँग उठाएको शुल्कले भक्तपुरको चौतर्फी विकासमा मद्दत पुगेको भन्दै असहज परिस्थितिमा पनि भक्तपुर नपाले जनताको सेवा गरेको चर्चा गर्नुभयो।

इतिहासविद् पुरुषोत्तमलोचन श्रेष्ठले भक्तपुर नगरपालिकाले एक वर्षको अवधिमा अतुल्य काम गरेको बताउँदै खुला स्थानलाई जोगाउन नपाले ध्यान दिनुपर्ने बताउनुभयो।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भक्तपुर नगरलाई नमुना नगरको रूपमा अगाडि लाने लक्ष्य एक–एक पाइला हुँदै पूरा भएको बताउँदै यसलाई सभ्य, सुन्दर र सुरक्षित नगरको रूपमा विकास गर्दै लाने बताउनुभयो।

भक्तपुरका प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टले जनतासमक्ष गरेको वाचा र अठोटलाई जनतासमक्ष मूल्याङ्कन गर्नु अनुकरणीय, जनअपेक्षित काम भएको बताउनुभयो। उहाँले भक्तपुर नगर ऐतिहासिक, सांस्कृतिक, धार्मिक रूपमा महत्त्वपूर्ण भएको चर्चा गर्दै देशकै सानो जिल्ला भए पनि अरु नगरपालिकाको लागि अनुकरणीय भएको बताउनुभयो।

प्रहरी उपरीक्षक हिमालयकुमार श्रेष्ठले भक्तपुर



वक्ताहरू नारायणप्रसाद भट्ट, रविन्द्र ज्याख्व, रोहितराज पोखरेल र हिमालयकुमार श्रेष्ठ



कार्यक्रममा उपस्थित अतिथिहरू

नपाले गर्ने विकास निर्माणका कार्यमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका कार्यकारी अधिकृत रोहितराज पोखरेलले भक्तपुर नगरपालिकाका उत्कृष्ट १० कर्मचारीको नाम घोषणा गर्नुभएको थियो । कार्यक्रममा नेमकिपाका अध्यक्ष रोहितले सफाइ मजदुर गीता पोडे र धनेश्वरी प्रजापति, सहयोगी श्रीकृष्ण तोंजू र बेलभक्त बखुंछें, सवारी चालक रविन कोजू, कार्यालय सहयोगी लक्ष्मण दुवाल, वडा सचिव दामोदर लिवी, इन्जिनियर सूर्यभक्त खर्बुजा, नासु कृष्णगोविन्द सुवाल र खरिदार मुरज दिदियालाई जनही रु. १० हजार र कदर पत्रसहित उत्कृष्ट कर्मचारीको पुरस्कार प्रदान गर्नुभएको थियो । साथै मेयर सुनिल प्रजापतिले समयमै निर्माण सम्पन्न गरी पेश्कीसमेत फछ्र्योट गर्ने ६६ वटा उपभोक्ता समितिलाई कदरपत्रसहित सम्मान गर्नुभएको थियो । कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाअध्यक्ष रवीन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो ।

भक्तपुर नगरपालिकामा जनप्रतिनिधिहरूको एक वर्ष कार्यक्रममा उत्कृष्ट कर्मचारीको रूपमा सम्मानितहरूको विवरण :

| क.सं. | कर्मचारीको नाम थर | पद | नियुक्त मिति | स्थायी मिति | कार्यरत शाखा | सेवा अवधि |
|---|---|---|---|---|---|---|
| १ | गीता पोडे | सफाइ मजदुर | २०६३।४।२० | करार सेवा | श्यानिटेसन उपशाखा | १२ वर्ष |
| २ | श्रीकृष्ण त्वांजू | हेल्पर | २०५१।५।२७ | २०५५।१०।१ | श्यानिटेसन उपशाखा | २४ वर्ष |
| ३ | धनेश्वरी प्रजापति | सफाइ मजदुर | २०६३।४।२२ | करार सेवा | श्यानिटेसन उपशाखा | १२ वर्ष |
| ४ | रविन कोजू | हेभी ड्राइभर | २०७२।५।१ | करार सेवा | श्यानिटेसन उपशाखा | ३ वर्ष |
| ५ | लक्ष्मण दुवाल | कार्यालय सहयोगी | २०५१।१।२३ | २०५२।३।२ | प्रशासन शाखा | २४ वर्ष |
| ६ | बेलभक्त बखुन्छे | कार्यालय सहयोगी | २०५३।४।१० | २०६३।१२।२५ | प्रेस एकाइ | २२ वर्ष |
| ७ | मुरज दिदीया | खरिदार | २०५४।१०।२० | २०६४।३।१ | पर्यटन सूचना केन्द्र | १९ वर्ष |
| ८ | दामोदर लिवी | वडा सचिव | २०५३।४।१३ | २०६४।३।१ | १ नं. वडा कार्यालय | २२ वर्ष |
| ९ | कृष्णगोविन्द सुवाल | ना.सु. | २०५१।९।६ | २०५२।३।६ | प्रशासन शाखा | २४ वर्ष |
| १० | सुर्यभक्त खर्बुजा | इन्जिनियर | २०५१।२।१५ | २०५२।३।१ | सम्पदा उपशाखा | २४ वर्ष |

cGt{ftf{

# 'सरकार एकात्मक मानसिकताबाट मुक्त हुन सकेको छैन'



प्रमुख सुनिल प्रजापति

**'भक्तपुर'- भक्तपुर नपाको प्रमुखको कार्यभार सम्हाल्नुभएको एक वर्ष बित्दा कस्तो लागेको छ ?**

**सुनिल** – स्थानीय तहको निर्वाचन २०७४ वैशाख ३१ गते सम्पन्न भयो। जेठ ७ गते हामी जनप्रतिनिधिहरूले सपथ ग्रहण गर्‍यौं। अहिले एक वर्ष बित्यो। १५ वर्षसम्म कर्मचारीहरूले काम गरिरहेको ठाउँमा जनप्रतिनिधिहरू पुग्दा काम गर्न सहज थिएन। जनताले निर्वाचित प्रतिनिधिहरूबाट धेरै आशा गरेका थिए। जनताले आशा गरेअनुरूप काम गर्न नसके पनि जनताको हितमा सक्दो काम गर्‍यौं र विकास निर्माणका आधारहरू तयार गर्‍यौ।

**'भक्तपुर'- बितेको वर्षमा गरेका कामले नगरबासीहरूबाट के-कस्तो प्रतिक्रिया पाउनुभएको छ ? के सिंहदरबारको अधिकार गाउँ र नगरमा आएकै हो ?**

**सुनिल** – हामीले विकास निर्माणका हरेक काम नगरबासीहरूसित सल्लाह गरेर गरिरहेका छौं। नगरबासीहरूबाट राम्रो साथ र सहयोग पाइरहेका छौं। जनताको विश्वासकै कारण विकास निर्माणमा आर्थिक सहयोग र श्रमदान जुटिरहेको छ। 'सिंहदरबारको अधिकार गाउँ र नगरमा' भनिए पनि संघीय सरकार एकात्मक मानसिकताबाट मुक्त हुन सकेको छैन।

**'भक्तपुर'- स्थानीय तहको निर्वाचनको लागि जारी घोषणापत्रका प्रतिवद्धताहरूमध्ये कति प्रतिशत पूरा भए जस्तो लाग्छ ?**

**सुनिल** – हामी पाँच वर्षको निम्ति निर्वाचित भएका हौं। समयको हिसाबले २० प्रतिशत पूरा भयो। हामीले निर्वाचन घोषणापत्रमार्फत प्रतिबद्धता गरेअनुसार अहिलेसम्म भएका कामहरूको मूल्याङ्कन गर्ने हो भने २० प्रतिशतभन्दा कम होला जस्तो लाग्दैन।

**'भक्तपुर'- देशका विभिन्न नपाका जनप्रतिनिधिहरूले भक्तपुर नपाको अवलोकन भ्रमण गरेकोलाई कसरी लिनुभएको छ ? उहाँहरूको ध्यान के र कुन विषयमा केन्द्रित भएको पाउनुभयो ?**

**सुनिल** – भक्तपुर नगरपालिकामा बाँके, लमजुङ्ग, धादिङ्ग, दमक, कीर्तिपुर, गोदावरी(कैलाली), धनगढी, धनकुटालगायत करिब डेढ दर्जन नगरपालिकाका प्रमुख, उप–प्रमुख, वडाअध्यक्ष, प्रमुख प्रशासकीय अधिकृतहरूले अध्ययन भ्रमण गर्नुभयो। उहाँहरूले यहाँको सर–सफाइ, शिक्षा, स्वास्थ्य, आवास योजना, कला–संस्कृति संरक्षणलगायतको बारेमा धेरै चासो देखाउनुभयो।

भक्तपुर नगरपालिका क्षेत्रभित्रका जनताले नेमकिपालाई जिताउनुको कारण, ख्वप कलेजहरूको स्थापना, सञ्चालन र त्यसको आर्थिक स्रोत तथा अन्य राजनैतिक दलहरूको स्थितिबारे पनि उहाँहरूले जिज्ञासा राख्नुभयो। उहाँहरूले पनि आ–आफ्ना नगरपालिकाभित्र आफ्नै स्वामित्वमा कलेजहरू खोल्ने चाहना व्यक्त गर्नुभयो।

**'भक्तपुर'- विभिन्न स्थानीय तहका जनप्रतिनिधिहरूले आवश्यक अनावश्यक विदेश भ्रमण गरेको कुरा प्रशस्तै आएको छ। भक्तपुर नपाका जनप्रतिनिधिहरूले कत्तिको विदेश भ्रमण गरेका छन् ?**

**सुनिल** – हामी जनप्रतिनिधिहरूले विदेश भ्रमणलाई प्राथमिकतामा राखेका छैनौं। उपप्रमुख रजनी जोशीले दक्षिण कोरियामा भएको मेयर फोरममा भाग लिनुभयो र थाइल्याण्डको बैंककमा भएको स्थानीय सरकारसम्बन्धी कार्यक्रममा भाग लिनुभयो।

**'भक्तपुर'- स्थानीय तहमा जनप्रतिनिधिहरू आएपछि पनि बजेट खर्च गर्न नसकेको, नगर र नगरवासीको हितमा भन्दा विदेश भ्रमण र आफ्नै सेवा सुविधामा**

**बढी ध्यान दिएको चर्चा पत्रपत्रिकामा आएका छन् । भक्तपुर न.पा.को स्थिति के छ ?**

**सुनिल –** भक्तपुर नगरपालिकाको पहिलो नगर सभाले रु.१ अर्ब ५ करोड ५५ लाख बजेट पारित गरेकोमा बितेका १० महिनामा रु. ९१ करोड १५ लाख १९ हजार आम्दानी र रु. ७८ करोड ७२ लाख खर्च गरिसकेको छ । स्थानीय विकास निर्माणका कामहरू जस्तै पाटी–पौवा, ढुंगेधारा, पोखरी, इँटा वा ढुंगा छपाइलगायतका कामहरू तीव्र गतिमा भइरहेका छन् । प्रदेश कानुन निर्माण भइसकेको हुँदा ऐनले दिएको अधिकार क्षेत्रभित्र रही जनप्रतिनिधिहरूले सेवा सुविधा लिनुहुनेछ ।

**'भक्तपुर'- पाक्षिक सफाइ अभियान चलाउन भक्तपुर नपालाई कहाँ कहाँबाट सहयोग प्राप्त भएको छ ?**

**सुनिल –** भ.न.पा.मा जनप्रतिनिधिहरूको बहाल भएपछि २०७४ श्रावण १ गतेदेखि हरेक महिनाको १ गते र १५ गते सरसफाइ कार्यक्रम गर्दै आएका छौं । सबै जनप्रतिनिधिहरू, कर्मचारीहरूको उपस्थितिको साथै स्थानीय टीम, क्लब, वाचनालय, दाफा, भजन तथा स्थानीय जनता र प्रहरी, सेना, सशस्त्र प्रहरीको पनि साथ र सहयोग पाउँदै आएका छौं ।

**'भक्तपुर'- विदेशीको सहयोगविना पनि नेपालमा सफाइ अभियान चल्न सक्छ ?**

**सुनिल –** भक्तपुर नगरपालिकाले सफल उदाहरण दिइरहेको छ । हामीले सफाइमा कहिल्यै विदेशीको सहयोगको अपेक्षा गरेका छैनौं ।

**'भक्तपुर'- भक्तपुर नगरमा भूकम्पपछिको पुनः निर्माणको अवस्था के छ ?**

**सुनिल –** भक्तपुर नगरपालिका क्षेत्रभित्र २०७२ सालको भूकम्पबाट आंशिक र पूर्ण गरी ८ हजार बढी निजी घरहरूमा क्षति र २ सय ५२ जनाको ज्यान गएको थियो । १ सय ३० भन्दा बढी सम्पदाहरू क्षति भएकोमा हाल २७ वटा सम्पदाहरू, पूर्वाधारका २७ वटा र इँटा छपाइ वा ढुंगा छपाइ २४ वटा सम्पन्न भएका छन् ।

**'भक्तपुर'- भक्तपुर लायकुको न्हायकं झ्या दरबारको पुनः निर्माणमा जर्मन विकास बैंकको सहयोगबारे हाम्रा पाठकहरूलाई जानकारी गराईदिनु हुन्छ कि ?**

**सुनिल –** २०७२ सालको भूकम्पबाट क्षति भएको सम्पदाहरू पुनःनिर्माणको लागि नेपाल सरकार र जर्मन सरकारबीच आर्थिक सहयोग सम्बन्धमा सम्झौता भएको थियो । विभिन्न १० वटा सम्पदा निर्माण गर्ने भनिएको मध्ये न्हयकं झ्यो दरबार पनि एक हो । जर्मन सरकारले दिएको सहयोगमध्ये ३० प्रतिशत अन्तर्राष्ट्रिय परामर्श दाताको खर्च, सबै काम ठेक्कामा दिनुपर्ने, निर्माण सामग्री र प्रविधि उनीहरूले भनेकै आधारमा गर्नुपर्ने जस्ता शर्तमा सहमति हुन सकेन । हामी स्थानीय जनताको सहयोगमा उपभोक्ता समिति वा अमानतमा काम गर्न चाहन्छौं । जर्मन विकास बैङ्क (केएफडब्लु) ले उनीहरूले भनेकै शर्तमा बाहेक पैसा नदिने भनेपछि हाललाई जर्मन सरकारले दिने भनेको रकम आउने सम्भावना कम छ ।

**'भक्तपुर'- कार्यकालको दोस्रो वर्षमा घोषणापत्रका कति प्रतिशत प्रतिवद्धता पूरा गर्ने योजना र लक्ष्य छ ?**

**सुनिल –** आफ्नो कार्यकालको दोस्रो वर्षमा महत्त्वपूर्ण कार्यहरू गर्ने तयारी गरिहेका छौं । बजेट नजिकिँदै आएको हुँदा अल्पकालीन र दीर्घकालीन योजनाहरू तयार गरी क्रमशः कामहरू गर्दै जाने लक्ष्य छ ।

**'भक्तपुर'- अरू केही भन्नु छ कि ?**

**सुनिल –** हामी जनप्रतिनिधिहरूले निर्वाचनमा जनतालाई दिएको वचनअनुसार नगर र नगरवासीहरूको हितमा काम गरिरहेका छौं । भक्तपुरलाई ज्ञान–विज्ञानको केद्र र सांस्कृतिक केन्द्रको रूपमा विकास गर्न हामी प्रयत्नशील छौं । नगर विकासको लागि निरन्तर नगरवासीहरूको साथ र सहयोगको अपेक्षा गर्दछौं ।

*(भक्तपुर नपामा जनप्रतिनिधिहरू बहाली गरेको वर्ष दिन पुगेको अवसरमा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिसँग 'भक्तपुर' मासिकले लिएको अन्तरवार्ता)*


**भक्तपुर नगरलाई स्वच्छ र सफा राखौं**

भक्तपुर नगरपालिकाले हरेक महिनाको १ गते र १५ गते नगरका विभिन्न स्थानमा सफाइ कार्यक्रम गरिरहेको छ ।

यस पुनित कार्यमा सहयोग गरिदिनु हुन सम्पूर्ण नगरवासीहरूमा हार्दिक अनुरोध गर्दछ ।

# eQmk'/sf] /fli6«o snf ;ª\u|fno k'g{lgdf{0faf/] 5nkmn

भक्तपुर नगरपालिकाले भनपा वडा नं. ३ दरबार क्षेत्रमा अवस्थित राष्ट्रिय कला सङ्ग्रहालय भवन पुनःनिर्माण सम्बन्धमा शनिबार नपाको सभाकक्षमा विभिन्न क्षेत्रका विज्ञ, प्राध्यापक, संस्कृतिविदहरूसँग जेठ १९ गते छलफल कार्यक्रम आयोजना गऱ्यो ।

कार्यक्रममा प्रतिनिधिसभाका सांसद प्रेम सुवालले सम्पदा जीर्णोद्धार र पुनःनिर्माणको कार्य ठेक्कापट्टाभन्दा पनि स्थानीय जनताको उपभोक्ता समिति र अमानतमार्फत गरिनुपर्ने विचार राख्नुभयो ।

सम्पदा क्षेत्रको जीर्णोद्धार संवेदनशील कार्य भएको बताउँदै सांसद सुवालले यसको संरक्षणमा स्थानीय जनताको महत्त्वपूर्ण भूमिका रहने चर्चा गर्नुभयो । उहाँले पुरातत्त्व विभाग, नगरपालिकाको समन्वयमा स्थानीय कालिगडको प्रयोग गरेर पुनःनिर्माणको काम अगाडि बढाउनुपर्ने बताउँदै ठेक्कापट्टा दिइनु गलत हुने धारणा राख्नुभयो ।




उहाँले संसद प्राज्ञिक थलो भएको बताउँदै संसदीय परम्परा थाहा नभएका मान्छेहरू सांसद भएका कारण देश अगाडि बढ्न नसकेको बताउनुभयो । सत्ताको मातले संसदमा असंवैधानिक धम्कीको भाषा बोल्ने सांसदहरूको आलोचना गर्दै उहाँले सरकार निरङ्कुश ढङ्गले अगाडि बढे देश अप्ठ्यारो स्थितिमा पर्ने बताउनुभयो । गणतान्त्रिक व्यवस्थामा समेत राष्ट्रपति विद्यादेवी भण्डारीको सवारी महारानीको सवारीजस्तो भइरहेको र त्यस कार्य अशोभनीय भएको बताउँदै जनतालाई दुःख दिनु राजनेताको उद्देश्य हुनुहुँदैन भन्नुभयो ।

सांसद सुवालले संसद सदस्य भनेको देशको नीति कार्यक्रम, बजेट, विधेयक, दुईपक्षीय र बहुपक्षीयबीच समन्वय गर्ने निकाय भएको उल्लेख गर्दै सांसदको भागमा बजेट छुट्याउने कार्य गलत भएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सम्पदा स्थानीय जनताको मात्र नभई संसारकै सम्पत्ति भएको कारण यसको संरक्षण र संवर्द्धन अध्ययन–अनुसन्धान गरी कार्य अगाडि बढाउनुपर्ने बताउनुभयो ।

उहाँले विश्व सम्पदा क्षेत्रभित्रका सम्पदा संरक्षण गर्नु नपाको कर्तव्य भएको चर्चा गर्दै सम्पदा संरक्षणमा स्थानीय कालिगडलाई प्रयोग गरी सम्पदाहरूलाई मौलिक शैलीमा नै पुनःनिर्माण गर्नुपर्नेमा जोड दिनुभयो । प्रमुख प्रजापतिले सम्पदा संरक्षण नपा र पुरातत्त्व विभागको समन्वयमा अगाडि बढाउनुपर्ने बताउँदै नपाको नियमविपरीतका अडानहरू अस्वीकार्य रहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले सिंहध्वाका (न्ह्यकं झ्याः) को ऐतिहासिक, सामाजिक एवम् सांस्कृतिक महत्त्व, संरक्षणका विधिहरूबारे आफ्नो प्रस्तुति दिनुभएको थियो । तत्कालीन राणा शासकहरूले दरबारको आधा भाग भत्काएर पश्चिमी शैलीमा लालबैठक बनाउँदा दरबारको मल्लकालीन सम्पदा नास भएको उहाँको कथन थियो ।

कार्यक्रममा भक्तपुरका प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टले सम्पदा पुनःनिर्माणमा भक्तपुर नपाको अगुवाइ उल्लेखनीय भएको चर्चा गर्दै कला–संस्कृतिको मौलिक जगेर्नाको निम्ति स्थानीय जनताको प्रत्यक्ष सहभागिता महत्त्वपूर्ण हुने बताउनुभयो । उहाँले सम्पदा पुनःनिर्माणमा स्थानीय कालिगडको कौशललाई सम्बोधन गर्नुपर्ने बताउँदै निर्माण कार्यहरूमा युग सुहाउँदो आधुनिक प्रविधिहरूलाई प्राथमिकता दिइनु उपयुक्त हुने बताउनुभयो ।

गुथि संस्थानका प्रमुख मीनराज चौधरीले सम्पदा पुनःनिर्माण तथा जीर्णोद्धार कार्यमा नगरपालिका, गुथि संस्थान र पुरातत्त्व विभागबीच समन्वय गरी अगाडि बढ्नुपर्ने बताउनुभयो । उहाँले सम्पदालाई अभिलेख बनाएर समयमै निर्माण सम्पन्न गर्न अग्रसर हुनुपर्ने बताउनुभयो ।

पुल्चोक क्याम्पका प्रा.डा. प्रेमनाथ मास्केले सम्पदा निर्माणजस्तो संवेदनशील कार्यलाई ठेक्का दिंदा निर्माण सामग्रीहरूको गुणस्तरीयतामा समस्या आउन सक्ने बताउनुभयो । दरबार क्षेत्रमा अवस्थित पचपन्न झ्याले दरबारको सरसफाइ र संरक्षण गर्नुपर्ने बताउँदै स्थानीय र

विदेशी पर्यटकको लागि त्यसलाई खुला गर्नुपर्ने सुझाव दिनुभयो ।

प्राध्यापक भरत शर्माले भक्तपुरमा अरु ठाउँको तुलनामा सम्पदाहरू संरक्षित हुनु सकारात्मक भएको बताउँदै सम्पदा पुनःनिर्माणमा भक्तपुर नगरपालिकाले पुरातत्त्व विभागको इज्जत राखिदिएको बताउनुभयो । भक्तपुरको सम्पदा संरक्षणमा स्थानीय कालिगडकै महत्त्वपूर्ण भूमिका भएको हुँदा सम्पदा संरक्षण जागरुक ढङ्गले अगाडि बढाउनुपर्ने बताउनुभयो ।

पुरातत्त्व विभागका पूर्वमहानिर्देशक विष्णुराज कार्कीले पुरातत्त्व विभागको विचार केन्द्रीय सरकारको विचार भएको बताउँदै सम्पदा संरक्षणमा नगरपालिका र पुरातत्त्व विभागको सहकार्य महत्त्वपूर्ण हुने बताउनुभयो । उहाँले सम्पदा पुनःनिर्माण राष्ट्रिय गौरवको विषय भएको हुँदा पटक–पटकको छलफल र अन्तरक्रियाहरू आवश्यक भएको बताउनुभयो ।

प्राध्यापक सुदर्शनराज तिवारीले निर्माण कार्यहरूमा आधुनिक प्रविधिको प्रयोग हुनसक्ने बताउँदै सम्पदा पुनःनिर्माणमा पुरानो प्रमाणको आधारमा निर्णय लिनु बुद्धिमत्तापूर्ण हुने बताउनुभयो । पुनःनिर्माणको कार्य गर्दा त्यसको जग अध्ययन गर्नु र मल्लकालीन शैली अपनाएर सम्पदा पुनःनिर्माण गर्नु उपयुक्त हुने बताउनुभयो ।

राष्ट्रिय कला सङ्ग्रहालयका प्रमुख सरस्वती सिंहले सम्पदा संरक्षण प्रक्रियागत रूपमा निर्णय गराउन सकिने बताउँदै राष्ट्रिय कला सङ्ग्रहालयको पुनःनिर्माणमा पुरातत्त्व विभाग र नगरपालिकाको समन्वय हुनसके उदाहरणीय रहने बताउनुभयो । उहाँले पचपन्न झ्याल दरबारको नियमित सरसफाइको आवश्यकता औंल्याउँदै नेपालीहरूको लागि पचपच्च झ्याल दरबारलाई खुला सङ्ग्रहालयको रूपमा पुनः सुरु गर्नुपर्ने बताउनुभयो ।

संस्कृतिविद् पुरुषोत्तमलोचन श्रेष्ठले पुराना दरबारहरू आक्रमण र प्रत्याक्रमणबाट बच्न चोकसहितको दरबार निर्माण भएको हुनसक्ने बताउँदै सिंहध्वाकाको पुनःनिर्माण पुरानै मौलिक स्वरूपमै बनाउनुपर्ने बताउनुभयो । साथै पुनःनिर्माणको क्रममा त्यहाँका पुराना वस्तुहरूलाई सुरक्षित रूपमा संरक्षण गर्नुपर्ने बताउनुभयो ।

सम्पदा पुनःनिर्माण हामी आफैले गर्नसक्ने बताउँदै संरक्षणविद् सूर्यभक्त सांगाछेंले पुर्खाको छोडेको सम्पत्तिलाई हामीले पुरानै शैली दिएर निर्माण गर्नु आवश्यक रहेको बताउनुभयो ।

स्थानीय समाजसेवी श्याम धौभडेलले पुनःनिर्माणका कार्यहरूमा ढिलाइ हुँदा यहाँ घुम्न आउने पर्यटकहरूबाट नकारात्मक प्रतिक्रियाहरू प्राप्त हुने बताउँदै आफ्नो गौरवको हिसाबले पनि पुनःनिर्माणहरू द्रुतगतिमा अगाडि लानुपर्ने बताउनुभयो ।

कार्यक्रमको सञ्चालन वडा अध्यक्ष रवीन्द्र ज्याख्वले गर्नुभएको थियो भने निरु शिल्पकारले भाजु पोखरीबारे प्रस्तुतीकरण गर्नुभएको थियो ।

नगरपालिकाको आयोजनामा प्रसिद्ध सिंहध्वाका (न्हयेकँ झ्याः) दरबार जीर्णोद्धारसम्बन्धी शनिबार भएको छलफल कार्यक्रमबाट भएका निर्णयहरू :–

१. नेपाल सरकार पुरातत्त्व विभागअन्तर्गतको राष्ट्रिय कला संग्रहालय भएको सिंहध्वाका (न्हयेकँ झ्याः) दरबार जीर्णोद्धार सम्बन्धित पुरातत्त्व विभागले दिएको टेण्डर खारेज गर्न विभागलाई आग्रह गर्ने ।

२. उक्त दरबार जीर्णोद्धारको लागि नेपाल सरकार पुरातत्त्व विभागबाट विनियोजित बजेट रकम भक्तपुर नगरपालिकाको कोषमा निकासा गर्न माग गर्ने तथा नगरपालिकाले नियमानुसार अमानतमा वा उपभोक्ता समितिमार्फत जीर्णोद्धार गर्ने ।

३. प्रसिद्ध पचपन्न झ्याल दरबार जीर्णोद्धार नमुनाअनुसार भक्तपुर नगरपालिका र पुरातत्त्व विभागले संयुक्त रूपमा उक्त दरवार जीर्णोद्धार गर्न भक्तपुर नगरपालिकाको कोषमा बजेट निकासा माग गर्ने ।



राष्ट्रिय कला संग्रहालयको भवन पुनःनिर्माण सम्बन्धी छलफल कार्यक्रममा उपस्थित विज्ञ, प्राध्यापक, संस्कृतिविद्लगायत

# विश्वविद्यालय अनुदान आयोगका प्रतिनिधि भक्तपुरमा

'२१ औं शताब्दीको लागि योग्य, देशभक्त नागरिक तयार गर्नु, कम शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्नु र समाजलाई बुद्धिजीवीकरण गर्नु नै हाम्रो उद्देश्य हो।' उक्त कुरा भक्तपुर नगरपालिकाका प्रमुख एवं नपाद्वारा सञ्चालित कलेजहरूका अध्यक्ष सुनिल प्रजापतिले ख्वप इन्जिनियरिङ्ग कलेजमा भएको विश्वविद्यालय अनुदान आयोग, विश्वविद्यालय सम्बन्धन व्यवस्था अध्ययन समितिका पदाधिकारीहरूसँग जेठ १७ गते भएको छलफल कार्यक्रममा बताउनुभएको हो ।

भक्तपुर नगरपालिकाले शिशुस्याहार सञ्चालनदेखि स्थानीय पाठ्यक्रम तयारी गरिरहेको, दश जोड दुई, नर्सिङ्ग, स्नातक तथा स्नातकोत्तरका कक्षाहरू सञ्चालन गर्ने ७ वटा कलेजहरू सञ्चालन गरिरहेको र ख्वप विश्वविद्यालय सञ्चालनको लागि प्रयासरत रहेको उहाँले बताउनुभयो।

उहाँले भक्तपुर नगरपालिकाले विश्वविद्यालय सञ्चालनको लागि २०६४ सालदेखि प्रयास गरिरहेको, २०७३ सालमा संसदमा दर्ता भएको तर शैक्षिक माफियाको कारण विश्वविद्यालय ऐन पेश नभएको बताउनुभयो। नगरपालिका स्थानीय सरकार भएको हुँदा स्थानीय सरकारलाई मेडिकल कलेज सञ्चालन गर्न नदिनु निजी कलेजलाई पोस्नुभएको बताउँदै उहाँले ख्वप विश्वविद्यालय स्वीकृत भएमा ख्वप मेडिकल कलेजमार्फत कम शुल्कमा चिकित्सा शिक्षा दिने बताउनुभयो।

कार्यक्रममा विश्वविद्यालय अनुदान आयोग, सम्बन्धन व्यवस्था अध्ययन समितिका संयोजक प्रा.उपेन्द्रमान प्रधानाङ्गले विश्वविद्यालय अनुदान आयोगले शैक्षिक संस्था स्थापना गर्न कहिल्यै पनि अवरोध नगरेको बताउँदै उच्च शिक्षा समाज, राष्ट्र र अन्तर्राष्ट्रिय आवश्यकता भएको हुँदा उच्च शिक्षालाई अन्तर्राष्ट्रियकरण गर्न सक्षम स्थानीय तहलाई विश्वविद्यालय सञ्चालन गर्न दिनुपर्ने र ख्वप विश्वविद्यालय भक्तपुर नगरपालिकाले सञ्चालन गर्नसक्ने बताउनुभयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख एवं कलेज सञ्चालक समितिका उपाध्यक्ष रजनी जोशी, वडाध्यक्ष एवं कलेज सञ्चालक समितिका सदस्य रवीन्द्र ज्याख्व र प्रेमगोपाल कर्माचार्य, ख्वप इन्जिनियरिङ्ग कलेजका प्राचार्य इ. सुजन माक, ख्वप कलेज अफ इन्जिनियरिङ्गका प्राचार्य इ. सुनिल दुवाल, उप-प्राचार्यद्वय इ. रविन्द्र फोजू र इ. रत्नशोभा प्रजापति, प्रा.डा. राजुभाइ त्यात, इ. चन्द्रकिरण कवांलगायतको उपस्थिति रहेको थियो भने विश्वविद्यालय अनुदान आयोगमा प्रा.डा. डिल्लीराज शर्मा र सीताराम भट्टराईको पनि उपस्थिति रहेको थियो।

# dhf5]lf kf6L pb3f6g

भक्तपुर नगरका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा जेठ १९ गते भनपा वडा नं. ६ को मुलाछेंस्थित नवनिर्मित पाटी उद्घाटन भएको छ।

कार्यक्रमका प्रमुख अतिथि प्रजापतिले ठेक्कापट्टामा काम गराउँदा मौलिक शैली बिग्रिने हुँदा भक्तपुरका धेरैजसो




सम्पदाहरू उपभोक्ता समितिहरूबाट सम्पन्न गराउन सक्रिय भइरहेको बताउनुभयो। उहाँले शिक्षा क्षेत्रमा पनि भनपाले आफ्नै विषयहरू समेटेर स्थानीय पाठ्यक्रम तयार गरी कार्यान्वयनमा गएको बताउनुभयो।

भनपाका कार्यपालिका सदस्य रोशनमैया सुवालले कार्यक्रममा ठेक्कापट्टाबाट काम गराउँदा ठेकेदारले विभिन्न समस्याहरू देखाइ काम ढिला गर्ने र गुणस्तरमा पनि कमी आउने बताउनुभयो ।

वडा नं. ६ का वडा सदस्य एवं किसान नेता गोविन्द दुवालले देशमा आवश्यक नीति-नियम तर्जुमा गर्नुपर्नेमा सांसदहरुले विकास बजेट माग गर्नु अनुचित भएको कुरा औंल्याउनुभयो ।

वडा अध्यक्ष हरिराम सुवालको सभापतित्वमा भएको उद्घाटन कार्यक्रममा वडा सदस्य सितादेवी नेपाली, सिद्धिराम अवाल र स्वास्थ्य कार्यकर्ता सृजना बोहजुले पनि बोल्नुभएको थियो।

# न:पुखुस्थित भवनमा जनज्योति पुस्तकालय

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित नेपालकै पुरानो एवं ऐतिहासिक जनज्योति पुस्तकालय आधुनिक व्यवस्थापनसहित भनपा २ न:पुखु नजिकै जेठ ७ गते नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले उद्घाटन गर्नुभयो ।



न:पुखि स्थित जनज्योति पुस्तकालय उद्घाटन गर्नुहुँदै अध्यक्ष बिजुक्छें

वि.सं. २००७ सालदेखि भक्तपुर दरबार क्षेत्रमा सञ्चालित उक्त पुस्तकालय सोमबारदेखि हाल देको–मिवा–इटापाके जग्गा एकीकरण आयोजनाको कार्यालय रहेको नगरपालिकाको भवनमा सारिएको हो । पुस्तकालयमा इतिहास, दर्शन, कला संस्कृतिलगायत समय सान्दर्भिक नेपाली र अङ्ग्रेजी भाषाका रू. ५ लाख बराबरको नयाँ पुस्तकहरू समेत थपिएका छन् । त्यस्तै सीसी क्यामेराको व्यवस्था गरी पुस्तकको सुरक्षा व्यवस्था मिलाइएको छ ।


नयाँ युवा पुस्तालाई पुस्तकालयमा आकर्षित गर्ने ध्येयले अलग्ग अध्ययन तथा छलफल कक्ष निर्माण गरिएको तथा ई–लाइब्रेरी समेतको विकास गर्ने तयारी भइरहेको नगरपालिका स्रोतले बताएको छ ।

सोमबार पुस्तकालयको उद्घाटन गर्दै अध्यक्ष बिजुक्छेंले नेपालमा पुस्तकालय संस्कृतिको विकास नभएको उल्लेख गर्दै नयाँ पुस्तालाई देशको आर्थिक, सामाजिक र राजनैतिक विषयमा अध्ययन अनुसन्धान गर्ने केन्द्रको रूपमा जनज्योतिलाई विकास गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले भन्नुभयो, 'पुस्तकालयमार्फत समाजको अवस्था बुझ्न सकिन्छ, युवा पुस्ताले कस्तो खालको पुस्तक अध्ययन गर्न रूचाउँछ, त्यस आधारमा हाम्रो समाज कतातिर गइरहेको छ भन्ने अनुमान गर्न गाह्रो छैन ।'

समाजवादी देशहरू प्रजग कोरिया, चीन, तत्कालीन सोभियत सङ्घलगायतका देशहरूमा अत्याधुनिक सुविधासहित संसारका प्रगतिशील साहित्यहरू विभिन्न भाषामा अनुवाद गरी पुस्तकालयमा राखिने चर्चा गर्दै पुस्तकालयमार्फत युवाहरूलाई देशको विकास निर्माण तथा राजनीतिको विषयमा बहस गराइने बताउनुभयो ।

अध्यक्ष बिजुक्छेंले जनज्योति पुस्तकालयमार्फत साहित्यिक गतिविधि तथा समसामयिक विषयमा अध्ययन गोष्ठि सञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।



पुस्तकालय अवलोकन गर्नुहुँदै अध्यक्ष बिजुक्छें र प्रमुख प्रजापति

पुस्तकालय उद्घाटन समारोहमा नगरपालिकाका प्रमुख सुनिल प्रजापति र उपप्रमुख रजनी जोशी सहित सबै वडाका जनप्रतिनिधिहरू सहभागी भएका थिए ।

# 'खानेपानीको समस्या समाधान गर्न भनपा सक्रिय'

कुहिने र नकुहिने फोहर छुट्याएर सङ्कलन गर्न कालीघाट, मिबाछेँ र इतापाखे क्षेत्रभित्र पर्ने वडा नं. २ का वडावासीहरूलाई जेठ १६ गते बाल्टिन वितरण गरियो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नगरको खानेपानीको समस्या समाधान गर्न काउखालीसँग समन्वय गरी विभिन्न ठाउँमा डीप बोरिङ गरिरहेको जानकारी दिनुभयो ।



वडा नं. २ मा कुहिने र नकुहिने फोहर छुट्याएर राख्न बाल्टिन वितरण गर्नुहुँदै प्रमुख प्रजापति

भक्तपुर नपाले नेपालमै पहिलो पटक स्थानीय कला–संस्कृति, खेलकुद र जात्राबारे विद्यार्थीहरूलाई जानकारी दिन स्थानीय निकायको पाठ्यक्रम लागू गर्ने तयारीमा रहेको उहाँले बताउनुभयो ।

कार्यक्रममा साविक १५ वडाका पूर्व वडा अध्यक्ष रवीन्द्र खर्बुजाले भक्तपुरमा नेमकिपाबाट निर्वाचित जनप्रतिनिधिहरूले निरन्तर सरसफाइ आन्दोलनलाई ४० वर्षदेखि चालू राखिराखेको बताउनुभयो ।

कार्यक्रमका सभापति एवं भक्तपुर नगरपालिका वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले वडाको विकास निर्माण तथा वडास्तरीय योजनाबारे जानकारी गराउनुभयो ।

कार्यक्रममा पूर्व वडाअध्यक्ष आशकुमार कोजू, वडासदस्य श्यामसुन्दर मातां, भक्तपुर नगर पालिका श्याटिनेशन शाखा प्रमुख दिलीपकुमार सुवालल‌गायतले कार्यक्रममा बोल्नुभएको थियो ।

औपचारिक कार्यक्रमपछि वडा समितिले कुहिने र नकुहिने फोहर छुट्याएर सङ्कलन गर्ने अभिप्रायले आवास क्षेत्रका १०० जना वडावासीलाई बाल्टिन वितरण गरिएको थियो ।

# भक्तपुर नगरपालिकाद्धारा मासु पसल अनुगमन

भक्तपुर नगरपालिका बजार अनुगमन समितिका संयोजक राजकृष्ण गोराको संयोजकत्वको टोलीले जेठ १७ गते गपली, सूर्यविनायक र बाराही स्थानमा कुखुरा, राँगो, खसी–बोका र बंगुर गरी आठवटा मासुपसलको अनुगमन गऱ्यो । सोही टोलीले जेठ १८ गते महालक्ष्मीस्थान, कमलविनायक र लान्चाफल्चाको मासुपसलमा अनुगमन गऱ्यो ।

जेठ १७ गतेको अनुगमन टोलीले न्यू महालक्ष्मी कोल्ड स्टोर, सरज मिट शप, मूलढोका ब्रोइलर हाउस र महालक्ष्मी कोल्डस्टोर एण्ड पोल्ट्री सप्लार्यसमा अनुगमन गऱ्यो ।

अनुगमन टोलीले जेठ १८ गते क्वालिटी कोल्ड स्टोर, रामबहादुर शाहीको राँगोको मासु पसल, साकार ब्रोइलर हाउस, सुजर माछा पसल, बाराही मिट शप, बेखानारायण शाहीको राँगोको मासुपसल, बाबुराजा खड्गीको राँगोको मासुपसल र महेश्वर मिट सप्लार्यसमा अनुगमन गऱ्यो ।

अनुगमन टोलीले पसल दर्ता गर्न, ढक तराजु सन्तुलन मिल्ने गरी राख्न, वधस्थल र पसल सफा सुग्घर राख्न, एप्रोन सेतो प्रयोग गर्न, पसलको भित्ता सफा राख्न, खुला रुपमा पेटीमा राखेर मासु नबेच्न कडा निर्देशन दियो भने पेटीमा पसल नराख्न, मूल्यसूचि राख्न र पसलको बोर्ड राख्न निर्देशन दियो ।

अनुगमन टोलीमा भक्तपुर नगरपालिकाका अनुगमन समितिका सदस्य हरिराम सुवाल र रोशनमैया सुवाल, सदस्य सचिव दिलकुमार सुवाल, भनपा श्यानिटेशन उपशाखाका व.नि. रामकृष्ण प्रजापति, जिल्ला प्रशासन कार्यालय भक्तपुरका रविचन्द्र मिश्र, पशु सेवा कार्यालयका उमेशलाल प्रधान, राष्ट्रिय उपभोक्ता मञ्चबाट मनोज थापा, उद्योग वाणिज्य संघ भक्तपुरका संजय जोन्छे, महानगरीय प्रहरी प्ररिसरका राजबहादुर डगोरा र भनपा कर उपशाखाका विष्णुकेशरी जोशी र उद्योग वाणिज्य संघ भक्तपुरको सहभागिता थियो ।

# सरसफाइ कार्यक्रमको निरन्तरता

भक्तपुर नगरपालिकाले पाक्षिक सरसफाइ कार्यक्रमलाई निरन्तरता दिई जेठ १ र १५ गते भनपा वडा नं २ व्यासी पर्यटक बसपार्क, सानो औद्योगिक क्षेत्र हस्तकलामा र भनपा वडा नं. ४ स्थित मंगलतिर्थ परिषद्मा सरसफाइ कार्यक्रम सम्पन्न गऱ्यो ।




कार्यक्रम भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यतामा जनप्रतिनिधिहरू, विभिन्न संघ-संस्था, टीम-क्लब, भनपाका कर्मचारी र टोलवासीहरूको सहभागितामा सम्पन्न भयो । कार्यक्रममा सम्बोधन गर्दै भनपा प्रमुख सुनिल प्रजापतिले जनता सचेत नभएसम्म सरसफाई व्यवस्थापन सफल हुन गाऱ्हो हुने, जनता र जनप्रतिनिधि सबै मिलेर सरसफाईमा अग्रसर हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा उपप्रमुख रजनी जोशीले सरसफाई व्यक्तिको पहिचान भएको र यो अभियानले अन्य नगरपालिकालाई यहाँबाट सिक्ने मौका मिलेको बताउनुभयो । उहाँले वृक्षारोपण सँगै बोट-विरुवाको संरक्षणमा पनि ध्यान दिनु आवश्यक भएको औंल्याउनुभयो ।



मंगलतिर्थ परिसरमा सरसफाइ गर्दै नपाका कर्मचारी तथा विद्यार्थीहरू

कार्यक्रममा कार्यपालिका सदस्य एवं वातावरण तथा पर्यटन समितिका सदस्य सरिना च्योला र श्यानिटेशन उपशाखा प्रमुख दिलिपकुमार सुवालले पनि बोल्नुभएको थियो । सरसफाइपश्चात् पर्यटन बसपार्क व्यासी वरिपरि प्रमुख प्रजापतिलगायतले वृक्षारोपण गर्नुभएको थियो ।

# ; oQm ahf/ cgudg

भक्तपुर नगरपालिका र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले मिठाई पसल र पानीको फ्याक्ट्रीमा वडा नं. ३ का वडाध्यक्ष एवं अनुगमन समितिका संयोजक राजकृष्ण गोराको नेतृत्वमा जेठ १५ गते दुधपाटीमा मिठाई पसल र भौखेलमा खानेपानीमा अनुगमन गरिएको थियो ।

अनुगमनमा भनपा वडा नं. १ दुधपाटीमा रहेको न्यू लासिवा मिठाई भण्डारमा मिठाई पकाउने तेल पोलारी मिटरमा जाँच गर्दा रानसिड (एसिड) बढी भई गुणस्तरहीन भएकोले पाँच लिटर तेल र लड्डुमा ढुसी परेकोले दुई के.जी. लड्डु, निम्की साढे दुई के.जी. पुरानो ढुसी परेको नष्ट गरेको वडा निरीक्षक रामकृष्ण प्रजापतिले जानकारी दिनुभयो । त्यस्तै चन्द्रायण स्वीट्समा पनि गुणस्तरहीन तेल नष्ट गराई मिठाईमा अखाद्य वस्तु मिसावट छ कि छैन भनेर ल्याब परीक्षण गर्न नमूनाको लागि बेसन, भुजिया, लड्डु र दुई सय ग्राम बर्फी परीक्षणको लागि लगेको छ । साथै दिव्य स्वीट्सका मिठाइमा अखाद्य वस्तु मिसावट छ कि छैन भनेर ल्याब परीक्षण गर्न नमुनाको लागि बेसन, भुजिया र दुई सय ग्राम निम्की परीक्षणको लागि लगेको खाद्य अनुसन्धान अधिकृत ईश्वर सुवेदीले जानकारी दिनुभयो ।

त्यस्तै खानेपानीमा अनुगमन गर्ने क्रममा जय छुमा गणेश शुद्ध खानेपानी प्रा.लि.मा २०७४/०७५ को लागि अनुज्ञापत्रको लागि निवेदन दिएको तर स्वीकृति प्राप्त नगरेको देखिनुका साथै फोहर र बिग्रेको पानी भरेको जार २० वटा नष्ट गरेको छ । ई.आर.ड्रिन्क्स प्रा.लि.मा अनुमतिपत्र नवीकरण गरेको पाइएको प्रमोदचन्द्र पोडेले बताउनुभयो । अनुगमनमा नगर निरीक्षक दिलिपकुमार सुवाल र प्राविधिक सहायक प्रविणकुमार अधिकारीको उपस्थिति रहेको थियो ।

# sf7df8f}+pkTosfnfO{;f+s[ts s]Gb|sf] ¿kdf ljsf; ug'k5{



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले काठमाडौं उपत्यकालाई सांस्कृतिक केन्द्रको रूपमा विकास गर्नुपर्ने बताउँदै विकासको नाउँमा उपत्यकाका सम्पदाहरू र प्राकृतिक स्वरूपमा विनास गर्न नहुने बताउनुभयो ।

काठमाडौं उपत्यका विकास प्राधिकरणको आयोजनामा जेठ १० गते 'काठमाडौं उपत्यका नयाँ सहर योजना' सम्बन्धी भएको प्रस्तुतीकरण कार्यक्रममा प्रमुख प्रजापतिले सुविधा सम्पन्न सहरहरूको विकाससँगै उपत्यकाबाट आदिवासीहरू विस्थापित हुने त होइन ? भनी शङ्का व्यक्त गर्नुभयो ।

उहाँले उपत्यकामा तीव्र गतिले जनसङ्ख्या वृद्धि भइरहेको कारण खानेपानीको समस्या, अपराध सङ्ख्यामा वृद्धि, फोहरमैला व्यवस्थापनमा समस्या भइरहेको उल्लेख गर्दै उहाँले उपत्यकामा रहेका सांस्कृतिक महत्त्वका सम्पदाहरूको संरक्षण गर्नेतर्फ सबैको ध्यान जानुपर्छ भन्नुभयो ।

आवास योजना सञ्चालन गर्ने अधिकार कानूनतः स्थानीय तहभित्र परेको हुँदा स्थानीय तहसँग समन्वय गरेर मात्रै योजना अगाडी बढाउन आग्रह गर्दै प्रमुख प्रजापतले स्मार्ट सिटी र स्याट्यालाइट सिटीको नाउँमा स्थानीय जनता विस्थापित हुने काम कहीं कतैबाट नहोस् भन्नुभयो ।

चाँगुनारायण नगरपालिकामा प्रमुख सोम मिश्रले सार्वजनिक खरिद ऐनले गुणस्तरीय निर्माण गर्न अप्ठ्यारो परिरहेको बताउँदै त्यस कानुनमा आवश्यक सुधार नगर्ने हो भने देश ५० वर्ष पछि पर्छ भन्नुभयो ।

कागेश्वरी मनोहरा न.पा.का प्रमुख कृष्णहरी थापाले स्थानीय तहलाई आवास योजना सञ्चालन गर्ने ऐनले अधिकार दिएको हुँदा स्थानीय तहसँग समन्वय नगरी आयोजना सुरु गरेमा सम्पन्न गर्न गाऱ्हो हुने बताउनुभयो ।

काठमाडौं उपत्यका विकास प्राधिकरणका आयुक्त भाइकाजी तिवारीको अध्यक्षतामा भएको कार्यक्रममा सङ्घीय र प्रदेशसभाका सांसदहरू, प्रमुख जिल्ला अधिकारी तथा विभिन्न कार्यालय प्रमुखहरूले पनि आवास योजनासम्बन्धी आ–आफ्नो विचार व्यक्त गर्नुभएको थियो ।

# 'लगानी बोर्ड ऐन खारेज गर्नुपर्छ'

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले देशका सबै ठूला आयोजनाहरू लगानी बोर्डमार्फत गर्ने सरकारी नीतिले विभिन्न मन्त्रालय र राष्ट्रिय योजना आयोगको औचित्यमाथि नै प्रश्न उठेको बताउनुभयो ।

लगानी बोर्डको आयोजनामा जेठ ११ गते राजधानीमा 'काठमाडौं उपत्यकामा मेट्रो रेल आयोजना सञ्चालन सम्बन्धमा भएको छलफल कार्यक्रममा प्रमुख प्रजापतिले लगानी बोर्डले नेपाललाई उपनिवेशको स्थितिमा पुऱ्याउन सक्ने हुँदा सुरुदेखि नै नेमकिपाले फरक मत राख्दै आएको बताउनुभयो ।

उहाँले भन्नुभयो– 'नेपालको राजश्व सङ्कलनले कर्मचारीहरूलाई तलब खुवाउन पनि पुग्दैन । बितको नौ महिनामा व्यापार घाटा ८ खर्ब १५ अर्ब छ । विद्यालयको पुस्तकालय, शौचालय, फर्निचर वा पर्खाल लगाउन एनजीओ र आईएनजीओको मुख ताक्नुपर्ने स्थितिमा छ । यस्तो अवस्थामा खर्बौं रूपैयाँ विदेशी ऋण बोकाउने योजनाले नेपाललाई कहाँ पुऱ्याउँछ ?'



लगानी बोर्डको आयोजनामा धुलिखेल नागदुंगा मेट्रो रेल प्रस्तावबारे अन्तरक्रियात्मक कार्यक्रम

लगानी बोर्ड ऐन डा. बाबुराम भट्टराई प्रधानमन्त्री कालमा पारित भएको उल्लेख गर्दै देशको प्राकृतिक स्रोत साधन र अर्थतन्त्र विदेशीको हातमा सुम्पने उद्देश्यले विदेशीकै निर्देशनमा ➲➲

# hg:jf:Yo s]bdf cfsl:ds sIf zef/De

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य सेवा केन्द्रमा २०७१ सालदेखि सञ्चालित आकस्मिक तथा अवलोकन वार्ड नयाँ भवनमा थप सेवा सुविधाका साथ भक्तपुर नगरपालिकाका प्रमुख तथा सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापति र भक्तपुर नगरपालिकाका उपप्रमुख तथा सञ्चालक समितिका उपाध्यक्ष रजनी जोशीले जेठ ७ गते संयुक्त उद्घाटन गर्नुभयो ।




भक्तपुर नपाद्वारा सञ्चालित जनस्वास्थ्य सेवा केन्द्रको आकस्मिक कक्ष शुभारम्भ कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापति

प्रमुख प्रजापतिले भक्तपुर नगरका जनताले जुन जिम्मेवारी दिई निर्वाचित गरेका थिए, सोही जिम्मेवारी पूर्तिको लागि कार्यहरू भइरहेको बताउनुभयो । भक्तपुर नगरपालिकाले निर्वाचनको बेला स्तरीय स्वास्थ्य उपचारको व्यवस्था गर्ने वाचा गरेअनुरूप नगरपालिकाले २५ शैंयाको ख्वप अस्पताल निर्माणको तयारी गरिरहेको बताउनुभयो ।

उहाँले नगरपालिकामा जनप्रतिनिधिहरू बहाल भएको १ सय दिनमा घरघरमा नर्सिङ सेवा सुरु गरेकोमा अहिले १० वटै वडामा सो सेवा सुरु भइसकेको जानकारी दिनुभयो । उहाँले गुणस्तरीय शिक्षा, सुलभ स्वास्थ्य सेवा, शुद्ध खानेपानी तथा सम्पदा संरक्षणलगायतका विषयहरू प्राथमिकतामा राखी चरणबद्ध रूपमा कार्य गर्दै जाने प्रतिबद्धता जाहेर गर्नुभयो ।

उपप्रमुख रजनी जोशीले स्थानीय तहको चुनावको दौरान घोषणापत्रमा घोषित कार्यक्रमहरू चरणबद्ध रूपमा कार्यान्वयन भइरहेको जानकारी गराउनुहुँदै भक्तपुर नपाले शिक्षा, स्वास्थ्य र खानेपानीलगायत जनताको प्रत्यक्ष सरोकार राख्ने विषयहरूलाई प्राथमिकता दिई कार्य भइरहेको बताउनुभयो । भक्तपुर नगरपालिकाले उच्च शिक्षामा सबैको सहज पहुँचको लागि सुलभ शुल्कमा व्यवस्थापन, विज्ञान, मानविकी, इञ्जिनियरिङ, नर्सिङलगायतका विषयहरू सञ्चालन गरेको र जनस्वास्थ्य सेवा केन्द्र पनि जनतालाई स्वास्थ्य सेवा प्राप्तिमा सहज गर्न सञ्चालन भएको हुँदा सेवाग्राहीलाई चिकित्सक तथा कर्मचारीहरूले सौहाद्रपूर्ण वातावरणको सृजना गरी स्वास्थ्य सेवा प्रदान गर्नुपर्ने बताउनुभयो ।

जनस्वास्थ्य सेवा केन्द्रका कार्यबाहक इन्चार्ज डा. सुमिता चोलेखोले स्वागत मन्तव्य राख्नुभएको थियो भने कार्यक्रमका सञ्चालक समितिका सदस्यहरू, प्राचार्य र कर्मचारीहरूको पनि उपस्थिति थियो ।

---

➲➲ लगानी बोर्ड विधेयक आएको स्पष्ट पार्नुभयो ।

देशलाई आफ्नो खुट्टामा उभिएर विकास गर्ने हो भने लगानी बोर्ड ऐन खारेजीको विकल्प छैन– उहाँले भन्नुभयो ।

ललितपुर महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जनले मेट्रो रेल राख्ने कुराले आफू अत्यन्त खुशी भएको बताउँदै निर्वाचित भएको एक वर्षमा पनि खासै जनअपेक्षाअनुसार काम गर्न नसकेको स्वीकार्नुभयो ।

काठमाडौं महानगरपालिकाका उपप्रमुख हरिप्रभा खड्गीले विदेशी पुँजी ल्याउनुभन्दा नेपालीहरूकै पैसा लगानी गरेर विकास निर्माणका कार्यहरू गर्नुपर्नेमा जोड दिनुभयो ।

चन्द्रागिरी नपाका प्रमुख घनश्याम गिरीले काठमाडौं उपत्यकाका सांस्कृतिक सम्पदाहरू संरक्षण गरी बाँकी ठाउँहरूमा विकासका पूर्वाधारहरू निर्माण गर्नुपर्नेमा जोड दिनुभयो ।

उपत्यकाका विभिन्न नपाका प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतहरूको उपस्थितमा बसेको बैठकमा लगानी बोर्डका इञ्जिनियर आशिष गजुरेलले काठमाडौं उपत्यकामा मेट्रो रेल सञ्चालन सम्बन्धमा पहिचान गरिएको रुट नं. २ (नागढुङ्गा–कलङ्की–कोटेश्वर–धुलिखेल) विषयमा सम्भाव्यताकाबारे हालसम्म तयार भएका विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो ।

प्रस्तुतीकरणको क्रममा नागढुङ्गादेखि धुलिखेलसम्मको ३७ किमि सडक निर्माण गर्ने, सोको लागि प्रतिकिमि ४ देखि ६ अर्ब खर्च लाग्ने, भूमिगत सडक निर्माण गरिएमा लागत बढ्न गई प्रतिकिमि सात अर्बभन्दा बढी लाग्ने जानकारी दिँदै धुलिखेल र नागढुङ्गामा करिब ५०/रोपनीको जग्गामा बस पार्क निर्माण गर्ने योजना रहेको बताउनुभयो ।

# kFhLjfbL Jo j:yf k};f k|wfg Jo j:yf

ख्वप कलेजमा बीएसडब्लु (सामाजिक कार्य) विषय लिई प्रथम वर्षमा अध्ययनरत विद्यार्थीहरूको गत चैतमा नगरकोटमा भएको छिमेकी शिविर कार्यक्रमको रिपोर्ट र महिला हिंसाबारे प्रस्तुतीकरण कार्यक्रम जेठ ४ गते सम्पन्न भयो ।

कार्यक्रममा कलेज सञ्चालक समितिका अध्यक्ष एवं भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले समाजवादी व्यवस्था स्थापना नभएसम्म महिला हिंसा अन्त्य सम्भव नहुने बताउनुभयो ।

उहाँले भन्नुभयो, 'पूँजीवादी व्यवस्था पैसा प्रधान व्यवस्था हो । पैसाको लागि पूँजीवादी व्यवस्थामा छोराछोरी र आफ्नो श्रीमतीसमेत बेच्न पूँजीपतिहरू तयार हुन्छन् । पूँजीपतिहरूले आफू अनुकूल संसदमार्फत कानुन बनाउन लगाउँछन् । '

प्रजग कोरियामा महिला हिंसा र असमानताका घटना नघट्ने चर्चा गर्दै प्रमुख प्रजापतिले भन्नुभयो – 'चीनमा महिला हिंसा गर्नेहरूलाई मृत्युदण्ड दिने कानुनी व्यवस्था छ ।'

बोक्सी र दहेजको आरोपमा कमजोर आर्थिक अवस्था भएका अशिक्षित, अपहेलित र असहाय महिलाहरू बढी पीडित भइरहेको बताउँदै उहाँले सबैलाई सम्मान रुपले शिक्षा दिनसके महिला हिंसा कम हुने विचार राख्नुभयो ।

कलेजका प्राचार्य रुपक जोशीले अनुशासनविनाको शिक्षा व्यर्थ हुने बताउँदै अनुशासन नै विद्यार्थीको गहना हो भन्नुभयो ।

कार्यक्रममा राजनीतिशास्त्र विषयक शिक्षक हिमाली रानामगरले लैङ्गिक हिंसा र कानुनी उपचारबारे, विषय शिक्षक लक्ष्मी थापाले घरेलु हिंसाबारे प्रस्तुतीकरण गर्नुभएको थियो ।

विद्यार्थीहरूबाट महिला हिंसाबारे गीति नाटक प्रस्तुत गरिएको कार्यक्रममा विद्यार्थीहरू अनिशकुमार थापा, सुजिता श्रेष्ठ, रीना पहिजू र महिमा कर्माचार्यले शिविरको रिपोर्ट प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा बीए तथा एमए अङ्ग्रेजी कार्यक्रम इन्चार्ज कमिनिका न्याइच्याइ र शिक्षक सुनिता गाइसीले पनि बोल्नुभएको थियो ।

# स्वास्थ्य उपचारसम्बन्धी जनचेतनामूलक भेला

भक्तपुर नगरपालिका ९ नं. वडाका स्थानीय बासिन्दाहरूबीच जेठ ९ गते स्वास्थ्य उपचारसम्बन्धी जनचेतनामूलक भेला सम्पन्न भयो ।

भेलामा वडाध्यक्ष रविन्द्र ज्याख्वले आधुनिक जीवनशैलीसँगै विभिन्न उमेर समूहका मानिसहरूमा नसर्ने दीर्घरोगहरू देखापर्न थालेको चर्चा गर्दै रोग लागेपछि उपचारमा खर्च गर्नुभन्दा रोग लाग्न नदिने उपायहरू अपनाउनुपर्ने कुरामा जोड दिनुभयो । उहाँले नगरवासी जनताको स्वास्थ्य उपचार सेवाको लागि नगरपालिकाले प्रत्येक वडामा एकजना नर्स र स्वास्थ्य स्वयंसेविकाहरू बन्दोबस्त गरी घरदैलोमा नर्सिङ सेवा सञ्चालन गरेको उल्लेख गर्नुभयो ।

भनपा ९ च्याम्हासिंहस्थित जनस्वास्थ्य केन्द्रको उत्तरतिर नगरपालिकाले ख्वप अस्पताल निर्माण गर्न नक्सा डिजाइनको कार्य सम्पन्न गरिसकेको र केही समयपछि नै निर्माण कार्य थालनी हुने वडाध्यक्ष ज्याख्वले बताउनुभयो ।

कार्यपालिका सदस्य छोरीमैयां सुजखूले आजभोलि व्यस्त जीवन र पूँजीवादी जीवनशैलीको कारण मानिसहरूमा एक्लोपन महसुस भई मानसिक रोगीको सङ्ख्या बढ्न थालेको बताउनुभयो ।

कार्यक्रममा जनस्वास्थ्य केन्द्रका डाक्टर सुनिता चोलेख्वले नगरपालिकाले सुविधासहितको इमर्जेन्सी सेवा नयाँ भवनमा सारेको चर्चा गर्दै नियमित स्वास्थ्य परीक्षण गरी स्वस्थ जीवन बिताउन सल्लाह दिनुभयो ।

एचए कमलकेशरी राजचलले उच्च रक्तचाप र मधुमेह रोगबारे जानकारी दिँदै रोग लाग्दैमा तर्सिनु आवश्यक नभएको बताउनुभयो ।

वडामा परिचालित नर्स सविना दुवालले वडामा हालसम्म ३ सय परिवारका १ हजार ७ सय १९ जनाको स्वास्थ्य अवस्थाबारे जानकारी सङ्कलन गरेको र त्यसमध्ये १ सय ९ जनालाई उच्च रक्तचाप र ४४ जनालाई मधुमेह रोग देखिएको तथ्याङ्क प्रस्तुत गर्नुभयो ।

स्वास्थ्य स्वयंसेविकाहरू मनेश्वरी कोजू र सन्तेमाया गाइजूले वृद्धवृद्धा, सुत्केरी महिला र बालबालिकाहरूको स्वास्थ्य परीक्षणलाई विशेष प्राथमिकता दिएको चर्चा गर्नुभयो ।

नगरपालिकाले स्थानीय निर्वाचनको समयमा जनतामाभ्क प्रतिबद्धता व्यक्त गरेअनुसार २०७४ भाद्र १२ गतेदेखि भनपा ३, ४ र ६ वडामा घरदैलोमा नर्सिङ सेवा सञ्चालन गरेकोमा २०७५ वैशाख ९ गतेदेखि बाँकी ७ वटा वडाहरूमा सञ्चालन गरेको थियो । त्यस हिसावले भनपा ९ नं. वडामा नर्सिङ सेवा प्रदान गरेको ठीक एक महिना हुँदा यस अवधिको प्रगति प्रतिवेदनबारे छलफल गर्न तथा स्वास्थ्य उपचार सेवाबारे जानकारी दिन उक्त कार्यक्रम गरिएको कार्यपालिका सदस्य सुजखूले बताउनुभयो । हालसम्म वडाको पश्चिमी भेग थालाछें, बालकुमारी, याताछें हुँदै सलाँगणेश, थाथुलां, सकोलान, तिनाछें, गछें र चोफलका घरघरमा नर्स र स्वास्थ्य स्वयंसेविकाहरू पुगेर विरामीहरूको दैनिक उपचार गरिसकेका छन् । नर्सिङ हरेक दिन विहान ७ देखि ९ बजेसम्म संचालन गरेको नर्स दुवालले जानकारी दिनुभयो ।

# भक्तपुरमा नयाँ प्रजिअ र एसपीको स्वागत

भक्तपुर नगरपालिकाले जिल्लामा भर्खरै सरुवा भई आउनुभएका प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्ट र प्रहरी उपरीक्षक हिमालयकुमार श्रेष्ठलाई जेठ ४ गते नगरपालिका सभाकक्षमा स्वागत तथा परिचयात्मक कार्यक्रम आयोजना गऱ्यो ।

कार्यक्रममा प्रमुख सुनिल प्रजापतिले विभिन्न क्षेत्रबाट भक्तपुरलाई नजिकबाट हेर्नुभएका अनुभवी सरकारी प्रतिनिधिको रुपमा प्रजिअ र प्रहरी उपरीक्षकलाई नगरपालिका र नगरबासी जनताको तर्फबाट स्वागत गर्नुभयो । उहाँले नेपाल मजदुर किसान पार्टीको तर्फबाट विजयी जनप्रतिनिधिहरूको स्वार्थ भन्नु नै व्यापक जनताको हितमा काम गर्नु रहेको उल्लेख गर्दै जनभावना बमोजिम जनप्रतिनिधिहरूले गर्ने कार्यमा सरकारी प्रशासनको तर्फबाट सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो ।




भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति, प्रजिअ नारायणप्रसाद भट्ट र प्रउ हिमालयकुमार श्रेष्ठ (बायाँबाट क्रमशः)

कला संस्कृतिले भरिएको ऐतिहासिक भक्तपुर नगरको सौन्दर्यता कायम गर्नु सबैको साझा दायित्व हो, उहाँले भन्नुभयो, भक्तपुरलाई देशकै नमुना नगर बनाउने जनप्रतिनिधिहरूको अभियानमा प्रहरी र प्रशासनले सदैव साथ दिने विश्वास छ ।

राजनैतिक आन्दोलन गर्नु संविधानप्रदत्त अधिकार भएर पनि बन्द हडतालको नाममा शिक्षण संस्था बन्द नहुने र नयाँ पुस्तालाई देश र जनताको पक्षमा इमानदारीपूर्वक कार्य गर्नु नै राजनीति हो भन्ने भावना सिकाउने भक्तपुरको गर्विलो इतिहास भएको चर्चा गर्दै विद्यमान कानुन कार्यान्वयन गर्ने क्रममा कुनै पक्षबाट दबाबमा काम नगर्न प्रमुख प्रजापतिले सुझाव दिनुभयो ।

उपप्रमुख रजनी जोशीले भक्तपुर नगरपालिकाले विकास निर्माणको हरेक कार्य जनताको प्रत्यक्ष सहभागितामा पारदर्शीतापूर्वक गरिरहेको उल्लेख गर्दै सम्मान गर्नु सबैको दायित्व भएको बताउनुभयो । उहाँले भक्तपुरलाई सभ्य, सुसंस्कृत र सफा नगर बनाउन भक्तपुरबासी जनतासँगै जनप्रतिनिधि र सरकारी प्रतिनिधिहरू एकजुट हुनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

प्रजिअ भट्टले भक्तपुरका जनताको तर्फबाट नगरपालिकाले गरेको स्वागतप्रति कृतज्ञता प्रकट गर्दै कार्यसम्पादनको क्रममा जनताबाट अपहेलित हुनुपर्ने कार्य नगर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । उहाँले संविधानले स्थानीय सरकारलाई अधिकारसम्पन्न बनाइसकेको अवस्थामा जिल्ला प्रशासन कार्यालयको तर्फबाट पूरक भूमिका खेल्ने बताउनुभयो । उहाँले जिल्लाबासीहरूको शान्ति, सुरक्षाको बन्दोबस्त, सम्भावित अपराध नियन्त्रण र वस्तुनिष्ठ अनुसन्धान गर्ने दायित्वबाट प्रहरी प्रशासन पछि नहट्ने प्रष्ट पार्नुभयो ।

प्रहरी उपरिक्षक हिमालयकुमार श्रेष्ठले नगरपालिकाले गर्ने हरेक रचनात्मक कार्यमा प्रहरीको तर्फबाट सक्रिय सहयोग रहने विश्वास दिलाउनुभयो । उहाँले शिक्षण संस्था वरिपरि चुरोट, रक्सीको बिक्री रोक्ने, फुटपाथमा पसल तथा निर्माण सामग्री राख्न नदिने र निश्चित स्थानमा मात्र गाडी रोक्न दिने विषयमा सरोकारवालासँग छलफल गर्ने र कडाइका साथ लागू गर्ने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका वडाध्यक्ष रविन्द्र ज्याख्व, उकेश कवां र नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रोहितराज पोखरेलले नगरपालिकाका गतिविधिहरूबारे जानकारी दिँदै जनताको समस्या समाधान कार्यमा सरकारी अधिकृत र जनप्रतिनिधिहरूबीच सहकार्य हुनुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य सेवा केन्द्रबाट लाभ उठाउनु होस् ।

# kf7\bqmdaf/] k|wfgfWofksx¿nfO{ cledvLs/0f

भक्तपुर नगरपालिकाले तयार गरेको विद्यालय शिक्षा आधारभूत तहको स्थानीय पाठ्यक्रमको विषयमा नगरभित्रका विद्यालयका प्रधानाध्यापकहरूबीच वैशाख ३१ मा प्रवोधीकरण तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख सुनिल प्रजापतिले नयाँ पुस्तालाई भक्तपुरको इतिहास, कला, संस्कृति र जनजीवनबारे जानकारी दिने उद्देश्यले नगरपालिकाले स्थानीय पाठ्यक्रम तयार गरेको बताउनुभयो ।

विद्यालय शिक्षाको अधिकार स्थानीय तहलाई आएपछि भक्तपुर नगरपालिकाले पहिलो प्रयासस्वरूप पाठ्यक्रम तयार गरेको उल्लेख गर्दै उहाँले विद्यार्थीहरूलाई पढाउँदै जाँदा समयानुकूल सुझावहरू आएमा परिमार्जन गर्दै लाने बताउनुभयो ।



स्थानीय पाठ्यक्रम अभिमुखीकरण कार्यक्रममा उपस्थित प्रधानाध्यापकहरूलाई सम्बोधन गर्नुहुँदै प्रमुख प्रजापति

प्रमुख प्रजापतिले नेपालको संविधानमा आधारभूत तहको शिक्षा निःशुल्क र अनिवार्यका साथै माध्यमिक तहको शिक्षा निःशुल्क हुने उल्लेख भए पनि सङ्घीय सरकारले शिक्षा क्षेत्रमा क्रमशः बजेट कम गर्दै गएबाट दोहोरो चरित्र प्रदर्शन गरिरहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'सङ्घीय सरकारले उचित स्रोतको व्यवस्था गरेमा विद्यालय शिक्षा निःशुल्क गर्ने भक्तपुर नै पहिलो नगरपालिका बन्ने निश्चित छ ।'

भक्तपुर नगरपालिकाले अहिले नै सातवटा शैक्षिक संस्थाहरूमार्फत विभिन्न विषयहरूमा स्नातकोत्तर तहसम्मको अध्यापन गराउँदै आएको चर्चा गर्दै उहाँले सरकारले विधेयक पास गरेमा ख्वप विश्वविद्यालय सञ्चालन गर्ने क्षमता रहेको प्रस्ट पार्नुभयो ।

उहाँले शिक्षा, स्वास्थ्य, उपचार, पर्यटन प्रवर्द्धनलगायतका क्षेत्रहरूमा भक्तपुरलाई देशकै नमुना बनाउने लक्ष्यसहितको अभियानमा रचनात्मक सहयोग गर्न प्रबुद्ध व्यक्तिहरूलाई आग्रह गर्नुभयो ।

स्थानीय पाठ्यक्रम निर्माण कार्यदलका संयोजक योगेन्द्रमान बिजुक्छेंले भक्तपुरको रैथाने ज्ञान र प्रविधिलाई संरक्षण गर्न र लोप हुन लागेका सीपलाई पुनर्जीवन दिन स्थानीय पाठ्यक्रमले सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो ।

नगरपालिकाबाट तयार गरिएको स्थानीय पाठ्यक्रमबारे प्रवोधीकरण गर्दै प्राध्यापक सिद्धिरत्न शाक्यले कार्यदलले शिक्षकहरूलाई विषयवस्तु पढाउन सजिलो बनाउने उद्देश्यले सरल ढङ्गबाट पाठ्यक्रम बनाइएको बताउनुभयो ।

उहाँले पाठ्यपुस्तकविना पनि सन्दर्भ सामग्री, स्थलगत भ्रमण र स्थानीय व्यक्तिहरूबीच अन्तरसंवाद गरेर सहजै पढाउन सकिने प्रस्ट पार्नुभयो । भक्तपुरको स्थानीय मौलिकता र विशेषता पढाउनुपर्ने भएकोले सकभर स्थानीय शिक्षकले नै पढाएमा राम्रो हुने उल्लेख गर्दै उहाँले शिक्षकले मेहनत गरेमा विद्यार्थीहरू लाभान्वित हुने बताउनुभयो ।

कार्यदलका सदस्यहरू उद्धव सुजखू र रोशनराज तुइतुईले स्थानीय पाठ्यक्रमलाई यसै शैक्षिक सत्रदेखि कक्षा १ र कक्षा ६ मा लागू गरिने र यसका लागि विषय शिक्षकहरूलाई जेठको दोस्रो हप्तामा अभिमुखीकरण गर्ने बताउनुभयो । स्थानीय पाठ्यक्रम सय पूर्णाङ्कको हुने र प्रत्येक विद्यालयले हप्तामा ४ पिरियड पढाउनुपर्ने उहाँहरूको भनाइ थियो ।

नगरपालिकाले स्थानीय शिक्षासेवीहरूको भेलाबाट २०७४ माघ २३ गते एक कार्यदल गठन गरी स्थानीय पाठ्यक्रम निर्माण गर्ने जिम्मेवारी दिएको थियो । कार्यदलले सरोकारवाला शिक्षक, प्रअ, अभिभावक, शिक्षाविद् एवं स्थानीय विज्ञहरूसँग अन्तरक्रिया तथा स्थलगत अध्ययन गरी पाठ्यक्रम तयार गरी २०७५ वैशाख २ गते एक समारोहका बीच नगरपालिकालाई हस्तान्तरण गरेको थियो ।

पाठ्यक्रम नगरका ९२ वटा सामुदायिक तथा संस्थागत विद्यालयहरूमा कक्षा १ र ६ मा यसै शैक्षिक सत्रदेखि लागू हुनेछ । कक्षा १ मा निरन्तर मूल्याङ्कन पद्धति र कक्षा ६ मा सैद्धान्तिक तथा प्रयोगात्मक परीक्षाद्वारा विद्यार्थीको मूल्याङ्कन गरिने कार्यदल स्रोतले बताएको छ ।

# oU ;'xfpbF] ljz]if1tf xfl;n ug{hf}

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजेक्छेँ (रोहित) ले नयाँ पुस्ताले युग सुहाउँदो विषयमा विशेषज्ञता हासिल गरी देश र समाजको निम्ति सेवा गर्नुपर्नेमा जोड दिनुभयो ।

ख्वप मा.वि. तथा शारदा क्याम्पस मा.वि.मा कक्षा १२ अध्ययन पूरा गरेका विद्यार्थीहरूका लागि वैशाख २८ गते गरिएको बिदाइ तथा मार्गनिर्देशन कार्यक्रममा बोल्दै अध्यक्ष बिजुक्छेँले भन्नुभयो, 'युवा पुस्ताले परम्परागत सोच र व्यवहारभन्दा माथि उठेर युग सुहाउँदो वैज्ञानिक शिक्षा हासिल गरी देशलाई विश्वस्तरमा पुऱ्याउन योगदान गर्नुपर्छ । सस्तो श्रमको लागि विदेश पलायन हुने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्छ ।'

अन्धविश्वास र धर्मबाट सचेत हुनुपर्ने आवश्यकता औंल्याउँदै अध्यक्ष रोहितले नयाँ पुस्ताले विज्ञानसम्मत कुरामा मात्र विश्वास गर्नुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, 'कूटनैतिक पक्षको सबलताको लागि अघि बढ्नुपर्ने सरकार भारतीय प्रम नरेन्द्र मोदीको धार्मिक भ्रमणको तयारीमा लागेर दुवै देशका जनताको रगत पसिनाबाट जम्मा गरेको करको दुरूपयोग गरिरहेको छ ।'

कार्यक्रमका सभापति विद्यालय सञ्चालक समितिका अध्यक्ष एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले विज्ञान तथा प्रविधि र व्यवस्थापन जस्तै शिक्षाशास्त्र तथा अन्य सामाजिक शास्त्र सङ्कायहरूको पनि उत्तिकै महत्त्व रहेको बताउनुभयो ।

असल मानिसले सही नेतृत्व नगरेसम्म समाज र देशको विकास नहुने उल्लेख गर्दै उहाँले भन्नुभयो, 'संविधानमा मा.वि. तहसम्म नि:शुल्क शिक्षा बन्दोबस्त गरे पनि संविधानमा उल्लेख भएअनुसार शिक्षा नि:शुल्क भइरहेको छैन ।'

उहाँले ख्वप विश्वविद्यालयको सम्बन्धन भएमा भनपाले सञ्चालन गरिने मेडिकल कलेजमा रु. १० लाखमा एमबीबीएस पढाउन सकिने व्यवस्था हुने बताउनुभयो ।

विद्यालय सञ्चालक समितिका उपाध्यक्ष एवं भनपाका उपमेयर रजनी जोशीले भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्रको रूपमा विकास गरी समाजलाई बुद्धिजीवीकरण गर्ने भक्तपुरका जनताको अभियानमा भनपाले भरमग्दुर प्रयास गरिरहेको बताउनुभयो ।

ख्वप कलेज अफ इन्जिनियरिङ्का प्राचार्य सुनिल दुवालले भनपाद्वारा सञ्चालित इञ्जिनियरिङ कलेजहरूले देशका ७४ जिल्ला विद्यार्थीहरूलाई कम शुल्कमा शिक्षा दिई देशकै सेवा गरिरहेको बताउनुभयो ।

कार्यक्रममा ख्वप कलेजका प्राचार्य रूपक जोशी, ख्वप माविका प्राचार्य प्रकाशकुमार श्रेष्ठ र शिक्षक कमिनिका न्याइच्याईले पनि बोल्नुभएको थियो ।

# खेलकुदले अनुशासन, मित्रता र स्वस्थ जीवन जिउन सिकाउने

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज अफ इन्जिनियरिङ्को आयोजनामा वैशाख १० देखि १२ गतेसम्म आयोजित खेलकुद प्रतियोगितामा विजयी विद्यार्थी तथा शिक्षक/कर्मचारीहरूलाई पुरस्कार तथा प्रमाण-पत्र वितरण कार्यक्रम वैशाख ३१ मा सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख एवं कलेज सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले विद्यार्थीहरू अध्ययनको साथै खेलकुदलगायत विभिन्न अतिरिक्त क्रियाकलापमा पनि सक्रिय हुनुपर्ने बताउनुभयो । खेलकुदले अनुशासन, मित्रता र स्वस्थ जीवन जिउन मद्दत मिल्ने उहाँले बताउनुभयो ।




शिक्षक-कर्मचारीहरूले व्यापक जनताको हितमा काम गर्ने उद्देश्य राख्नुपर्ने चर्चा गर्दै मेयर प्रजापतिले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपाललाई सहयोग गर्ने भनी गरेको प्रतिबद्धता नेपालका ठूला दलका नेताहरूले निर्वाचनको बेला गरेको बाचाजस्तै भएको बताउनुभयो ।

कार्यक्रममा ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य इ.सुनिल दुवाल, ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य इ. सुजन माकले पनि बोल्नुभएको थियो ।

# देशको सार्वभौमिकता रक्षाको लागि लाग्नुपर्छ

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेजले कलेजमा बीबीएस तह अध्ययन पूरा गरेका विद्यार्थीहरूलाई वैशाख २९ गते बिदाइ तथा मार्गनिर्देशन कार्यक्रम गऱ्यो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले आफूले अध्ययन गरेको विषयलाई व्यवहारमा उतारी देश र जनताको इमानदारीपूर्वक सेवामा लगाउन जोड दिनुभयो ।

उहाँले भन्नुभयो, 'देशको सार्वभौमिकताको रक्षा र स्वतन्त्रताको लागि विद्यार्थीहरू दृढतापूर्वक लाग्नुपर्छ । प्रजग कोरिया र क्युबाको विकासबाट हामीले शिक्षा लिन आवश्यक छ ।'




उहाँले भन्नुभयो, 'विकसित देशले अल्पविकसित देशका प्राकृतिक स्रोत–साधन दोहन गरी आफू विकसित हुनु गलत हो ।'

'विश्व व्यापार सङ्गठनको सदस्य हुनु नेपाललाई घातक छ । विश्व व्यापार सङ्गठनको सदस्यताको कारण विदेशी सम्बन्धनका कलेजहरू निर्वाधरूपमा सञ्चालन भइरहेको छ ।' उहाँले भन्नुभयो ।

पूँजीवादी अर्थशास्त्रीहरूले पूँजीवादी व्यवस्थाको वकालत गर्ने उल्लेख गर्दै उहाँले भन्नुभयो, हामीलाई इमानदार अर्थशास्त्रीहरू आवश्यक छ । मजदुर र किसानको वकालत गर्ने अर्थशास्त्री चाहिन्छ । कम्युनिष्टले मजदुर र किसान वर्गको हितमा वकालत गर्नेगर्छ । मार्क्सवादी साहित्यहरू अध्ययन गर्ने बानी बसाल्नु आवश्यक छ ।'

मोदी भ्रमणको प्रसङ्गबारे उल्लेख गर्दै अध्यक्ष रोहितले भन्नुभयो, 'गणतन्त्र भनेको राजा र धर्मको विरूद्धको शासन व्यवस्था हो । गणतान्त्रिक प्रधानमन्त्रीहरू पूजापाठमा व्यस्त हुने होइन । भारतीय प्रम मोदीको भ्रमण कूटनीतिक यात्राभन्दा धार्मिक यात्रामा केन्द्रित देखिन्छ । यो भ्रमणमा तराईलाई नेपालबाट अल्लग गरिने गन्ध छ ।'

कार्यक्रमका सभापति, ख्वप कलेज सञ्चालक समितिका अध्यक्ष एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सर्वसाधारण जनताका छोराछोरीहरूलाई कम शुल्कमा गुणस्तरीय शिक्षा दिने, भक्तपुरलाई ज्ञान–विज्ञानको केन्द्र बनाउने, एक्काइसौं शताब्दीको चुनौतीलाई सामना गर्नसक्ने जनशक्ति तयार गर्ने र श्रमलाई सम्मान गर्ने नागरिक तयार गर्ने लक्ष्यका साथ भनपाले कलेज सञ्चालन गर्दै आएको बताउनुभयो ।

भक्तपुर नगरपालिका वडा नं. ६ का वडा अध्यक्ष तथा सञ्चालक समितिका सदस्य हरिराम सुवालले विद्यार्थीहरूले पढाइलाई निरन्तरता दिई विशेषज्ञता हासिल गर्नुपर्ने र स्वदेशमै बसी सेवा गर्ने भावना विकास गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा ख्वप लेजका प्राचार्य रूपक जोशी, ख्वप माविका प्राचार्य प्रकाशकुमार श्रेष्ठ, ख्वप कलेजका उपप्राचार्य राजेशकुमार श्रेष्ठ र विद्यार्थीद्वय रोशन अमात्य र रोशनी भुजेलले पनि बोल्नुभएको थियो । प्रमुख अतिथि बिजुक्छेंले विद्यार्थीहरूलाई विद्यालयको तर्फबाट मायाको चिनो प्रदान गर्नुभएको थियो ।

पखाला लागेकालाई नुन, चिनी र पानीले संजीवनीको काम गर्छ ।
झिँगा भन्केको, बासी खानेकुरा खानाले रोग निम्त्याउँछ ।
सरसफाइमा जति बढी ध्यान दिइन्छ, स्वास्थ्य त्यति नै बढी राम्रो हुन्छ ।

# ljBfnox?nf0{;kmf0 ;fdu| tyf aflN6g ljt/0f

भक्तपुर नगरपालिका वडा नं. १ मा जनप्रतिनिधिहरू बहाल भएको एकवर्षको अवसर पारी जेठ १८ गते आयोजित समारोहमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले "एक विद्यालय एक सम्पदा" अन्तर्गत वडामा रहेका बाह्र विद्यालय प्रतिनिधिहरूलाई सफाइ सामग्री, चालू आ.व.मा सफाइ शुल्क तिरी सकिएका वडावासीमध्ये दश जनालाई कुहिने र नकुहिने फोहर छुट्याएर सङ्कलन गर्न बाल्टिन वितरण गर्नुभयो ।



विद्यालयका प्रतिनिधिहरूलाई सफाइ सामग्री वितरण गर्नुहुँदै प्रमुख प्रजापति

कार्यक्रममा प्रमुख प्रजापतिले पाँच जना सदस्य रहेको एक घर परिवारबाट हरेक दिन एक किलोको हिसाबले फोहर निस्केको तथ्याङ्क रहेको प्रसङ्ग उठाउँदै सोही फोहर व्यवस्थापन गर्न प्रतिकिलो नौ रुपैयाँ खर्च पर्न गएको हुँदा भक्तपुर नगरपालिकाले उठाउदै आइरहेको न्यून सफाइ कर नगरवासीहरूले तिर्नु सहभागिता जनाउनु सरह हो भन्नुभयो । उहाँले आफ्नो पहिचान जोगाई राख्न पुरातात्त्विक, सांस्कृतिक महत्त्वका पाटी, पौवा, मन्दिर निर्माण, सुधार कार्य गर्दा मौलिक एवम् परम्परागत स्थानीय सामग्री नै प्रयोग हुनुपर्ने कुरामा जोड दिंदै विकास निर्माणमा सबै एकजुट भएर अगाडि बढ्नु आजको आवश्यकता हो भन्नुभयो ।

कार्यक्रममा साविक वडा नं. १७ का पूर्व वडा अध्यक्ष लक्ष्मीनारायण राजलवटले सफाइ आन्दोलनलाई निरन्तरता दिइरहेकोमा प्रसन्नता व्यक्त गर्दै नगरको नयाँ बस्तीहरूमा ढल निकास व्यवस्थित गर्न नगरपालिकाले ध्यान पुऱ्याउनुपर्छ भन्नुभयो ।

इतिहासविद् पुरुषोत्तमलोचन श्रेष्ठले भक्तपुर स्वच्छ, सफा, हराभरा भक्तपुर नगरपालिकाको इच्छा शक्तिको कारण सम्भव भएको उल्लेख गर्दै शासकीय व्यवस्थापन राम्रो हुनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रमका सभापति एवं वडा नम्बर १ का वडा अध्यक्ष श्यामकृष्ण खत्रीले वडामा कृषकहरूका लागि उन्नत बीउ–बिजन वितरण, वडाको प्रगति विवरण, विकास निर्माण तथा वडास्तरीय योजनाबारे जानकारी गराउनुभयो ।

कार्यक्रममा न.स.स. विश्वराज शिल्पकार, सूर्यप्रसाद श्रेष्ठ, गंगालक्ष्मी बमनुलगायतले बोल्नुभएको थियो ।

कार्यक्रमपछि वडा समितिले कुहिने र नकुहिने फोहर छुट्याएर सङ्कलन गर्ने उद्देश्यले वडा समितिले बाल्टिन वितरण गरेको थियो ।

# sdnljgfos / Rofxdfl;xdf ahf/ cgudg

भक्तपुर नगरपालिका बजार अनुगमन समितिका संयोजक राजकृष्ण गोराको संयोजकत्वमा वैशाख २५ र २६ गते कमलविनायक र च्याह्मासिंहको पसलहरूमा अनुगमन गरियो।

अनुगमन टोलीले वैशाख २५ गते कमलविनायकमा आठ वटा खाद्य, फलफूल र मिठाइ पसलमा अनुगमन गऱ्यो भने २६ वैशाखमा १३ वटा खाद्य, फलफुल र मिठाई पसलको अनुगमन गऱ्यो ।

वैशाख २५ गते भएको अनुमगन टोलीले भनपा वडा नं १० कमलविनायकमा रहेको शाक्य मिठाइ पसल, अजय विजय स्टोर, एस.पी.जुस सेन्टर, सन्तोष फ्रुट सेन्टर, राजकुमार खाद्य भण्डार र जे एण्ड जे स्टोरमा अनुगमन गऱ्यो ।

त्यस्तै २६ वैशाखको अनुगमनमा भनपा वडा नं. ९ च्याह्मासिंहमा रहेको अजय गुप्ताको नवदुर्गा स्वीट्स एण्ड चाट हाउस, न्यु लासिवा मिठाइ भण्डार, बलिराम दासको ब्रम्हायणी जुस सेन्टर, रञ्जन प्रसाद कुटुवजुको पसल, दिनेश लाछिमिस्युको चिया पसल,काफ्ले मिठाइ पसल, पि.एल.खाद्य स्टोर पसल, हाई स्ट्रेट क्याफे फाष्ट फुड एण्ड रेष्टुरेन्ट, जैसवाल मसला उद्योग, गणेश खाद्य स्टोर, ज्ञानलाल किराना पसल, प्रमाण किराना पसल र खायमली किराना पसलको अनुगमन गऱ्यो ।

अनुगमनको क्रममा प्रशस्त मात्रामा म्याद नाघेको र कुहेको सामान भेटिएपछि ती सामानहरू नष्ट गरियो। म्याद नाघेको कोकाकोला, फान्टा, स्प्राईट, बर्फि, कुहेको मिठाई, रसबरी, कुहेको गुडपाक घ्यूको बट्टालाई नष्ट गरेको अनुगमन समितिका सदस्य हरिराम सुवालले बताउनुभयो। अनुगमन टोलीले दर्ता प्रमाण पत्र पसलमा राख्नुपर्ने, मूल्यसूची राख्नुपर्ने,फोहर व्यवस्थापन गर्नुपर्ने, सफाइ शुल्क नियमित तिर्नुपर्ने, ढक–तराजु नापतौल विभागमा नवीकरण गर्नुपर्ने निर्देशन दियो ।

अनुगमन टोलीमा भनपा श्यानिटेशनका व.नि. दिलिपकुमार सुवाल, व.नि.रामकृष्ण प्रजापति, जिल्ला प्रशासन कार्यालयका रविचन्द्र मिश्र, राष्ट्रिय उपभोक्ता मञ्चबाट मनोज थापा र लक्ष्मी भण्डारी, महानगरीय प्रहरी परिसरका रामशरण तामाङ, भक्तपुर उद्योग बाणिज्य संघका राजन श्रेष्ठ, जिल्ला जनस्वास्थ्य कार्यालय भक्तपुरका रामप्रसाद लम्साल र पत्रकारहरूको सहभागिता रहेको थियो ।

# eQmk'/ gu/kflnsfdf bds gkfsf dp/

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसित झापाको दमक नगरपालिकाका प्रमुख रोमनाथ ओलीको नेतृत्वमा वैशाख २४ गते आएको टोलीले भेट गऱ्यो ।

भक्तपुर नगरपालिकाका नगर प्रमुख प्रजापतिले आफूहरूले निर्वाचनको बेला जनताबीच सार्वजनिक गरेको निर्वाचन घोषणापत्रबमोजिम काम गरिरहेको जानकारी दिनुभयो ।

निर्वाचन घोषणापत्रमा उल्लेख भएबमोजिम घर घरमा नर्सिङ सेवा सुरु गरेको, ख्वप अस्पताल निर्माणको लागि आवश्यक तयारी गरिरहेको र विद्यालय तहमा स्थानीय पाठ्यक्रम तयार गरी लागू गर्न लागेको बताउनुभयो ।



भनपाका प्रमुख, उपप्रमुखसँग वैशाख २४ गते दमक नपाको प्रतिनिधिमण्डलबीच भेट

सम्पदा जीर्णोद्धार र पुनःनिर्माण अहिलेको चुनौति हो । नपाले आफ्नो आर्थिक स्रोतले भ्याएसम्म सम्पदा पुनःनिर्माणको कामलाई तिव्रता दिएको छ, उहाँले भन्नुभयो ।

दमक नगरपालिकाका प्रमुख ओलीले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित प्राविधिक शिक्षालयहरूको अध्ययन अवलोकन गर्न पाएकोमा खुसी व्यक्त गर्दै भनपाले गरेको स्वागत-सम्मानप्रति आभार प्रकट गर्नुभयो ।

उहाँले भक्तपुर नगरपालिकाले जस्तै दमक नगरपालिकाले पनि कलेजहरू सञ्चालन गर्न चाहेको, त्यसको लागि भ्रमणले ठूलो सहयोग मिलेको बताउनुभयो ।

प्रमुख ओलीले दमक नगरपालिकाले प्लाष्टिक निषेध गर्ने कार्य गरेको, विद्यार्थीहरूको वर्ग विश्लेषण गरी मदन आश्रित क्याम्पसमा छात्रवृत्ति व्यवस्था गरेको बताउनुभयो ।

भेटमा भनपाका उपप्रमुख रजनी जोशी, भनपा वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्व र दमक नगरपालिकाको तर्फबाट मदन-आश्रित क्याम्पस प्रमुख हेम अधिकारी, प्रधानमन्त्री केपी शर्मा ओलीका विकास प्रतिनिधि होमबहादुर थापा, देवेन्द्र दाहाल र देवेन्द्र आचार्यको पनि उपस्थिति थियो ।

भनपामा भेटअघि प्रतिनिधि मण्डलले भनपाद्वारा सञ्चालित ख्वप इञ्जिनियरिङ कलेज, ख्वप कलेज अफ इञ्जिनियरिङ, ख्वप बहुप्राविधिक संस्थान र ख्वप कलेजहरूको अध्ययन अवलोकन गरेको थियो ।

# भक्तपुर नगरपालिकाद्धारा राँगो वधस्थल र मासु पसल अनुगमन


भक्तपुर नगरपालिका मासु पसल अनुगमन समितिका संयोजक राजकृष्ण गोराको संयोजकत्वमा चैत २६ गते जेंला, महेश्वरी र हनुमानघाट क्षेत्रमा पाँचवटा राँगो वधस्थल अनुगमन गऱ्यो ।

अनुगमन टोलीले भनपा वडा नं ८ महेश्वरी स्थानमा रहेको न्यु महेश्वरी सप्लायर्स, वडा नं ७ जय माहेश्वरी माँ राँगो वधस्थल र वडा नं ७ हनुमानघाटमा रहेको न्यू महेश्वरी हाईजेनिक मिट सपमा खुला रूपमा मासु बिक्री गर्दा झिंगा र किटाणुहरू भन्किने हुँदा मासुलाई जालीले छोप्न, राँगो राख्ने ठाउँ र वधस्थल सफा राख्न, ग्राहकले मासु छुन नहुने गरी टेबलमा बारले घेर्न, पसलेले सेतो एप्रोन प्रयोग गर्न, ढक तराजु नवीकरण गर्न सुझाव दिएको थियो ।

वडा नं. ८ कै कान्छा शाहीले विना दर्ता बाटोमा राँगो वधस्थल कार्य सुरु गरेको पाइयो । राँगो वधस्थल दर्ता गर्न र राँगो वधस्थल गर्ने ठाउँको भुईं र भित्ता सफा गर्न, कामदारहरूलाई एप्रोनको प्रयोग गराउन र साइन बोर्ड राख्न सुझाब दिएको थियो ।

अनुगमन टोलीमा भक्तपुर नगरपालिकाका अनुगमन समितिका सदस्य हरिराम सुवाल र रोशनमैया सुवाल, सदस्यसचिव दिलकुमार सुवाल, भनपा श्यानिटेशन उपशाखाका रामकृष्ण प्रजापति, जिल्ला प्रशासन कार्यालय, भक्तपुरका रविचन्द्र मिश्र, राष्ट्रिय उपभोक्ता मञ्चबाट मनोज थापा, जिल्ला पशु सेवा कार्यालयका उमेशलाल प्रधान, भक्तपुर उद्योग वाणिज्य संघका सञ्जय जोन्छे, महानगरीय प्रहरी प्रिसरका नारायणबहादुर चौहान र भनपा कर उपशाखाका विष्णुकेशरी जोशीको सहभागिता रहेको थियो ।

# egkfsf hgk|tlglwaLr sfn{dfS;{sf]hGd lbj;df kj|rg



कार्ल मार्क्स

विश्व सर्वहारा वर्गका गुरू कामरेड कार्ल मार्क्सको द्विशतवार्षिकी जन्मदिनको अवसरमा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) को प्रमुख आतिथ्यमा २४ वैशाखमा भक्तपुर नगरपालिकाले प्रवचन कार्यक्रम गऱ्यो ।

कार्यक्रममा अतिथि बिजुक्छेंले भन्नुभयो, 'मार्क्सले जसरी पूँजीवादको विरूद्ध निरन्तर सङ्घर्ष गर्नुभयो, ठीक त्यसरी नै राजनैतिक कार्यकर्ताहरूले पनि सङ्घर्ष गर्नुपर्छ ।'

गलत कुराको विरोध गरिएन भने राजनीतिक कार्यकर्ताहरूको उद्देश्य पूरा नहुने उल्लेख गर्दै उहाँले राजनीतिक कार्यकर्ताहरूले समाजमा राम्रो काम गरेर देखाउनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

अध्यक्ष बिजुक्छेंले भन्नुभयो, 'कम्युनिष्ट कार्यकर्ताहरू पैसा र सुविधाको निम्ति राजनीति गर्दैनन् । अहिले कम्युनिष्टको नाउँमा पैसा र सुविधाको लागि राजनीति गर्नेहरूले कम्युनिष्टहरूकै बद्नाम गरिरहेका छन् ।'

संसदले देश घाटामा जाने, विदेशी पोस्नेजस्ता कानुन निर्माण गर्ने गरेको चर्चा गर्दै उहाँले खरी ढुङ्गासम्बन्धी कानुन निर्माण गर्दा तेस्रो पक्ष (राज्य) ले क्षतिपूर्ति दिनेजस्ता कानुन बनाएको र पछि खारेज गरेको उल्लेख गर्नुभयो ।

अध्यक्ष बिजुक्छेंले भन्नुभयो, 'देशलाई बुझेका, कानुन बुझेका र पैसा नखाने खालका प्रतिनिधिहरूलाई संसदमा पठाउनुपर्छ । त्यस्तो भएमात्र संसदले बनाउने कानुन देश र जनताको हितमा हुनेछ ।'

भनपाका प्रमुख सुनिल प्रजापतिले कम्युनिष्ट घोषणापत्रबारे जानकारी दिंदै मार्क्स र एंगेल्सले मुक्तिको बाटो देखाएको बताउनुभयो । उहाँले सर्वहारा वर्गले बल प्रयोगद्वारा पूँजीपति वर्गलाई हटाएर आफ्नो सत्ता कायम गर्नुपर्छ भनी घोषणापत्रमा उल्लेख गरेको बताउनुभयो ।

पुँजीवादमा कामदार जनताको मूल्य नहुने बताउँदै डाक्टर, वकिल, इन्जिनियरलगायत पेशालाई पैसाले फिका बनाइदिने प्रमुख प्रजापतिले बताउनुभयो ।

उपप्रमुख रजनी जोशीले जेनी मार्क्सको जीवनी, वडाध्यक्ष रविन्द्र ज्याख्वले मार्क्सवादका आधारभूत शिक्षा, वडाध्यक्ष उकेश कवांले कार्ल मार्क्सको जीवनी, वडाध्यक्ष हरिराम सुवालले मार्क्सले लेख्नुभएको फ्रान्समा गृहयुद्धबारे प्रवचन दिनुभयो । कार्यक्रममा रोशनमैया सुवाल र हरिप्रसाद बासुकलाले पनि बोल्नुभएको थियो ।



कार्ल मार्क्सको द्विशतवार्षिकी जन्म दिवसको अवसरमा भक्तपुर नगरपालिकाले आयोजना गरेको प्रवचन कार्यक्रममा मन्तव्य राख्नुहुँदै प्रमुख अतिथि बिजुक्छें

# lrlgofFo'jf k|tlglwd08n eQmk'/df

नेपाल क्रान्तिकारी युवा सङ्घको आयोजनामा 'एक क्षेत्र एक मार्ग' विषयक अन्तरक्रिया कार्यक्रम वैशाख २३ गते सम्पन्न भयो ।

ख्वप इन्जिनियरिङ कलेजको सभाहलमा सम्पन्न उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले चिनियाँ सपना चीनको मात्र होइन, संसारको जनताको समृद्धिको सपना भएको बताउँदै 'एक क्षेत्र एक मार्ग' कार्यक्रमको सफलताले नेपाली जनतालाई पनि लाभ हुने विश्वास व्यक्त गर्नुभयो ।

२०७२ सालको विनाशकारी भूकम्पको समयमा चीनले गरेको सहयोगको स्मरण गर्दै प्रमुख प्रजापतिले भन्नुभयो, 'चीनको सहयोगलाई नेपाली जनताले कहिल्यै बिर्सने छैन ।'

चिनियाँ कम्युनिष्ट पार्टीको १९ औं महाधिवेशनबाट सि जिङपिङ महासचिवमा निर्वाचित हुनुभएकोमा खुसी व्यक्त गर्दै उहाँले महासचिव सिले अगाडि बढाउनुभएको भ्रष्टाचारविरोधी आन्दोलन र एक क्षेत्र एक मार्ग कार्यक्रमलाई प्रगतिशील नेपाली जनताले चासोका साथ अध्ययन गरिरहेको बताउनुभयो ।

चिनियाँ युवा कम्युनिष्ट लिग, पेइचिङका उपसचिव तथा चिनियाँ प्रतिनिधि मण्डलका टोली नेता श्रीमती युआन हुइले चीन र नेपाल पहाड र नदीनालाले जोडिएको छिमेकी देश हो र दुई देशको मित्रता इतिहासजत्तिकै पुरानो रहेको बताउनुभयो ।

दुई देशका युवाहरूबीचको आदानप्रदानले दुई देशको मित्रता र साझेदारीलाई अझ अगाडि बढाउने विश्वास व्यक्त गर्दै उहाँले युवाहरू देशका भविष्य हुन् भन्नुभयो ।

पेइचिङमा दुई करोड जनसङ्ख्यामा ९० लाख युवाहरू रहेको जानकारी दिंदै उहाँले चिनियाँ कम्युनिष्ट लिगले पेइचिङमा २५ हजार विभिन्न समूहमार्फत शिक्षा, रोजगार, वातावरण संरक्षण, स्वास्थ्य आदि क्षेत्रमा गतिविधि अगाडि बढाइरहेको बताउनुभयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अर्का केन्द्रीय सदस्य रविन्द्र ज्याख्वले ०७२ सालको विनाशकारी भूकम्पमा भक्तपुरमा भएको उद्धारकार्यमा युवा सक्रियता र पुन:निर्माण बारे प्रस्तुति गर्नुभएको थियो ।

युवा कम्युनिष्ट लिग पेइचिङको विदेश विभागका उपप्रमुख छुई चिङले 'एक क्षेत्र एक मार्ग' अन्तर्राष्ट्रिय स्वयंसेवक महासङ्घबारे परिचय दिंदै पेइचिङमा कूल जनसङ्ख्याको १७ प्रतिशत अर्थात् ४० लाख जनता स्वयंसेवक हुने इच्छा राखेर विभिन्न स्वयंसेवक समूहमा आबद्ध रहेको तथ्याङ्क प्रस्तुत गर्नुभयो ।

पेइचिङ स्वयंसेवक निर्देशन समितिका निर्देशक हान लुले पेइचिङको स्वयंसेवक समूहहरूको गतिविधिबारे प्रस्तुति गर्नुभएको थियो ।

कार्यक्रममा नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य राजेन्द्र चवाल र आयोजक सङ्घका मीनबहादुर बाटाले पनि बोल्नुभएको थियो ।

यसअघि चिनियाँ प्रतिनिधिमण्डललाई भक्तपुर दरबार क्षेत्रमा प्रमुख सुनिल प्रजापति र उपमेयर रजनी जोशीले स्वागत गर्नुभएको थियो ।




चिनियाँ प्रतिनिधिमण्डलसँग खिचिएको सामूहिक तस्बिर

# lzIffdGqLsf]pkl:yltdf a;]sf]a}7sdf em)08}xft xfnfxfn

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरिराजमणि पोखरेलको उपस्थितिमा वैशाख २२ गते निजी विद्यालयको शुल्क निर्धारण गर्ने सम्बन्धमा छलफल गर्न बसेको बैठकमा विद्यार्थी नेताहरू र निजी विद्यालय सङ्घका प्रतिनिधिहरूबीच झण्डै हात हालाहाल भयो ।

भक्तपुर नगरपालिका, ललितपुर महानगरपालिका, शिक्षा सचिव, सहसचिव, महानिर्देशक, निर्देशकहरू, प्याब्सन, एनप्याब्सन, अभिभावक सङ्घलगायत शिक्षा सरोकारवालाहरूबीच बसेको उच्चस्तरीय बैठकमा अनेरास्ववियूका कार्यवाहक अध्यक्ष महेश गर्तौलाले कानुन,



प्रमुख सुनिल प्रजापति बैठकमा बोल्नुहुँदै

विधान नमान्ने विद्यालयहरूलाई खारेज गर्नुपर्ने र कुमार घैटे र चरीलाई जस्तै इन्काउण्टर गर्नुपर्छ भनेपछि प्याब्सन र एनप्याब्सनका प्रतिनिधिहरूले उठेर 'आँट छ भने गोली हान' भनेर हाँक दिए । माफी नमागेसम्म बैठकमै नबस्ने अडान लिएपछि मन्त्री आफैले सम्झाउनु परेको थियो ।

महेश गर्तौलाले 'इन्काउण्टर शब्द फिर्ता लिएँ' भनेपछिमात्रै बैठक प्रयास भएको थियो ।

बैठकमा मन्त्री पोखरेलले शिक्षा निर्देशिका कार्यान्वयन गर्ने र त्यसको उल्लङ्घन गर्नेलाई कारबाही गर्ने बताउनुभयो ।

उहाँले आधारभूत र मा.वि. स्थानीय सरकारको जिम्मेवारीमा भए पनि सङ्घीय सरकार र स्थानीय सरकार मिलेर प्रभावकारी नियमन गरी अघि बढ्ने विचार व्यक्त गर्नुभयो ।

बैठकमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले २०७४ चैत २८ गतेदेखि जिल्ला शिक्षा कार्यालय खारेज भएको हुँदा उक्त कार्यालयले गर्दै आएको काम स्थानीय तहलाई दिनुपर्नेमा जिल्ला प्रशासनलाई सुम्पेकोमा गम्भीर आपत्ति व्यक्त गर्नुभयो । उहाँले स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार आधारभूत र मावि शिक्षा स्थानीय सरकारकै जिम्मेवारी भएको हुँदा कानुनविपरीत निर्णय गर्ने अधिकार कसैलाई नभएको बताउनुभयो ।

'शिक्षाको जिम्मेवारी स्थानीय तहलाई दिनु हुन्न' भनी एक विद्यार्थी नेताले दिएको अभिव्यक्तिको जवाफ दिंदै उहाँले भन्नुभयो – 'भनपाले दुईवटा इन्जिनियरिङ कलेजसहित ७ वटा शैक्षिक संस्थाहरू सफलताका साथ सञ्चालन गरिरहेको छ । ख्वप विश्वविद्यालयको स्थापनाको लागि तयारी गरिरहेको छ । शिक्षामन्त्रीको ध्यानाकर्षण गर्छु ।'

उहाँले संविधानमै आधारभूत तह अनिवार्य र निःशुल्क तथा माविं तह निःशुल्क उल्लेख भएको हुँदा मौलिक हकमा रहेको यो कुरा कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्छ भन्नुभयो । उहाँले भन्नुभयो– '२०४६ सालपछि बनेका सरकारहरूले आर्थिक उदारीकरणको नाउँमा विद्यालय, कलेज, विश्वविद्यालय निजीकरण गर्दै लानुको परिणाम आजको समस्या आएको हो ।

ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनले निजी विद्यालयहरूको शुल्क निर्धारण वैज्ञानिक तरिकाले गर्नुपर्नेमा जोड दिनुभयो ।

प्याब्सन र एनप्याब्सनका महासचिवहरूले आफूहरू निर्देशिका पालना नगर्ने पक्षमा नरहेको स्पष्ट पार्नुभयो ।

अभिभावक सङ्घ, राष्ट्रिय अभिभावक सङ्घलगायत विभिन्न विद्यार्थी सङ्घका नेताहरूले पनि शिक्षा निर्देशिका पालना गर्नुपर्नेमा जोड दिनुभयो ।

निजी विद्यालयहरूले बढाएको शुल्क घटाउनुपर्ने माग राख्दै केही विद्यार्थी सङ्घहरू आन्दोलनमा छन् ।

# hgtfaf6 p7]sf] s/sf] ;bkof]u

भक्तपुर नगरपालिका क्षेत्रलाई सफा, स्वच्छ र सुन्दर बनाउने अभियानअन्तर्गत नगरपालिकाले वैशाख २२ गते भनपा ९ स्थित तुमचो, दुगुरे चोखा जग्गा एकीकरण आयोजनास्थलका स्थानीय जनतालाई बाल्टिन वितरण गर्‍यो ।

स्थानीय १० जना अगुवाहरूलाई कुहिने र नकुहिने फोहर सङ्कलनका लागि अलग्ग अलग्ग बाल्टिन वितरण गर्दै प्रमुख प्रजापतिले सरसफाइ सभ्यताको प्रतीक भएको बताउनुभयो ।



भनपाका प्रमुख प्रजापति बाल्टिन वितरण गर्नुहुँदै

उहाँले आफ्नो घर, आँगन, चोक, गल्ली सफा राख्ने कार्यलाई संस्कृतिकै रूपमा ग्रहण गर्न आग्रह गर्नुभयो । नगरपालिका नगरवासीहरूको साझा संस्था भएकोले जनताबाट उठेको करको सदुपयोग गरेर जनभावनाअनुरूप विकास निर्माणलाई प्राथमिकता दिइरहेको बताउँदै उहाँले चुनावी प्रतिबद्धताअनुसार प्रत्येक वडामा नर्स र स्वास्थ्य स्वयंसेविकाहरू नियुक्त गरी घरदैलोमा नर्सिङ सेवा सञ्चालन गरेको तथा स्वस्थ र निरोगी रहन जीवनशैली र खानेकुरामा परिवर्तन गर्नुपर्नेमा जोड दिनुभयो ।

नगरवासीहरूको स्वास्थ्य उपचारलाई विशेष ध्यानमा राखेर यसै वर्ष तुमचो दुगुरे आयोजनास्थलमा ख्वप अस्पताल निर्माण कार्य अघि बढाउने तयारी भइरहेको प्रस्ट पार्नुभयो ।

भनपा ९ नं. वडाका वडाध्यक्ष रविन्द्र ज्याख्वले फाहरमैला व्यवस्थापन कार्यलाई नगरपालिकाले आफ्नो दायित्वको रूपमा लिएको र अरु नगरपालिकाले जस्तै निजी क्षेत्रलाई ठेक्कामा नदिने बताउँदै नगरपालिकाले फोहरमा व्यापार गर्नु गलत भएकोले सरसफाइ कार्यप्रति सकारात्मक दृष्टिकोण विकास गर्नुपर्नेमा जोड दिनुभयो ।

जनप्रतिनिधिहरू छोरीमैया सुजखू र इन्द्रबहादुर प्याथले नगरपालिकाले किसानहरूको लागि धानको बीउ वितरण गरिरहेको उल्लेख गर्दै आगामी आर्थिक वर्षको लागि वडास्तरीय योजना छनोटको लागि सुझाव दिनुहुन अनुरोध गर्नुभयो ।

तुमचो दुगुरे आयोजना प्रमुख ओमहरि था श्रेष्ठले जग्गा रिप्लटिङ कार्य अन्तिम चरणमा पुगेको, केही ठाउँमा बाटो खोल्ने कार्यको लागि गृहकार्य भएको र आयोजना क्षेत्रका सबै बाटोहरूमा उपभोक्ता समितिमार्फत कालोपत्रे गर्ने तथा उकालोहरूमा बाटो ढलान गर्ने कार्य भइरहेको जानकारी दिनुभयो ।

नगरपालिका श्यानिटेशन उपशाखा प्रमुख दिलिप सुवालले सरसफाइ कार्यको लागि नगरपालिकाले गरिरहेको कार्यबारे बताउनुभयो । वडा नर्स सविना दुवालले घरदैलोमा नर्सिङ सेवा प्रदानको क्रममा उच्च रक्तचाप, मधुमेहलगायतका रोगहरू धेरै देखिएको हुँदा समयमै उपचारको लागि अनुरोध गर्नुभयो ।

कार्यक्रममा उपस्थित स्थानीयहरूलाई वडा कार्यालयबाट कार्यक्रम स्थलमा नै कुहिने र नकुहिने बाल्टिन वितरण गरिएको थियो ।

# भक्तपुर जिल्ला फुटबल संघको पाँचौं अधिवेशन सम्पन्न

भक्तपुर जिल्ला फुटबल संघको पाँचौ जिल्ला अधिवेशन चैत २८ गते सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि उकेश कवांले भक्तपुरलाई राज्य र अखिल नेपाल फुटबल सङ्घले पक्षपात गरेकै कारण भक्तपुरका खेलाडीहरूले आफ्नै खुट्टामा उभिएर खेलकुदको विकास गर्नुपरेको बताउनुभयो ।

कार्यक्रममा अखिल नेपाल फुटबल संघका प्रतिनिधि एवम् सह–महासचिव सञ्जीव मिश्रले भक्तपुरको महेश्वरी खेलमैदान स्तरोन्नति गर्न सोको प्रस्ताव फिफामा पठाएकोले उक्त खेलमैदान सुधार र स्तरोन्नतिमा सहयोग पुग्ने बताउनुभयो ।

कार्यक्रम संघका अध्यक्ष गौतम सुजखुको सभापतित्वमा सम्पन्न भएको थियो भने सञ्चालन उपाध्यक्ष रामकृष्ण प्रजापति, स्वागत रवीन्द्रकुमार थापा, प्रगति प्रतिवेदन

# जनप्रतिनिधि तथा प्रशासकहरूमा जनतासँग मिलेर काम गर्ने खुबीको आवश्यकता

भक्तपुर नगरपालिकाले वैशाख २१ गते भक्तपुर जिल्लाबाट सुरुवा भइजान लागेका प्रमुख जिल्ला अधिकारी द्रोण पोखरेललाई बिदाइ तथा शुभकामना कार्यक्रमको आयोजना गर्‍यो । भक्तपुर जिल्लाबाट सर्लाही जिल्लाको प्रजिअमा सरुवा हुनुभएकोमा उहाँलाई भक्तपुर नपाको सभाकक्षमा एक समारोहबीच बिदाइ कार्यक्रम आयोजना गरियो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले कुशल प्रशासनको जिम्मेवारी बहन गर्न सफल हुनुभएका प्रजिअ पोखरेललाई बधाई तथा शुभकामना व्यक्त गर्नुभयो । जनप्रतिनिधि तथा प्रशासकहरूमा जनतासँग मिलेर काम गर्ने खुबीको आवश्यकता औंल्याउँदै प्रजिअको कार्यकाल प्रशंसनीय भएको बताउनुभयो ।

सरकारको महत्त्वपूर्ण अङ्ग प्रशासन भएको बताउँदै प्रमुख प्रजापतिले कर्मचारीहरूको सरुवा जहाँसुकै भएपनि शासकको भन्दा जनताको सेवकको भावनाले इमानदारीपूर्वक कार्य गर्दै जानुपर्ने बताउनुभयो । सजिलो कामभन्दा चुनौतीपूर्ण काम गरी अगाडि बढ्नुपर्ने बताउँदै प्रमुख प्रजापतिले आगामी दिनमा भनपाले केन्द्रीय सरकार र स्थानीय सरकारसँग समन्वय गरी कार्य सञ्चालन गर्दै जाने बताउनुभयो ।

कार्यक्रममा प्रजिअ द्रोण पोखरलले भक्तपुरसँगको भावनात्मक सम्बन्ध सुमधुर बनाउने प्रयत्न आगामी दिनहरूमा गर्दै जाने बताउँदै यहाँको कार्यअनुभवले आगामी दिनमा पनि जनताको सेवामा प्रतिबद्ध भइलाग्न बल प्रदान गरेको बताउनुभयो ।

देशकै सानो र ऐतिहासिक नगर भक्तपुर जिल्लाको विशेषता अद्वितीय भएको चर्चा गर्दै प्रजिअ पोखरलले यहाँको सरसफाइ अभियान, पुन:निर्माणका कार्य, शिक्षा–स्वास्थ्य आदिका कामहरू उदाहरणीय भएको बताउनुभयो । स्थानीय तह कसरी सञ्चालन गर्ने भन्ने विषयमा अन्य नगरपालिकाले भक्तपुर नपाबाट सिक्नुपर्ने धारणा राख्दै भक्तपुर नपा नमुना नगरको रूपमा अगाडि लानुपर्ने विचार व्यक्त गर्नुभयो ।




प्रमुख प्रजापति प्रजिअ पोखरेललाई मायाको चिनो प्रदान गर्नुहुँदै

कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले प्रजिअ पोखरेलको कार्यको प्रशंसा गर्दै छोटो समयमा नगरको लागि राम्रो काम गर्नुभएको बताउनुभयो । नगरपालिकाप्रति उहाँले देखाउनुभएको सदाशयता स्मरणीय रहेको बताउँदै जहाँ सरुवा भए पनि आफ्नो कुशलता प्रदर्शन महत्त्वपूर्ण भएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत रोहितराज पोखरेलले कर्मचारी सरुवा नियमित प्रक्रिया भएको बताउँदै जनताको सुरक्षा गर्ने कामको जिम्मालाई कुशलतापूर्वक सम्हाल्ने उहाँको कार्यक्षमता प्रशंसनीय रहेको बताउनुभयो ।

कार्यक्रममा वडा नं. ७ का वडाध्यक्ष उकेश कवां र भनपा वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो ।

---

योगेन्द्र खर्बुजा, आर्थिक प्रतिवेदन संचज्ञान याकामीले प्रस्तुत गर्नुभएको थियो ।

बन्द सत्रबाट गौतम सुजखुको अध्यक्षतामा नौ सदस्यीय कार्यसमिति निर्विरोध निर्वाचित गरेको थियो । त्यसमा प्रथम उपाध्यक्ष रामकृष्ण प्रजापति, उपाध्यक्ष रवीन्द्रकुमार थापा, सदस्यहरूमा योगेन्द्र खर्बुजा, संचज्ञान याकामी, तीर्थ राजचल, गोविन्द कार्की, हरिराम मुस्याख्व र इन्द्रप्रसाद राजलवट रहेको छ । नवनिर्वाचित पदाधिकारीहरूलाई अखिल नेपाल फुटबल संघका सह–महासचिव सञ्जीव मिश्रले पद तथा गोपनियताको सपथ ग्रहण गराउनुभएको थियो ।

कार्यक्रममा भक्तपुर जिल्ला भलिबल संघका अध्यक्ष एवं निर्वाचन समितिका विनोदचरण रायले बधाई मन्तब्य राख्नुभएको थियो ।

# egkf ! j8fdf PYn]6S; k|tof]utf ;DkGg

भक्तपुर नगरपालिका १ नं वडा कार्यालय खेलकुद समितिद्वारा आयोजित १ वडाव्यापी अन्तर विद्यालय एथ्लेटिक्स प्रतियोगिता भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा वैशाख २१ गते सम्पन्न भयो।

कार्यक्रममा प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले खेलकुद नीति तयार गरी विभिन्न खेलको प्रशिक्षण सञ्चालन गरिरहेको जानकारी गराउँदै खेलकुदले कुलतमा फस्नबाट जोगाउने धारणा राख्नुभयो।

प्रतियोगिताअन्तर्गत छात्र १५०० मिटरतर्फ सैनिक आवासीय मा.वि.का सौरभ पण्डित र गोविन्द पुडासैनी क्रमशः पहिलो र दोश्रो भए भने अक्सफोर्ड प्राक्टिकल स्कूलका ओमनारायण बस्नेत तेस्रो हुन सफल भए। छात्रा १५०० मिटरतर्फ गणेश मा.वि. भार्वाचोकी नीशा ब्लोन र



प्रतियोगिताको समापन कार्यक्रम

रंजिता कुँवर क्रमशः पहिलो र दोस्रो भए भने सैनिक आ.मा.विका सुप्रिया भण्डारी तेस्रो स्थानमा रहन सफल भए।

विभिन्न ९ विद्यालयका ७५ जना छात्र र ६० जना छात्राले विभिन्न ८ वटा विधामा प्रतिस्पर्धा भएको सो प्रतियोगिताको छात्र १०० मिटरतर्फ सैनिक आवासीय मा.वि.का उत्तम शाही प्रथम र रोहन पहरी दोस्रो भए भने लिटिल वर्ल्डका आयुष भुजेल तेस्रो भए। १०० मिटर छात्रातर्फ सैनिक आ.मा.वि.की रविना कार्की र खुसी शाही क्रमशः प्रथम र तृतीय भए भने गणेश मा.वि. भार्वाचोकी निशा ब्लोन द्वितीय भइन्। त्यसैगरी छात्र ४-४०० मिटर रिलेतर्फ सैनिक आ.मा.वि. प्रथम, अक्सफोर्ड प्राक्टिकल स्कूल द्वितीय र गणेश मा.वि. तृतीय हुन सफल भए। सो विधाको छात्रातर्फ भने लिटिल वर्ल्ड इ.से. स्कूल प्रथम, गणेश मा.वि. दोस्रो र सनसाइन नेशनल स्कूल तेस्रो भए।

प्रतियोगिताअन्तर्गत कक्षा ३ देखि कक्षा ५ सम्मका विद्यार्थीहरूबीच भएको गणितीय दौडको छात्रतर्फ गणेश मा.वि.का बुद्ध तामाङ प्रथम, सोही विद्यालयका दिपेश खत्री दोस्रो र सनसाइनका विपीन बुढाथोकी तेस्रो भए भने छात्रातर्फ लिटिल वर्ल्डकी जेनिफर दुवाल प्रथम, गणेश मा.वि.की रेनुका थिङ दोस्रो र लिटिल वर्ल्डकी आशिका शाक्य तृतीय भइन्। प्रतियोगितामा ४ स्वर्ण प्राप्त गर्दै सैनिक आ.मा.वि. टीम च्याम्पियन बन्न सफल भयो भने २ स्वर्ण ३ रजत प्राप्त गरेको गणेश मा.वि, भार्वाचो टीम दोस्रो तथा २ स्वर्ण १ कास्य प्राप्त गर्दै लिटिल वर्ल्ड इ.से. स्कूल तेस्रो भएको प्रतियोगिताका संयोजक आशराम गोथेले जानकारी दिनुभयो।

उक्त प्रतियोगिताको उद्घाटन वैशाख २० गते भक्तपुर नगरपालिकाका उप-प्रमुख रजनी जोशीले एथ्लेटिक्स खेलका निर्णायक कृष्णश्वरी सिन्ताकललाई खेलकुद सामग्री हस्तान्तरण गरी गर्नुभयो। उपप्रमुख जोशीले नगरपालिका र वडाहरूबाट आयोजना हुने हरेक खेलकुद प्रतियोगिताहरूमा विद्यार्थी खेलाडीहरू सहभागी भई अनुशासित रूपमा आफ्नो खेल कौशल प्रदर्शन गर्नुपर्ने बताउनुभयो।

स्थानीय वडाध्यक्ष एवं भक्तपुर नगरपालिकाका युवा तथा खेलकुद समितिका संयोजक श्यामकृष्ण खत्रीले खेलकुदको माध्यमबाट युवा वर्गलाई विकृति, विसङ्गति र कुलतवाट टाढा राख्न सकिने बताउनुभयो।

कार्यक्रममा एथ्लेटिक्स खेलका अन्तर्राष्ट्रिय खेलाडी कान्छीमाया कोजू, आयोजक समितिका अध्यक्ष बाबुकाजी धौबन्जार र आयोजक समितिका सचिव इन्द्रभक्त पञ्चले पनि बोल्नुभएको थियो।

उद्घाटन समारोहमा भनपा साविक १७ वडाका पूर्ववडाध्यक्ष लक्ष्मीनारायण राजलवट, जिल्ला भलिबल सङ्घ भक्तपुरका अध्यक्ष विनोदचरण राय, आयोजक समितिका अध्यक्ष बाबुकाजी धौबन्जार, कार्यक्रमका उपाध्यक्ष इन्द्रप्रसाद राजलवट, सचिव इन्द्रभक्त पंच र कोषाध्यक्ष सुलोचना कोजूले पनि बोल्नुभएको थियो।

# 'लगानी बोर्ड साम्राज्यवादी देशहरूको हतियार बन्ने खतरा'

**- सुनिल प्रजापति, प्रमुख भक्तपुर नगरपालिका**

धुलिखेलदेखि नागढुङ्गासम्म मेट्रो रेल सञ्चालन गर्ने योजनाबारे जानकारी पायौं। खुशी लाग्यो। प्रति कि.मी. ४ देखि ६ अर्ब खर्च लाग्ने, भूमिगत रेल-वे निर्माणको लागि प्रति कि.मी. ७ अर्ब भन्दा बढी खर्च लाग्ने भन्ने तथ्याङ्क प्रस्तुतिले हामीलाई सोच्न बाध्य पारेको छ। के यो सरकारको महत्त्वाकांक्षी योजना अहिले सम्भव छ ? मेलम्चीको पानी काठमाडौंमा ल्याउने कुरा २०४६ सालपछिको सरकारदेखि सुन्दै आयौं। बल्ल अहिले केही आशा पलाएको छ। हामीसँग अर्थ र प्रविधि दुवैको समस्या छ। सबै कुरा विदेशीकै भरमा गर्नु कति सम्भव हुन्छ ?

वर्तमान सरकारले विकास र समृद्धिको नारा दिएको छ। विकास र समृद्धि कुनै ठट्टाको विषय होइन। जनताले विकास र समृद्धि भाषणमा होइन व्यवहारमा देख्न चाहन्छन्।

देशको अहिलेको आर्थिक स्थिति हेरेमा हामी कुन अवस्थामा छौं छर्लङ्ग हुन्छ। वार्षिक राजश्व सङ्कलन ७ खर्ब हुने तर प्रशासनिक खर्चमात्रै झण्डै ८ खर्ब हुने अनुमान गरिएको छ। प्रशासनिक खर्चको लागि समेत १ खर्ब ऋण लिनुपर्ने स्थिति छ। बितेको ९ महिनामा (२०७४ साउनदेखि चैतसम्म) व्यापार घाटा ८ खर्बभन्दा बढी भएको देखाइएको छ। आयात ८ खर्ब ५९ अर्ब ६२ करोड र निर्यात ५९ अर्ब ६२ करोड मात्रै छ। यस अवधिमा ८ खर्ब १५ अर्ब व्यापार घाटा भयो। राज्यले यस अवधिमा १ खर्ब १७ अर्बको इन्धनमा मात्रै खर्च गरेको छ। आजभन्दा १० वर्ष अघिसम्म चामल निर्यात गर्ने देश अहिले ९ महिनामा ३२ अर्ब ६६ करोड रूपैयाँ बराबरको अन्नबाली आयात गर्नुपर्ने स्थितिमा पुगेको छ। यो कसले गर्दा भयो ?

एउटा विद्यालय, कलेजको पुस्तकालय, शौचालय, बगैंचा, पर्खाल वा छाना छाउन शिक्षकहरू गैरसरकारी वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था धाउनुपर्ने स्थिति छ। सरकारले शैक्षिक पूर्वाधारहरू निर्माण गर्न आवश्यक बजेट दिन सकिरहेको छैन। देशका सबै क्षेत्रको स्थिति यस्तै छ। हामी आत्मनिर्भरभन्दा परनिर्भरतर्फ अगाडि बढिरहेका छौं।

लगानी बोर्ड विधेयक संसदमा प्रस्तुत भएदेखि नै नेपाल मजदुर किसान पार्टीको तर्फबाट फरक मत राख्दै आयौं। विधेयक पारित भएमा देशलाई उपनिवेशको स्थितिमा पुऱ्याउने बतायौं। अन्ततः डा. बाबुराम भट्टराई प्रधानमन्त्री हुँदा त्यो विधेयक पारित भयो।

लगानी बोर्ड ऐनमा ५०० मेगावाटभन्दा बढी बिजुली उत्पादन गर्ने, ३०० शैयाको अस्पताल, विश्वविद्यालय, कलेज, खानेपानी उत्पादन, प्रशोधन र वितरण, रसायनिक मल कारखाना खोल्नेजस्ता १० अर्बभन्दा बढी विदेशी लगानी हुने सबै क्षेत्र लगानी बोर्डले हेर्ने व्यवस्था छ। सबै प्रकारका ठूला योजनाहरू लगानी बोर्डअन्तर्गत रहने हो भने हाम्रो राष्ट्रिय योजना आयोग र मन्त्रालयको औचित्यमाथि प्रश्न उठ्छ। लगानी बोर्ड मन्त्रालय र संसदभन्दा पनि माथि रहन्छ। विगतमा प्राकृतिक स्रोत र साधनबारे विदेशी मुलुकसँग सम्झौता गर्नुपरेमा संसदको दुई-तिहाईले गर्ने संवैधानिक व्यवस्था थियो तर अहिले त्यो अवस्था छैन। माथिल्लो कर्णाली, अरुण तेस्रोजस्ता ठूला जलविद्युत आयोजनाहरू लगानी बोर्डले गर्ने व्यवस्था छ। अहिले उर्जा मन्त्रालय र लगानी बोर्डबीचको विवाद बाहिर आएको छ। २०७५ जेठ १० गतेको नागरिक दैनिकले 'मन्त्रालय र लगानी बोर्डबीच विवाद' शीर्षकमा समाचार छाप्यो। समाचार अनुसार अधिकार क्षेत्रकै विवाद रहेछ। अब सबै मन्त्रालयसँग लगानी बोर्डको विवाद सुरु हुनेछ।

लगानी बोर्डले विदेशी पूँजी लगानी गर्ने ठूल्ठूला योजनाहरू सञ्चालन गर्ने हो। विदेशी पूँजी लगानी गर्ने बहुराष्ट्रिय कम्पनीहरूले ऋणमात्रै दिँदैनन्, तिनीहरूले आफ्नो स्वार्थअनुसारका शर्तहरू राख्ने गर्छन्। जब हामी ती शर्तहरू स्वीकार्न तयार हुँदैनौं, तब उनीहरूले ऋण लगानी गर्ने छैनन्। पूँजीको माध्यमबाट तिनीहरूले देशलाई नै उपनिवेश बनाउने स्थिति छ। लगानी बोर्ड साम्राज्यवादी देशहरूको हतियार बन्ने खतरा छ। विभिन्न देशहरूमा तिनीहरूले प्रयोग गरिसकेको विषय हो। कमजोर देशमा विदेशी पूँजी भित्रिनु बम र बन्दुक भन्दा खतरनाक छ।

२०७२ सालको भूकम्पछि भक्तपुरका सम्पदाहरूको पुनः निर्माण र जीर्णोद्धारको लागि १ करोड यूरो सहयोगसम्बन्धी नेपाल सरकार र जर्मन सरकारबीच सहमति भयो। तर शर्तहरू उनीहरूले भनेजस्तै गर्नुपर्ने राखिएका रहेछन्। लगानीको ३० प्रतिशत अन्तर्राष्ट्रिय परामर्शदाता (IC) लाई दिनुपर्ने, ती परामर्शदाताहरूको निर्देशनमा ठेकेदार नियुक्ति गर्नुपर्ने, तिनीहरूले सिफारिस गरेकै निर्माण सामग्रीहरू प्रयोग गर्नुपर्ने, सिमेन्ट र स्टिलको प्रयोग गर्ने आदि बुँदाहरू उल्लेख थियो। हामीले हाम्रो सम्पदाहरू निर्माणको लागि आर्थिक सहयोग लिन्छौं तर यहाँका सांस्कृतिक, पुरातात्त्विक

महत्त्वका मठ, मन्दिरहरू अत्यन्त संवेदनशील भएकोले हाम्रा कालिगडहरू आफै बनाउन सक्षम छन् भन्ने जवाफ दियौं। हामीले उपभोक्ता समितिमार्फत् वा नगरपालिका आफैले अमानतमा गर्ने बतायौं। उपभोक्ता समितिहरूमार्फत् कार्यहरू गर्दा संरचनाहरूमा अपनत्व हुने, श्रमदान जुट्ने, संरचना बलियो हुनुका साथै पुरानो प्रविधिको प्रयोग हुनेमा जोड दियौं। तर जर्मन पक्ष त्यो कुरा स्वीकार गर्न तयार भएन। सरकारसँग भएको सम्झौताबमोजिमको पैसा लगानी गर्न चाहेन। यो हामीले प्रत्यक्ष भोगेको विषय हो।

विकासको नाममा क्षमताभन्दा बढी विदेशी ऋण लिंदै गएमा नेपालले पनि ग्रीसले भोगे जस्तै स्थिति भोग्न नपर्ला भन्न सकिन्न। सन् २००८ मा ग्रीसमा आर्थिक संकट उत्पन्न भयो। ग्रीस सरकारले सरकार सञ्चालन र विकास निर्माणको लागि अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF) र युरोपेली संघ (EU) सँग ऋण लियो। ऋण दिनुपूर्व ती बहुराष्ट्रिय कम्पनीहरूले विभिन्न शर्तहरू तेर्स्याए। कर्मचारी कटौती, शिक्षा र स्वास्थ्यमा बजेट कटौती, सामाजिक सुरक्षा भत्ता कटौती, अवकाश, उमेर वृद्धि आदि शर्तहरू ग्रीस सरकार सामु राखे। शर्तहरू स्वीकार नगरेसम्म ऋण दिन तयार भएनन्। अन्ततः सरकारै नचल्ने अवस्थामा पुगेपछि सबै शर्त पालना गर्नेमा सहमति भयो। ग्रीस सरकार बहुराष्ट्रिय कम्पनीहरूको कठपुतली भयो। के हामीले पनि त्यही चाहेका हौं ?

देशका भएभरका कलकारखानाहरू कौडीको मूल्यमा निजीकरण गरेर अहिले विकास र समृद्धिको नारा लगाइँदै छ। आफ्नो खुट्टामा उभिएर गरेको विकासमात्रै दिगो र राम्रो हुन्छ। समाजवादउन्मुख संविधान जारी गर्नेहरूले नेपाललाई नवउदारवादको दलदलमा फसाउने कोसिस गर्दैछन्। नवउदारवाद आक्रामक र हिंस्रक बनेर आइरहेको छ। यसबारे सारा नेपाली जनता सचेत हुन जरुरी छ।

अन्त्यमा, सरकारले लगानी बोर्ड ऐन बनायो। ऐनबमोजिम बोर्डका पदाधिकारीहरू चल्नुपर्छ। यसमा हाम्रो कुनै आपत्ति होइन। हाम्रो विमत्ति सरकारसित नै हो। हामी अझै भन्छौं, लगानी बोर्ड ऐन खारेज हुनुपर्छ।

धुलिखेलदेखि नागढुङ्गासम्मको मेट्रो–रेलको प्रारम्भिक तयारी राम्रो छ। मिहिनेत गरी तयार गर्नुभएका लगानी बोर्डका पदाधिकारीहरू र प्राविधिकहरूलाई धन्यवाद।

*(भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले लगानी बोर्डको आयोजनामा मिति २०७५ जेठ ११ गते राजधानीमा सम्पन्न 'प्रस्तावित मेट्रो रेल-२' विषयमा काठमाडौं उपत्यकाका प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतहरूको अन्तरक्रिया कार्यक्रममा व्यक्त गर्नुभएको मन्तव्यको सार संक्षेप- सं.)*

## तपाईंको भान्छा

# पुदिना

पुदिना वा पतिना प्रायः चटनी वा अचारको रूपमा खाने गरिएको वनस्पति हो। पुदिना नेपाल, भारत, चीनलगायतका देशहरूमा प्रायः पाइन्छ। चिसो स्थानमा भइरहने प्रायः गर्मीतिर फुल्ने गर्दछ। अचार, तरकारी आदिको रूपमा प्रयोग गरिने पुदिना ताजा एवं सुकाएर दुवै रूपमा प्रयोग गर्न सकिन्छ।

आयुर्वेदिक भनाइमा पुदिना स्वेद कारक, उष्ण, दीपन, एवं वायु कफनाशक, भोक बढाउने, मलमूत्रजन्य रोग रोकथाम गर्ने आदि गुणले भरिएको हुन्छ। यो खोकी, अजीर्णलगायत विविध पेटका रोगहरूमा गुणकारी छ।

दिनहुँ खानाको साथमा आधा चम्चा पुदिनाको रस वा ५/६ वटा ताजा पुदिनाको पात वा केही मात्रामा यसको अचार खाएमा अपच भएको अवस्थामा फाइदा हुन्छ।

पेट फुल्ने वा अजीर्ण भएमा पुदिनाको १-२ चम्चा रस, केही मात्रामा बीरेनून राखी ४ गुणा मनतातो पानीसँग खाँदा पेट फुलेको ठीक हुन्छ।

पुदिनाको ताजा वा सुकेको पातलाई चिया, सर्बत, चटनी आदि कुनै न कुनै रूपमा सेवन गरेमा क्यान्सरको शुरु अवस्थामा यसले औषधी जस्तै काम गर्दछ। दिनको १०/१५ वटा ताजा पातलाई थिचेर पानीमा मिसाई मह वा थोरै कागती र नून मिसाई दिनको २-३ पटक केही महिनासम्म खुवाउन सकिन्छ।

कुनै अंगमा घाउ भएमा वा काटेको ठाउँमा रगत बग्न नरोकिएमा घाउ सफा गरी पुदिनाको पातलाई राम्ररी पखाल्ने र त्यसको रस निकाली लगाउँदा घाउमा रगत थामिन्छ र छिटो निको पार्न समेत मदत गर्छ।

सामान्य कारणले कुनै व्यक्ति मुर्छा वा बेहोस भएको छ भने पुदिनाको पातलाई माडेर केहीबेर सुँघाइदिंदा होस आउँछ।

पुदिनाको रस निकाली आधादेखि २ चम्चासम्म रसलाई पानी मिसाई खानदिंदा ज्वरो घटद्छ।

पुदिनाको पातलाई पानीमा पकाउने, पानी सुकेर रहेको चौथाइ मात्रालाई विहान पिउँदा पेटको दुखाइमा आराम हुन्छ।

पुदिनाको पात पानीमा पकाइ पिउँदा दम र खोकीमा सुधार हुन्छ। घाँटी बढी खसखस भएर खोकी लागेमा पनि यसको प्रयोगले फाइदा पुग्छ।

'स्वास्थ्य खबरपत्रिका' बाट

## भक्तपुर नगरपालिकामा जनप्रतिनिधिहरूको एक वर्ष

# 'rgf}tLaf6 efu]/ xf]Og To;sf]86/ ;fdgf ub{cl3 a9b}5f}+



प्रमुख सुनिल प्रजापति

भक्तपुर नगरपालिकामा जनप्रतिनिधि बहाल भएको एक वर्ष पूरा भयो । यसै अवसरमा आज **'भनपामा जनप्रतिनिधिहरूको एक वर्ष'** कार्यक्रम गर्दैछौं । यस अवधिमा कानुनले तोकेबमोजिम प्रथम र दोस्रो गरी दुईवटा नगरसभाहरू सम्पन्न गरिसकेका छौं भने तेस्रो नगरसभाको नजिक पुग्दैछौं ।

२०७४ असार २९, ३० र ३१ गते सम्पन्न प्रथम नगरसभाले रू.१ अर्ब ५ करोड ५५ लाखको बजेट पारित गरेको थियो । हालसम्म नगरपालिकाले रू. ९१ करोड १५ लाख १९ हजार ९९२ आम्दानी र रू. ७८ करोड १२ लाख ०२ हजार ४७० खर्च गरेको छ । देको–मिवा–इटापाके आवास योजनाको लागि पुन:निर्माण प्राधिकरणबाट लिएको रू. १० करोड ऋण पनि आम्दानीमा जोडिएको छ ।

निर्वाचनको बेला जनतालाई दिएको वचनअनुसार हामी जनप्रतिनिधिहरू प्रतिबद्ध भएर आ–आफ्नो जिम्मेवारीअनुसारको काममा लागिरहेका छौं । नेपाल मजदुर किसान पार्टीको स्थानीय निर्वाचन **घोषणापत्रलाई आधार बनाई** नगर र नगरवासीको हितलाई केन्द्रविन्दुमा राखेर हामी कार्यरत छौं । शिक्षा, स्वास्थ्य, सरसफाइ, सम्पदा संरक्षण, खानेपानीजस्ता जनतासँग प्रत्यक्ष सरोकार राख्ने विषयहरूलाई हामीले प्राथमिकतामा राखेका छौं ।

'जनताको आँखा दुरविन सरह हुन्छ' भन्ने नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेंको भनाइलाई हृदयङ्गम गरी हामी जनप्रतिनिधिहरूले ठूला साना सबै कार्यहरू जनताबीच खुला पुस्तक सरह सार्वजनिक जानकारीमा राख्दै आएका छौं । यस अवधिमा जनप्रतिनिधिहरूबाट भए गरेका कामहरूमा त्रुटि हुन गएमा त्यसमा सुधार गर्न रचनात्मक आलोचनाको अपेक्षा पनि गर्दछौं ।

स्थानीय तह जनताको नजिकको सरकार भएको हुँदा संविधान र कानुनले दिएको अधिकार क्षेत्रभित्र रहेर स्थानीय स्रोत र साधनको अधिकतम उपयोग गर्दै जनताको सेवामा समर्पित भएर कार्य गर्दै आएका छौं । **इमानदारीपूर्वक जनताको सेवा नै राजनीति हो** भन्ने भावनाबाट दीक्षित हामी नेमकिपाका जनप्रतिनिधिहरूको नगर र नगरवासीको हितमा काम गर्नु बाहेक अर्को कुनै स्वार्थ छैन ।

नेपालको संविधानले स्थानीय तहलाई कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको अधिकार प्रदान गरेको छ । संविधान प्रदत्त अधिकारलाई ध्यानमा राखी नगरपालिका सञ्चालनको लागि ऐन, नियम र निर्देशिकाहरू बनाई त्यसैको आधारमा नगरपालिकाले कार्यहरू गर्दै आएको छ ।

सङ्घीयता कार्यान्वयन हामी सबैको निम्ति पहिलो अनुभव हो । सङ्घीयता कार्यान्वयनको सिलसिलामा विभिन्न खालका चुनौतीहरू आउनु स्वाभाविक हो । हामी **चुनौतीबाट भागेर होइन त्यसको डटेर सामना गर्दै अघि बढ्दै छौं** । स्थानीय तहसम्बन्धी ढिलो कानुन निर्माण हुनु, कतिपय विषयहरू कानुनमा स्पष्ट नहुनु, कर्मचारी व्यवस्थापन गर्न स्पष्ट नीति निर्माण नहुनु र केन्द्रीय सरकारले सङ्घीयताको मर्मविपरीत एकात्मक शैलीमै काम गर्ने सोच राख्नु जस्ता कार्यहरूले स्थानीय तहका जनप्रतिनिधिहरूलाई काम गर्न असहज भएको छ । यसै असहजताको बीचमा हामी जनप्रतिनिधिहरू काम गर्दैछौं ।

२०७४ चैत २८ गतेदेखि शिक्षा, स्वास्थ्यलगायत सबै जिल्लास्तरीय कार्यालयहरू स्थानीय तहको मातहतमा आउने, सबै भौतिक संरचनाहरू, सम्पति, दायित्व तथा बजेटको हस्तान्तरण गरी सक्नुपर्ने स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०४ मा स्पष्ट व्यवस्था छ । उक्त कानुनविपरित नेपाल सरकारले छुट्टै निर्णय गरेर तत्कालीन जिल्ला शिक्षा कार्यालयलाई जिल्ला प्रशासन कार्यालयअन्तर्गत राखिएको छ । यो अत्यन्त आपत्तिजनक विषय हो । नेपाल **सरकारको यो कानुनविपरीत काम** हो । तत्काल उक्त निर्णय फिर्ता गरी कानुनबमोजिम सबै संरचनाहरू स्थानीय तहलाई हस्तान्तरण गर्न माग गर्दछौं ।

जनताको अपेक्षाअनुसार जनप्रतिनिधिहरूले काम गर्न नसक्नु वा फरक शैलीमा कार्य गर्नुलाई कतिपय आफूलाई बुद्धिजीवी भन्न रूचाउनेहरूले 'स्थानीय तहलाई शिक्षाको अधिकार दिनु हुन्न, स्थानीय तहले त्यो अधिकार प्रयोग गर्न सम्भव छैन, केन्द्रले नै नियन्त्रण गर्नुपर्छ' भनिरहेका छन्। विभिन्न बहानामा तिनीहरू जनतालाई दिएको अधिकार पुनः केन्द्रमै फिर्ता लिन चाहन्छन्। प्रजातन्त्रको आधारको रूपमा रहेको **स्थानीय तहलाई कमजोर तुल्याउने काम कहीं कतैबाट पनि नहोस्। हामी सचेत पार्न चाहन्छौं।**

भक्तपुर नगरलाई सांस्कृतिक नगर घोषणा गराउन र ज्ञान विज्ञानको केन्द्र बनाउन हामी जनप्रतिनिधिहरू निरन्तर लागिरहनेछौं। यो एक वर्षभित्र हामी जनप्रतिनिधिहरूले के कस्ता कार्यहरू गर्‍यौं ? हामीले जनतालाई दिएको वचनअनुसार काम गर्न सक्यौं या सकेनौं ? त्यसको विस्तृत मूल्याङ्कन र समीक्षा गर्ने जिम्मेवारी हामी यहाँका जनतालाई नै दिन चाहन्छौं। हामीले **एक वर्षमा गरेका कामहरूबारे सङ्क्षिप्तमा जानकारी** गराउन चाहन्छौं।

**१. शिक्षाः**

भक्तपुर नगरपालिकाले २०५६ सालदेखि ख्वप उमावि स्थापना गरी शिक्षा क्षेत्रमा प्रत्यक्ष लगानी सुरू गरेको हो। सर्वसाधारण जनताका छोराछोरीलाई कम शुल्कमा उच्च शिक्षा दिने, समाजलाई बुद्धिजीवीकरण गर्ने, नयाँ पुस्तालाई एक्काइसौं शताब्दीका चुनौतीहरू सामना गर्न सक्षम बनाउने र श्रमलाई उत्पादन श्रमसँग मिलाउने शैक्षिक संस्थाहरूको उद्देश्य हो। त्यही उद्देश्य पूरा गर्न नपाले ख्वप कलेज, ख्वप इन्जिनियरिङ कलेज, ख्वप कलेज अफ इन्जिनियरिङ, ख्वप बहुप्राविधिक अध्ययन संस्थान, शारदा कलेजको सञ्चालन गर्दै आएको छ। नपाले स्थापना गरेका कलेजहरूबाट देशका लागि आवश्यक जनशक्ति उत्पादन भइरहेका छन्। नगरपालिकाद्वारा सञ्चालित ७ वटा कलेजहरू तथा जनस्वास्थ्य सेवा केन्द्रका लागि चालू आ.व.मा रू. ४१ करोड रूपैयाँ खर्च हुने अनुमान गरिएको छ।

मनाङबाहेक देशका सबै जिल्लाका विद्यार्थीहरूले ख्वप कलेजहरूमा आफ्नो रूचीअनुसारका विषयमा अध्ययन पूरा गरिसकेका छन्। ख्वप इन्जिनियरिङ कलेजबाट स्नातक र स्नात्तकोतर गरी हालसम्म १४४७ विद्यार्थीले अध्ययन पूरा गरिसकेका छन् भने ख्वप कलेज अफ इन्जिनियरिङबाट ६२३ जनाले अध्ययन पूरा गरिसकेका छन्। हाल ख्वप इ. कलेजमा ६७ जिल्लाका ११०३ जना र ख्वप कलेज अफ इन्जिनियरिङमा ६४ जिल्लाका ६२३ जना गरी १७२६ जना विद्यार्थी अध्ययनरत छन्। भनपाद्वारा सञ्चालित सबै कलेजहरूमा गरी ५,६०० जना विद्यार्थीहरू अध्ययनरत छन्। ख्वप कलेज अफ इन्जिनियरिङमा यही वर्षदेखि कम्प्युटर इन्जिनियरिङको कक्षा सुरू भएको छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ लागू भएपछि भनपाले कक्षा १ र ६ को स्थानीय पाठ्यक्रम तयार गर्‍यो। २०७४ माघ २३ गते योगेन्द्रमान बिजुक्छेंको संयोजकत्वमा प्राध्यापक सिद्धिरत्न शाक्य, उद्धव सुजखु, राजेन्द्र श्रेष्ठ र रोसनराज तुइतुई भएको ५ सदस्यीय स्थानीय पाठ्यक्रम निर्माण कार्यदल गठन भई कार्यदलले २०७५ वैशाख २ गते पाठ्यक्रम तयार गरी नपामा बुझायो। भक्तपुरको इतिहास, भूगोल, कला–संस्कृति, सम्पदा, खेलकुदलगायतका विषयलाई समेटेर तयार गरिएको पाठ्यक्रमले नयाँ पुस्तालाई भक्तपुरबारे जानकारी प्रदान गर्न मद्दत पुग्ने हाम्रो विश्वास छ। आगामी शैक्षिक वर्ष २०७६ बाट कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम लागू गर्ने हाम्रो लक्ष्य छ।

कक्षा ८ को अन्तिम परीक्षा नगरपालिका स्वयंले सञ्चालन गरी समयमै परीक्षाफल सार्वजनिक गर्‍यो। भनपा क्षेत्रभित्र सामुदायिक ३५ र संस्थागत ५७ गरी कूल ९२ वटा विद्यालयहरू छन्। ती विद्यालयहरूमा कक्षा १ देखि १० सम्म अध्ययन गर्ने विद्यार्थीको सङ्ख्या ३६,५०० (छत्तीस हजार पाँच सय) जना छन्। सामुदायिक विद्यालयको शैक्षिकस्तर उठाउन यो वर्षदेखि मन्टेश्वरी सिकाइ प्रविधिको तालिम सञ्चालन भयो। तालिममा प्राप्त ज्ञानको सही सदुपयोग होस् भन्ने उद्देश्यले ६ महिनासम्म अनुगमनको व्यवस्था मिलाएका छौं।

**२) स्वास्थ्य :**

भक्तपुर नपाअन्तर्गत हाल तीन वटा जनस्वास्थ्य केन्द्रहरू सञ्चालित छन्। च्याम्हासिंह, भगवती स्थान र ब्यासीमा सञ्चालित ती स्वास्थ्य केन्द्रहरूमा दैनिक ३०० भन्दा बढी बिरामीहरूले स्वास्थ्य सेवा पाइरहेका छन्। च्याम्हासिंह केन्द्रमा स्त्री रोग, छाला, नाक–कान, घाँटी, हाडजोर्नी, बाल रोग, छाती रोग, मानसिक रोगलगायतको विशेषज्ञ सेवा उपलब्ध छ। गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा हाम्रो उद्देश्य हो।

च्याम्हासिंह स्वास्थ्य केन्द्रसँगै २५ शैय्याको अस्पताल निर्माणको तयारीमा छौं। आजैबाट इमर्जेन्सी कक्ष नयाँ भवनमा सारिएको छ। त्यस्तै बिरामीहरूको सुविधालाई ध्यानमा राखेर भिडियो एक्सरे (अल्ट्रासाउण्ड) सेवा, सीआर एक्सरे सेवा र आधुनिक ल्याब सेवा प्रदान गर्ने तयारी भइरहेको छ।

घर घरमा नर्सिङ सेवा दिने नेपाल मजदुर किसान पार्टीको घोषणापत्रमा उल्लेख भएअनुसार जनप्रतिनिधि बहाल भएको सय दिनमा भनपा वडा नं. ३, ४ र ६ मा सो सेवा सुरू

गरेर २०७५ साल वैशाख ९ गतेदेखि नगरको १० वटै वडामा चालू भइसकेको छ। वडा वडामा १ जना नर्सको साथ स्वास्थ्य स्वयंसेविकाको पनि व्यवस्था मिलाइएको छ। उच्च रक्तचाप, चिनी रोग, स्त्री रोग, बाल रोग, दम खोकीजस्ता रोगका बिरामीहरू तथा विशेष गरी ज्येष्ठ नागरिक र सुत्केरी महिलाहरू उक्त सेवाबाट लाभान्वित भएका छन्।

ख्वप बहुप्राविधिक अध्ययन संस्थानको लागि आ.व. २०७४/०७५ मा रू. ६,४८,७८,२००। बजेट विनियोजन गरेकोमा २०७४ चैत मसान्तभित्र ३ करोड ९३ लाख खर्च भइसकेको छ। जनस्वास्थ्यतर्फ विशेषज्ञ डाक्टरहरू ९ जना र अन्य १३ जना चिकित्सकहरूसमेत २२ डाक्टरहरूले सेवा प्रदान गरिरहेका छन् भने नर्स र अन्य कर्मचारीहरू गरी कूल ६१ जना तथा ख्वप बहुप्राविधिकतर्फ आंशिक र पूर्ण गरी ५७ जनासमेत ११८ जना कार्यरत छन्। नगरभरि ९० जना स्वास्थ्य स्वयंसेविकाहरू तथा १९ जना स्वास्थ्य बीमा अभिकर्ताहरू परिचालित छन्।

२०७४ साल साउन १ गतेदेखि भनपाले आयुर्वेदिक स्वास्थ्य उपचार सेवा सुरू गऱ्यो। साउन १ देखि चैत्र मसान्तसम्म अर्थात नौ महिनामा ८,५८४ जनाले आयुर्वेदिक स्वास्थ्य सेवा प्राप्त गरिसकेका छन् भने गत वर्ष बाऱ्ह महिनामा ६३५१ जनाले मात्रै उपचार सेवा प्राप्त गरेका थिए। केन्द्रले कमलविनायक केन्द्रबाट निरन्तर निःशुल्क उपचार सेवा प्रदान गर्दै आएको र वडा नं. १ र ९ मा १५ दिनको एक पटक उपचार सेवा प्रदान गर्दै आएको छ। २०७४/१२/२९ गते वडा नं. ७ मा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेकोमा ३०० भन्दा बढीले उपचार सेवा प्राप्त गरे। यसलाई नगरको वडा वडामा विस्तार गर्दै लानेबारे छलफल भइरहेको छ।

**३) सरसफाइः**

सरसफाइ भनपाको महत्त्वपूर्ण कार्य हो। नगरलाई निरन्तर सफा राख्न १४९ जना कर्मचारीहरू कार्यरत छन्। नगरपालिकाको बजेटको महत्त्वपूर्ण अंश सरसफाइमा खर्च भइरहेको छ। वार्षिक करिब ६ करोड ५० लाख भन्दा बढी रकम खर्च हुँदा पनि आशातीत सफाइ हुन सकेको छैन। केही महिना अघिदेखि कुहिने र नकुहिने फोहर अलग अलग सङ्कलनको व्यवस्था मिलाएका छौं। प्रतिकेजी फोहरको ९ रूपैयाँ ५० पैसा नपाको खर्च भइरहेको अवस्थामा पनि नगरपालिकाले नगरवासीहरूसँग अत्यन्तै न्यून वार्षिक ३०० रूपैया सफाइ शुल्क उठाउँदै आएको छ। त्यो शुल्कसमेत नगरवासीहरूले नक्सापास गर्नुपरेमा वा कुनै सिफारिस लिनु परेमा मात्रै बाध्यताले तिर्ने गरेको पाइन्छ। यो अवधारणामा परिवर्तन ल्याई सफाइ कर तिर्नु हाम्रो दायित्व हो भन्ने भावनाको विकास गर्नु आवश्यक छ।

२०७४ साउन १ गतेदेखि प्रत्येक महिनाको १ गते र १५ गते सफाइ कार्यक्रम गर्दै आएका छौं। जनप्रतिनिधिहरू, नपाका कर्मचारीहरू, स्थानीय टीम, क्लब, वाचनालय, दाफा भजनको सहभागितामा हुने त्यस कार्यक्रम अत्यन्त प्रभावकारी भएको छ। त्यस कार्यक्रमअन्तर्गत मठ, मन्दिर, पोखरीजस्ता सम्पदाहरू र सार्वजनिक स्थलहरू सफा गर्ने गरिएको छ। विद्यालयमा पढ्ने विद्यार्थीहरूलाई पनि सहभागी गराउने उद्देश्यले एक विद्यालय एक सम्पदा सफाइको नीति लागू गरिएको छ।

**४) विकास निर्माण :**

आ.व. २०७४/०७५ को लागि रू. १ अर्ब ५ करोड ५५ लाख रूपैयाँको बजेट पारित भएकोमा विकास निर्माणका योजनाहरूको लागि रू. ३१ करोड विनियोजन गरिएको थियो। स-साना विकास निर्माण तथा सम्पदाहरू जीर्णोद्धार र पुनः निर्माणको काम स्थानीय जनताको सहभागितामा वडास्तरबाटै गर्ने नीति पारित गरी प्रत्येक वडाको लागि रू. ५० लाखको दरले विकास बजेट छुट्याइएको थियो। विगत आर्थिक वर्षमा निर्माण कार्य प्रारम्भ भई क्रमागत रूपमा थुप्रै योजनाहरू चालू अवस्थामै भएकोमा भौतिक पूर्वाधारका योजनाहरू ३५ मध्ये २७ वटा सम्पन्न भए भने सम्पदा संरक्षणका योजनाहरू ४७ वटामध्ये २७ वटा सम्पन्न भइसकेका छन्। त्यसैगरी बाटोमा इँटा छपाइ तथा ढुङ्गा छपाइका ८८ वटा स्वीकृत भएको मध्ये २४ वटा सम्पन्न भएका छन् भने अरू सबै निर्माणाधीन अवस्थामा छन्। त्यस्तै नगरका १० वटै वडाहरूमा उपभोक्ता समितिमार्फत सडक सोलार बत्ती जडान गरिसकेको छ।

भनपा ५ स्थित प्रसिद्ध **भैरवनाथको मन्दिर जीर्णोद्धार**को लागि रू.१ करोड २७ लाख ल.ई. स्वीकृत भई उपभोक्ता समिति समेत गठन भइसकेको छ। पुरातात्त्विक, ऐतिहासिक र धार्मिक दृष्टिले समेत अत्यन्त महत्त्वपूर्ण उक्त मन्दिरबारे सम्बन्धित विज्ञहरूको अन्तरक्रिया पछि उहाँहरूकै सुझावबमोजिम विज्ञ समूह गठन गरी क्षति विश्लेषणसहितको प्रतिवेदनको पर्खाइमा छौं। प्रतिवेदन प्राप्त हुने बित्तिकै उक्त कार्यलाई अगाडि बढाइने छ।

भनपा वडा नं. १ स्थित **भाज्या पोखरी**लाई पुरानै शैलीमा निर्माण गर्ने प्रयास भइरहेको छ। पानी चुहिनबाट रोक्न कालोमाटो भर्ने काम सम्पन्न भएको छ भने नक्सा, डिजाइनको कार्य अन्तिम चरणमा छ। विज्ञहरूको राय सल्लाहअनुसार उक्त पोखरी निर्माण गर्ने हाम्रो तयारी छ।

भनपा वडा नं. ९ स्थित च्याम्हासिंहमा **ख्वप अस्पताल** निर्माणको लागि नक्सा डिजाइन सम्पन्न भएको र ल. ई. सकिनासाथ निर्माण प्रक्रिया अगाडि बढाइने छ।

भनपा वडा नं. ७ **भेलुखेलमा रहेको पुल** जीर्ण भएको हुँदा नयाँ पुल निर्माणको लागि डिजाइन, ड्रइङ र ल.ई. समेत पास भइसकेको छ। उपभोक्ता समिति गठन हुनासाथ छिट्टै नै निर्माण कार्य अगाडि बढाइने छ।

भनपा वडा नं. ९ स्थित **बहुउद्देश्यीय भवन निर्माण** लामो समयदेखि रोकिएकोमा भनपामा जनप्रतिनिधिहरू बहाल भएपछि उक्त भवन निर्माण कार्य तदारुकताका साथ अगाडि बढेको छ। हाल स्लाब ढलान तथा कोठा निर्माणको काम भइरहेको छ।

भनपा वडा नं. ६ स्थित देकोचामा करिब २८ रोपनी जग्गामा आधुनिक सुविधा सम्पन्न **अरनिको सभा भवन** बनाउने गरी ड्रइङ तथा डिजाइन भइरहेको छ। सहरी विकासबाट एक सहर एक पहिचानअन्तर्गत भनपाले उक्त सभा भवन निर्माण गर्न सिफारिस गरी पठाएकोमा नेपाल सरकार सहरी विकास तथा भवन निर्माण विभागबाट स्वीकृत भइआएमा सोही बजेटबाट निर्माण कार्य अगाडि बढाइने छ।

**५) खेलकुदः**

युवाहरूलाई अनुशासित बनाउने र स्वस्थ नागरिक तयार गर्ने उद्देश्यले भनपाले खेलकुद प्रशिक्षणलाई जोड दिँदै आएको छ। फूटबल, भलिबल, बक्सिङ, कराते र टेबुलटेनिस खेलको प्रशिक्षणलाई निरन्तरता दिँदै आएको छ। भनपाको प्रशिक्षणबाट प्रशिक्षित कतिपय खेलाडीहरू अहिले राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलाडीको रूपमा परिचय पाउन सफल भएका छन्। यो हामी सबैको लागि खुसीको कुरा हो।

भनपामा जनप्रतिनिधिको पदभार ग्रहणपछि भनपाको आयोजनामा २०७४ कार्तिक ९ गतेदेखि १४ गतेसम्म **अन्तर विद्यालय खेलकुद प्रतियोगिता** सम्पन्न भयो। प्रतियोगितामा विभिन्न आठ वटा खेल समावेश गरिएकोमा ४७ वटा विद्यालयले सहभागिता जनाएका थिए। विद्यालयहरूमै खेलकुद गतिविधि केन्द्रित गर्न सहभागी सबै विद्यालयहरूलाई करिब नौ हजार रकम बराबरको खेलकुद सामग्री सहयोग प्रदान गरिएको थियो।

त्यसैगरी निर्वाचन घोषणापत्रअनुसार भनपाले यस वर्ष **प्रथम मेयर कप पुरुष भलिबल प्रतियोगिता** आयोजना गऱ्यो। ६ प्रदेशका २१ वटा नगरपालिकाले भाग लिएको उक्त प्रतियोगिता भव्य रूपमा सम्पन्न भयो।

यस वर्ष झापामा राष्ट्रिय खेलकुद परिषद्को आयोजनामा २०७४ मंसिर २२ देखि २७ गते सम्पन्न **बक्सिङ प्रतियोगिता**मा भक्तपुर नगरपालिकाको तर्फबाट सहभागी भई १ रजत र २ काश्य पदक जित्न सफल भयो। त्यसैगरी कीर्तिपुर नगरपालिकाको आयोजनामा २०७५ वैशाख २९ गते सम्पन्न **बास्केट बल प्रतियोगिता**मा भनपाको तर्फबाट सहभागी टोलीले तेस्रो स्थान हासिल गऱ्यो।

लामो समयदेखि विभिन्न खेलमा प्रशिक्षण दिँदै आएका खेल प्रशिक्षकहरूलाई आँशिक सेवा करारमा रहेकोमा अब छिट्टै नै पूर्णकालीन सेवामा नियुक्ति गरिने व्यवस्था मिलाइने छ। खेल प्रशिक्षकहरूलाई नीति बनाई विभिन्न विद्यालयको जिम्मेवारी पनि तोकिने छ।

**६) खानेपानीः**

भक्तपुर नगरभित्र खानेपानीको स्रोतको कमी छ। नगरकोट र बोडेको पानीकै भरमा अहिले नगरवासीहरूले पानीको आवश्यकता पूरा गर्दै आएका छन्। तीव्र जनसङ्ख्या वृद्धिसँगै खानेपानीको समस्या झन् झन् विकराल बन्दै गएको छ। साविक स्रोतहरूमा अन्य स्रोतहरू थप्न नसकेमा जनताको मागअनुसार खानेपानीको व्यवस्थापन गर्न प्रायः असम्भव छ।

मेलम्चीको पानी भक्तपुरमा दोस्रो चरणमा मात्रै वितरण गर्ने योजना भएको जानकारी पाएपछि काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड र काठमाडौं उपत्यका खानेपानी लिमिटेडका पदाधिकारीहरूसँग पटक पटक बैठक र भेटघाट गरी पहिलो चरणमै वितरणको आश्वासन पाएका छौं। मेलम्चीको पानीको निम्ति निरन्तर जोड दिइरहेका छौं।

भनपा १ स्थित भक्तपुर क्याम्पसको दक्षिणतर्फ भनपाकै जग्गामा र भनपा वडा नं. २ स्थित सल्लाघारीमा **डिप बोरिङ** गरेकोमा भनपा १ को पानी पिउन योग्य नभएको रिपोर्ट प्राप्त भएपछि सोही पानी भाज्या पोखरीमा राखिएको छ। भनपा २ स्थित सल्लाघारीको बोरिङको पानी फिल्टरपश्चात् पिउन योग्य हुने भनिएपछि त्यसको लागि आवश्यक व्यवस्था गर्दैछौं। मिति २०७४/१२/१५ गते भनपा, काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड र काठमाडौं उपत्यका खानेपानी लिमिटेडका प्रतिनिधिहरूको भनपामा बसेको संयुक्त बैठकले सल्लाघारीमा फिल्टर प्लान्ट बनाई पानी वितरणको व्यवस्था गर्ने निर्णय गऱ्यो। भनपाले ट्याङ्की निर्माण र विद्युत् ट्रान्सफर्मरलगायतको व्यवस्था गर्ने र बाँकी कार्य काउखालिले गर्ने सहमति भएअनुसार भनपाले निर्माण कार्य अगाडि बढाएको छ। त्यसमा भनपाको करिब १ करोड रूपैयाँ लगानी हुने अनुमान छ। त्यसै गरी सूर्यविनायक नपामा पानी ट्याङ्की निर्माणको लागि आवश्यक जग्गाको बन्दोबस्त गरी निर्माण कार्य भइरहेको छ।

तुमचो, दुगुरे आवास योजनामा डीप बोरिङको कार्य भइरहेको छ। खानेपानी स्रोतको खोजीको सम्भाव्यता अध्ययन गर्न भनपा ८ का वडाध्यक्ष महेन्द्र खायमलीको अध्यक्षतामा खानेपानी समिति गठन भएको छ।

भक्तपुर नगरपालिकाले खानेपानीको स्रोत व्यवस्थापन तथा प्रशोधन र वितरण प्रणालीलाई समेत ध्यानमा राखेर हालै सूर्यविनायक नगरपालिका १० चित्तपोलमा १० आना जग्गा खरिद गरी ट्याङ्की निर्माण कार्य भइरहेको छ।

सुख्खा समयमा खानेपानीको अभावलाई कम गर्न भनपाको हाल २ वटा र काउखालिको १ वटा गरी दैनिक ३ वटा ट्याङ्करले नगरका टोल टोलमा खानेपानी वितरण गर्दै आएको छ।

खानेपानीको समस्या कम गर्न आकाशे पानी सङ्कलन गरी स्थानीय जनतालाई वितरण गर्नेबारे पनि छलफल भइरहेको छ।

**७) कृषि:**

तीव्र जनसङ्ख्या वृद्धिसँगै भनपामा कृषियोग्य जमिन कम हुँदै गएको छ। थोरै जग्गामा बढी उत्पादन गर्नुको अब विकल्प छैन। यही विषयलाई ध्यान दिएर भनपाले कौसी खेती, च्याउखेती तथा बेमौसमी तरकारी खेतीसम्बन्धी **तालिम** दियो। किसानहरूलाई केन्द्रित गरेर दिइएका उक्त तालिमहरू अत्यन्त उपलब्धिपूर्ण रहेको पाइएको छ।

किसानहरूको हितलाई ध्यानमा राखेर प्रतिपरिवार उन्नत जातको आलुको बीउ र गहुँको बीउ ५/५ केजीको दरले र धानको बीउ प्रतिपरिवार साढे २ केजीको दरले **नि:शुल्क वितरण** गरिएको छ। समय-समयमा किटनाशक औषधीको प्रयोग सम्बन्धी तालिम पनि दिँदै आएको छ।

ठाउँ-ठाउँमा भुस्याहा कुकुरले जनतालाई दु:ख दिने गरेको जनगुनासो आएपछि भनपाले कुकुर व्यवस्थापन, बन्ध्याकरण तथा खोपसम्बन्धी तीन महिने अभियान सञ्चालन गऱ्यो। साथै भुस्याहा कुकुरहरूलाई रेबिजविरूद्धको खोप दिने काम पनि सुरू गऱ्यो। हालसम्म ६५० वटाभन्दा बढी **कुकुरहरूलाई खोप लगाउने र बन्ध्याकरण** गरिसकेको रिपोर्ट प्राप्त भएको छ।

**८) आवास योजना:**

भनपाको लगानी तथा रेखदेखमा भनपा वडा नं. २ र ६ स्थित १६५३ रोपनी जग्गामा देको-मिवा-इटापाके आवास योजना सञ्चालनमा छ। चरणबद्ध रूपमा सम्पन्न गर्दै जाने उपभोक्ता समितिको मागबमोजिम साविक वडा १५ (क), (ख) र (ग) को करिब ७५० रोपनी जग्गामा रिटेनिङ वाल बनाउने कार्य तीव्रगतिमा भइरहेको छ। यो वर्षको लक्ष्यको करिब ७० प्रतिशत काम सम्पन्न भइसकेको छ। प्रस्तावित सडक सञ्जालअनुसार करिब ३.६ किमि ट्याक निर्माण कार्य सम्पन्न भइसकेको र अन्य कार्यहरू चालू छन्। आ.व. २०७४/७५ मा करिब ३५ करोड २५ लाख रूपैयाँको बजेट स्वीकृत भएकोमा विभिन्न स्रोतबाट आयोजनालाई प्राप्त २५ करोड रूपैयामै अहिले निर्माण कार्यहरू भइरहेका छन्। सम्बन्धित जग्गावालाहरूलाई छिट्टै विकसित घडेरी फिर्ता गर्न तीव्रगतिमा काम भइरहेको छ।

भनपा वडा नं. ९ स्थित तुमचो-दुगुरे आवास योजना यो वर्ष सम्पन्न गर्ने उद्देश्यले रू. १३ करोड बराबरको कार्य भइरहेको छ। आ.व. २०७४/०७५ मा गर्ने भनी तोकिएका कामहरूमध्ये खानेपानी व्यवस्थाको लागि डिप बोरिङ कार्य सुरू भएको, च्याम्हासिंह-ब्रम्हायणी सडक खण्डमा ढल निकासको व्यवस्था तथा पेटी निर्माण कार्य भइरहेको, ठाडो उकालो बाटोहरूमा ढलान कार्य सुरू भएको र आयोजनाका बाटोहरू कालो पत्रे गर्न ठाउँ ठाउँमा उपभोक्ता समिति गठन भई कार्य सुरू भइरहेको छ। उक्त आवास योजनाभित्र विद्युतीकरणको लागि नेपाल विद्युत् प्राधिकरणसँग संयुक्त रूपमा गर्न पत्राचार तथा छलफल भइरहेको छ।

**९) बजार अनुगमन:**

२०७४ माघ ३ देखि ५ गतेसम्म सम्पन्न दोस्रो नगर सभाले बजार अनुगमन निर्देशिका पारित गरे बमोजिम अनुगमन समिति गठन गरी बजार अनुगमन कार्य भइरहेको छ। अनुगमनको क्रममा दर्ताविना पसलहरू सञ्चालन गरिरहेको, पसलहरूमा नियमानुसार राख्नुपर्ने मूल्यसूची नराखेको, ढक-तराजु नवीकरण नगरिएको पाइएको छ। ती पसलेहरूलाई पसल दर्ता गर्न, मूल्यसूची राख्न र नियमानुसार ढक-तराजु नवीकरण गर्न सचेत पारेको छ।

खुला रूपमा मासु बेचविखन गरिरहेको, लाइसेन्सविना औषधि पसल सञ्चालन गरिरहेको, गुणस्तरहीन र म्याद नाघेका वस्तुहरू बिक्री गरिरहेको पाइएको हुँदा ती वस्तुहरू नष्ट गर्ने कार्य पनि ठाउँठाउँमा भएको छ। नियमविपरीत सञ्चालन गरेका पसलहरूलाई आवश्यक कारबाहीको लागि प्रक्रिया अघि बढाएको छ।

**१०) नक्सापास:**

आ.व. २०७४/०७५ मा भनपामा ८०४ वटा नक्सा दर्ता भएकोमा ७५१ वटा नक्सा पास भएको छ भने बाँकी पास हुने प्रक्रियामा छन्। तीमध्ये १२१ जना घरधनीले मात्रै घर निर्माण सम्पन्न प्रमाणपत्र प्राप्त गरेका छन्।

**११) पर्ती जग्गा संरक्षण:**

स्थानीय तहमा १५ वर्षसम्म जनप्रतिनिधि नहुँदा

पर्ती वा सार्वजनिक जग्गा मिच्नेहरूलाई प्रोत्साहन मिल्यो। जग्गा मिच्नेहरू हाल जग्गा छोड्न चाहिरहेका छैनन्। यो स्थितिमा पर्ती जग्गा संरक्षण नगरपालिकाको ठूलो चुनौती बनेको छ। भनपा वडा नं. १ स्थित सृजना नगरमा पर्ती जग्गाको सिमाङ्कन गरी संरक्षण गरियो भने भनपा वडा नं. ९ ब्रम्हायणी मन्दिर परिसरमा पर्ती जग्गा संरक्षणको कार्य भइरहेको छ। अन्य विभिन्न क्षेत्रहरूमा पनि संरक्षण गर्ने कार्य चालू छ।

**१२) कर असुलीः**

आ.व. २०७४/०७५ को कूल आन्तरिक आय २०७४ श्रावण १ देखि जेठ ४ गतेसम्मको रू. २७,०९,१५,९९८।- ( सत्ताइस करोड नौ लाख पन्ध्र हजार नौ सय अन्ठानब्बे) सङ्कलन भयो। आ.व. २०७३/७४ को सोही अवधिमा रू. २१, ५०, ५४, ५७८।- (एक्काइस करोड पचास लाख चवन्न हजार पाँच सय अठहत्तर) सङ्कलन भएको थियो। यस अवधिमा कुल आन्तरिक आयमा रू. ५,५८,६१,४२०।- (पाँच करोड एकसाठी लाख चार सय बीस रूपैयाँ) वृद्धि भएको छ। यो गत वर्षको तुलनामा २६ प्रतिशतले बढी हो। पर्यटक शुल्कबाट रू. ३,८३,७४,१०६।- र अन्य आन्तरिक स्रोतबाट रू. १,७४,८७,३१४।- वृद्धि भएको देखिएको छ।

**१३) विभिन्न तालिमहरू सञ्चालनः**

भक्तपुर नगरपालिकाले खेलकुदका अतिरिक्त युवा लक्षित विभिन्न तालिमहरू सञ्चालन गर्दै आएको छ। महिलाहरूको लागि सिलाइ, उन्नत सिलाइ, बुटिक र पाक शिक्षाको तालिम सञ्चालन गरेको छ भने युवाहरूलाई लक्षित गरी चिनियाँ भाषा, नेपालभाषा लिपिसम्बन्धी तालिम र प्राथमिक विद्यालय लक्षित गरी मन्टेश्वरी शिक्षण सिकाइ तालिम पनि दिइरहेको छ। युवाहरूलाई रेडियो प्रस्तोता तथा प्राविधिक सीपसम्बन्धी तालिम यही जेठ २० गतेदेखि सुरू हुने जानकारी गराउँदछौं।

**१४) पर्यटनः**

यस वर्षको बितेको १० महिनामा भक्तपुर भ्रमण गर्ने पर्यटकहरूको सङ्ख्या १,९७,७८५ पुग्यो। त्यसमध्ये गैर सार्क देशका १,१६,६५७ र सार्क देशका ८१,१२८ जना रहेका छन्। गत वर्ष सोही अवधिमा १,५६,१२२ जना विदेशी नागरिकले भक्तपुर भ्रमण गरे। त्यसमध्ये गैर सार्क मुलुकका ९९,१७६ जना र सार्क मुलुकका ५६,९४६ जना थिए। भक्तपुर आउने पर्यटकहरू गत वर्षभन्दा २६.६९ प्रतिशतले वृद्धि भएको छ।

**१५) भूकम्प पीडित परिवारहरूको व्यवस्थापनः**

२०७२ सालको भूकम्पले भनपा क्षेत्रभित्र पूर्ण र आंशिक गरी कूल ८००० भन्दा बढी निजी घरहरू, १३० भन्दा बढी सम्पदाहरू भत्के भने २५२ जनाको ज्यान गयो। भूकम्पबाट क्षतिग्रस्त घरहरू र सम्पदाहरू पुनः निर्माणमा भनपाले जोड दिंदै आएको छ। भूकम्प पीडितहरूले घर निर्माण गर्दा माटो जोडाइमा १०० प्रतिशत र सिमेन्ट जोडाइमा ७५ प्रतिशतसम्म नक्सा दस्तुर छुट दिने निर्णय गऱ्यो। ५२०० भन्दा बढी भूकम्प पीडितहरूले पहिलो किस्ता रू. ५०,०००।- पाएकोमा १,२३८ परिवारले दोस्रो किस्ता र ९१८ जनाले मात्रै तेस्रो किस्ता प्राप्त गर्न सिफारिस लिएका छन्। मोहियानी हक, गुठी जग्गा, दर्ता नभएको जग्गा, बहुस्वामित्वका घर वा अदालतमा परेका मुद्दाहरूका कारणले पनि अधिकांश भूकम्प पीडितहरूले सरकारले दिएको रकम प्राप्त गर्न सकेका छैनन्। सरकारले पहिलो किस्ताबापत दिएको रकम घरको जग हाल्न ज्याला पनि नपुग्ने भएको कारण धेरैजसो पीडितहरूले घर बनाउन सकेका छैनन्। घर बनाउन नसकेका पीडितहरूको लागि सरकारले दोस्रो र तेस्रो किस्ता एकमुष्ट दिने व्यवस्था मिलाउन आवश्यक छ।

**१६) कला-संस्कृति संरक्षणः**

भक्तपुर वर्षैभरि विभिन्न सांस्कृतिक गतिविधिहरू भइरहने नगर हो। सांस्कृतिक राजधानी मानिएको भक्तपुरमा मूर्त र अमूर्त थुप्रै सम्पदाहरू छन्। संरक्षणको अभावमा कैयौं सम्पदाहरू लोप भइसकेका छन् भने कतिपय सम्पदाहरू लोपोन्मुख अवस्थामा छन्। भनपाले स्रोत र साधनको आधारमा ती सम्पदाहरूको संरक्षण गर्दै आएको छ। भूकम्पबाट क्षतिग्रस्त मठ, मन्दिर, पाटी, पौवा, पोखरी, देवालय, शिवालय आदिको संरक्षणका कामहरू भइरहेका छन्।

भक्तपुर टौमढीदेखि नासमनासम्मको सडकमा ढुङ्गा छाप्ने कार्य भइरहेको छ भने भनपा वडा नं ९ स्थित दतात्रय चोकमा पनि उपभोक्ता समितिमार्फत ढुङ्गा छाप्ने काम सुरू भएको छ। अन्य ठाउँहरूमा पनि ढुङ्गा छाप्ने कार्यको तयारी भइरहेको छ। भक्तपुर नगरको मुख्य सडक च्याम्हासिंहदेखि भार्वाचोसम्म ढुङ्गा छपाइ र भाज्या पोखरीको सुधारको लागि प्रस्ताव गरिएकोमा सहरी विकास तथा भवन विभागले रू. ११ करोड ८१ लाखको योजना स्वीकृत गरेको छ। भनपा वडा नं. ७ स्थित हनुमानघाटमा घाट सुधारको निम्ति रू. ३ करोडको योजना स्वीकृत भई टेण्डर भइसकेको छ।

परम्परागत संस्कृतिलाई प्रोत्साहित गर्ने उद्देश्यले भक्तपुर नगरपालिकाको आयोजनामा २०७४ कार्तिक २५ गते **बाँसुरी बाजा प्रतियोगिता** सम्पन्न भयो। प्रतियोगितामा नगरका २१ वटा बाँसुरी बाजा समूहले भाग लिएका थिए। **गाईजात्रा महोत्सव** २०७४ को आयोजना गरी गाईजात्रामा

प्रस्तुत भएका सांस्कृतिक विधाहरूलाई पुरस्कारको व्यवस्था गरियो ।

**जनज्योति पुस्तकालय** दरबार क्षेत्रबाट आजै भनपा वडा नं. २ स्थित देको–मिवा–इटापाके आवास योजनाको कार्यालय रहेको भवनमा सञ्चालन प्रारम्भ भयो । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले आजै उक्त पुस्तकालयको उद्‌घाटन गर्नुभयो । पाठकहरूको माग र विद्यार्थीहरूको आवश्यकतालाई ध्यानमा राखेर साहित्य, दर्शन, इतिहासलगायत विभिन्न नेपाली र अङ्ग्रेजी भाषाका करिब ५ लाख रूपैयाँ बराबरको नयाँपुस्तक खरिद गरी पुस्तकालयमा राखिएको छ । त्यस्तै पुस्तकालयमा सीसी क्यामराहरू जडान गरिएका छन् ।

**१७) खोला सुधारः**

नगर सफा भए पनि भक्तपुर नगरबाट बग्ने हुनमन्ते र खासाङखुसुङ खोला फोहर भएको जनगुनासो छ । ढलको पानी सिधैं खोलामा नपठाउन नगरपालिकाका पदाधिकारीहरू र नेपाल सरकार आयोजना कार्यान्वयन निर्देशनालय (पीआइडी) का पदाधिकारहरूबीच पटक पटक छलफल गरी दुईवटै **खोलाको दुवै किनारामा फोहर बग्ने ढल राख्ने** कार्य भइरहेको छ । ती ढलहरू सल्लाघारीको उपचार पोखरीमा लगेर जोडिने योजना छ ।

सल्लाघारी र हनुमानघाटमा रहेको **उपचार पोखरी प्रयोगमा ल्याउने** प्रयास भइरहेकोमा सल्लाघारीको उपचार पोखरीको निर्माण कार्य सुरू भएको छ भने हनुमानघाटको उपचार पोखरी पुनः प्रयोगमा ल्याउन नेपाल सरकार र एसियाली विकास बैङ्कबीच सम्झौता भई कार्य अगाडि बढिसकेको छ । खोलामा माटो भरिन गई खोलाको सतह माथि आएको कारण करोडौं रूपैयाँ खर्च गरेर माटो झिक्ने कार्य पनि नगरपालिकाले गरेको छ ।

**१८) सञ्चार जगतमा भक्तपुर नगरपालिकाः**

भक्तपुर नगरपालिकाले गर्दै आएका विकास निर्माण तथा जनचेतनामूलक गतिविधिहरू नगरवासीहरूलाई जानकारी दिने उद्देश्यले २०७४ चैत २० गतेदेखि भक्तपुर एफएममा प्रत्येक मङ्गलबार बेलुका ७ बजेदेखि ८ बजेसम्म **'ख्वप सः भक्तपुर आवाज'** कार्यक्रम प्रसारण भइरहेको छ । नगरपालिकाले निकट भविष्यमा टेलिभिजन कार्यक्रम प्रसारण गर्ने तयारी गरिरहेको पनि जानकारी दिन चाहन्छौं ।

**१९) वडा कार्यालय भवन निर्माणः**

भनपा वडा नं. १ मा व्यवस्थित वडा कार्यालय नभएकोले सेवाग्राहीहरूले निकै समस्या भोग्नु परिरहेको हुँदा भक्तपुर मिनिवस पार्कमा वडा कार्यालय भवन निर्माण कार्य सुरू भएको छ ।

**२०) जनप्रतिनिधिहरूबाट सामाजिक सुरक्षा भत्ता वितरणः**

ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरूलाई नेपाल सरकारबाट प्रदान गरिने सामाजिक सुरक्षा भत्ता नगरभित्रका सबै वडाहरूमा जनप्रतिनिधिहरूमार्फत वितरण गर्दै आएका छौं । यसले ज्येष्ठ नागरिकहरूले बैङ्कमा गइरहने झन्झटबाट मुक्ति पाएका छन् ।

**२१) बिस्केट जात्रा शान्तिपूर्ण रूपमा मनाउन भनपाको प्रयासः**

प्रसिद्ध बिस्केट जात्रालाई शान्तिपूर्ण र मर्यादित रूपमा सम्पन्न गर्न नगरपालिकाले पटक–पटक सरोकारवालाहरूको बैठक बोलाउने, ठाउँ–ठाउँमा सीसी क्यामेरा राख्ने, प्रमुख ठाउँहरूमा बत्तीको व्यवस्था गर्ने, माइकिङ गरी सर्व–साधारणलाई सचेत पार्ने र जन प्रतिनिधिहरूकै पहलमा जात्रा सञ्चालन गर्ने जस्ता कार्यहरू गरेको थियो । यसले तुलनात्मक रूपमा यस वर्षको बिस्केट जात्रा शान्तिपूर्ण र मर्यादित रूपमा सम्पन्न भएको धेरैले प्रत्यक्ष अनुभव गरे ।

**अन्त्यमा,** भक्तपुर नगरका जनताको अपार माया र विश्वास पाएर हामी एक वर्षअघि निर्वाचित भयौं । हामीले नगरवासीहरूसँग निरन्तर छलफल र सल्लाह गरी नगरको विकास निर्माण तथा सरसफाइको निम्ति काम गर्दै आएका छौं । नगरवासीहरूले जुन विश्वासले नेपाल मजदुर किसान पार्टीका प्रतिनिधिहरूलाई जिताउनु भयो त्यही विश्वासअनुसार काम गर्दै जाने विश्वास दिलाउन चाहन्छौं । धन्यवाद !

*('भक्तपुर नगरपालिकामा जनप्रतिनिधिहरूको एक वर्ष' कार्यक्रममा प्रमुख सुनिल प्रजापतिले जेठ ७ गते व्यक्त गर्नुभएको मन्तव्यको पूर्ण पाठ)*

**चिनियाँ नीतिकथा**

## झोला चोरी

मेलामा निक्कै भीड थियो । अचानक एकजना मानिसले आफ्नो झोला हरायो भनेर चिच्यायो । कसैले उसको छालाको झोला चोरेछ । उसको कुरा सुनेर वरिपरिका मानिसहरू सतर्क भए । कसैले उसलाई सहानुभूति दिन थाले भने कोही चोर समात्न जान तिम्सीए ।

त्यस्तैमा उसले आफ्नो गोजी छाम्यो र हाँस्दै भन्यो, 'केही भएन । अब पिर मान्नु पर्ने कारण छैन ।'

'के झोला भेट्टियो ?' कसैले सोध्यो ।

उसले भन्यो, 'होइन । मेरो चोरिएको झोलाको साँचो मसँगै रहेछ । अब चोरले झोलाबाट पैसा निकाल्न सक्तैन ।'

# भक्तपुर नगरपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बोर्ड बैठक भक्तपुर नपा वडा नं. २ स्थित ब्यासीमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ।

## मिति २०७४ चैत्र २० गते मंगलबार

**उपस्थिति**

| | |
|---|---|
| १. प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. वडाध्यक्ष श्री कुमार चवाल | ऐ |
| ७. वडाध्यक्ष श्री प्रेमगोपाल कर्माचार्य | ऐ |
| ८. वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. वडाध्यक्ष श्री महेन्द्र खायमली | ऐ |
| ११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व | ऐ |
| १२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा | ऐ |
| १३. नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल | ऐ |
| १४. नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) | ऐ |
| १५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला | ऐ |
| १७. नगर कार्यपालिका सदस्य श्री कृष्णलक्ष्मी दुवाल | ऐ |
| १८. सदस्य सचिव श्री रोहितराज पोखरेल | ऐ |

## निर्णयहरू

### ख्वप अस्पतालसम्बन्धी विज्ञ समूह गठन

यस नगरपालिकाद्वारा निर्माण गरिने ख्वप अस्पतालको भवन निर्माण सम्बन्धी नक्सा डिजाइनलाई अन्तिम रूप प्रदान गर्न देहाय बमोजिमको एक विज्ञ समूह गठन गरियो:

**तपसिल**

१. संयोजक : डा. पुकारचन्द्र श्रेष्ठ
२. सदस्य : डा. सत्यनारायण सुवाल
३. सदस्य : डा. पुण्यराम खर्बुजा
४. सदस्य : डा. विकेश त्वाती
५. सदस्य : ई. राजेन्द्र हाडा
६. सदस्य : आ. सरोज वैद्य
७. सदस्य : ई. चन्द्रकिरण कवां
८. सदस्य : नर्स देविका दनेखू
९. सदस्य सचिव : डा. रत्नसुन्दर लासिवा

उपरोक्त विज्ञ समूहलाई अस्पतालको नक्सा डिजाइनबारे अन्तिम रूप प्रदान गर्न २०७५ वैशाख ५ गतेसम्मको समयावधि प्रदान गर्ने र समूहका पदाधिकारी एवं सदस्यहरूलाई बैठक भत्ता स्वरूप प्रति बैठक प्रति व्यक्ति रु.१५००।- प्रदान गर्ने निर्णय गरियो।

### खानेपानी समस्या समाधानबारे

भक्तपुर नगरपालिका क्षेत्रमा खानेपानी समस्या समाधान गर्ने सम्बन्धमा यस नगरपालिका काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन बोर्ड र काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडबीच मिति २०७४ चैत्र १५ गते भक्तपुर नगरपालिका सभा कक्षमा सम्पन्न त्रिपक्षीय बैठकबाट देहायअनुसार भएको निर्णय अनुमोदन गरियो :

क. भक्तपुर नगरपालिका क्षेत्रमा खानेपानी अभाव पूर्ति गर्ने विषयमा भक्तपुर नगरपालिका र काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडबीच छलफल गरी खानेपानीको नयाँ स्रोत पहिचान र व्यवस्थापनको विषयमा दुवै पक्षले आपसमा समन्वय गरी कार्य गर्ने निर्णय गरियो।

ख. भक्तपुर नगरपालिका वडा नं. २, सल्लाघारीस्थित काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन बोर्डको स्वामित्वमा रहेको जग्गा र त्यस क्षेत्रमा काउखालीद्वारा संचालित डिप बोरिङ्बाट निस्केको पानी ट्यांकीमा जम्मा गरी प्रशोधन गर्ने र नगरवासीहरूलाई खानेपानी वितरण गर्ने विषयमा दुई पक्षबीच छलफल गरी देहायबमोजिमका कार्यहरू सम्पन्न गर्न दुवै पक्षबीच कार्य विभाजन गरियो :

१. भक्तपुर नगरपालिकाले गर्ने कार्यहरू :

- Aerator निर्माण
- Detention Tank निर्माण
- Reservoir Tank निर्माण (पाइप फिटिङ्ग बाहेक)
- Emotional line and Transformer Installation

२. काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडको तर्फबाट गर्ने कार्यहरू :

- Rapid sand filter निर्माण
- Hidlydd Surface drain inside compound
- Supply and installation comprerssor starter
- Supply Ripe and fitting

ग. सल्लाघारीबाट उत्पादित पानीमा नेपाल सरकारद्वारा निर्धारित खानेपानी गुणस्तर मापदण्डअनुसार पिउन योग्य बनाउन पहल गर्ने निर्णय गरियो।

घ. भक्तपुर नगरपालिका ७ नं. वडास्थित डिप बोरिङ्ग स्थलबाट निस्केको पानीको ल्याब टेष्ट एक हप्ताभित्र गरी प्रतिवेदन पेश गर्ने निर्णय गरियो।

ङ. भक्तपुर नगरपालिका वडा नं. ८ थुसाचा क्षेत्रमा काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडद्वारा संचालित डिप बोरिङ्गस्थल वरिपरि अर्को डिप बोरिङ्ग खन्ने र आगामी आर्थिक वर्षको योजनामा समावेश गर्ने निर्णय गरियो।

## बैठक बोलाउने

प्रसिद्ध बिस्केट जात्रालाई अनुशासित र मर्यादित रूपमा भव्यताका साथ सम्पन्न गर्न वडा समितिहरूमार्फत् स्थानीय टिम, क्लब, दाफा, भजन र जात्रा संचालन गर्ने सरोकारवालाहरूको बैठक डाक्ने निर्णय गरियो।

## टेण्डर आह्वान गर्ने

भक्तपुर नगरपालिका वडा नं. २ स्थित पर्यटन सूचना केन्द्र पुनः निर्माण कार्यको लागि रु.१,७८,३०,२७७।- बराबरको ल.ई. पहिलो चरणमा ढलान र दाची अप्पासमेतको रु.८५,९८,१२१।- को टेण्डर गरी कार्य संचालन भएकोमा योजनाको आ.व. २०७४।०७५ बाट बाँकी फिनिसिङ्ग कार्य सम्पन्न गरी रु.१,११,९३,८३९।- बराबरको ल.ई. हुन आएकोले उक्त ल.ई. रकमसमेत स्वीकृत गरी निर्माण सामग्री समेतको टेण्डर नियमानुसार आह्वान गर्ने निर्णय गरियो।

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

**क.** बिस्केट जात्राको क्रममा चैत्र ३० गते लिंगो उठाउने ल्योंसि गः को आकार बढाउने एवं त्यस क्षेत्रमा मर्मत संभार गर्ने कार्यका लागि श्री भैरवनाथ जात्रा व्यवस्थापन सहयोग समितिबाट मिति २०७४।१२।१६ गते प्राप्त पत्रअनुसार उक्त संस्थालाई यस नगरपालिकाको तर्फबाट रु.७०,०००।- (अक्षरेपी सत्तरी हजार रूपैया मात्र) मर्मत संभार कोषबाट **आर्थिक सहयोग** प्रदान गर्ने निर्णय गरियो।

**ख.** यस भक्तपुर नगरपालिकाको आयोजनामा ६ जना खेलाडीसमेत बिर्तामोड, झापामा खेलकुद प्रतियोगिताको लागि आवश्यक व्यवस्था गर्न रु.१,५०,०००।- वडाअध्यक्ष श्री हरिप्रसाद बासुकलाबाट पेश्की लिनु भई कार्यक्रम पछि रु.७२,३४५।- बराबर खर्च र बाँकी रु.७७,६५५।- बैंक दाखिला गर्नुभएको हुँदा वहाँको नामको **पेश्की फछ्यौंट** गरिदिने निर्णय गरियो।

**ग.** यस भक्तपुर नगरपालिकाबाट २०७४ फागुन ३ गतेदेखि ८ गतेसम्म अन्तर नगर मेयर कप प्रतियोगिताका लागि पत्राचार गर्न चितवन, नवलपरासी, रूपन्देही, कपिलवस्तु र पाल्पा भ्रमण जान वडाअध्यक्ष श्री रविन्द्र ज्याख्वबाट रु.४०,०००।- पेश्की लिनुभएकोमा रु.१२,२८०।- खर्च र फाँटवारी र बाँकी रु.२७,७२०।- बैंक दाखिला गर्नुभएको हुँदा वहाँको नामको **पेश्की फछ्यौंट** गर्ने निर्णय गरियो।

**घ.** २०७४।९।२१ गतेदेखि जिल्लाव्यापी फुटबल प्रतियोगितामा टिम खेलाडी सहभागी गराएको आवश्यक खर्च रु.४०,६९०।- खर्च समर्थन गरी वडाअध्यक्ष श्री श्यामकृष्ण खत्रीलाई **भुक्तानी** दिने निर्णय गरियो।

**ङ.** यस भक्तपुर नगरपालिकाबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्न आवश्यक निम्न वडा अध्यक्षहरूलाई पेश्की दिएको **पेश्की फछ्यौंट** गर्ने निर्णय गरियो : **(बक्समा)**

**च.** २०७४ सालको विजया दशमीको अवसरमा मन्दिर पाटीमा झलर राख्ने कार्यको लागि वडा नं. ४ का अध्यक्ष श्री कुमार चवालबाट रु.५०,०००।- पेश्की मध्ये खर्च रु.२५,१२६।- र बाँकी रु.२४,८८४।- दाखिला गरी **पेश्की फछ्यौंट** गर्ने निर्णय गरियो।

**छ.** यस कार्यालयको विभिन्न कार्यक्रमको लागि आवश्यक फ्लेक्स प्रिन्ट गरेको रु.२८,२४४।- सिस्को फ्लेक्स प्रिन्टलाई **भुक्तानी** दिने निर्णय गरियो।

**ज.** २०७४।११।३ गते मेयर कप भलिबल प्रतियोगिता उद्घाटन समारोहको लागि आवश्यक साउण्ड सिष्टम प्रयोग

| क्र.सं. | नाम | पेश्की | खर्च | बाँकी भौचर | पेश्की फछ्यौंट |
|---|---|---|---|---|---|
| १ | वडा नं. १ श्यामकृष्ण खत्री | २८,०२,४००।- | २५,७२,८००।- | २,२९,६००।- | २८,०२,४००।- |
| २ | वडा नं. २, हरिप्रसाद बासुकला | ४२,००,०००।- | ३९,२४,८००।- | २,७५,२००।- | ४२,००,०००।- |
| ३ | वडा नं. ४, कुमार चवाल | ५१,७६,८००।- | ४७,०४,०००।- | ४,७२,८००।- | ५१,७६,८००।- |
| ४ | वडा नं. ५, प्रेमगोपाल कर्माचार्य | ४३,२८,८००।- | ३८,८८,४००।- | ४,४०,४००।- | ४३,२८,८००।- |
| ५ | वडा नं. १०, लक्ष्मीप्रसाद ह्यौमिखा | २७,५६,८००।- | २५,४४,८००।- | २,१२,०००।- | २७,५६,८००।- |
| ६ | वडा नं. ९, रविन्द्र ज्याख्व | ४८,९४,४००।- | ४०,७२,०००।- | ८,२२,४००।- | ४८,९४,४००।- |

गरेको रु.२९,३८०।- बास इलेक्ट्रोनिक ट्रेडलाई दिने **भुक्तानी** निर्णय गरियो ।

**झ.** यस भक्तपुर नगरपालिकामा विभिन्न विषयको लागि धरौटी राखेकोमा धरौटी फिर्ता लिन आउने निवेदकले साथमा राख्नुपर्ने व्यक्तिसँग सम्बन्धित सक्कल भौचर हराएको भनी तल उल्लेखित व्यक्तिहरूले निवेदन पेश गरेको हुँदा तल उल्लेखित व्यक्तिहरूलाई बैंकबाट प्रतिलिपि भौचर लिन लगाई कर शाखाको सम्बन्धित कर्मचारीबाट धरौटी रेकर्ड हेरी शाखाको सिफारिसअनुसार **धरौटी फिर्ता** दिने निर्णय गरियो । साथै नक्कली भौचरअनुसार धरौटी फिर्ता दिएको रेकर्ड राख्ने निर्णय गरियो :

**तपसिल**

| क्र.सं. | नाम | रकम | विषय |
|---|---|---|---|
| १ | सुनिल बमनु | १०,०००।- | बाटो खन्ने |
| २ | लक्ष्मीश्वरी सितिखु | ५०,०००।- | बाटो खन्ने |
| ३ | सिग्मा टेक्नोलोजी | ५५,०००।- | टेण्डर |
| ४ | शिवराम श्रेष्ठ | ८,५००।- | बाटो खन्ने |
| ५ | सुशील बाटी | २८,४०७।- | नक्सा पास |
| ६ | चन्द्रदेवी बासुकला | २४,०६५।- | नक्सा पास |
| ७ | मेडिया कलेक्सन | ४,५०,०००।- | सुटिङ्ग |
| ८ | न्यू भि एस इन्टरप्राइजेज | १,२८,३००।- | टेण्डर |

**ञ. पेश्की फछ्र्यौट** सम्बन्धमा छलफल हुँदा निम्नअनुसार गर्ने निर्णय गरियो :

क) पेश्की फछ्र्यौट

| क्र.सं. | योजनाका विवरण | वडा नं. | ल.ई.रकम | रि.ल.ई. रकम | मूल्यांकन | खूद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | भाजुपोखरी सुधार कार्य | १ | १,१६७,४३९।७२ | | १,०६२,५४०।७८ | ८०५,७९७।०० | ५,००,०००।०० | ३,०५,७९७।०० | मर्मत कोष | थप रू.३,६०,०००।०० मर्मत कोषबाट दिनुहुन |
| २ | लामगाल पाटी | ९ | २,४१४,५६६।०६ | | | १,५८७,५०७।५२ | १०,००,०००।०० | ५,८७,५०७।५२ | | थप पेश्की ३,६०,०००। |
| ३ | महेश्वरी घाट सुधार कार्य | ८ | २,१५२,४४०।०० | | १,०३५,२७०।४७ | ८,४२,०४५।०० | ८,००,०००।०० | ४२,०४५।०० | मर्मत कोष | थप रू.८,००,०००। पेश्की प्रदान |

ख) **उपभोक्ता समिति अनुमोदन** सम्बन्धमा छलफल हुँदा निम्नअनुसार गर्ने निर्णय गरियो :

| | | | | | |
|---|---|---|---|---|---|
| १ | याताछे बाटो मर्मत कार्य | ९ | ७४७,१९४।५६ | श्री रमेश चित्रकार अध्यक्षतामा उपभोक्ता समिति | श्री जगतलाल मानंन्धरको संयोजकत्वमा अनुगमन समिति |
| २ | तलातुंथी पाटी पुनः निर्माण कार्य | ९ | | श्री आशकुमार प्रजापतिको अध्यक्षतामा उपभोक्ता समिति | श्री ज्ञानसागर प्रजापतिको संयोजकत्वमा अनुगमन समिति |
| १, आर.आर.कन्स्ट्रक्सनलाई लिवाली प्लानिङ्ग सडक पीच गर्ने कार्य संचालन गर्न देगइना बाल विकास स्कूलसम्मको बाटोमा पीच कार्य गर्ने निर्देशन गर्ने निर्णय गरियो । | | | | | |
| २, वडा नं. १. स्थित मिसामी तं ढल निकास बनाउने योजनाको लागि सडक डिभिजन कार्यालय भक्तपुरबाट सडक खन्ने स्वीकृत प्राप्त भएको जानकारी गरियो । | | | | | |

ग) अन्य

| | |
|---|---|
| १ | बोलपत्रदाता आ.आर.कन्स्ट्रक्सन र यस न.पा. कार्यालयबीच ठेक्का सम्झौता भई कार्य संचालनमा रहेको भ.न.पा. वडा नं ७ र ८ महेश्वरी र लिवाली प्लानिङ्गमा पीच गर्ने कार्यको सम्पूर्ण कार्य सम्पन्न गर्न २०७५ आषाढ मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो । |
| २ | भ.न.पा. वडा नं. २ व्यासीस्थित निर्माणाधीन पर्यटन सूचना केन्द्र भवनमा फिनिसिङ्ग कार्यको लागि साल काठ सम्बन्धी चौकोस बनाउने कार्यको लागि काठ उपलब्ध हुन समय लागेको हुँदा म्याद थप गरी पाऊँ भनी राजु कोजुको निवेदन पेश भएको हुँदा उक्त कार्यको लागि २०७४ चैत्र मसान्तसम्मको लागि म्याद थप गर्ने निर्णय गरियो । |
| ३ | भ.न.पा. वडा नं ९, च्याम्हसिंहस्थित ख्वप अस्पताल भवन निर्माण, वडा नं. ६, स्थित देकोचा अरनिको सभाभवन, वडा नं २ शहीद स्मृति खेल मैदानमा कभर्ड हल निर्माण, वडा नं. १ स्थित भार्वाचो बहुउदेश्यीय भवन निर्माण र वडा नं. ७ स्थित गयः भिंग्यो पुल निर्माण योजना संचालन गर्न उल्लेखित स्थानहरूको माटो परीक्षण गर्ने कार्य गर्न सम्झौताअनुसार श्री कार्ड कन्सल्टेन्सी प्रा.लि.ले Draft Soil Test Report पेश गरी सो अनुसार भुक्तानी माग भएकोले सोको भुक्तानी रू.२,८६,५००।०० (भ्याट बाहेक) दिने निर्णय गरियो । सो उल्लेखित ५ स्थानहरूको ड्राफ्ट रिपोर्ट अध्ययन गरी संशोधन प्रकृयाको लागि सम्बन्धित निकायमा पठाई राय सुझाव लिने निर्णय गरियो । |
| ४ | भाजू पोखरी सम्बन्धमा Detail अध्ययन गर्न आवश्यक भएकोले बोर्ड बैठकमा अनुरोध गर्ने निर्णय गरियो । |
| ५ | कमलविनायक बाटो फराकिलो गर्ने सम्बन्धमा फिल्डगत निरीक्षण गर्दा सबभन्दा अगाडिको संधियारको मन्जुरी लिई पठाउन १० नं. वडामा पत्राचार गर्ने निर्णय गरियो । |
| ६ | कमलविनायक, गोल्मढी मापदण्ड सम्बन्धमा स्थलगत निरीक्षण गरियो । |

**ट.** भक्तपुर न.पा.बाट भक्तपुर नगरको विभिन्न वडाको टोलहरूमा **ट्यांकरबाट खानेपानी वितरण**को लागि ५ हजार र ७ हजार लिटरको प्रति ट्रीप प्रति दिन देहायअनुसारका प्रा.लि.को कोटेशन परेकोमा सबभन्दा कम दर उल्लेख गर्ने श्री नेचुरल ड्रिंकिङ्ग वाटरको कोटेशन स्वीकृत गर्ने निर्णय गरियो।

**तपसिल**

| क्र.सं. | विवरण | दर (५ हजार लि.) | दर ७ हजार लि. |
|---|---|---|---|
| १ | नेचुरल ड्रिङकिङ वाटर प्रा.लि. | रु.१६००।- | रु.१९००।- |
| २ | ओएसिस शुद्ध पानी प्रा.लि. | रु.१८५०।- | रु.२०५०।- |
| ३ | जि.आर.ड्रिंक्स् प्रा.लि. | रु.१८००।- | रु.२०००।- |

**ठ.** भ.न.पा.वडा नं. २ व्यासीस्थित पर्यटन सूचना केन्द्रको लागि साल काठ सम्बन्धी झ्याल बनाउने कार्यमा काठ समयमै उपलब्ध नभएको हुँदा **म्याद थप**को लागि राजु कोजुको निवेदन पेश भएको हुँदा २०७५ असार मसान्तसम्मको लागि म्याद थप गर्ने निर्णय गरियो।

**ड.** २०७४।१०।२८ गते विहान ४:०० बजे भ.न.पा. वडा नं. १० स्थित थालाछें नाग पोखरीमा आगलागी भई क्षति भएका देहायका आगलागी पीडित व्यक्तिहरूबाट आर्थिक सहयोगको लागि निवेदन पेश भएको हुँदा निजहरूलाई यस न.पा.को विपद् व्यवस्थापन कोषबाट प्रति घर रु.२५,०००।- का दरले **आर्थिक सहयोग** उपलब्ध गराउने निर्णय गरियोः तपसिल

| क्र.सं. | वडा नं. | नाम | रकम |
|---|---|---|---|
| १ | १० | बाबुकाजी शिल्पकार | २५,०००।- |
| २ | ऐ | राधेश्याम घटुवा | २५,०००।- |
| ३ | ऐ | बुद्धि कुमार नापित | २५,०००।- |

**ढ.** भ.न.पा. को क्राफ्ट पेपर लि. को जिन्सी सामान निरीक्षण गरी जिन्सी निरीक्षकको प्रतिवेदनका लागि उक्त लि.को कागज, सामान र कागजहरूबाट उत्पादित सामान गन्ती गर्न मिति २०७४।१०।१५ को सदर टिप्पणीअनुसार ज्यामी लगाई मिति २०७४।१०।२२ देखि २०७४।११।३० सम्म जम्मामा १०६ जना ज्यामी लगाई उक्त सामान गन्ती गराइएको १०६ जना ज्यामीको जम्मा रु.७४,२००।- **भुक्तानी** दिने निर्णय गरियो।

**ण. उपभोक्ता समिति तथा अनुगमन तथा निरीक्षण अनुमोदन** सम्बन्धमा छलफल हुँदा देहायअनुसार उपभोक्ता समिति गठन भै आएको अनुमोदन गर्ने निर्णय गरियो :

**क. योजनाको नामः** भ.न.पा.वडा नं. ९ याताछें स्थित याताछें बाटोमा मर्मत कार्य/**पदाधिकारीहरूको नामः**
१. अध्यक्ष : श्री राजेश चित्रकार

२. सचिव : श्री चण्डेश्वरी सांगामी
३. कोषाध्यक्ष : श्री योगेन्द्रप्रसाद श्रेष्ठ
४. सदस्य : श्री नातिबहादुर चित्रकार
५. सदस्य : श्री पूर्ण पलंकर्मी
६. सदस्य : श्री लक्ष्मीबहादुर दुवाल
७. सदस्य : श्री मंगला सांगामी

**अनुगमन समितिअनुगमन तथा निरीक्षण समिति**

१. संयोजक : श्री जगतलाल मानन्धर
२. सदस्य : श्री सुनिल जंगम
३. सदस्य : श्री कृष्णबहादुर मानन्धर
४. सदस्य : श्री राजु मानन्धर
५. सदस्य : श्री रत्नश्वरी चवाल (दुवाल)

**ख. योजनाको नाम :** भ.न.पा.वडा नं. ९ तौलाछेंस्थित तला तुंथी पाटी पुनः निर्माण कार्य/**पदाधिकारीहरूको नामः**

१. अध्यक्ष : श्री आसकुमार प्रजापति
२. सचिव : श्री सत्यनारायाण प्रजापति
३. कोषाध्यक्ष : श्री सुमित्रा प्रजापति
४. सदस्य : श्री केदारनारायण प्रजापति
५. सदस्य : श्री नातीमाया प्रजापति
६. सदस्य : श्री गौतम प्रजापति
७. सदस्य : श्री विष्णुकेशरी प्रजापति

**अनुगमन तथा निरीक्षण समिति**

१. संयोजक : श्री ज्ञानसागर प्रजापति
२. सदस्य : श्री बद्री प्रजापति
३. सदस्य : श्री देवप्रसाद प्रजापति
४. सदस्य : श्री कृष्णभक्त प्रजापति
५. सदस्य : श्री विष्णुप्रसाद प्रजापति

**त.** यस नगरपालिकाका उपप्रमुख रजनी जोशीको बुबा नारायणराज जोशीको मिति २०७४ चैत्र १५ गते असामयिक निधन भएकोमा मृतकप्रति श्रद्धाञ्जली तथा शोक सन्तप्त परिवारलाई **हार्दिक समवेदना** प्रकट गर्ने निर्णय गरियो।

## मिति २०७५ वैशाख ७ गते शुक्रबार

## निर्णयहरू :

### उत्कृष्ट खेलाडी सम्मान

यस नगरपालिकाले हरेक वर्ष भक्तपुर जिल्लाका विभिन्न खेलकुद विधाका उत्कृष्ट खेलाडीहरूलाई सम्मान गर्दै आएकोमा यस वर्ष २०७५ वैशाख ८ गते शनिवार बिहान ७:०० बजे भनपा वडा नं. ९, दत्तात्रयबाट र्‍याली शुरु गरी नगर परिक्रमा गरेर भनपा वडा नं. ३ दरबार क्षेत्रमा सम्मान समारोह आयोजना गर्ने निर्णय गरियो। उक्त कार्यक्रममा नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरू तथा कर्मचारीहरूलाई पोशाकसहित समयमै उपस्थित हुन आग्रह गर्ने निर्णय गरियो।

### ख्वप अस्पतालको नक्सा डिजाइन

यस नगरपालिकाद्वारा निर्माण गरिने ख्वप अस्पतालको भवन निर्माणसम्बन्धी नक्सा डिजाइनलाई अन्तिम रूप प्रदान गर्न मिति २०७४ चैत्र २० गतेको बोर्ड बैठकबाट गठित विज्ञ समूहले नक्सासम्बन्धी अध्ययन छलफल गरी २०७५ वैशाख ५ गते प्रतिवेदन बुझाएकोमा विज्ञ समूहलाई नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गरियो।

साथै विज्ञ समूहको सल्लाह, सुझावअनुसार अस्पतालको नक्सालाई परिमार्जन गरी Structural Design समेत गर्न प्राविधिकहरूलाई जिम्मेवारी दिने निर्णय गरियो।

### विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

**क.** प्रसिद्ध बिस्केट जात्राको क्रममा भनपा ५ स्थित ल्योसिंख्यमा लिंगो उठाउन सजिलो र सुरक्षित गर्ने हेतुले १५ फिट अग्लो फलामे च्वाँला बनाउन स्थानीय जनसेवा विकास मण्डलका सचिव बलराम न्हिसुतूले मिति २०७४ चैत्र २९ गते यस नगरपालिकामा दर्ता गराएको निवेदनबमोजिम उक्त मण्डललाई आर्थिक सहयोग स्वरूप रु.५०,०००।- (अक्षेरेपी पचास हजार रूपैयाँ मात्र) प्रदान गर्ने निर्णय गरियो।

**ख.** मिति २०७४ फागुन ३ गतेदेखि ८ गतेसम्म मेयर कप भलिबल प्रतियोगिताको लागि आवश्यक व्यवस्था गर्न रु.१०,००,०००।- वडा अध्यक्ष श्री श्यामकृष्ण खत्रीबाट पेश्की लिनु भई कार्यक्रम पछि रु.१०,८४,९३८।- खर्च पेश गर्नु भएको हुँदा रु.१० लाख पे.फ. गरी नपुग रु.८४,९३८।- भुक्तानी दिने निर्णय गरियो।

**ग.** वडा नं. ६ मा सामाजिक सुरक्षा भत्ता वितरण गर्न वडाअध्यक्ष श्री हरिराम सुवालबाट रु.३७,८८,०००।- पेश्की लिनु भई भत्ता वितरण पछि रु. ३६,३९,२००।- खर्च गर्नु भई बाँकी रु.१,४८,८००।- बैंक दाखिला गर्नुभएको हुँदा उहाँको नामको पेश्की फछ्र्यौट गर्ने निर्णय गरियो।

**घ.** वडा नं. ८ मा सामाजिक सुरक्षा भत्ता वितरण गर्न वडाअध्यक्ष श्री महेन्द्र खायमलीबाट रु.१८,९२,०००।- पेश्की लिनु भई भत्ता वितरण पछि रु.१७,५८,४००।- खर्च गर्नु भई बाँकी रु.१,३३,६००।- बैंक दाखिला गर्नुभएको हुँदा उहाँको पेश्की फछ्र्यौट गर्ने निर्णय गरियो।

**ङ.** यस कार्यालयबाट मिति २०७४।११।३ र ८ गते

मेयर कप भलिबल प्रतियोगिताको उद्घाटन, समापन र फागुन १६ गते होली पर्व जनचेतना कार्यक्रम र चैत्र १ गते सरसफाइ कार्यक्रम समेतको साउण्ड सिष्टमको भाडा रु.२९,३८०।- भुक्तानी वास इलेक्ट्रोनिक्स ट्रेडलाई दिने निर्णय गरियो ।

**च.** आर्थिक वर्ष २०७४/०७५ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार आयुर्वेद सेवा संचालनको लागि अत्यावश्यक औषधी खरिद गरेको रु.३,७४,९००।- भुक्तानी शुषमा आयुर्वेद सप्लायर्सलाई दिने निर्णय गरियो ।

**छ.** यस भक्तपुर नगरपालिकाद्वारा संचालित देको-मिवा-इतापाके जग्गा एकीकरण आयोजनालाई थप रु.१०,००,००,०००।- (दश करोड) ऋण गएको अनुमोदन गरियो ।

**ज.** निम्न गाडीहरू मर्मत गरेको भुक्तानी दिने निर्णय गरियो : **(बक्समा)**

**झ.** वादी सुरेन्द्रमान मानन्धर र प्रतिवादी सुशिला श्रेष्ठ (मानन्धर) भएको सम्बन्ध-विच्छेद मुद्दामा प्रतिवादी सुशिला श्रेष्ठ (मानन्धर) ले मिति २०७४।५।३० मा म्याद बुझी प्रतिवाद नै नगरी शुरु म्यादै नघाई बसेको देखिएको साथै मुलुकी ऐन लोग्ने स्वास्नीको महलको १(क) बमोजिम यस विषयमा नगरपालिकाबाट सम्बन्धित जिल्ला अदालतमा पठाउने कानुनी व्यवस्था भएको हुँदा सोको लागि भ.न.पा. बोर्ड बैठकमा पेश गर्ने न्यायिक समितिको मिति २०७४।११।१८ गतेको निर्णय साथ पेश हुन आएको प्रस्तुत मुद्दामा प्रतिवादीले कुनै प्रतिवादै नगरी पक्ष मिलान समेत नभएको अवस्थामा सम्झाई बुझाई मेलमिलाप गराउने अवस्था नै नभएको हुँदा कानूनबमोजिम सम्बन्ध विच्छेदको लागि सम्बन्धित जिल्ला अदालतमा वादीलाई तारेख तोकी पठाउने निर्णय गरियो ।

**ञ.** उपभोक्ता समिति तथा अनुगमन तथा निरीक्षण अनुमोदन सम्बन्धमा छलफल हुँदा देहायअनुसार उपभोक्ता समिति गठन भईआएको अनुमोदन गर्ने निर्णय गरियो :

**क. योजनाको नाम :** भ.न.पा.वडा नं. ५ स्थित कम्पोष्ट प्लान्ट क्षेत्र सुधार कार्य/**पदाधिकारीहरूको नाम:**

१. अध्यक्ष : श्री नारायणप्रसाद त्वानाबासु
२. सचिव : श्री आसकुमार मचामसी
३. कोषाध्यक्ष : श्री सरस्वती सिंख्वाल
४. सदस्य : श्री सागर द्योला
५. सदस्य : श्री शिव द्योला
६. सदस्य : श्री देवी राजचल
७. सदस्य : श्री राजमति कर्माचार्य
८. सदस्य : श्री श्याम द्योला
९. सदस्य : श्री रामेश्वर मचामसी

**अनुगमन समिति**

१. संयोजक : श्री बलराम न्हिसुतु
२. सदस्य : श्री चरण द्योला
३. सदस्य : श्री माइलाबाबु द्योला
४. सदस्य : श्री बलराम सिबन्जार
५. सदस्य : श्री नुवा मरांणी

**ख. योजनाको नाम :** भ.न.पा.वडा नं. ८ स्थित लिवाली ख्वप ईन्जिनियरिङ्ग कलेज जाने बाटो छेउको पेटी सुधार कार्य/**पदाधिकारीहरूको नाम :**

१. अध्यक्ष : श्री कृष्णगोविन्द लाखाजु
२. सचिव : श्री राजु गोसाई
३. कोषाध्यक्ष : श्री चिरीमैया महर्जन
४. सदस्य : श्री श्यामसुन्दर बेकोजु
५. सदस्य : श्री कृष्णगोविन्द सांयजु
६. सदस्य : श्री कृष्णाश्वरी गोसाई
७. सदस्य : श्री रामेश्वरी फैजु

**अनुगमन समिति**

१. संयोजक : श्री शिवप्रसाद बाला
२. सदस्य : श्री बाबुकाजी गाईजु
३. सदस्य : श्री नातिभक्त दुमरु

| क्र.सं. | प्रयोगकर्ता | गाडी नं. | खर्च | भुक्तानी दिने |
|---|---|---|---|---|
| १ | रविन कोजु | बा १ ग २९४१ (बाको लोडर) | १,००,४८७।- | सिप्रदी अर्थ मुभस प्रा.लि. |
| २ | राजेन्द्र कोजु | बा १ क ८१५६ (बाको लोडर) | १,१३,०००।- | बोहरा इन्टरप्राइजेज प्रा.लि. |
| ३ | आशराम नागा | बा १ ग २२६४ (सफाई गाडी) | ९३,०५५।- | सिद्धि गणेश मोटर पार्टस् |
| ४ | राधेश्याम मचामसी | बा १ ग २२६५ (सफाई गाडी) | ४७,३२४।- | ऐ.ऐ. |
| ५ | राजाराम न्हेमाफुकी | बा १ ग २२६८ (सफाई गाडी) | १६,९५०।- | ऐ.ऐ. |
| ६ | आशभक्त बंशमणी | बा १ क ९०२५ (बोको लोडर) | २१,२४४।- | ऐ.ऐ. |

४. सदस्य : श्री धनबहादुर सितिखु
५. सदस्य : श्री सविना फैजु

**ग. योजनाको नाम :** भ.न.पा.वडा नं. १ स्थित सल्लाघारी (इतापाके) स्थित का.उ.खा.लि. मातहतको डिपबोरिङ्ग ट्यांकी र फिल्टरेशन कार्य⁄

**पदाधिकारीहरूको नाम :**

१. अध्यक्ष : श्री गणेशभक्त कोजु
२. सचिव : श्री कृष्ण गारु
३. कोषाध्यक्ष : श्रीमति छोरीमाया दुगुजु
४. सदस्य : श्री पुण्यराम वाईजु
५. सदस्य : श्री कृष्णगोविन्द मुलगुठी
६. सदस्य : श्री बुद्धिनारायण वैद्य
७. सदस्य : श्री दानबहादुर पक्कानेवार
८. सदस्य : श्रीमति मोहनकेशरी वैद्य
९. सदस्य : श्रीमति तुल्सीमाया दुगुजु

**अनुगमन समिति**

१. संयोजक : श्री सूर्यप्रसाद श्रेष्ठ
२. सदस्य : श्री श्यामसुन्दर मातां
३. सदस्य : श्री आशाराम दुगुजु
४. सदस्य : श्री शंखबहादुर सिन्ताकल
५. सदस्य : श्री राम मानन्धर
६. सदस्य : श्री साहिला वैद्य

**घ. योजनाको नाम :** भ.न.पा.वडा नं. ५ स्थित भगवती स्थानदेखि भद्रकाली बाटो पुनः इँटा छपाइ कार्य⁄

**पदाधिकारीहरूको नाम :**

१. अध्यक्ष : श्री रामप्रसाद लोहला
२. सचिव : श्री तुल्सीनारायण दण्डेख्या
३. कोषाध्यक्ष : श्री निरु लोहला
४. सदस्य : श्री लक्ष्मण लोहला
५. सदस्य : श्री शिवराम भुजु
६. सदस्य : श्री चन्चला भेले
७. सदस्य : श्री राजमति लवजु

**अनुगमन समिति**

१. संयोजक : श्री सम्झना लाखे
२. सदस्य : श्री बलराम न्हिसुतु
३. सदस्य : श्री सरिना द्योला
४. सदस्य : श्री विष्णुभक्त त्वांजु
५. सदस्य : श्री नारायण दास फसिकवा

**ङ. योजनाको नाम :** भ.न.पा.वडा नं. १० स्थित नगरकोट सडकमा समता स्कूलदेखि बाँकी भागमा ढल-निकास बनाउने कार्य⁄

**पदाधिकारीहरूको नाम :**

१. अध्यक्ष : श्री सिद्धिविर कर्माचार्य
२. सचिव : श्री राजेन्द्र ह्योङ्गोल
३. कोषाध्यक्ष : श्री साविकी सैंजु
४. सदस्य : श्री कृष्णप्रसाद ताम्राकार
५. सदस्य : श्री शिवराम कोजु
६. सदस्य : श्री शोभा तामाङ
७. सदस्य : श्री नातिमैया कोजु

**अनुगमन समिति**

१. संयोजक : श्री जितेन्द्र मुनंकर्मी
२. सदस्य : श्री पुरुषोत्तम श्रेष्ठ
३. सदस्य : श्री विष्णु मानन्धर
४. सदस्य : श्री स्पेश खोतेजा

**च. योजनाको नाम :** भ.न.पा.वडा नं. १ स्थित सिद्ध पोखरीको उत्तर लङ्का पेटी मर्मत सुधार कार्य ⁄

**पदाधिकारीहरूको नाम :**

१. अध्यक्ष : श्री कृष्णबहादुर दुगुजु
२. सचिव : श्री मिना धौबन्जार
३. कोषाध्यक्ष : श्री कृष्णशोभा भुजु
४. सदस्य : श्री यमबहादुर लामा
५. सदस्य : श्री सावित्री कर्माचार्य
६. सदस्य : श्री बलराम भुजु श्रेष्ठ
७. सदस्य : श्री वसन्तलाल श्रेष्ठ

**अनुगमन समिति**

१. संयोजक : श्री लक्ष्मीनारायण राजलवत
२. सदस्य : श्री गंगालक्ष्मी वमनु
३. सदस्य : श्री मन्जु न्याईच्याई
४. सदस्य : श्री कृष्णप्रसाद दुमरु
५. सदस्य : श्री बाबुकाजी धौबन्जार

**छ.** ल.ई. र पे.फ. सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
नगरको विकासमा सघाऔं ।

## क. ल.ई.स्वीकृत सम्बन्धमा

| क.सं | योजनाका बिवरण | वडा नं. | ल.ई.रकम | रि.ल.ई. रकम | मूल्याकंन | खूद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | AC TV System थप जडान कार्य (बिस्केट जात्रा एरिया, बंशगोपाल, नासमना) | | ५३७,०८९।०० | | | | | | नपा | |
| २ | विभिन्न स्थानको लागि रेन इन्लेट बनाउने कार्य | | ६९,१७८।०० | | | | | | नपा | |
| ३ | पुस्तकालय व्यवस्था गर्न फर्निचर बनाउने कार्य | २ | ५,२६,९२९।६९ | | | | | | नपा | |
| ४ | लोहँ फल्चा गल्ली बाटोमा पुन: ईंटा छपाइ | ६ | ६५,३२९।७९ | ८८,६१०। ६० | ८४,९०२। ५७ | ७१,९७ ४।९० | ४०,० ००।० ० | ३१,९७ ४।९० | वडा | निर्माण सामग्री र ज्याला गत वर्षको भएकोले |
| ५ | महेश्वरी उकालो बाटोमा ईंटा छपाइ | ७ | ६५,६६,६३९।३६ | ६,७८,५६ ९।९१ | | | | | वडा | चाइनिज ईंटाको सट्टामा लोकल ईंटा प्रयोग गरिकोले |
| ६ | लामगाल स्थित टुरिष्ट काउण्टरको लागि अण्डर ग्राउण्ड ट्याङ्की निर्माण कार्य | ९ | १,३४,५१५।७९ | | | | | | वडा | ल.ई स्वीकृत |
| ७ | भाने रोडदेखि गोंसपुलसम्मको सडक मर्मत | ९ | २,८८,७००० | ४,०६३,१ ८५।४१ | | | | | नपा | आस पाल्ट राख्ने गरी ल.ई भएकोले |
| ८ | चोखाबिनायक बाटोमा बाटो ईंटा छपाइ | १० | २,४५,६०७।८६ | | | | | | वडा | ल.ई स्वीकृत |

## ख) पेश्की फछ्र्यौट सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

| क.सं | योजनाका विवरण | वडा नं. | ल.ई.रकम | रि.ल.ई.र कम | मूल्याकंन | खूद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | बंशगोपाल बाराही पुल बाटो मर्मत कार्य | ४ | ९,०९,२८६। १४ | | ४,९७,१५३। ०० | ३,१३,८७७। ०० | ३,००,०००। ०० | ३,१३,८७७। ०० | सडक बोर्ड | थप रू.३ लाख पेश्की सिफारिस भई आंशिक पे.फ. |
| २ | इचाडोल सार्वजनिक शौचालय सुधार कार्य | १ | ५,८३,२०३। ०३ | | ७,८१,३५३।१ ९ | ५,०८,३७२। ५० | ५,००,०००। ०० | ८,३७२।५० | नपा | कार्य सम्पन्न |
| ३ | वडा भवनबाट जि.प्र.का. हुँदै पुरानो नपा जाने बाटोमा ईंटा छपाइ कार्य | २ | ११,६७,१९६। ०० | | ११,७५,१६७। ४१ | १०,१४,६४ ९।९२ | ३,५०,०००। ०० | ६,६४,५४ ४।०० | सडक बोर्ड | कार्य सम्पन्न |

### ग) उपभोक्ता समिति अनुमोदन

| क्र.सं. | विवरण | वडा नं. | ल.ई. | उपभोक्ता समितिको अध्यक्षको नाम | कैफियत |
|---|---|---|---|---|---|
| १ | कम्पोष्ट प्लान क्षेत्र सुधार कार्य | ५ | ४१,५०,४२३।२९ | श्री नारायणप्रसाद त्वानावासु अध्यक्षतामा उपभोक्ता समिति | श्री बलराम न्हिसुतुको संयोजकत्वमा अनुगमन समिति |
| २ | का.उ.खा.लि. डिपबोरिङ्ग | १ | ९६,७२,३७५।९० | श्री गणेशभक्त कोजू अध्यक्षतामा उपभोक्ता समिति | श्री सुर्यप्रसाद श्रेष्ठको संयोजकत्वमा अनुगमन समिति |
| ३ | ऐतिहासिक सिद्धपोखरीको उत्तर पेटी मर्मत | १ | ८,२५,६४४।४६ | श्री कृष्णबहादुर दुगुजुको अध्यक्षतामा उपभोक्ता समिति | श्री लक्ष्मीनारायण राजलवटको संयोजकत्वमा अनुगमन समिति |
| ४ | भगवती स्थान भद्रकाली | ५ | ४,७४,३८०।९५ | श्री रामप्रसाद लोहला अध्यक्षतामा उपभोक्ता समिति | श्री सम्झना लाखेको संयोजकत्वमा अनुगमन समिति |
| ५ | लिवाली ख्वप क्लेज जाने बाटोमा पेटी सुधार कार्य | ८ | ४१,५०,४२३।२९ | श्री कृष्ण गोबिन्द लाखाजूको अध्यक्षतामा उपभोक्ता समिति | श्री शिवप्रसाद वालाको संयोजकत्वमा अनुगमन समिति |
| ६ | नगरकोट सडक समता स्कुलसम्मको क्षेत्र निकाश व्यवस्थापन | १० | ४१,५०,४२३।२९ | श्री सिद्धिवीर कर्माचार्यको अध्यक्षतामा उपभोक्ता समिति | श्री जितेन्द्र मुनंकर्मीको संयोजकत्वमा अनुगमन समिति |

### घ) खर्च अनुमोदन

| क्र.सं. | विवरण | वडा नं. | ल.ई. | उपभोक्ता समितिको अध्यक्षको नाम | ल.ई | बजेट | कैफियत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | वडा न ९, बहुउदेश्यीय भवनमा अण्डरग्राउण्डमा पानी फाल्ने कार्यको भुक्तानी माग | ९ | | वडा सदस्य इन्द्रबहादुर प्याथ | ११,४५५।०० | नपा | इष्टिमेटको कन्टीजेन्सीबाट खर्च कटी हुने गरी | | | |
| २ | भ.न.पा. इजलास कोठा फर्निचर सामान व्यवस्थापन गर्न कोटेशन स्वीकृत रकम | २ | | | | | ४,३५,९३६।०० | नपा | श्रेष्ठ काष्ठ फर्निचर उद्योग, (भ्याट बाहेक) | |
| ३ | नगर क्षेत्र विभिन्न स्थान बाटो मर्मत कार्यको लागि चाइनिज ईंटा तथा लोड अनलोड ढुवानी खर्च भुक्तानी | | | | | | १,९९,७१०।०० | नपा | भक्तपुर ईंटा टायल कारखाना लि. | |
| ४ | ब्यासी नपा भवन परिसरमा पर्यटन सेवा केन्द्र भवनका फिनिसिङ्ग कार्य अन्तर्गत चौकोस बनाउने कार्यको ज्याला भुक्तानी | २ | | राजू कोजू (श्रम ठेक्का) | | | | | १,७७,३३९।६० | नपा |

# मिति २०७५ वैशाख १७ गते सोमबार

## निर्णयहरू :

### तालिम संचालन गर्ने

भक्तपुर नगरवासी युवाहरूलाई लक्षित गरी यस नगरपालिकाको तर्फबाट रेडियो तथा टेलिभिजन संचालन सम्बन्धी तालिम संचालन गर्ने र यसको लागि शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिलाई जिम्मेवारी दिने निर्णय गरियो।

यस नगरपालिकाको लागि आवश्यक पदहरू सेवा करारमा लिन मिति २०७४।११।१९ गतेको दैनिक 'मजदुर'मा प्रकाशित सूचनाअनुसार म्यादभित्र पर्न आएका देहायका पदहरूको देहायको विभिन्न मितिमा लिइएको अन्तरवार्ता र प्रयोगात्मक परीक्षामा देहायका व्यक्तिहरू सफल हुनु भएकोले योग्यता क्रमको आधारमा देहाएका व्यक्तिहरूलाई सेवा करारमा लिनको लागि भक्तपुर नगरपालिका बोर्डमा सिफारिस गर्ने भनी पदपूर्ति समितिको मिति २०७५।१।१६ गतेको बैठकबाट सफल तथा वैकल्पिक उम्मेदवारहरूको नामावली सिफारिस भई आएको हुँदा सिफारिसअनुसार सफल उम्मेदवारहरूलाई सेवा करार सम्झौताको लागि नामावली प्रकाशित गर्ने, म्यादभित्र सम्झौता गर्न नआएमा क्रमशः वैकल्पिक उम्मेदवारहरूलाई नियुक्ति दिने समेत निर्णय गरियो।

### तपसिल

**पद : फोटोग्राफर**
आवश्यक सङ्ख्या १

| योग्यता क्रम | रोल नं. | उम्मेदवारको नामथर | ठेगाना |
|---|---|---|---|
| १ | ३ | कृष्णकुमारी महर्जन | भ.न.पा. ७ |
| वैकल्पिक उम्मेदवार | | | |
| २ | २ | सरोज राज गिरी | वागेश्वरी ४ |
| ३ | ४ | अतित प्रजापति | भ.न.पा. ९ |

**पद : हेभी ड्राईभर**
आवश्यक सङ्ख्या २

| योग्यता क्रम | रोल नं. | उम्मेदवारको नामथर | ठेगाना |
|---|---|---|---|
| १ | ६ | बालकृष्ण धांजु | वागेश्वरी ९ |
| २ | ४ | बिक्रम गाईजु | भ.न.पा. ८ |

**पद : लाइट ड्राईभर**
आवश्यक सङ्ख्या ७

| योग्यता क्रम | रोल नं. | उम्मेदवारको नामथर | ठेगाना |
|---|---|---|---|
| १ | ११ | राजन कासुला | भ.न.पा. ४ |
| वैकल्पिक उम्मेदवार | | | |
| २ | ६ | राज खुसुजु | भ.न.पा. २ |
| ३ | १ | राजेश भैनात्व | भ.न.पा. ९ |
| ४ | ७ | ईश्वर श्रेष्ठ | चाँगु न.पा. १ |
| ५ | १० | विष्णुकुमार रंजित | भ.न.पा. ५ |
| ६ | ४ | राजेश प्रजापति | भ.न.पा. १ |
| ७ | ५ | विनोद दुवाल | भ.न.पा. ८ |
| ८ | १२ | सुनिल बन | चाँगु न.पा. ५ |
| ९ | २ | विनेश श्रेष्ठ | चाँगु न.पा. ७ |

**पद : सुरक्षा गार्ड**
आवश्यक सङ्ख्या ४

| योग्यता क्रम | रोल नं. | उम्मेदवारको नामथर | ठेगाना |
|---|---|---|---|
| १ | १२ | कृष्णप्रसाद व्यान्जु | सुर्यविनायक ९ |
| २ | १ | महेन्द्र नायजु | वागेश्वरी ८ |
| ३ | ९ | बासुदेव घोरसाइने | चाँगु न.पा. ८ |
| ४ | ३ | दिनेशराज कार्की | चाँगु न.पा. ५ |
| वैकल्पिक उम्मेदवार | | | |
| ५ | ७ | दिलबहादुर कार्की | मागापौवा २, दोलखा |
| ६ | ११ | प्रदिप थापा | सुर्यविनायक ८ |
| ७ | १३ | सुनिलबहादुर धामी | बैतडी डिलासैनी ६ |

**पद : पालोपहरा**
आवश्यक सङ्ख्या ४

| योग्यता क्रम | रोल नं. | उम्मेदवारको नामथर | ठेगाना |
|---|---|---|---|
| १ | ८ | प्रविन मण्डल | भ.न.पा. २ |
| २ | २० | रजत देउला | भ.न.पा. ५ |
| ३ | १५ | नविन देउला | भ.न.पा. ५ |
| ४ | १३ | अनिता सुवाल | सुर्यविनायक ९ |
| वैकल्पिक उम्मेदवार | | | |
| ५ | ३ | राधेश्याम वैद्य | भ.न.पा. ६ |
| ६ | २ | महेश सुन्दर गोरा | भ.न.पा. २ |
| ७ | ७ | राजकुमार सुवाल | भ.न.पा. ७ |
| ८ | १ | सुमन कुचुमनी | चाँगु न.पा. ६ |
| ९ | ११ | रोशन धौबन्जार | म.थि.न.पा. ३ |
| १० | ३१ | आकाश त्यातल | चाँगु न.पा. ५ |
| ११ | १७ | रमेश धुख्वा | भ.न.पा. ३ |

**पद : सफाइ मजदुर**
आवश्यक सङ्ख्या ६

| योग्यता क्रम | रोल नं. | उम्मेदवारको नामथर | ठेगाना |
|---|---|---|---|
| १ | ३५ | उपेन पोडे | भ.न.पा. ५ |
| २ | १६ | दिनेश पोडे | भ.न.पा. ५ |
| ३ | १३ | विनु कोजु | भ.न.पा. १ |
| ४ | १ | बिटु पोडे | भ.न.पा. ५ |
| ५ | ३ | रिना माक | भ.न.पा. ५ |
| ६ | २२ | रश्मी पोडे | भ.न.पा. ५ |
| वैकल्पिक उम्मेदवार | | | |
| ७ | २३ | राजकुमार मेतर | भ.न.पा. ५ |
| ८ | २४ | दिनेश पोडे | भ.न.पा. ५ |
| ९ | २९ | सविता द्योला | भ.न.पा. ५ |
| १० | २५ | अजय द्योला | भ.न.पा. ५ |
| ११ | ३८ | मालती नेपाली पोडे | भ.न.पा. ५ |
| १२ | १८ | सुमित्रा लामिछाने | चाँगु न.पा. ५ |
| १३ | ८ | सरु द्योला | भ.न.पा. ५ |

## समिति निर्णय अनुमोदन

विभिन्न समितिको देहाय बमोजिमको निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो :

**वातावरण तथा पर्यटन समिति** :

**मिति २०७५।१।१६**

**क.** यस समितिले हरेक महिनाको १ र १५ गते गर्दै आएको सरसफाइ अन्तर्गत २०७५।१।१५ गते भ.न.पा. वडा नं. ३ र ४ स्थित मंगलतीर्थ परिसर सरसफाइ गर्ने निर्णय गरियो।

**ख.** भक्तपुर नगरपालिका क्षेत्रको फोहोर मैला यस अघि नगरपालिकाले भ.न.पा. १ आलाबुंमा व्यवस्थापन गर्दै आएकोमा हाल उक्त क्षेत्रमा स्थान अभावका कारण फोहोर मैला व्यवस्थापनका लागि अर्को उपयुक्त स्थानको विकल्प खोज्ने निर्णय गरियो।

**ग.** भक्तपुर नगरपालिका वडा नं. १० स्थित ऐतिहासिक कमलविनायक पोखरीमा रहेको पानी अत्यधिक प्रदुषित भएको विषयमा यस समितिको ध्यानाकर्षण भई त्यस पोखरी संरक्षण र व्यवस्थापनका लागि जिम्मा लिएको कमलविनायक सुधार समितिसँग तत्काल छलफल गर्ने निर्णय गरियो।

## बोलपत्र रद्द

भक्तपुर नगरपालिका वडा नं. १, दूधपाटी स्थित वडा कार्यालय भवन निर्माण कार्य श्रम ठेक्कामा र आबश्यक निर्माण सामग्रीहरू बोलपत्रद्वारा खरिद गर्न मिति २०७४ फागुन २८ गते प्रकाशित सूचनाअनुसार म्यादभित्र पर्न आएको बोलपत्रमा कबुल रकमभन्दा बढी भएकोले उक्त बोलपत्र रद्द गरी पुनः बोलपत्र आह्वान गर्ने भनी मिति २०७५।१।७ गते बसेको मूल्यांकन समितिबाट सिफारिस भई मिति २०७५।१।१२ गते बसेको निर्माण समितिबाट १ नं. वडा समितिको कार्यालय भवनको लागि पेश भएको श्रम ठेक्का र सामानहरू खरिद सम्बन्धी बोलपत्रहरू रद्द गरी आ.व. २०७४।०७५ को स्वीकृत बजेट रु.२,३६,२६,७५५।९४ मध्ये हाललाई जमिन तल्लासम्म ल.ई. रु.८१,३७,५८८।३२ बराबरको कार्य क्रमागत योजनाको रूपमा उपभोक्ता समिति मार्फत गराउने भनी सिफारिस भई आएकोले सो भवनको लागि परेको बोलपत्रहरू रद्द गरी धरौती फिर्ता दिने र आ.व. २०७४/०७५ को बजेटबाट हाललाई जमिन तल्लासम्म ल.ई. अनुसार क्रमागत योजनाको रूपमा कार्य गराउने कार्य उपभोक्ता समतिबाट गराउने निर्णय गरियो। साथै उक्त कार्यको लागि गठन भई आएको उपभोक्ता समितिसमेत अनुमोदन गर्ने निर्णय गरियो।

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

**मर्मत** :

**क.** यस कार्यालयको वा १ ग २२६४ नं. को गाडी मर्मतको लागि चालक आशराम नागाबाट पेश भएको बीलअनुसार रु.५५,३७०।- खर्च समर्थन गरी सिद्धि गणेश मोटर पार्टसलाई भुक्तानी दिने निर्णय गरियो।

**ख.** यस कार्यालयको बा १ ग २२६२ नं. को गाडी मर्मतको लागि चालक रविन कोजुबाट पेश भएको बीलअनुसार रु.२७,७९८।- को खर्च समर्थन गरी सिद्धि गणेश मोटर पार्टसलाई भुक्तानी दिने निर्णय गरियो।

**म्याद थप** :

**ग.** यस कार्यालयको लागि वाटीटाकी खरिद गर्न सिलबन्दी दरभाउ पत्र/ बोलपत्र आह्वान गरिएकोमा सिल.एन. ईन्टरप्राईजेज्को सिलबन्दी दरभाउपत्र/ बोलपत्र मिति २०७४।८।२९ गतेको बोर्ड बैठकबाट स्वीकृत भई मिति २०७४।९।१८ गते दुवै पक्षबीच भएको सम्झौताअनुसार १०० (एक सय) दिनको समय दिई आ.व. २०७४/०७५/५४, च.नं. १०६० मिति २०७४।९।२१ गते कार्यादेश दिएकोमा बाकीटाकी विदेशबाट खरिद गर्नुपर्ने भएको र सोको लागि संचार तथा सूचना प्रविधि मन्त्रालयले अनुमति दिनुपर्नेमा समय लगाएको हुँदा नियमानुसार पाउने म्याद थप गरी पाऊँ भनी त्यस सि.एन. ईन्टरप्राइजेज्ले दर्ता नं. ५७८२ मिति २०७४।१२।२१ गते दर्ता भएको निवेदनअनुसार सम्झौतामा उल्लेखित म्याद सकिएपछि थप ३० (तीस) दिन म्याद थप गरी दिने निर्णय गरियो।

## उपभोक्ता समिति अनुमोदन

उपभोक्ता समिति तथा अनुगमन तथा निरीक्षण अनुमोदन सम्बन्धमा छलफल हुँदा देहायअनुसार उपभोक्ता समिति गठन भै आएको अनुमोदन गर्ने निर्णय गरियो :

**क. योजनाको नामः** भ.न.पा.वडा नं. २ ठूलो व्यासीस्थित पाटी पुनःनिर्माण कार्य/**पदाधिकारीहरूको नामः**

१. अध्यक्ष : श्री नरेश बासुकला
२. सचिव : श्रीमती चण्डेश्वरी याकामी
३. कोषाध्यक्ष : श्री अमर बासुकला
४. सदस्य : श्रीमती बबीमैया लघु
५. सदस्य : श्रीमती कान्छी याकामी
६. सदस्य : श्री आशराम याकामी (ठूलो)
७. सदस्य : श्री आशराम याकामी

**अनुगमन समिति**

१. संयोजक : श्री लक्ष्मीनारायण सुवाल
२. सदस्य : श्री कृष्ण ब्यान्जु
३. सदस्य : श्री नारायण याकामी
४. सदस्य : श्री कृष्णप्रसाद याकामी

५. सदस्य : श्री विश्वराम सुवाल

**ख. योजनाको नाम :** भ.न.पा.वडा नं. १ को कार्यालय भवन निर्माण कार्य/**पदाधिकारीहरूको नाम :**

१. अध्यक्ष : श्री श्यामसुन्दर बाटी

२. सचिव : श्री विकुलक्ष्मी कोजु

३. कोषाध्यक्ष : श्री राजन कोजु

४. सदस्य : श्री संगिता जोशी बासुकला

५. सदस्य : श्री कान्छा खत्री

६. सदस्य : श्री मन्जु न्याईच्याई

७. सदस्य : श्री केशव कोजु

८. सदस्य : श्री दिनेश प्रधान

९. सदस्य : श्री पूर्णबहादुर दुवाल

## अनुगमन तथा सहजीकरण समिति

१. संयोजक : श्री लक्ष्मीनारायण राजलवट

२. सदस्य : श्री विश्वराज शिल्पकार

३. सदस्य : श्री रमेश न्याईच्याई

४. सदस्य : श्री नाती देशेमरु

५. सदस्य : श्री कृष्णबहादुर दुगुज

भक्तपुर नगरपालिका क्षेत्रमा घरघरबाट नै कुहिने र नकुहिने फोहोर छुट्याएर संकलन गर्ने हेतुले नगरपालिकाको तर्फबाट प्रत्येक घरधुरीलाई बिर्को भएको बाल्टिन रु.१५०।-, बिर्को नभएको बाल्टिन रु.५०।- र कम्पोष्ट बिन रु.१,०००।- प्रति थानका दरले वितरण गर्ने र यस क्रममा प्रत्येक घरधुरीबाट वार्षिक सफाइ कर उठाउने निर्णय गरियो ।

## पेश्की फछ्र्यौट

**च.** पेश्की फछ्र्यौट तथा ल.ई. स्वीकृति सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

क) पेश्की फछ्र्यौट तथा ल.ई स्वीकृत सम्बन्धमा

| क.सं | योजनाका विवरण | वडा नं | ल.ई.रकम | रि.ल.ई.रकम | मूल्याकंन | खुद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | दुजले दथुत्वचा बाटो पुन: ईंटा छपाइ कार्य | १० | ६३०,१९५।४४ | | ४५८,९९१।३३ | ३७५,३४६।०० | ४००,०००।०० | २६,८७५।०० | वडा | |
| २ | नृत्यनाथ पाटी पुन: निर्माण कार्य | ८ | २,९१०,०४७६५ | | ८९०,३४४।३७ | ८४३,२२१।०० | ८००,०००।०० | ४३,२२१।०० | नपा | आंशिक पे.फ. थप रू.७,५०,०००।००) पेश्की) |
| ३ | तचो मेतं पाटी छाना मर्मत | ८ | ४०१,०७९।०० | | १४४,०७६।८४ | १३९,२२८।५५ | १३०,०००।०० | ९,२२८।५५ | वडा | आंशिक पे.फ. थप रू.१,२०,०००।००) पेश्की) |
| ४ | महाकाली उकालो भोलाछे सडक मर्मत | ६ | १,०३५,५२०।४२ | १,०४२,३४९।४७ | | | | | नपा | सडक बोर्ड नेपाल |
| ५ | योसिंखेल भ्रद्रकाली मन्दिर पछाडि बाटो ढुङ्गा छपाइ | ५ | १,४६७,९६९।६१ | ८७४,७३७३९ | १,४६७,९६९।६१ | ५१२,७३०।०० | ५००,०००।०० | १२,७३०।०० | नपा | स्था.वि.शुल्क |
| ६ | चोछें ब्यासी पाटी पुन: निर्माण कार्य | ६ | २,१४४,४५७३३ | | २,४८८,८३०।५२ | २,०१३,२४७०८ | २१६,००७८८ | २५३,२४०।०० | वडा | रू.३७,७२०।०० बराबरको सामान नपाबाट उपलब्ध |
| ७ | ब्यासी नपा भवनमा ५०के.भी.ए. ट्रान्सफरमर ३ फेज जडान कार्य | २ | २५७,३१०।०० | ४९९,९४४।६६ | | | २५७,३१०।०० | | नपा | रिभाइज्ड ल.ई स्वीकृत |
| ८ | Electrical, Solar, Backup System, CCTV System, Intercom & Networking instlation | २ | ६७४,१८५।१३ | | | | | | नपा | ल.ई स्वीकृत |

**छ.** ल.ई. सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

| क.सं. | योजनाका विवरण | वडा नं. | ल.ई.रकम | उपभोक्ता समितिको अध्यक्षको नाम | अनुमगन समितिको संयोजकको नाम |
|---|---|---|---|---|---|
| १ | वडा कार्यालय भवन निर्माण कार्य | १ | २,३६,२६,७५५।९४ | श्री श्यामसुन्दर बाटी | श्री लक्ष्मीनारायण राजलवट |

# भक्तपुर नगरपालिका
# /fhkq

भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

खण्ड १। भक्तपुर, माघ १० गते, २०७४ साल। सङ्ख्या १

**भाग १**

**स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भक्तपुर नगर पालिकाको दोस्रो नगरसभा २०७४ बाट पारित भएको तल लेखिए बमोजिमको नीति सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

सम्वत् २०७४ सालको कार्यविधि

## भक्तपुर नगरपालिका वडास्तरीय बजेट परिचालन तथा कार्यान्वयनसम्बन्धी कार्यविधि २०७४

**प्रस्तावना :**

नेपालको संविधानको अनुसूची ८ को क्रमसङ्ख्या ७ मा स्थानीय तहको अधिकारको रूपमा स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरूसमेत समावेश भएको उक्त अधिकार क्षेत्रअन्तर्गतका क्रियाकलापहरू छिटो छरितो र सरल रूपमा स्थानीय वडा तहबाट नै सम्पादन गर्न वाञ्छित हुँदा वडास्तरीय बजेट परिचालन र कार्यान्वयनसम्बन्धी यो कार्यविधि बनाइएको छ।

**१. संक्षिप्त नाम र परिभाषा :**

१.१. संक्षिप्त नाम : यो कार्यविधिको नाम भक्तपुर नगरपालिका वडास्तरीय बजेट परिचालन तथा कार्यान्वयन कार्यविधि २०७४ रहनेछ।

१.२. वडा बजेट : वडा बजेट भन्नाले भक्तपुर नगरपालिकाले सम्बन्धित वडालाई पठाएको बजेट रकम भन्ने बुझिनेछ। यस बजेट रकमबाट सम्बन्धित वडाले समिति भत्ता, मर्मत सम्भार, विविध खर्च र वडास्तरीय योजनाको लागि खर्च गर्न गराउन सक्नेछ।

१.३. वडास्तरीय योजना :वडास्तरीय योजना भन्नाले भक्तपुर नगरपालिकाको नीति तथा कार्यक्रम र वार्षिक बजेटबाट पारित भई वडाले प्राप्त गरेको बजेटअन्तर्गतका वडास्तरीय योजनाहरू र भैपरी वा आकस्मिक अवस्थामा वा आवश्यकताअनुसार भक्तपुर नगरपालिका बोर्डबाट निर्णय भई सम्बन्धित वडाले सञ्चालन गर्ने भनी तोकिएको योजना भन्ने बुझ्नुपर्नेछ।

१.४. मर्मत सम्भार : मर्मत सम्भार भन्नाले सम्बन्धित वडाले प्राप्त गरेको बजेटबाट सम्बन्धित वडामा गरिने एक लाख रूपैयाँसम्मको भैपरी मर्मत भन्ने बुझ्नुपर्नेछ।

१.५. समिति भत्ता : समिति भत्ताभन्नाले सम्बन्धित वडा समितिको बैठक भत्ता भन्ने बुझ्नु पर्नेछ।

१.६. विविध खर्च : विविध खर्च भन्नाले सम्बन्धित वडा समितिले कार्यालय चियापान, खाजावापत गर्ने, अतिथि सत्कारकालागि गरिने खर्च र भैपरी खर्च भन्ने बुझ्नु पर्नेछ।

१.७. क्षेत्र र लागु हुने मिति : यो कार्यविधि भक्तपुर नगरपालिकाभित्रका वडाहरूमा तुरुन्त लागु हुनेछ।

**२. समिति भत्ता, विविध खर्च र सामान्य मर्मत सम्भार खर्चसम्बन्धी कार्यविधि :**

२.१. समिति भत्ता र विविध खर्च बिलभर्पाईसहित सम्बन्धित वडाको वडा सचिवले खर्च विवरण पेस गरी वडाध्यक्षबाट प्रमाणित गराई खर्च अभिलेख राखिनेछ।

२.२. रु. ५०००।– सम्मको सामान्य मर्मत सम्भार वडाध्यक्षको आदेशमा वडा सचिवले गर्न गराउन सक्नेछ र सोको बिलभर्पाईसहित सम्बन्धित वडाको वडा सचिवले खर्च विवरण पेस गरी वडाध्यक्षबाट प्रमाणित गराई खर्च अभिलेख राखिनेछ ।

२.३. रु. ५०००।– भन्दामाथि १ लाखसम्मको मर्मत सम्भार वडाध्यक्षको आदेशमा तल ३, ४, ५, ६ र ७ मा लेखेबमोजिम योजनाको रूपमा संचालन र फरफारक गरिनेछ ।

**३. योजना संचालन जिम्मा :**

३.१. रु. २५ लाखसम्मको वडास्तरीय योजना संचालन सम्बन्धित वडा समितिबाट देहायबमोजिम संचालन जिम्मा दिन सकिनेछ ।

क. सोझै (ज्याला) : रु. १,००,०००।– सम्मको योजना

ख. अमानत : रु. ५,००,०००।– सम्मको योजना

ग. दरभाउ पत्र : रु. ५,००,०००।– भन्दा माथिदेखि १०,००,०००।– सम्मको योजना (नगरपालिकाको मौजुदा सूचीमा सूचिकृत फर्म, संस्थाहरूबाट)

घ. उपभोक्ता समिति : रु. २५,००,०००।– सम्मको योजनाहरू नियमानुसार गठित उपभोक्ता समितिहरूमार्फत ।

**४. योजना लगत ईष्टिमेट र स्वीकृति :**

४.१. रु. २५ लाखसम्मको ल.ई सम्बन्धित वडा प्राविधिकले तयार गरी योजना शाखाका प्रमुखले जाँचपास गर्ने, सम्पदासँग सम्बन्धित योजना भए सम्पदा उपशाखा प्रमुखले जाँचपास गर्ने र सम्बन्धित वडा समितिको बैठकबाट पारित गराई अध्यक्षबाट योजना ल.ई. स्वीकृत हुनेछ ।

**५. योजना संचालन सम्झौता र रकम निकासा : योजना संचालन सम्झौता र रकम निकासा देहायबमोजिम हुनेछ –**

५.१. योजना संचालन सम्झौता : योजना ल.ई. र स्वीकृति भएपछि माथि (३.१.) ग र घ बमोजिम योजना संचालन जिम्मा पाएका योजना संचालकले वडा समितिसँग अनुसूची (१) बमोजिम योजना संचालन सम्झौता गरेपछि योजना संचालन जिम्मा दिइनेछ ।

५.२. माथि ५.१. बमोजिम सम्झौता भएपछि योजना संचालकबाट योजना ल.ई. रकमको कम्तीमा २.५ प्रतिशत बराबर वा नियमानुसारको रकम सुरक्षण धरौटी नगरपालिकाको खातामा जम्मा गराईनेछ । तर ३.१.क., ख. र ३.१.घ. बमोजिमका योजनामा संचालकसँग सुरक्षण धरौटी लिइने छैन ।

५.३. रकम निकासा : माथि ५.२. प्रक्रियापछि योजना संचालकबाट योजना संचालनका लागि रकम निकासा पेश्की माग भएमा देहाएबमोजिम रकम निकासा पेश्की दिइनेछ –

क. पहिलो किस्ताबापत कुल ईष्टमेट रकमको ३३ प्रतिशत बराबरको रकम पेश्कीको रूपमा दिइनेछ ।

ख. माथि ५.३. बमोजिम लिइएको पेश्की रकम बराबरको बिलभर्पाई पेश गरी सम्बन्धित वडा प्राविधिकबाट कार्य मूल्यांकन प्रतिवेदन पेश भएमा कार्य मूल्यांकनको आधारमा कुल ल.ई.को ७५ प्रतिशतसम्म हुने गरी थप पेश्कीको रूपमा दिइनेछ ।

५.४. रकम निकासा स्वीकृति : माथि ५.३ बमोजिमको रकम निकासाको स्वीकृति सम्बन्धित वडाध्यक्षबाट दिइने छ ।

**६. योजना अनुगमन र निरीक्षण :**

६.१. योजना संचालन सम्झौताभई कार्यान्वयन हुँदा गरेका योजनाहरूको अनुगमन र निरीक्षण गर्ने जिम्मा सम्बन्धित वडा प्राविधिक र वडा समितिका सदस्यहरूको हुनेछ ।

६.२. योजना अनुगमन र निरीक्षण गर्दा सम्बन्धित वडा प्राविधिक र सम्बन्धित वडाका सदस्यहरूले योजना संचालकलाई योजना संचालन र गुणस्तर सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ ।

६.३. योजना संचालकले योजनासम्बन्धमा सम्बन्धित वडा समितिका सदस्यहरू, वडा प्राविधिक र योजना शाखा प्रमुख र सम्पदासँग सम्बन्धित योजनाको हकमा सम्पदा उपशाखा प्रमुखको निर्देशनको पालना गर्नुपर्नेछ ।

६.४. योजना संचालकले तोकिएको समयमा कार्य सम्पन्न गर्नु निजको कानुनी कर्तव्य हुनेछ ।

**७. पेश्की फछ्र्यौट र योजना फरफारक :**

७.१. योजना संचालकले सम्झौतामा तोकिएको अवधिभित्र योजना कार्य सम्पन्न गरी पेश्की फछ्र्यौट र योजना फरफारकका

लागि सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ ।

७.२. योजना फरफारकको निवेदनसाथ बिलभर्पाई, डोर हाजिर फारमको सक्कल प्रति योजना संचालकबाट प्रमाणित गरी संलग्न गर्नुपर्नेछ । तर उपभोक्ता समिति र सोझै संचालन गराईएका योजनाहरूको कार्य मूल्यांकनको आधारमा समेत पेश्की फछ्र्यौट र योजना फरफारक गर्न सकिनेछ ।

७.३. निवेदन प्राप्त भएपछि योजना संचालन कार्यको अन्तिम मूल्यांकन सम्बन्धित वडा प्राविधिकले गरी योजना शाखाका प्रमुखबाट वा सम्पदासँग सम्बन्धित योजना भए सम्पदा उपशाखा प्रमुखबाट जाँचपास गराई सोको अन्तिम मूल्यांकन प्रतिवेदन योजना ईष्टिमेट स्वीकृत गर्ने पदाधिकारीसमक्ष पेश गरिनेछ ।

७.४. माथि ७.३. बमोजिम योजना कार्य सम्पादनको अन्तिम मूल्यांकन प्रतिवेदन पेश भएपछि पेश्की फछ्र्यौट र योजना फरफारक निवेदन सम्बन्धमा सम्बन्धित वडा समितिको बैठकले निर्णय गरी पेश्की फछ्र्यौट र योजना फरफारक गर्न सक्नेछ ।

७.५. माथि ७.४. बमोजिमको निर्णय अनुमोदनका लागि सम्बन्धित वडा कार्यालयले भक्तपुर नगरपालिका बोर्ड बैठकमा पेश गर्नुपर्नेछ ।

**८. विविध :**


यस कार्यविधिमा आवश्यकताअनुसार भक्तपुर नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

आज्ञाले

(रोहित राज पोखरेल)

प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मिति : २०७४ माघ १० गते



भक्तपुर नगरपालिका

राजपत्र

भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

खण्ड १ भक्तपुर, माघ १० गते, २०७४ साल संख्या १

भाग १

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भक्तपुर नगरपालिकाको दोस्रो नगरसभा २०७४ बाट पारित भएको तल लेखिए बमोजिमको नीति सर्वसाधारणाको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७४ सालको कार्यविधि

भक्तपुर नगरपालिका वडास्तरीय बजेट परिचालन तथा कार्यान्वयनसम्बन्धी कार्यविधि २०७४

प्रस्तावना :

नेपालको संविधानको अनूसूची ८ को क्रमसंख्या ७ मा स्थानीय तहको अधिकारको रुपमा स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरुसमेत समावेश भएको उक्त अधिकार क्षेत्र अन्तर्गतका क्रियाकलापहरु छिटो छरितो र सरल रुपमा स्थानीय वडा तहबाट नै सम्पादन गर्न वाञ्छित हुँदा वडास्तरीय बजेट परिचालन र कार्यान्वयनसम्बन्धी यो कार्यविधि बनाइएको छ ।

१. संक्षिप्त नाम र परिभाषा :

१.१. संक्षिप्त नाम : यो कार्यविधिको नाम भक्तपुर नगरपालिका वडास्तरीय बजेट परिचालन तथा कार्यान्वयन कार्यविधि २०७४ रहनेछ ।

१.२. वडा बजेट : वडा बजेट भन्नाले भक्तपुर नगरपालिकाले सम्वन्धित वडालाई पठाएको बजेट रकम भन्ने बुझिनेछ । यस बजेट रकमबाट सम्वन्धित वडाले समिति भत्ता, मर्मत सम्भार, विविध खर्च र वडा स्तरीय योजनाको लागि खर्च गर्न गराउन सक्नेछ ।

१.३. वडास्तरीय योजना : वडास्तरीय योजना भन्नाले भक्तपुर नगरपालिकाको नीति तथा कार्यक्रम र वार्षिक बजेटबाट पारित भई वडाले प्राप्त गरेको बजेटअन्तर्गतका वडास्तरीय योजनाहरु र भैपरी वा आकस्मिक अवस्थामा वा

# भेलुखेलमा नमुना सरसफाइबारे छलफल

भक्तपुर नगरपालिका ५ नं. वडा समिति तथा भेलुखेल क्षेत्र नमुना सरसफाइ व्यवस्थापन समितिको संयुक्त आयोजनामा जेठ १५ गते भेलुखेल क्षेत्रमा नमुना सरसफाइसम्बन्धी छलफल कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा वडा अध्यक्ष प्रेमगोपाल कर्माचार्यले सफाइ नै हाम्रो सभ्यताको पहिचान भएकोले नमुना सरसफाइ अभियानले सिङ्गो जिल्ला/नगरलाई सफा राख्ने प्रेरणा मिल्ने बताउनुभयो ।

नमुना सरसफाइ व्यवस्थापन समितिका संयोजक सरिना द्योलाको सभापतित्वमा भएको कार्यक्रममा वडा सदस्य बलराम न्हिसुतु, सम्झना लाखे, श्यानिटेशन शाखा प्रमुख दिलिपकुमार सुवाललगायतले बोल्नुभएको थियो ।

स्थानीय माइलाबाबु द्योला, कुमारी क्लबका अध्यक्ष चरण द्योला, मदन पोडे, सागर द्योलालगायतले नमुना सरसफाइ कार्यक्रमलाई सफल बनाएरै छोड्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।


सरसफाइ कार्यक्रमको लागि प्रत्येक घरधुरीको लागि हरियो र रातो गरी दुईवटा बाल्टिन आगामी जेठ २२ गते वातावरण दिवसको अवसरमा वितरण गरिने आयोजकले जनाएको छ ।

द्विशताब्दीऔं जन्म दिवस

# sfn{dfS;{



फ्रेडरिक एंगेल्स




लन्डनको हाइगेट स्थित कार्ल मार्क्सको प्रतिमा

समाजवाद र हाम्रो युगका सम्पूर्ण मजदुर आन्दोलनलाई वैज्ञानिक जगमा उभ्याइदिने पहिलो व्यक्ति कार्ल हेनरिख मार्क्स (Karl Heinrich Marx) नै हुनुहुन्थ्यो। उहाँको जन्म १८१८ (५ मई) मा ट्रेवेल (जर्मनी) मा भएको थियो। उहाँले पहिले कानुन लिएर बोन र बर्लिनमा पढ्नुभयो। तर चाँडै नै उहाँले आफूलाई इतिहास र दर्शनशास्त्रको अध्ययनमा लगाउनुभयो।

### å अखबारको प्रमुख

सन् १८४२ मा झण्डै उहाँ दर्शनको सहायक प्राध्यापक बन्न लाग्नुभएको थियो, तर फ्रेडरिक विलियम तेस्रोको देहान्तपछि उत्पन्न राजनैतिक आन्दोलनले गर्दा उहाँको जीवन अर्कै दिशातिर मोडियो। उहाँको सहयोगबाट राइनी उदारपन्थी पूँजीपति वर्गका नेताहरू केम्फोसेन, हान्सेमेन आदिहरूले कोलोग्न (Cologne) मा **राईनिश जाइटुङ्ग**[१] निकाले। राइनी संसदका काम कारबाहीबारे उहाँको आलोचनाले निकै ठूलो चाख पैदा गर्‍यो। त्यसैले उहाँलाई उक्त अखबारको प्रमुख बनाइयो। **राईनिश जाइटुङ्ग** स्वभावतः सरकारी निरीक्षण (सेन्सरसिप) अन्तर्गत निस्कन्थ्यो। तर सरकारी निरीक्षणले त्यसको सामना गर्न सकेन।[२] **राईनिश जाइटुङ्ग** सदाझैं महत्त्वपूर्ण लेखहरू छाप्दथ्यो। पहिले त सरकारी निरीक्षकले काट्नुपर्ने कुनै कुरो भेट्टाउन सक्दैनथ्यो। त्यसले गर्दा आखिरमा उसले छाडिदिनु पर्थ्यो वा उसले भोलिपल्ट पत्रिका ननिकाल्न धम्की दिनुपर्थ्यो। **राईनिश जाइटुङ्ग** जतिकै साहस भएका दशवटा अखबार भइदिएको भए र त्यसका प्रकाशकहरूले केही सय बढी थालर (जर्मन चाँदी मुद्रा) छपाइमा खर्च गरिदिएको भए जर्मनीमा १८४३ मा नै सरकारी निरीक्षणलाई असम्भव पार्न सकिने थियो। तर जर्मन अखबारका मालिकहरू साना चित्तका काथर गवांर थिए, त्यसैले **राईनिश जाइटुङ्ग** एक्लैले संघर्षलाई अघि बढायो। त्यसले एक एक गरेर धेरै सरकारी निरीक्षकहरूलाई हैरान पार्‍यो र आखिरमा त्यसलाई दुई पटक सरकारी निरीक्षण गराएर मात्र प्रकाशन गर्न पाउने भयो। पहिलो सरकारी निरीक्षणपछि **प्रादेशिक प्रतिनिधि**[३] ले त्यसलाई फेरि एकपल्ट आखिरी निरीक्षण गर्दथ्यो। त्यसो गर्दा पनि केही नलागेपछि १८४३ को शुरुमा उक्त अखबारलाई नियन्त्रणमा राख्न असम्भव छ भनी घोषणा गरेर सरकारले विनातर्क त्यसलाई बन्द गरिदियो।

### å कम्युनिष्ट लीगमा

यसैबीचमा मार्क्सले बोन वेस्टफालेन – जो पछि प्रतिक्रियावादी सरकारमा मन्त्री बने, कि बहिनी जेनी (Jenny Von Westphalen) सित बिहे गरिसक्नुभएको थियो। उहाँ पेरिस जानुभयो र त्यहाँ ए. रुजसित मिलेर **जर्मन–फ्रेन्च वार्षिक पत्र**[४] प्रकाशित गर्नुभयो। यसमा उहाँले *'कानुन सम्बन्धी हेगेलीय दर्शनको आलोचना'* सहित आफ्ना समाजवादी लेखहरू निकाल्न शुरु गर्नुभयो। फेरि फ्रेडरिक एंगेल्ससित मिलेर उहाँले *'पवित्र परिवार, ब्रुनो बावर र उसको गुटको विरोध'* लेख्नुभयो। यसमा त्यसताकाको जर्मन दार्शनिक भाववादको एउटा नयाँ रूपको व्यग्यांत्मक आलोचना गरिएको थियो।

राजनैतिक अर्थशास्त्र र महान् फ्रान्सेली क्रान्तिको इतिहास अध्ययन गर्दागर्दै पनि मार्क्सले समय समयमा प्रशियाली सरकारमाथि हमला गर्न फुर्सद निकाल्नु हुन्थ्यो। सन् १८४५ को बसन्तमा प्रशियाली सरकारले मार्क्सलाई फ्रान्सबाट निकाला गर्ने ग्वीजोट मन्त्रालयको आदेश प्राप्त गरी उहाँमाथि बदला लियो।[५] यस मामिलामा श्री अलेक्जाण्डर बोन मध्यस्थ बनेका थिए भनिन्छ। मार्क्सले आफ्नो बसाइ ब्रसेल्समा सार्नुभयो र त्यहाँ १८४७ मा प्रुधोंको *'दरिद्रताको दर्शन'* को आलोचना


गरी फ्रान्सेली भाषामा *‘दर्शनको दरिद्रता’* र १८४८ मा *‘स्वतन्त्र व्यापारको विवेचना’* छाप्नुभयो । त्यसको साथै उहाँले ब्रसेल्समा **जर्मन मजदुर समाज**[६] स्थापना गर्नुभई व्यावहारिक आन्दोलन थाल्नुभयो । वर्षौंदेखि रहिआएको गुप्त **कम्युनिष्ट लीग**[७] मा उहाँ र उहाँका राजनैतिक मित्रहरू सम्मिलित हुँदा उक्त आन्दोलन उहाँको लागि बढी महत्त्वपूर्ण बन्यो । अब त्यसको सम्पूर्ण बनोटमा आधारभूत हेरफेर भयो । पहिले यो लीग धेरथोर षडयन्त्रकारी रहेको थियो र अब कम्युनिष्ट प्रचारको एउटा संगठनमा फेरियो । यो जर्मन सामाजिक–जनवादी पार्टीको पहिलो संगठन थियो र परिस्थितिवश गुप्त रहन बाध्य थियो । जर्मन मजदुर संघ भएका सबै ठाउँहरूमा लीगको अस्तित्व थियो । बेलायत, बेल्जियम, फ्रान्स र स्वीजरल्याण्डका यस्ता सबैजसो संघहरूमा र जर्मनीका यस्ता धेरै संघहरूमा नेतृत्वदायी सदस्यहरू लीगका सदस्य थिए र उठ्दो जर्मन मजदुर आन्दोलनमा लीगको निकै ठूलो देन थियो । यसबाहेक हाम्रो लीग त्यस्तो पहिलो संगठन थियो जसले सम्पूर्ण मजदुर आन्दोलनको अन्तर्राष्ट्रिय चरित्रमा बल दिएर त्यसलाई व्यवहारमा सिद्ध गर्‍यो । यसका सदस्यहरूमा अंग्रेजी, बेल्जियमेली, हंगेरियाली, पोल आदि थिए र जसले खासगरी लण्डनमा अन्तर्राष्ट्रिय मजदुर भेलाहरू गर्‍यो ।

### ❖ “कम्युनिष्ट पार्टीको घोषणापत्र”

सन १८४७ मा भएको दुइटा महाधिवेशनहरूले लीगको आमूल परिवर्तन गर्‍यो । दोस्रो पटक भएको महाधिवेशनमा मार्क्स र एंगेल्सबाट घोषणापत्रको मस्यौदा तयार पार्न लगाई पार्टीका मूल सिद्धान्तहरूको व्याख्या र प्रकाशन गर्ने निधो गरियो । यसरी **‘कम्युनिष्ट पार्टीको घोषणापत्र’** को जन्म भयो । यो घोषणापत्र १८४८ मा फरवरी क्रान्तिभन्दा केही समयअघि पहिलो पल्ट प्रकाशित भयो र त्यसबेलादेखि सबैजसो युरोपेली भाषाहरूमा यसको अनुवाद निस्किसकेको छ ।

मार्क्सले **ड्युत्से-ब्रुसेलर-जाइटुङ्ग**[८] को प्रकाशनमा भाग लिनुभयो । यस पत्रिकाले पितृभूमिको पुलिस शासनको आशीर्वाद (Blessing) को निर्मम रूपमा पोल खोलिदियो । यसले गर्दा प्रशियाली सरकारले फेरि एकपल्ट मार्क्सलाई देश निकाला गराउन खोज्यो, तर सकेन । तर जब फरवरी क्रान्तिको नतिजास्वरूप ब्रसेल्समा पनि जनआन्दोलन भयो र बेल्जियममा आधारभूत हेरफेर आउने छाँट देखियो, अनि बेल्जियमेली सरकारले विनाकारण मार्क्सलाई पक्राउ गरेर देश निकाला गर्‍यो । यसैबीच फ्रान्सको अस्थायी सरकारले उहाँलाई फ्लोकन भएर पेरिस फर्कन अनुरोध गरेको थियो र उहाँले सो अनुरोधलाई स्वीकार्नुभयो ।

पेरिसमा छँदा मार्क्सले फ्रान्समा काम गरिरहेका जर्मन मजदुरहरूलाई सशस्त्र समूहमा संगठित गर्ने र त्यसलाई जर्मनी पठाएर क्रान्ति गरी गणतन्त्र स्थापना गर्ने भन्ने जर्मनहरूमाझ प्रचलित दोषपूर्ण प्रचारको विरोध गर्नुभयो । एकातिर, जर्मनीले आफ्नो क्रान्ति आफैले गर्नुपरेको थियो, अर्कोतिर अस्थायी सरकारका लेमर्टिनहरूले फ्रान्समा बन्ने प्रत्येक क्रान्तिकारी विदेशी समूहलाई शुरुदेखि नै विश्वासघात गरेर फाल्नुपर्ने सरकारलाई सघाएका थिए । यस्ता घटनाहरू बेल्जियम र वादेनमा घटिसकेका थिए ।


Rheinische Zeitung
Politik, Handel und Gewerbe.
Neue Rheinische Zeitung.
Organ der Demokratie.

राईनिश जाइटुङ्ग र न्यु राईनिश जाइटुङ्ग अखबार

### ❖ नयाँ राईनिश जाइटुङ्ग

मार्चको क्रान्तिपछि कोलोन जानु भई मार्क्सले **नयाँ राईनिश जाइटुङ्ग**[९] स्थापना गर्नुभयो । यो पत्रिका १ जुन १८४८ देखि १९ मई १८४९ सम्म चल्यो । यो त्यसबेलाको जनवादी आन्दोलनभित्र सर्वहारा दृष्टिकोणको प्रतिनिधित्व गर्ने एकमात्र अखबार थियो । यसले जुन १८४८ को पेरिस विद्रोहीहरूलाई पूरा समर्थन गर्‍यो, जसले गर्दा यसका सबै हिस्सेदारहरू यसबाट पन्छेर गए । राजा तथा राजप्रतिनिधिदेखि पुलिससम्मका सारा ‘पवित्र’

चीजमाथि हमला गर्नेमा **नयाँ राईनिश जाइटुङ्ग**ले त्यो पनि त्यसताका ८००० सैनिक भएको प्रशियाली किल्लामा रहेर जुन **'चिम्बोरेजो**[१०] जस्तै 'धृष्टता' गरेको भनी **क्रयुज जाइटुङ्ग**[११] ले लगाएको आरोप व्यर्थमा गयो। प्रतिक्रियावादी बन्न पुगेका राईन उदारपन्थी गवांरहरूको अखबारमाथिको रिस खेर गयो। सन् १८४८ को शरदमा लामो समयसम्म फौजी कानुन (मार्सल ल) ले अखबारलाई निलम्बन गरेको पनि सित्तैँमा गयो। पत्रिकाविरुद्ध कानूनी कारबाही चलाउन भनी जर्मनको मन्त्रालयले थुप्रै लेखहरूमा आपत्ति जनाउँदै कोलोनका सरकारी वकिललाई गरेको ताकिता पनि खेर गयो। पुलिसको नाकमुनि नै पत्रिकाको सम्पादन र मुद्रण शान्तपूर्वक हुँदै गयो। जति बढी त्यसले सरकार र पूँजीपतिवर्गमाथि तीव्र रूपमा हमला गऱ्यो त्यतिकै मात्रामा त्यसको वितरण र इज्जत बढेर गयो। नोभेम्बर १८४८ मा प्रशियाली फौजी विद्रोह हुँदा, **नयाँ राईनिश जाइटुङ्ग**ले आफ्नो प्रत्येक अङ्कको शिरानीमा कर नतिर्न र हिंसाको सामना हिंसाले गर्न जनतालाई आह्वान गऱ्यो। सन् १८४९ को बसन्तमा उक्त कारण र अर्को एउटा लेख छापिएको कारणले गर्दा त्यसमाथि मुद्दा चलाइयो, तर दुवै पटक त्यो दोषमुक्त रह्यो। आखिरमा ड्रेस्देन र राईन प्रान्तमा १८४९ को मई विद्रोहलाई दबाइसकेपछि र ठूलो सङ्ख्यामा फौजको एकत्रीकरण र सञ्चालन गरी बादेन-पेलेतिनेत विद्रोहको विरुद्ध प्रशियाली अभियान थालिसकेपछि **नयाँ राईनिश जाइटुङ्ग**लाई बल प्रयोगद्वारा दबाउन आफू बलियो भएको सरकारलाई विश्वास लाग्यो। रातो मसीले छापेको अन्तिम अङ्क १९ मई तारिखमा निस्क्यो।

### ८. मार्क्स लण्डनमा

मार्क्स फेरि पेरिस जानुभयो। तर १३ जुन १८४९ को प्रदर्शनको केही हप्तापछि, फ्रान्सेली सरकारले उहाँलाई आफ्नो बसाइ बिटानी प्रान्तमा सार्ने हो या फ्रान्स छाड्ने हो, दुईटामा एउटा रोज्ने आदेश दियो। उहाँले पछिल्लो रोज्नु भई लण्डन जानुभयो र त्यसबेलादेखि उहाँ अटुट रूपमा त्यहीं रहनुभएको छ।

सन् १८५० मा ह्यामबर्गबाट **नयाँ राईनिश जाइटुङ्ग**[१२] को समीक्षाको रूपमा प्रकाशन जारी राख्ने प्रयास गर्नुभयो। तर प्रतिक्रियावादीहरूको झन् झन् बढ्दो हिंसाले गर्दा केही समयपछि छाड्नु पऱ्यो। डिसेम्बर १८५१ मा फ्रान्समा फौजी विद्रोहपछि मार्क्सले *'लुई बोनापार्टको अठारौं ब्रुमेर'* छपाउनु भयो (न्यूयोर्कबाट १८५८ मा, दोस्रो संस्करण युद्धभन्दा केही पहिले ह्यामबर्गबाट १८६९ मा)। सन् १८५३ मा उहाँले *'कोलोन कम्युनिष्ट मुद्दाबारे तथ्यहरूको*



मार्क्स र एंगेल्सको प्रतिमा

*प्रकाशन'* लेख्नुभयो (पहिलो बास्लेमा, पछि बोस्टनमा र हालै फेरि लिप्जिगमा प्रकाशित)।

कोलोन कम्युनिष्ट लीगका सदस्यहरूमाथि अभियोग लागेपछि मार्क्स राजनैतिक आन्दोलनबाट अलग्गिनु भयो र उहाँ दश वर्षसम्म राजनैतिक अर्थशास्त्रको क्षेत्रमा ब्रिटिस म्युजियमको पुस्तकालयमा रहेको ठूलो भण्डारको अध्ययन गर्दै जानुभयो। साथै न्यूयोर्क ट्रिब्युनको लागि लेखहरू पनि लेख्दै जानुभयो। **न्यूयोर्क ट्रिब्युन**[१३] मा अमेरिकी गृहयुद्धको थालनीसम्म उहाँबाट पठाइएका लेखहरू मात्र होइन, युरोप तथा एसियाको स्थितिबारे उहाँका अग्रलेखहरू पनि छापिए। बेलायतको अधिकृत दस्तावेजहरूको पूरा अध्ययनको आधारमा उहाँले लर्ड पामर्स्टनको विरोधमा लेख्नुभएको लेखहरू लण्डनमा पुस्तिकाकारमा छापिए।

सन् १८५९ मा (बर्लिन, डुंकरमा) प्रकाशित *'राजनैतिक अर्थशास्त्रको आलोचना - एक प्रयास (भाग १)'* मा उहाँको धेरै वर्षदेखिको अर्थशास्त्रसम्बन्धी सिद्धान्तलगायत मूल्यसम्बन्धी मार्क्सवादी सिद्धान्तको पहिलो उपयुक्त (व्यवस्थित) व्याख्या गरिएको छ। **इटाली युद्ध**[१४] को बेलामा लण्डनबाट निस्कने जर्मन अखबार **'डास बोल्क'**[१५] मा उहाँले त्यसताका आफूलाई उदारपन्थी देखाउन खोज्ने र थिचिएका जातिहरूको मुक्तिदाताको स्वाँग रच्ने बोनापार्टवादमाथि र तटस्थताको निहुँमा आफ्नो दुनो सोझ्याउन खोज्ने तत्कालीन प्रशियाली नीतिको पनि चर्को आलोचना गर्नुभयो। यस सम्बन्धमा श्री कार्ल बोग्टको चर्को आलोचना गर्नु पनि आवश्यक पर्न गयो किनभने त्यसबेला उसले राजकुमार नेपोलियन (प्लोन प्लोन) को आदेशमा र लुई नेपोलियनको पैसा खाएर जर्मनीको तटस्थता र सहानुभूतिका लागि आन्दोलन चलाउँदै थियो। यसको जवाफमा बोग्टले अत्यधिक निन्दनीय र सरासर झूटा आरोपहरू लगाउँदा मार्क्सले *'श्री बोग्ट'* (लण्डन, १८६०) लेखेर त्यसको जवाफ दिनुभयो। उक्त पुस्तकमा बोग्ट र

साम्राज्यवादी गुटका अरू नक्कली प्रजातन्त्रवादीहरूको पोल खोलिएको थियो । साथै बाहिर तथा भित्री दुवै प्रमाणको आधारमा बोग्टले **डिसेम्बर साम्राज्य**[१६] बाट घुस खाएको कुरा प्रमाणित गरिदिएको थियो । दस वर्षपछि त्यसको पुष्टि पनि भयो, १८७० मा त्युलरीसमा भेट्टाइएको र सेप्टेम्बर सरकारद्वारा प्रकाशित बोनापार्टका भरौटेहरूको एक सूचीमा V (भी) अक्षरमुनि यस्तो लेखिएको थियो : 'बोग्ट– अगष्ट १८५९ मा उसलाई ४०००० फ्रैंक दिइयो ।'

**å युगान्तकारी कृति**

अन्तमा सन् १८६७ मा मार्क्सको महत्त्वपूर्ण कृति *'पूँजी, पूँजीवादी उत्पादनको आलोचनात्मक विश्लेषण'* (भाग १) ह्यामबर्गमा प्रकाशित भयो । यसमा उहाँको आर्थिक–सामाजिक विचारको आधारको व्याख्या गरिएको छ र विद्यमान समाज, पूँजीवादी उत्पादन प्रणाली र त्यसका परिणामबारे उहाँको आलोचनाका मुख्य मुख्य कुराहरू देखाइएका छन् । यस युगान्तकारी कृतिको दोस्रो संस्करण १८७२ मा प्रकाशित भयो । यसबेला उहाँ उक्त कृतिको दोस्रो भागको तयारीको लागि व्यस्त हुनुहुन्छ ।

यसैबीच युरोपका विभिन्न मुलुकहरूमा मजदुर आन्दोलन फेरि कतिसम्म बलियो भइसकेको थियो भने युरोप र अमेरिकाका अति विकसित मुलुकहरू समावेश गरी एउटा मजदुर संस्था स्थापना गर्ने मार्क्सको चीरआकांक्षा पूरा हुने सम्भावना देखापर्‍यो । यस्तो संस्था जसले सर्वहारा वर्गलाई प्रोत्साहित र संगठित गर्नका लागि, त्यसका शत्रुहरूको मुटु थर्कमान पार्नका लागि स्वयं मजदुरहरू र पूँजीपति वर्ग तथा सरकारहरूलाई समाजवादी आन्दोलनको अन्तर्राष्ट्रिय चरित्र देखाइदिनेछ । हालै फेरि रुसको थिचोमिचोमा परेको पोल्याण्डको पक्षमा २८ सेप्टेम्बर १८६४ मा लण्डनको सेन्ट मार्टिन हलमा भएको जनसभामा मजदुर संस्था खोल्ने प्रस्ताव राखियो र त्यसलाई बडो उत्साहका साथ समर्थन गरियो । **अन्तर्राष्ट्रिय मजदुर संघ**[१७] (इन्टरनेसनल) स्थापना भयो, उक्त सभामा अस्थायी साधारण सभाको निर्वाचन भयो र त्यसको कार्यालय लण्डनमा रहने भयो । मार्क्स यस सभा र **हेग महाधिवेशन**[१८] सम्म बनेका सबै साधारण सभाहरूको आत्मा हुनुहुन्थ्यो । १८६४ को उद्घाटन भाषणदेखि *'फ्रान्समा गृहयुद्धबारे सम्बोधन'* १८७१ सम्मका इन्टरनेसनलको साधारण सभाले प्रकाशित गरेका सम्पूर्ण दस्तावेजहरू उहाँले नै तयार पार्नुभएको थियो । इन्टरनेसनलमा मार्क्सको क्रियाकलापको वर्णन गर्नु नै यस संस्थाको इतिहासको वर्णन हो र यो युरोपेली मजदुरहरूको सम्झनामा अझै जिउँदै छ ।

**å इन्टरनेसनल**

पेरिस कम्युनको पतनले इन्टरनेसनललाई असम्भव स्थितिमा पुर्‍याइदियो, युरोपको इतिहासको यस्तो समय अगाडि ल्याइदियो जब सबैतिर सफल व्यवहारिक कार्य गर्ने सारा सम्भावनाबाट वञ्चित भइसकेको थियो । जुन घटनाहरूले यसलाई **सातौं महाशक्ति**[१९] को रूपमा उभ्याएका थिए तिनै घटनाहरूले यसलाई यसका लडाकु शक्तिहरू संगठित गरी सडकमा उत्रन नहुने स्थितिमा पुर्‍याइदिए किनभने यसो गर्दा अनिवार्य रूपमा हार्ने र दशौं वर्षसम्म मजदुर आन्दोलन पछि धकेलिने खतरा थियो । यसबाहेक विभिन्न दिशाबाट त्यस्ता तत्वहरू अघि सरिरहेका थिए जसले इन्टरनेसनलको वास्तविक स्थिति नबुझिकन वा त्यसलाई बेवास्ता गरेर आफ्नो अहंकार वा व्यक्तिगत स्वार्थ पूरा गर्नका लागि इन्टरनेसनलको एक्कासी बढ्दो प्रतिष्ठाबाट फाइदा उठाउन खोजे । एउटा साहसिलो निर्णय लिनु परेको थियो र फेरि मार्क्सले नै यस्तो निर्णय हेग महाधिवेशनमा पारित गराउनु भयो । एउटा गम्भीर प्रस्ताव पास गरेर इन्टरनेसनलले विवेकशून्य तथा खराब तत्वहरूको केन्द्र बनेका बाकुनिनवादीहरूको काम कारबाहीमा आफू जिम्मेवार नभएको घोषणा गर्‍यो । यस्तो बलिदान नदिएमा आमविरोधीको कारण मजदुर आन्दोलन नै समाप्त हुन सक्छ र इन्टरनेसनलसँग गरिएका बढ्दो मागहरू पूरा गर्न र आफ्नो शक्ति यथावत राख्न असम्भव छ । यस वस्तुस्थितिलाई ध्यानमा राखेर इन्टरनेसनलले साधारण सभालाई अमेरिकामा सार्‍यो र केही समयको लागि रंगमञ्चबाट हट्यो । त्यसबेलामा र त्यसबेलादेखि यस निर्णयलाई अक्सर निन्दा गरिए पनि सो निर्णय कति सही थियो भन्ने कुरा परिणामहरूले प्रमाणित गरेका छन् । एकातिर यस निर्णयले गर्दा इन्टरनेसनलको नाउँमा निरर्थक दुस्साहसिक कार्य (Putsh) गर्ने सारा प्रयास रोकिन गयो । अर्कोतिर विभिन्न मुलुकका समाजवादी मजदुर पार्टीहरूबीचको अटुट घनिष्ठ सम्बन्धले के प्रमाणित गरेको छ भने इन्टरनेसनलले सबै मुलुकका सर्वहारा वर्गका हितहरूको मेल र एकताबारे जुन चेतना जगाएको थियो त्यसले, त्यसबेला तगारो बनिसकेको औपचारिक अन्तर्राष्ट्रिय संस्था नभए पनि आफूलाई स्थापित गर्नसक्छ ।

आखिरमा हेग महाधिवेशनपछि मार्क्सले आफ्नो सैद्धान्तिक कार्य फेरि चालू गर्न शान्ति र फुर्सद पाउनुभयो । उहाँले चाँडै नै पूँजीको दोस्रो भाग प्रकाशनको निम्ति तयार पार्नुहुने आशा छ ।

धेरै महत्त्वपूर्ण खोजहरू गरेर मार्क्सले आफ्नो नाउँ विज्ञानको इतिहासमा अंकित गर्नुभएको छ र तीमध्ये यहाँ दुईटाको मात्र चर्चा गरिन्छ ।

### ८. इतिहाससम्बन्धी धारणा

पहिलो हो, विश्व इतिहाससम्बन्धी सम्पूर्ण धारणामा उहाँले ल्याउनु भएको क्रान्ति। इतिहाससम्बन्धी पहिलेको सम्पूर्ण दृष्टिकोण के धारणामा आधारित थियो भने सबै ऐतिहासिक परिवर्तनहरूको प्रमुख कारण मानिसहरूको बदलिंदो विचारमा पाइन्छ र सबै ऐतिहासिक परिवर्तनहरूमा सबभन्दा महत्त्वपूर्ण राजनैतिक परिवर्तन नै हो र सम्पूर्ण इतिहासमा त्यस्को महत्त्वपूर्ण स्थान छ। तर, मानिसको मनमा विचारहरू कहाँबाट आउँछन् र राजनैतिक परिवर्तनका प्रेरक कारणहरू के हुन् भन्ने प्रश्न उठाइन्नथ्यो। नयाँ मतका फ्रान्सेली इतिहासकार र आंशिक रूपले अंग्रेजी इतिहासकारहरूमा मात्र के विश्वास पर्न गएको थियो भने कमसेकम मध्यकालीन युगमा सामाजिक र राजनैतिक प्रभुत्वका लागि सामन्ती कुलीनतन्त्रको विरुद्ध चलाइएको विकासशील पूँजीपति वर्गको संघर्ष युरोपको इतिहासको प्रेरक शक्ति रहेको छ। मार्क्सले के प्रमाणित गर्नु भएको छ भने आजसम्मको सम्पूर्ण इतिहास वर्गसंघर्षको इतिहास हो र सबै विभिन्न रूप तथा जटिल राजनैतिक संघर्षहरूको आधारमा मात्र सामाजिक वर्गहरूको सामाजिक तथा राजनैतिक शासनको समस्या, पुराना वर्गहरूद्वारा प्रभुत्व रक्षाको र नवोदित वर्गहरूद्वारा प्रभुत्व प्राप्तिको समस्या हो। तर उक्त वर्गहरूको उत्पत्ति र अस्तित्वमा रहनाको कारण के हो ? उक्त कारण त्यस्ता खास भौतिक र इन्द्रियग्राह्य अवस्थाहरू हुन्, जसभित्र रहेर कुनै खास अवधिमा समाजले आफ्नो जीविकाका साधनहरूको उत्पादन र विनिमय गर्छ। मध्यकालीन युगको सामन्ती शासन स-साना किसान समुदायको आत्मनिर्भर अर्थतन्त्रमाथि आधारित थियो। ती समुदायहरू आफूलाई चाहिने सबैजसो चीज आफै बनाउँथे, त्यहाँ प्रायःगरी विनिमय हुँदैनथ्यो र यिनीहरूलाई शस्त्रधारी सामन्तवर्गले विदेशीहरूबाट सुरक्षा र राष्ट्रिय वा कमसेकम राजनैतिक एकता प्रदान गरेको थियो। सहरहरूको उदय भएपछि र त्यसको सँगसँगै एउटा छुट्टै कालीगढ उद्योग र पहिले आन्तरिक र पछि अन्तर्राष्ट्रिय स्तरमा व्यापार सम्बन्ध भएपछि, सहरी पूँजीपति वर्गको विकास भयो। यस वर्गले मध्यकालीन युगमा नै सामन्त वर्गसित संघर्ष गरेर सामन्ती व्यवस्थाभित्र एउटा विशेषाधिकार प्राप्त वर्गको स्थान लियो। तर युरोपभन्दा बाहिरको संसार पत्ता लागेपछि, पन्ध्रौं शताब्दीको मध्यदेखि यस पूँजीपति वर्गले निकै बढी विस्तृत व्यापार क्षेत्र र साथै आफ्नो उद्योगको निम्ति नयाँ प्रेरणा प्राप्त गर्‍यो। अत्यधिक महत्त्वपूर्ण शाखाहरूमा कालीगढको ठाउँ कारखानाले लियो र फेरि त्यसको ठाउँ विशाल उद्योगले लियो। विशाल उद्योग विगत शताब्दीका आविष्कारहरू, खास गरेर वाष्पचालित इन्जिनको आविष्कारले गर्दा सम्भव भएको थियो। फेरि विशाल उद्योगले पछौटे मुलुकहरूमा पुरानो शारीरिक श्रमलाई बन्द गरायो र विकसित मुलुकहरूमा वाष्पचालित जहाज, रेलमार्ग, विद्युत तार आदि आजका नयाँ नयाँ सञ्चार साधनहरू सिर्जना गरेर व्यापारमाथि प्रभाव पार्‍यो। यसरी पूँजीपति वर्गले झन् झन् बढी सामाजिक धन र सामाजिक शक्तिलाई आफ्नो हातमा जम्मा पार्‍यो, तर सामन्तवर्ग र त्यसद्वारा समर्थित राजतन्त्रको हातमा राजनैतिक सत्ता रहेकाले पूँजीपति वर्ग लामो समयसम्म सत्ताबाट अलग रहन गयो। विकासको निश्चित चरणमा गएर फ्रान्समा महान् क्रान्तिको बेलादेखि पूँजीपति वर्गले राजनैतिक सत्ता पनि खोसेर लियो र अब यो वर्ग सर्वहारा वर्ग र स-साना किसानहरूमाथि शासन गर्ने वर्ग बन्यो। यस दृष्टिकोणबाट हेर्ने हो भने समाजको खास आर्थिक स्थितिबारे पर्याप्त ज्ञानको मद्दतबाट – यस्तो ज्ञान हाम्रो पेशागत इतिहासकारहरूमा एकदमै अभाव छ, सबै ऐतिहासिक घटनाहरूलाई सार्है साधारण ढङ्गबाट व्याख्या गर्न सकिन्छ र त्यसरी नै जीवनको आर्थिक अवस्थाबाट र सो अवस्थाद्वारा निर्धारित हुने सामाजिक तथा राजनैतिक सम्बन्धबाट प्रत्येक ऐतिहासिक कालका विचार र धारणाहरूलाई अत्यधिक साधारण ढङ्गबाट व्याख्या गर्न सकिन्छ। पहिलो पल्ट इतिहासलाई त्यसको सच्चा आधारमा उभ्याइयो र प्रभुत्वको निम्ति लड्न, राजनीतिक, धर्म, दर्शन आदिमा लाग्न सक्नुभन्दा पहिले मानिसले खाना, कपडा र बस्ने ठाउँ पाउनुपर्छ र त्यसको लागि काम गर्नैपर्छ भन्ने स्पष्ट तर पहिले बेवास्ता गरिएको तथ्यलाई आखिरमा त्यसको ऐतिहासिक हक प्राप्त भयो।

तर इतिहाससम्बन्धी यो नौलो धारणा समाजवादी दृष्टिकोणका लागि अति नै महत्त्वको थियो। यसले के देखायो भने पहिलेको सम्पूर्ण इतिहास वर्गीय विरोध र वर्ग संघर्षमा अघि बढेको छ, शासक र शासित, शोषक र शोषित वर्गहरू हमेसा रहेका छन् र मानव जातिको बहुसङ्ख्यक हिस्साले सदा चर्को मेहनत र दुःखको जीवन बिताउनु परेको छ। यो किन भयो ? यसको कारण के भने मानव जातिको विकासका पहिलेका सबै चरणहरूमा उत्पादन यति कम विकसित थियो कि ऐतिहासिक विकास अन्तर्विरोधको रूपमा मात्र अघि बढ्न सक्थ्यो, समग्र रूपमा ऐतिहासिक प्रगतिलाई विशेषाधिकार प्राप्त अल्पसङ्ख्यकको कार्यको विषय ठानिन्थ्यो र बहुसङ्ख्यक जनताले आफ्नो मेहनतबाट आफ्नो निम्ति जीविकाको थोरै साधन तर विशेषाधिकार प्राप्त वर्गको निम्ति झन् झन् बढी साधन पैदा गर्नुपर्थ्यो। इतिहासको यस अनुसन्धानले, पहिले जुन वर्ग शासनलाई मानिसको दुष्ट्याइँबाट

मात्र व्याख्या गरिन्थ्यो त्यसको एउटा स्वाभाविक र न्यायसंगत व्याख्या प्रस्तुत गऱ्यो। फेरि यसले के कुरा पनि सिद्ध गरेको छ भने वर्तमान समयमा उत्पादक शक्तिहरूको अति चर्को विकासको कारण, कमसेकम अत्यधिक उन्नत मुलुकहरूमा मानव जाति शासक र शासित, शोषक र शोषितमा विभाजित रहन पर्ने आखिरी बहाना पनि बिलाइसकेको छ, शासन गर्ने ठूलो पूँजीपति वर्गले आफ्नो ऐतिहासिक अभिभारा पूरा गरिसकेको छ, अब त्यो समाजको नेतृत्व गर्न असमर्थ छ र उत्पादनको विकासको निम्ति तगारोसमेत बनेको छ र यस कुरालाई व्यापार सङ्कट र खास गरी विगतको **ठूलो सङ्कट**[२०] र सबै मुलुकमा उद्योगको खराब अवस्थाले प्रमाणित गरेका छन्; ऐतिहासिक नेतृत्व सर्वहारावर्गको हातमा, त्यस्तो वर्गको हातमा गइसकेको छ जसले समाजमा आफ्नो स्थितिको कारणले गर्दा सारा वर्ग शासन, सारा दासत्व र सारा शोषणलाई सखाप पारेर मात्र आफूलाई मुक्त पार्न सक्नेछ; पूँजीपति वर्गबाट नियन्त्रण हुन नसक्ने गरी बढेका सामाजिक उत्पादक शक्तिहरू संगठित सर्वहारा वर्गले हातमा लेउन् र यस्तो व्यवस्था स्थापना गरुन् भन्ने प्रतीक्षामा छन्, जुन व्यवस्थामा समाजको प्रत्येक सदस्यले उत्पादनमा मात्र होइन सामाजिक धनको वितरण र योजनामा पनि भाग लिन सक्नेछ र जुन व्यवस्थाले सम्पूर्ण उत्पादनको योजनावद्ध सञ्चालन गरी सामाजिक उत्पादक शक्तिहरू र तिनको उत्पादनलाई कतिसम्म बढाउनेछ भने प्रत्येक व्यक्तिका सबै उचित खाँचोहरू झन् झन् बढी मात्रामा पूरा हुनेछन्।

**ð पूँजी र श्रमबीचको सम्बन्ध**

मार्क्सको दोस्रो महत्त्वपूर्ण आविष्कार के हो भने उहाँले पूँजी र श्रमबीचको सम्बन्धलाई अन्तिम रूपमा व्याख्या गर्नुभएको छ अर्थात वर्तमान समाजभित्र र विद्यमान पूँजीवादी उत्पादन प्रणाली अन्तर्गत पूँजीपतिबाट मजदुरको शोषण कसरी हुन्छ भन्ने कुरा देखाउनुभएको छ। श्रम नै सारा धन र सारा मूल्यको स्रोत हो भन्ने सिद्धान्तलाई जब राजनैतिक अर्थशास्त्रले प्रस्तुत गऱ्यो त्यस बेलादेखि अनिवार्य रूपमा निम्न प्रश्न उठेको छ, ज्यालादारी मजदुरले आफूद्वारा सिर्जित मूल्यको पूरा हिसाब पाउँदैन, बरु उसले त्यसको एक हिस्सा पूँजीपतिलाई सुम्पनु पर्छ, यस तथ्यसित माथिका कुरालाई कसरी मिलाउन सकिन्छ ? पूँजीवादी अर्थशास्त्री र समाजवादीहरूले यस प्रश्नको वैज्ञानिक रूपले सही जवाफ दिन निकै प्रयास गरे, तर सकेनन्। आखिरमा मार्क्सले त्यसको जवाफ प्रस्तुत गर्नुभयो। जवाफ यस प्रकारको छ, वर्तमान पूँजीवादी उत्पादन प्रणालीमा दुईटा सामाजिक वर्गहरू हुनु आवश्यक छन्– एउटा हो पूँजीपति वर्ग जो उत्पादन जीविकाका साधनहरूको मालिक हुन्छ र अर्को हो सर्वहारा वर्ग जोसित उक्त साधनहरू हुँदैन र बेच्नका लागि एउटै मात्र वस्तु श्रम शक्ति हुन्छ। त्यसैले उसले जीविकाको साधन पाउनका लागि आफ्नो श्रम शक्ति बेच्नु पर्छ। तर कुनै वस्तुको मूल्य त्यसको उत्पादनमा र त्यसको पुनरुत्पादनमा लाग्ने सामाजिक दृष्टिले आवश्यक श्रमको परिमाणद्वारा निर्धारित हुन्छ। तसर्थ एक दिन, महिना वा वर्षभरिमा एकजना सरदर मानिसको श्रम शक्तिको मूल्य एक दिन, महिना वा वर्षभरिका लागि उक्त श्रम शक्तिको निम्ति चाहिने जीविकाको साधनमा लागेको श्रमको परिमाणद्वारा निर्धारित हुन्छ। उदाहरणको लागि एक दिनको लागि एकजना मजदुरको जीविकाको साधन उत्पादन गर्न ६ घण्टाको श्रम चाहिन्छ अर्थात त्यसको निम्ति लागेको श्रमले ६ घण्टाको श्रमको प्रतिनिधित्व गर्छ। अनि एक दिनको श्रम शक्तिको मूल्य ६ घण्टाको श्रमको प्रतिनिधित्व गर्ने मुद्रामा परिणत हुनेछ। फेरि मजदुरलाई काममा लगाउने पूँजीपतिले उसलाई उसको श्रम शक्तिको पूरा मूल्य दिंदैन। अब मजदुरले पूँजीपतिको लागि ६ घण्टा काम गरिदिएपछि उसले ६ घण्टाको श्रम पाएको बदलामा ६ घण्टाको श्रम दिइसकेको हुन्छ। तब त पूँजीपतिको लागि केही पनि बाँकी रहँदैन र त्यसैले यो प्रश्न पूँजीपतिले भिन्नै दृष्टिले हेर्छ। उसले भन्छ, मैले त ६ घण्टाको लागि होइन पूरै दिनको लागि मजदुरको श्रम शक्ति किनेको छु, र त्यही बमोजिम उसले जस्तोसुकै अवस्थामा पनि मजदुरलाई ८, १०, १२, १४ वा अझ बढी घण्टा काम गर्न लगाउँछ। त्यसैले सातौं, आठौं र अन्य घण्टाहरूको उपज मुफ्त श्रमको उपज हो जुन पूँजीपतिको गोजीमा जान्छ। यसरी पूँजीपतिको लागि गर्ने मजदुरले आफूले ज्यालामा लिएको श्रम शक्तिको मूल्यमात्र पुनः उत्पादन गर्दैन, बरु त्योभन्दा बढी अतिरिक्त मूल्य पनि पैदा गर्छ। यस अतिरिक्त मूल्यलाई पहिले पूँजीपतिले लिन्छ र पछि निश्चित आर्थिक नियमअनुसार पूरै पूँजीपति वर्गकै बीचमा बाँडफाँट गरिन्छ। यो नै त्यस्तो आधारभूत भण्डार हो जसबाट भूमि कर लगाउन, नाफा, पूँजीको सञ्चय, सारांशमा गैर ज्यामी वर्गहरूले उपभोग वा सञ्चय गर्ने सारा धन उत्पन्न हुन्छ। तर यसबाट के प्रमाणित हुन्छ भने आजका पूँजीपतिहरूले त्यसरी नै अरूहरूको मुफ्त श्रमको शोषणबाट धन प्राप्त गर्छन्, जसरी दास मालिक वा सामन्तहरू अरूहरूको श्रमको शोषणबाट धन प्राप्त गर्थे र शोषणका यी सबै रूपहरू मुफ्त श्रम हडप्ने ढङ्ग र तरीकामा भिन्नताले गर्दा मात्र फरक रहेका छन्। तर वर्तमान समाज व्यवस्थामा अधिकार र न्याय, अधिकार र कर्तव्यको समानता, हितहरूको सामान्य मेल छन्

भनी सम्पन्न वर्गहरूबाट गरिएका सारा धोखापूर्ण प्रचारको आखिरी आधारलाई पनि यसले हटाइदिएको छ र पहिलेका समाजहरू भैं वर्तमान पूँजीवादी समाज पनि सानो, अति कम सङ्ख्याद्वारा विशाल बहुसङ्ख्यक जनताको शोषणको लागि एउटा ठूलो संस्थामात्र हो भन्ने कुरा यसले देखाएको छ।

आधुनिक वैज्ञानिक समाजवाद माथिका दुई महत्त्वपूर्ण तथ्यहरूमा आधारित छ। पूँजीको दोस्रो भागमा पूँजीवादी समाज व्यवस्थासित सम्बन्धित यी र यस्तै अन्य महत्त्वपूर्ण वैज्ञानिक आविष्कारहरूको अझ विकास गरिने छ र पहिलो भागमा चर्चा नगरिएका राजनैतिक अर्थशास्त्रका अन्य पक्षहरूमा पनि क्रान्तिकारी परिवर्तन हुनेछ। मार्क्सले यो भाग छाप्नका लागि चाँडो तयार पार्न सकून् भन्ने कामना गर्दछु।

*(जुन १८७७ मा लिखित)*

## पाद टिपोट

१) **राइनिश जाइटुङ्ग -** सन् १८४२ जनवरी १ देखि १८४३ मार्च ३१ सम्म कोलोनबाट प्रकाशित दैनिक पत्रिका। यसको स्थापना राइन प्रान्तका प्रशियाई निरपेक्षवाद विरोधी पूँजीवादी सदस्यहरूले गरेका थिए। १८४२ अप्रिलमा मार्क्स यसको योगदानकर्ता बन्नुभयो र त्यही वर्ष अक्टोबरमा उहाँ प्रधान सम्पादक बन्नुभयो। उहाँको सम्पादकत्वमा यसको क्रान्तिकारी तथा जनवादी चरित्र फस्टाउन सक्यो। सरकारले यो पत्रिकामाथि विशेष कडा सेन्सरसीप लागू गर्‍यो र अन्ततः बन्द गराइछोड्यो।

२) राइनिश जाइटुङ्गको पहिलो निरीक्षक (सेन्सर) पुलिस काउन्सिलर दोल्लेसल थियो।

३) **प्रादेशिक प्रतिनिधि** प्रशियामा केन्द्रीय सरकारको क्षेत्रीय प्रतिनिधि।

४) **जर्मन-फ्रेन्च वार्षिक पत्र-** कार्ल मार्क्स र अर्नोल्ड रुजद्वारा सम्पादित जर्मन प्रकाशन। वास्तवमा यो पत्रिकाको एउटै अङ्क फेब्रुअरी १८४८ मा प्रकाशित हुनसक्यो। मार्क्सको 'कानुन सम्बन्धी हेगेलीय दर्शनको आलोचना' लगायत मार्क्स र एंगेल्स लिखित अन्य निबन्धहरू पनि यसमा छापिए जो सम्पादकहरूको भौतिकवादी तथा साम्यवादी दृष्टिकोणको परिचायक थियो।

५) प्रशिया सरकारको दबाबमा फ्रेन्च सरकारले मार्क्स तथा **'भर्वार्त्स'** (अगाडि बढ) का अन्य योगदानकर्ताहरूलाई निकाला गर्ने आदेश दिएको थियो जसको संकेत एंगेल्सले यहाँ गर्नुभएको छ।

६) **जर्मन मजदुर संगठन**को स्थापना मार्क्स र एंगेल्सद्वारा सन् १८४७ अगष्टको अन्तमा गर्नु भएको थियो। बेल्जियममा रहने कामदारहरूलाई राजनैतिक शिक्षा दिने र वैज्ञानिक समाजवादको प्रचार गर्ने यसको उद्देश्य थियो।

७) **कम्युनिष्ट लीग** क्रान्तिकारी सर्वहाराको प्रथम अन्तर्राष्ट्रिय संगठन थियो। लण्डनमा १८४७ को गृष्ममा भएको सर्वहारा क्रान्तिकारी संगठनहरूका प्रतिनिधिहरूको अधिवेशनमा यसको स्थापना भएको थियो। यसको संगठन र निर्देशन मार्क्स र एंगेल्सले गर्नुहुन्थ्यो र यसैको निर्देशनमा उहाँहरूले यसको कार्यक्रम **कम्युनिष्ट पार्टीको घोषणापत्र** लेख्नुभयो। यो लीग १८५२ सम्म अस्तित्वमा रहयो। पछि यसका अग्रणी सदस्यहरूले प्रथम अन्तर्राष्ट्रियमा अग्रणी भूमिका खेले। हेर्नुहोस् एंगेल्सको **'कम्युनिष्ट लीगको इतिहासबारे'** (कार्ल मार्क्स र फ्रेडरिक एंगेल्स, चुनिएका कृतिहरू विदेशी भाषा प्रकाशन गृह, मास्को, १९५१ भाग २, पेज ३०६-२३)।

८) **ड्युत्से-ब्रुसेलर-जाइटुङ्ग** मूलतः यसका निर्देशक नीतिहरूलाई यसका प्रकाशक तथा सम्पादक रुडल्बर्ट बन बर्नस्टिडले निश्चित गरेका थिए। उनी निम्न पूँजीपति थिए र उग्रवादी तथा जनवादी पार्टीहरूबीचका विभिन्न धाराहरूलाई मेलमिलापमा ल्याउने कुरा गर्थे। पछि मार्क्स, एंगेल्स र उहाँहरूका सहयोद्धाहरूको प्रभावमा यो पत्रिका सन् १८४७ को गृष्मदेखि क्रान्तिकारी जनवादी तथा साम्यवादी विचारहरूको मुखपत्र बन्न थाल्यो। सन् १८४७ सेप्टेम्बरदेखि मार्क्स र एंगेल्स यसका नियमित योगदानकर्ता बन्नुभयो र सम्पादकीय नीतिमा गहिरो प्रभाव राख्नुहुन्थ्यो। सन् १८४७ को अन्तिम महिनाहरूमा यो पत्रिका पूर्णतः उहाँहरूबाट निर्देशित भयो र कम्युनिष्ट लीगको मुखपत्र बन्यो।

९) **नयाँ राइन समाचार** - १८४८ जुन १ देखि १८४९ मे १९ सम्म कोलोनबाट निस्कने दैनिक। यो जनवादी आन्दोलनको सर्वहारा पक्षको जुझारु पत्रिका थियो। मार्क्स यसको प्रधान सम्पादक हुनुहुन्थ्यो। मार्क्स र एंगेल्सले यसको लागि कैयौं रचनाहरू लेख्नुभयो। यी लेखहरूबाट जर्मनी र युरोपको क्रान्तिको प्रमुख समस्याहरूबारे यो पत्रिकाको धारणा स्पष्ट पारिएको थियो। जर्मन क्रान्तिको असफलतापछि यसको प्रकाशन बन्द भयो। लेनिनले भन्नुभएको छ - नयाँ राइन समाचार 'आजसम्म पनि क्रान्तिकारी सर्वहाराको सर्वोत्तम तथा जगमगाउँदो मुखपत्र बनिरहेको छ।' *(लेनिन, विदेशी भाषा छापाखाना, पेकिङ १९४७, पेज ९०)*

१०) **चिम्बोरेजो -** दक्षिण अमेरिकाको एण्डिज पर्वतमालाको एउटा शिखर।

११) **क्रयुज-जाइटुङ्ग** (गजेट अफ द क्रस) - जर्मन दैनिक, नयाँ प्रशियाई समाचारको लागि प्रयोग गरिने नाउँ। किनकि यसको शीर्ष भागमा क्रस (✠) छापिएको हुन्थ्यो जो सैनिक शाही लैण्डवैयरको निशानासूचक थियो। सन् १८४८ जुनदेखि बर्लिनबाट प्रकाशित हुन थालेको यो पत्रिका प्रतिक्रान्तिकारी दरबारी गुट र प्रशियाई जमिनदारहरूको मुखपत्र थियो।

१२) **नयाँ राइनिश जाइटुङ्ग** - राजनैतिक र आर्थिक समीक्षा सन् १८४८ को आखिरीमा मार्क्स र एंगेल्सद्वारा योजना गरिएको र १८५० मा प्रकाशित पत्रिका। यो कम्युनिष्ट लीगको सैद्धान्तिक तथा राजनैतिक मुखपत्र थियो। यसले १८४८-४९ को क्रान्तिकालमा मार्क्स र एंगेल्सद्वारा प्रकाशित नयाँ राइनिश

जाइटुङ्गको कामलाई चालू राख्यो । मार्चदेखि नोभेम्बरसम्म जम्मा ६ अङ्क निस्क्यो । धेरैजसो लेखहरू मार्क्स र एंगेल्सले लेख्नुभयो । मार्क्सको **'फ्रान्समा वर्गसंघर्ष, १८४७-१८५०'** र एंगेल्सको **'जर्मनीमा साम्राजी संविधानको लागि अभियान'** र **'जर्मनीमा किसान युद्ध'** समावेश छन् । उक्त लेखहरूले १८४८-४९ को क्रान्तिकारी सार निकालेर क्रान्तिकारी सर्वहारा पार्टीको सिद्धान्त र कार्यनीतिको अरू व्याख्या गरेको छ ।

१३) **न्यूयोर्क डेली ट्रिब्युन** - सन् १८४१ देखि १९२४ सम्म प्रकाशित एउटा अमेरिकी अखबार । अगष्ट १८५१ देखि मार्च १८६२ सम्म मार्क्सले त्यसमा लेखहरू छपाउनु भयो । मार्क्सको अनुरोधमा एंगेल्सले धेरै लेख लेख्नुभयो ।

१४) १८५० को अष्ट्रिया - इटाली युद्ध ।

१५) **डास बोल्क** (जनता) - मई र अगष्ट १८५९ को बीचमा लण्डनमा निस्केको जर्मन भाषाको साप्ताहिक । यो जर्मन मजदुरहरूको लण्डन कम्युनिष्ट शिक्षण समाजको औपचारिक मुखपत्र थियो । दोस्रो अङ्कदेखि मार्क्स घनिष्ट सहयोगी हुनुभयो र चाँडै नै वास्तविक सम्पादक बन्नुभयो ।

१६) सन् १८५२-७० मा स्थापना भएको फ्रान्सको दोस्रो साम्राज्यतिर संकेत गरिएको हो । साम्राज्य लुइस बोनापार्ट ( नेपोलियन तृतीय) को नेतृत्वमा २ डिसेम्बर १८५२ मा स्थापना भएको थियो ।

१७) सन् १८६४ को शरदमा लण्डनमा मार्क्सले पहिलो इन्टरनेसनलको रूपमा सुविख्यात **अन्तर्राष्ट्रिय मजदुर संघ** बनाउनुभयो । मार्क्स र एंगेल्सको नेतृत्वमा त्यसले विभिन्न देशका मजदुरहरूको आर्थिक तथा राजनैतिक संघर्षलाई निर्देशन दियो, प्रुधोंवाद, लासालवाद, मजदुर संघवाद र अन्य मार्क्सवादविरोधी विचारधाराहरूको विरुद्ध संघर्ष गर्‍यो र मजदुरहरूको अन्तर्राष्ट्रिय एकतालाई बलियो पार्‍यो । सन् १८७२ मा भएको पहिलो इन्टरनेसनलको हेग महाधिवेशनपछि व्यवहारिक दृष्टिले यसको अस्तित्व खत्तम भयो र १८७६ मा त्यसले आफू विघटित भएको घोषणा गर्‍यो । पहिलो इन्टरनेसनलको ऐतिहासिक महत्त्व, लेनिनले भन्नु भए अनुसार 'त्यसले पूँजीमाथि मजदुरहरूको क्रान्तिकारी हमलाको तयारी गर्न उनीहरूको अन्तर्राष्ट्रिय संगठनको जग बसाल्यो ।'

१८) अन्तर्राष्ट्रिय मजदुर संघको **हेग महाधिवेशन** १८७२ को सेप्टेम्बर २ र ७ को बीचमा भएको थियो । पहिले भएका महाधिवेशनहरूको दाँजोमा यसमा सबभन्दा व्यापक प्रतिनिधित्व थियो । त्यसमा भाग लिने २५ राष्ट्रिय संगठनहरूका ६५ जना प्रतिनिधिहरूमा मार्क्स र एंगेल्स पनि हुनुहुन्थ्यो र उहाँहरूले त्यसको सारा कामको सञ्चालन गर्नुभयो । मार्क्स, एंगेल्स र उहाँहरूका सहयोद्धाहरूले मजदुर आन्दोलनभित्र विभिन्न खालका निम्न पूँजीवादी संकीर्णतावादको विरुद्ध धेरै वर्षदेखि जुन संघर्ष चलाएका थिए सो संघर्ष यस महाधिवेशनमा आएर टुङ्गियो । त्यसले अराजकतावादीहरूको फूटपरस्त कार्यहरूलाई निन्दा गरी त्यसका नेताहरूलाई अन्तर्राष्ट्रियबाट निकाल्यो । हेग महाधिवेशनका फैसलाहरूले गर्दा कतिपय देशहरूमा मजदुर वर्गका स्वतन्त्र राजनीतिक पार्टीहरूको स्थापनाको लागि बाटो खुलस्त भयो ।

१९) उन्नाइसौं शताब्दीमा ६ युरोपेली शक्तिहरू भनिने रुस, जर्मनी, अष्ट्रिया, बेलायत, फ्रान्स र इटाली हुन् ।

२०) युरोप र अमेरिकाका पूँजीवादी देशहरूमा फैलिएको १८७३ को तीव्र तथा गम्भीर आर्थिक संकटतर्फ यहाँ संकेत गरिएको छ ।

*(भक्तपुर नगरपलिकाद्वारा प्रकाशित 'हाम्रो प्रयास' पुस्तकबाट)*
*å चिन्ह अंकित उपशीर्षक हामीले दिएको ।*



जगतसुन्दर मल्लया
ईसपं दयकातगु
बाखँ

## सल व गुँफा

गुबलें न्हापइगु काले छम्ह सल ल तोने त पुखुली वन । अन व सलं गुँफा छम्ह पुखु सिथे चोंगु भेते चोना पुखुलि चोंगु ल बुलुका चोंगु खन । सल हीं हीं हाला गुँफा घों घों हाला ल्वाएत अपिं तयार जुल । सल व गुँफा इगु धवा खना मग्यागु जुसा अपिं निम्हं ल्वाहे ल्वाइगु ख । अंते व सलं छम्ह मनु यागु ग्वाहार फोंवन । व मनुष्यं कल्यान् दएका व सलेत नका, धनुष् जोना, व सल गया, अपिं निम्हं वन । थअके मनुगएका थअ थाए व सल वगु खना, ग्याना, व गुँफा बिसें वन । व सलं वइत लिलाकल, अले व मनुं वइत सीका कएका बिल । आ ग्याएमागु कारण् छुं दुगु मखुत, छाए धासा व सलया सत्रु साधन् जुइ धुंकल, अकिं व सलं न्हापा इथें तुं स्वाधीनं व स्वछंदं जुइगु मती तल । 'जि स्वाधीन् जुया जुइत कल्याण् लीकया ब्यू' धका व सलं मनुष्य इके बिंतिं यात । 'अँह, अथे मज्यू । अ जिं छ जित ज्यालगे जूगु सी धुन, आजिं गएत छंत तैतए' धका व मनुष्यं व सलइत धाल ।

थअ सत्रु साधे याएमाल धका थ कर्क्या सदां च्यो जुइगु ज्या याएमज्यू; बरु थअ मिले जुपिं जातिइगु छुं कसुर सहयाना जुसानं मिले जुया चोनेगु असलख । छाय् धासा झिसं चिकिधंगु इख् फेरे याए धका उपाय माला गुलिं वहे उपायें थ कर्क्या अधिने चोने माले वं थगु जन्म बेर्थ जुल धका सीकि ।

(मल्लजुया 'ईसपं दयकातगु बाखं, नेसं. १०३५' सफुलिं)

# g]kfn d08nsf] dWosflns cy{Gqdf cfwf/e't /fli6«o ;'/Iff kIf



देविचन्द्र श्रेष्ठ

नेपाल मण्डलको ऐतिहासिक लेखाजोखा गर्दा त्यतिखेर कुनै राज्य अस्तित्वमा आएपछि त्यसलाई जोगाइराख्नु त्यसको आर्थिक पक्षले निकै ठूलो भूमिका निर्वाह गरिराखेको हुन्छ। यस सन्दर्भमा नेपाल मण्डलको आर्थिक इतिहास कोर्ने जमर्काहरू नभएका होइनन्। तर देखासिकी हिसाबले मात्र आर्थिक इतिहासको काममा केही कृति देखा परेका छन्, जस्तो त्रिवि. नेपाल र एसियाली अनुसन्धान केन्द्र (CNAS) द्वारा प्रकाशित 'काठमाडौं उपत्यकाको मध्यकालिक आर्थिक इतिहास (सं. २०५६) रमेश ढुंगेल र ऐश्वर्यलाल प्रधानाङ्ग। तर उसबेलाको आर्थिक जीवनकै चित्रण भने त्यस्तो कृतिमा पाइँदैन। त्यसैले त्यस्ता कृतिको लोकप्रियता पनि हामीले कतै पर्गेल्न सक्दैनौं।

नेपाल मण्डलमा मध्यकालको पछिल्लो खण्डमा देखापरेका कान्तिपुर, ललितपुर तथा भक्तपुर राज्यहरूका इतिवृत्तलाई मात्र नेपालको इतिहास मान्ने गरिएको पाइन्छ। परन्तु यो अवधारणा मध्यकालिक राजनीतिक संघर्षको परिप्रेक्ष्यमा वास्तविक जचिदैन। नेपाल मण्डलभित्र गोर्खालाई पनि समावेश गरी यसको ऐतिहासिक छलफल अगाडि बढाउनुपर्छ। यसको राजधानी भने पृथ्वीनारायण शाहले सं. १८०१ देखि नुवाकोट कायम गरेका थिए।

अब ने.सं. ६७९ (सं.१६१६) मा गोर्खा राज्यको जगेर्ना हुँदा कान्तिपुरको राजकीय सत्तामा राजा महेन्द्र मल्ल थिए। उनको पालामै कान्तिपुरको सिंहासनका लागि निकट भविष्यमा आन्तरिक संघर्षको पृष्ठभूमि तयार हुँदै थियो। यसै अवस्थालाई पर्गेल्न सकेको हुनाले नै द्रव्य शाहले चेपेपार गोर्खा राज्य खडा गर्न सकेको छनक पाइन्छ। यिनी लमजुङका कान्छा राजकुमार भएर आफ्नो पैत्रिक राज्यदेखि फुटेर आएका हुन्। त्यसैले यस नयाँ राज्यमाथि लमजुङले शुरुदेखि नै आफ्नो दाबी गर्दै आएको पाइन्छ। यतिञ्जेल गण्डकी प्रदेशमा २४ ओटा राज्यहरू विद्यमान भएकाले तिनको समूह 'चौबिसी' का नामले चर्चित रह्यो। तर, गोर्खा राज्यले उक्त 'चौबिसी' समूहमा पस्न चाहेन। यसको तात्पर्य गोर्खा राज्यले नेपाल मण्डलकै अंशियार अथवा आंगिक सदस्यता खोजिरहेको अन्तर्य बुझ्न सकिन्छ। पृथ्वीनारायण शाहले त्यसकै विस्तारमात्र गरेका हुन्।

नयाँ राज्य गोर्खाको यस अभ्यन्तरलाई साथ दिने नेपाल मण्डलकै पहिलो राजा हुन् ललितपुरका सिद्धिनरसिंह मल्ल। यिनले कान्तिपुर राजधानीको प्रभुत्वलाई हाँक दिन नयाँ गोर्खाली राजा राम शाहसित हातेमालो गर्न पुगे। गोर्खा राज्यको यही सामरिक स्थिति विकसित हुँदै गएर नेपाल मण्डलभित्र यसले खेल्ने अवसर पाए। अतः गोर्खालाई नेपाल मण्डलकै तेस्रो अङ्ग मानेर विश्लेषण गर्ने नयाँ ऐतिहासिक अवधारणाको औचित्य स्थापित गर्नु आवश्यक हुन्छ।

उपर्युक्त नेपाल मण्डलका चार ओटा राज्यहरूको परस्पर संघर्षलाई सम्यक मनन् गर्न तिनको सुरक्षा पद्धतिलाई अर्थतन्त्रको मौलिक पक्षका रूपमा स्थापित गर्दै प्रस्तुत ऐतिहासिक चर्चा अगाडि बढाउने कोशिस यहाँ गरिएको छ।

अब नेपाल मण्डलका प्रत्येक राज्यले आफ्नो सुरक्षा प्रवन्धलाई अत्यन्त सुदृढ पारेको नगर निवेशको चर्चा नगरी रहन सकिँदैन। यसको निम्ति भक्तपुरको नगर निवेशलाई नै प्रस्थानविन्दु मान्न आवश्यक हुन्छ। यहाँनिर एउटा ऐतिहासिक पक्ष खोतल्नुपर्नेछ। भक्तपुर नगर निवेशको कुरा गर्दा यो त नेपाल मण्डलकै राजधानीका रूपमा रहँदै आएको थियो धेरै अघिदेखि। भक्तपुरको यस हैसियतमा जुन महिमामण्डित इतिहास लेखियो त्यो पछि एउटा राज्यका रूपमा अवनति हुँदा कदापि पाउन सकिँदैन। यो स्थिति कसरी आयो त्यसको ऐतिहासिक पक्ष संक्षेपमा आलेखयोग्य छ।

ने.सं. ६०२ को हिउँदमा नेपाल मण्डलको राजधानी भक्तपुरमा अधिराज यक्ष मल्लको निधन भयो। त्यसलगत्तै उनका ६ जना छोराहरूमध्ये ज्येष्ठ क्रमले राय–रत्न–रण मल्लहरू ३ जनाको 'त्रिपुर राजकुल' भनेर संयुक्त शासन स्थापित भयो। त्यसको नेतृत्व रत्न मल्लले गर्दा उनले त्यतिखेरको आर्थिक समृद्धिलाई नियालेर कान्तिपुर महानगरलाई नेपाल मण्डलको राजधानी बनाउने अठोट गरे। त्यसैले ने.सं. ६०४ मा उनी भक्तपुरबाट आएर कान्तिपुर महानगरमा आफ्नो शक्तिकेन्द्र स्थापित गरे। यसबाट भक्तपुरमा रहेको राजधानी कान्तिपुर महानगरमा सारियो। त्यतिखेर ज्येष्ठ राय मल्ललाई भक्तपुर नगरमा मात्र सीमित राखी रत्न

मल्लले भक्तपुरसहित सर्वत्र आफ्नो नेतृत्वशाली सत्ता स्थापित गरे 'त्रिपुर राजकुल' को छत्रछायाँमा।

यसरी कान्तिपुरमा राजधानी सारिएपछि भक्तपुरमा रत्न मल्लका विरुद्ध गतिविधिको झिनो स्वर सुनिए पनि उनको जीवनभर त्यहाँ चर्को स्वर सुनिँदैन। तर, ने.सं. ६४० मा राजधानी कान्तिपुरमा रत्न मल्लको देहान्त भएपछि भने भक्तपुरमा 'त्रिपुर राजकुल' को ज्येष्ठतम सदस्य रण मल्लको प्रभावमा राजधानी कान्तिपुरविरुद्ध राजनीतिक चलखेल थालियो। त्यसको नेतृत्व रण मल्लले गर्दा 'त्रिपुर राजकुल' को पुनर्गठनमा रत्न मल्लको छोरा सूर्य मल्ललाई समावेश गरिएन।

तर, ने.सं. ६४९ मा रण मल्लको मृत्युपछि भक्तपुरमा 'त्रिपुर राजकुल' को संकुचित वृत्त खडा भएपछि कान्तिपुरका अधिराज नरेन्द्र मल्लको प्रभाव स्वीकार गर्ने पक्ष पनि भक्तपुरमा देखापर्छन्। यतिञ्जेल भक्तपुरलाई बेग्लै राज्यको रूपमा विखण्डन गर्ने चर्को स्वरलाई नरेन्द्र मल्लले थाम्न नसक्दा ने.सं. ६६८ को सन्धिपत्रद्वारा भक्तपुरले बेग्लै राज्यको हैसियत पाए। साथसाथै ललितपुरमा पनि महापात्र वंशको छुट्टै राज्यले पनि मान्यता पाए। यति भएपछि साविक नेपाल मण्डलको विशद् अवधारणा लोप भएर भक्तपुर-ललितपुर छुट्टिएको राजधानी कान्तिपुरले नेपालेश्वरको पुरानो विंडो थाम्ने कोसिस गर्दै आएको पाइन्छ।

यसप्रकार नेपाल उपत्यकाभित्र कान्तिपुर, भक्तपुर तथा ललितपुर राज्यहरू राजधानी नगर निवेशसहित देखापरेपछि तिनको सुरक्षा प्रबन्धले मुखरित हुने अवस्थाहरू टड्कारो भयो। त्यसमा भक्तपुरले पुरानो राजधानी नगर निवेशको उत्तराधिकार स्वतः प्राप्त गरे। यसले यक्ष मल्लद्वारा ने.सं. ५७३-७४ मा गढको निर्माण शैली र व्यवस्थालाई कायम राख्दै आएको छ। यसको मूल संरचना नगरको प्रतिरक्षात्मक व्यवस्था हो। यसले बाह्य हमला थेग्ने सामर्थ्य बोकेर आएको छ। यसको परीक्षा कालान्तरमा हुँदै आएको पनि देखिन्छ। कान्तिपुरका राजा प्रताप मल्लले भक्तपुरमाथि दुई-दुई पटक हमला गर्दा पनि यसको अजेय स्वरूप नै सावित भयो।

## भक्तपुरको सुरक्षा

एउटा सुदृढ गढको रूपमा भक्तपुरको नगर निवेश अन्तिम पटक यक्ष मल्लले ने.सं. ५७३ मा आरम्भ भएको अभिलेख हामीलाई उपलब्ध छ। तर, यसको निर्माण अन्त्य कहिले भयो त्यसको प्रलेख अहिलेसम्म प्राप्त छैन। साथै यस नगर निवेशको निम्ति चारैतिर कहाँ कहाँ कति ओटा ढोका अर्थात् नगरद्वार तथा 'लं क्वाठ' हरू खडा गरिए त्यसको पनि समकालिक उल्लेख कतै देखापर्दैन। तथापि, ऐतिहासिक घटनाक्रम निर्क्योल गर्दा अहिलेसम्म भक्तपुरमा ८ ओटा प्रवेशद्वारहरू भएको तथ्य उजागर भएका छन्।

चर्चित भक्तपुर नगर निवेशको संरचनामा प्रवेशद्वारका साथ 'लं क्वाठ' भनिने गढको निर्माण गर्दा त्यससित जोडेर अग्ला पर्खाल बनेका थिए। पर्खाल बाहिर परिखा अर्थात् खाईको संरचना गर्दै त्यसलाई स-साना जङ्गलातले ढाकेको पाइन्थे। प्रवेशद्वारको खापा प्रत्येक दिन बिहानीपख खोलेर खाईको चौडाइ ढाक्दै दिनभर पुलको काम लिइन्छ। बेलुकीपख सो खापा तानेर ढोका बन्द गरेपछि रातभरका लागि नागरिकहरूको आवतजावत हुँदैन।

मध्यकालमा सिर्जित यही नगर सुरक्षा पद्धतिले गर्दा राज्यको लागि आधारभूत सुरक्षा प्रबन्ध खासमा प्रतिरक्षात्मक हुनाले ठूलो सेना राख्नुपर्ने आवश्यकता रहँदैन। यसरी मौलिक सुरक्षा पक्ष नै प्रतिरक्षात्मक भएर नेपाल मण्डलको कुनै राजधानीका लागि पनि राजकीय सेना ठूलो सङ्ख्यामा निर्वाह गर्नुपर्ने अवस्था नै देखिँदैन। अतः यक्ष मल्लको पालादेखि करिब दुई सय वर्षसम्म भक्तपुरमा बाह्य हमला भएको कुनै घटना पाइँदैन।

## कान्तिपुरको सुरक्षा

यता कान्तिपुर महानगरमा रत्न मल्लले नेपाल मण्डलकै राजधानी सारेपछि यसलाई सुदृढ गढको रूपमा नयाँ संरचना गर्नुपर्ने आवश्यकता पऱ्यो। त्यसअघि महापात्रहरूको सामन्तकालमा यस महानगरको सुरक्षा प्रबन्ध के-कस्तो रहेको थियो, त्यसको रूपरेखा अहिले कोर्न सकिने अवस्था छैन। तर रत्न मल्लको देहान्तपछि यस राजधानी मगरमा पश्चिमबाट नगर हमला लगातार दुई पटकसम्म भएको घटनाले गर्दा यसको सुरक्षा प्रबन्धमा ऐतिहासिक खोजकै दरकार पर्छ।

रत्न मल्लको देहान्तपछि ठीक सय वर्षको अन्तरालमा कान्तिपुरका हर्ताकर्ता शिवसिंह मल्लको पनि अन्त्य देखापर्छ। उनले कान्तिपुरलाई नेपाल मण्डलकै राजधानीका रूपमा पुनःस्थापित गर्ने ऐतिहासिक दायित्व बहन गरेको पाइन्छ। तर पनि भक्तपुरमाथि उनको जोड चल्न सकेन। यो ऐतिहासिक दायित्व उनी पछि प्रताप मल्लले पूरा गर्न खोजेका हुन्। उनले दुई पटक भक्तपुरमाथि हमला गर्दा पनि यहाँको कुनै गढ तोड्न सकेनन्। ने.सं. ७९४ मा प्रताप मल्लको देहान्त भएपछि कान्तिपुरले आफ्नो ऐतिहासिक दायित्व ग्रहण गर्न सक्ने अवस्था नै रहेन।

तथापि, कान्तिपुर राज्यले बेला मौकामा आफ्नो पुरानो गौरव कायम राख्न खोज्दाखोज्दै असफल रहेका धेरै

उदाहरण भेटिन्छन् । प्रताप मल्लपछिको सयवर्षभित्र सबैभन्दा बढ्ता बिखण्डनमा परेको कान्तिपुर नै हो । तैपनि यसको नगर निवेश उपर धावा बोल्न सक्ने कुनै आक्रमण देखापर्दैन । नेपाल मण्डलकै भाइ अंशमा बस्दाबस्दै गोर्खाको राजा पृथ्वीनारायण शाहले अन्तमा विनायुद्धले कान्तिपुरको राज्य हडप गर्न सफल भए ने.सं. ८८८ (सं. १८२५) मा । यसका लागि उनले २५ वर्षसम्म निरन्तर आफ्नो सामरिक शक्ति प्रदर्शन गर्दै रहे तापनि कान्तिपुर नगर निवेशको कुनै गढ तोडेर भित्र पस्ने सामर्थ्य देखाउन सकेनन् ।

त्यतिखेर कान्तिपुर नगर निवेशको सुरक्षा प्रबन्ध व्यक्त गर्ने सिङ्गो ऐतिहासिक दस्तावेज कतै भेटिएको छैन । यसको सुरक्षा प्रबन्ध गर्ने मूल पुरुष रत्न मल्ललाई मानेर उनकै शासनमा कान्तिपुर नगर निवेशको अन्तरिम पुनर्संरचना भएको मान्नुपर्नेछ । उनी पछि शिवसिंह मल्लले आफ्नो राजनीतिक धाक जमाए पनि त्यसको आधार यसकै नगर निवेशलाई नजरअन्दाज गर्न सकिँदैन । तथापि प्रताप मल्लको सुदीर्घ शासनकालमा आएरमात्र कान्तिपुरको राजकुल राम्ररी मुखरित हुन सकेको हुँदा त्यसै अनुकूल उनले यसको नगर निवेशलाई पनि पुनर्संरचना गर्नुपर्ने आवश्यकता देखेको हुनुपर्छ । त्यसैले कान्तिपुरको नगर निवेशमा अन्तिम सुरक्षा प्रबन्ध गर्ने राजा प्रताप मल्ललाई यहाँनेर बिर्सन सकिँदैन ।

त्यसो त कान्तिपुरको नगर निवेश क्षेत्रफल भक्तपुरको तुलनामा निकै विस्तृत देखा पर्छ । यसको क्षेत्रफल विस्तारको ऐतिहासिक आधार देखाउन अहिले निकै गाऱ्हो पर्छ तापनि भक्तपुरभन्दा झण्डै दोब्बरको संख्यामा यसका ढोकाहरू निर्मित भएका पाइन्छन् । तर पनि कान्तिपुर नगर निवेशको गढ प्राकार देखाउने मध्यकालको अथवा शाहकालिक कुनै पनि मानचित्र अहिलेसम्म फेला परेको छैन ।

प्रस्तुत पंक्तिकारले १० वर्ष अगाडि कान्तिपुर नगर निवेशका ढोकाहरूको ऐतिहासिक निर्क्योल गर्दा निश्चित गरिएका प्रवेशद्वारहरूको एकसरो अध्ययन तत्काल 'सन्ध्या टाइम्स' नेपाल भाषा दैनिक पत्रमा प्रकाशित छन् । सं. २०६१ ताका 'सन्ध्या टाइम्स' स्थानीय नेपालभाषिक पत्रिका हुनाले काठमाडौंका पाठकहरूले कान्तिपुरको पुरानो सुरक्षा धरोहर कसरी नष्ट भयो भन्ने कुराको जानकारी पाए । कान्तिपुर नगर निवेशमा उहिले कहाँ कहाँ प्रवेशद्वार अर्थात् ढोकाहरू विद्यमान थिए, त्यसको एक सरो अध्ययन त्यतिखेर भएको थियो ।

यसप्रकार लोप भएका ढोकाहरूको थातथलो प्रष्ट भएपछि त्यस आधारमा कान्तिपुर नगरको ऐतिहासिक नक्सा (Historical Map) कोर्न सकिने र पृथ्वीनारायण शाहले सं. १८२५ मा कत्रो कान्तिपुर नगर राजधानी उत्तराधिकारमा पाएका हुन् भनेर नेपालको इतिहासकै अनुपलब्ध यथार्थ हासिल गर्ने जमर्को मेरो रह्यो । त्यसका लागि भूगोल विधामा Cartography को प्रविधि अपनाएर कान्तिपुर नगरको पुरानो ऐतिहासिक नक्सा निर्माण गर्ने कामको लागि मित्र श्री इन्द्रनारायण मानन्धर (भूगोल प्राध्यापक- त्रिवि) सित अनुरोध गर्दै ऐतिहासिक सर्वेक्षणको ठेली जिम्मा लगाएको थिएँ । तर दुर्भाग्य सं. २०६८ मा उनको दुःखद् मृत्यु भएदेखि सो काम अधुरै रहेको छ । तथापि अहिलेसम्म पत्ता लागेका कान्तिपुर महानगरका ढोकाहरूको संख्या १५ पुगेकाले भक्तपुरभन्दा त यस नगरको क्षेत्रफल करीब दोब्बर ठूलो रहेको भौगोलिक तथ्य उजागर हुन्छ ।

## ललितपुरको सुरक्षा

अब ललितपुर नगर निवेशको अध्ययनका लागि भने विशेष ढंगको एउटा आधारग्रन्थ नै हामीलाई उपलब्ध छ । त्यो हो कूनु शर्माको 'कीर्तिपताका' काव्य । संस्कृत भाषामा ने.सं. ७७२ मा रचित यो काव्य ललितपुरका राजा श्रीनिवास मल्लको स्तुतिग्रन्थ हो तापनि यसमा त्यतिखेर २६ टोलका सांस्कृतिक भौगोलिक विवरणकासाथ सुरुमै नगर निवेशका सैद्धान्तिक पक्षसमेत चर्चित पाइन्छ । ग्रन्थको प्रारम्भिक श्लोक सङ्ख्या ६ देखि १० सम्म ५ श्लोकमा त्यहाँ नगर निवेशका भौगोलिक संरचनाको चित्रण गरिएको छ । त्यसबाट भक्तपुर-कान्तिपुरमा नगर निवेशको जुन सिद्धान्त र भौतिक संरचना अवलम्बन गरिएका छन् सोहीअनुसार ललितपुर नगर निवेशमा पनि अनुसरण भएको पाइन्छ । त्यति भएर पनि ललितपुरमा त्यतिखेर कुन-कुन टोलमा नगर निवेशका ढोकाहरू रहेका छन् त्यो भने कतै खुलाएर लेखिएको पाइँदैन ।

ललितपुर नगरनिवेशको चर्चा गर्दा उत्तर मध्यकालिक ललितपुरको मात्र हामी केही तथ्य अगाडि सार्न सक्दछौं । ने.सं. ६४० मा कान्तिपुरमा रत्न मल्लको मृत्यु भएपछि भक्तपुरका साथसाथै ललितपुरले पनि स्वतन्त्र हैसियतको प्रयास थालेको पाइन्छ । त्यसमाथि कान्तिपुर राजधानीमा ने.सं. ६४५-४६ मा मगरातको हमलाले गर्दा अरु कमजोर भइराखेको अवस्थाबाट फाइदा उठाउँदै ललितपुर सामन्त महापात्रहरूको चकचकी बढेर विष्णु सिंहले यसलाई स्वतन्त्र राज्यको हैसियत दिएको पाइन्छ । ललितपुर नगर निवेशको इतिहास मध्यकालको यसै अवस्थादेखि थाल्नुपर्ने निश्चित छ । तथापि, यसको अध्ययनका क्रममा सिद्धिनरसिंह मल्लको उदयपछि मात्र ललितपुर नगर निवेशले विशेष ग्राह्यता पाएको कुरा पनि बिर्सन सकिँदैन । त्यतिखेरदेखि मध्यकालको अन्तिम अवस्थासम्म ललितपुर नगर निवेशका प्रवेशद्वारहरूको

चर्चा परिचर्चा त्यहाँ भइरहेकै पाइन्छन् । तिनै आधारमा अहिलेसम्मको ऐतिहासिक अध्ययनबाट ललितपुर नगर निवेशका १२ ओटा ढोकाहरू निश्चित गरिएका छन् । यसबाट पनि ललितपुर भक्तपुरभन्दा त विस्तार भएकै पाइन्छ । यसको विशेष अध्ययन 'नेपाल भाषा टाइम्स' दैनिक गत कार्तिक १७, २०७४ देखि चैत २, संम शुक्रबार तंसापौमा प्रकाशित छन् ।

यसरी मध्यकालिक उत्तरार्द्धमा कान्तिपुर-भक्तपुर-ललितपुर नगर निवेशहरू प्रस्ट भए पनि अझ तिनलाई सुदृढ गर्न उपनगरहरू पनि बनेका छन् । यसमा भक्तपुरका लागि उपनगर मध्यपुर (ठिमी) खडा गरिएको पाइन्छ । त्यस्तै कान्तिपुरमा रत्न मल्लले नेपाल मण्डलको राजधानी सारेपछि यसको उपनगरका रूपमा टोखालाई निर्धारित गरिएको स्पष्ट हुन्छ । त्यस्तै ललितपुर नगरको लागि पनि उपनगरका रूपमा कीर्तिपुरको सुदृढ गढ प्रणाली हाम्रो निम्ति उपलब्ध छ ।

यसप्रकारको राजधानी नगर निवेशको पक्षमा थप सुरक्षा दिन उपनगरहरू निर्मित हुनाले पनि मध्यकालको राष्ट्रिय सुरक्षा अध्ययनमा ती उपनगरहरूको पनि नगर निवेशीय अध्ययन छाड्न सकिँदैन । यसको ज्वलन्त उदाहरण पृथ्वीनारायण शाहले सं. १८१४ मा गरेको कीर्तिपुरमाथिको पहिलो हमलाबाट ऐतिहासिक निर्क्योल निःसृत हुन्छ । ललितपुर राज्यको यस उपनगर कीर्तिपुरमाथि दोस्रो हमला गर्दा पनि पृथ्वीनारायण शाहले यसमाथि विजय प्रात गर्न नसकेपछि उनी आफ्नो रणनीति नै बद्लेर यसका भारोहरूको इमान खरिदबिक्रीको अधम राजनीतिमा डुब्दै गएको तथ्य उजागर हुन्छ ।

नेपाल मण्डलको नगर निवेश प्रसङ्गमा उपर्युक्त मध्यकालिक अध्ययनबाट के निष्कर्षमा पुग्न सकिन्छ भने त्यस बखतको आर्थिक इतिवृत्तमा राष्ट्रिय सुरक्षा पद्धतिले प्राथमिकता पाएको कुरा खुलस्त हुन्छ । यस राष्ट्रिय सुरक्षा पद्धतिमा विचलन ल्याउने राजनीतिको थालनी भयो भीमसेन थापाद्वारा । उनले आफ्नो बागदरवार बनाउन कान्तिपुर नगर निवेशमा दक्षिणपूर्वी पर्खाल भत्काएर त्यसका लागि सार्वजनिक जग्गा हात पारेका थिए । त्यसपछि उनकै सिको गर्दै उनका भाइहरूले पनि त्यस्तै काम गर्न थाले । त्यसको दुष्प्रभाव अंग्रेजसँगको युद्धमा देखापरेको पाइन्छ । नेपालका सेनापतिहरू अंग्रेजसित दोस्रो छिमलको युद्धमा लड्दालड्दै भीमसेन थापाले सुगौली सन्धिपत्र अनुमोदन गरेको छनक पाइन्छ । अंग्रेज सेनापति अक्टर लोनीले नेपालको राजधानी लक्षित धावा बोल्ने अभिप्रायले सिमरा वनको बाटो पहिल्याएर मकवानपुरको जङ्गली मार्ग पक्रेपछि आफूले कान्तिपुरको गढ पर्खाल तोड्दाको त्रासले भीमसेन थापामाथि हावी हुन पुग्दा उनले सुगौली सन्धिपत्र स्वीकार गर्न आतुर भएको मानसिकता प्रस्ट हुन्छ ।

अन्तमा नेपालको केन्द्रीय नगर निवेश अध्ययन गर्दा मध्यकालिक सुरक्षा पद्धति प्राथमिकतामा रहेको तथ्य नै उजागर हुन्छ । त्यसपछिमात्र राष्ट्रिय सैनिक बलको प्रश्नमा इतिहास खोतल्नुपर्ने हुन्छ । मध्यकालको यस सुरक्षा पद्धतिको अनुसरण आधुनिक नेपालको राष्ट्रिय अर्थतन्त्रको निर्माणका सिलसिलामा पनि चालु राख्नु अपरिहार्य भएको ऐतिहासिकता निर्क्योल हुन्छ ।

परन्तु, सं. २०१३ सालदेखि नेपालमा राष्ट्रिय योजना आयोगको प्रारम्भ त भयो, तर यसको मौलिक राष्ट्रिय सुरक्षा पक्षमा भने मौन रहेको पाइन्छ । यस्तो आवधिक आर्थिक योजनाको विश्वमा प्रारम्भ गर्ने प्रणेता सोभियत रुसले आफ्नो राष्ट्रिय योजनामा (Gosplan) राष्ट्रिय सुरक्षा पद्धतिलाई के छाडेको छ र ? त्यसकै सिको पनि नेपालले किन गर्न नसकेको हो ? तसर्थ ढिलै भए पनि अब नेपालको राष्ट्रिय आर्थिक योजनामा यसको मुलभूत सुरक्षा पद्धतिमा नै मौलिक सुधारको अपेक्षा गरिएको छ ।

**सान्दर्भिक ग्रन्थ सूची**

१. देविचन्द्र श्रेष्ठः रत्न मल्ल र उनको समकालिक नेपाल मण्डल, आर्थिक नेपाल प्रकाशन, २०५९
२. योगी नरहरिनाथः कूनु शर्माको 'कीर्तिपताका', जगदम्बा प्रकाशन, ललितपुर, २०१८
३ 'भक्तपुर' मासिक, पूर्णाङ्क २२७-२२९, २३६ भक्तपुर नपा प्रकाशन २०७३
४. 'खोप्रिङ' २०७३, भक्तपुर विकास सहयोग समिति, २०७३
५. बाबुराम आचार्यः श्री ५ पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, २०२५,साझा प्रकाशन

**'भक्तपुर' मासिकलाई**

नगर र नगरवासीको हित हुने ऐतिहासिक, सांस्कृतिक एवम् समसामयिक लेख रचना दिई सहयोग गर्नुहोस् ।
साथमा सम्वन्धित तस्बिरहरू भए प्राथमिकताकासाथ स्थान दिइनेछ ।
लेखकहरूले सम्पर्क फोन नं. पनि दिनुहोला ।

रचना पठाउने ठेगाना :
☐कमलविनायक (पुरानो जनस्वास्थ्य सेवा केन्द्र भवन)
☐email - bhaktapurmasik@gmail.com

# efh's ; tyf efhkf]v/Lsf] 0ltxf;



ओम धौभडेल

भक्तपुर वडा नं. १, साविक वडा नं. १७ इनाग:स्थित भाजुपोखरी ३ सय ३० वर्षपछि पहिलेकै स्वरूपमा देख्न पाउने भएको छ। पुर्खाले सिर्जेको सम्पत्ति जोगाउन आफ्नो ठाउँबाट सक्रिय भक्तपुर नगरपालिकाले स्थानीय जनताको सक्रियतामा हालै उक्त पोखरीको सफाइ तथा मर्मत कार्य गर्दैछ। भक्तपुर बहुमुखी क्याम्पसको प्राङ्गणमा रहेको भाजुपोखरी केही वर्ष पहिले सुख्खा मैदानमा परिणत भइसकेको थियो। उक्त पोखरी कुनै राजा–महाराजाले नभई एकजना भक्तपुरबासीले बनाएको थियो। तत्कालीन समयमा भक्तपुर, कान्तिपुर, ललितपुर छुट्टाछुट्टै राज्य छँदा कला–संस्कृतिदेखि राजनैतिक, सामाजिक, आर्थिक हरेक मामिलामा एकआपसमा प्रतिस्पर्धाको अवस्थामा भक्तपुरलाई उपत्यकाको एक महत्त्वपूर्ण राज्यको रूपमा विकास गर्न राजालाई सघाउने प्रमुख व्यक्तिको नाम हो, भागीराम प्रधानाङ्ग अथवा 'भाजुकस'। 'भाजुकस' प्रभावशाली छँदा भक्तपुरमा राख्न लगाएको उनको कीर्ति 'भाजुपोखरी' हो।

भक्तपुर वडा नं. १ इनाग:मा अवस्थित यो पोखरी 'भाजुकस' ले बनाएको हुनाले 'भाजुया पुखु' भनिएको हो। पछि अपभ्रंश भएर भाज्या पुखु वा अहिले 'भाजुपोखरी' नामाकरण भएको हो। तर दु:खको कुरा यो पोखरीको निर्माण कुन समयतिर भएको भन्नेबारे कुनै लिखित प्रमाण हालसम्म प्राप्त भएको छैन। जे–जस्तो भए पनि 'भाजुकस' ले यहाँ पोखरी बनाउनुपूर्व यहाँबाट १०–१५ मिटर उत्तरतर्फ प्रसिद्ध सिद्धपोखरी बनिसकेको तथ्यलाई बिर्सनुहुँदैन। त्यस्तै यही सिद्धपोखरीबाट केही दुरी पश्चिमतिर प्रसिद्ध रानी पोखरी बनिसकेको थियो। जुन जगज्योर्ति मल्लले वि.सं. १६८७ मा भव्य सुनको नागसहित अति आकर्षक ढङ्गमा बनाएको थियो। यो पोखरी कान्तिपुर, ललितपुर, भक्तपुरका अन्य पोखरीभन्दा सुन्दर र आकर्षक भएको हुँदा आफूलाई हरेक क्षेत्रमा सर्वश्रेष्ठ ठान्ने कान्तिपुरका राजा प्रताप मल्ललाई असह्य भई पोखरीमा समेत तोडफोड गरी यहाँका कलाकृतिहरू लुटेर लगे। यही बिग्रेको पोखरीलाई पछि राजा जितामित्र मल्लले वि.सं. १७३४ मा आकर्षक ढङ्गले पुन: निर्माण गरेको थियो। यसको खुसियालीमा तत्कालीन कान्तिपुरका राजा नृपेन्द्र मल्ल र ललितपुरका राजा श्रीनिवास मल्ललाई भक्तपुरमा बोलाइएको थियो। त्यसपछि भक्तपुरको पश्चिमतर्फको इनाग: क्षेत्र अति नै आकर्षक रूपमा बद्लिएको थियो।

रानीपोखरी, सिद्धपोखरी, गुह्यपोखरी, इनमापोखरीजस्ता पोखरीहरूले भरिएको यो क्षेत्रलाई अझ आकर्षक बनाउने सोच 'भाजुकस' ले बनाएको देखिन्छ। त्यही भएर सिद्धपोखरीको दक्षिणतर्फको केही समथर, भिरालो जग्गामा 'भाजुकस' को आँखा परेको थियो। वास्तवमा त्यस समय काठमाडौं उपत्यकामा राम्रा–राम्रा सम्पदा निर्माण गर्ने प्रतिस्पर्धा नै चलेको थियो। पोखरीको सन्दर्भमा पनि यो देखिन आउँछ। काठमाडौं, भक्तपुर र ललितपुरमा पोखरीको मध्यभागसम्म जान मिल्ने पुलको व्यवस्थासहितका पोखरीहरू निर्माण गरिएका थिए। त्यसमा पनि कान्तिपुरका राजा प्रताप मल्लले वि.सं.१७९० मा बनाउन लगाएको कान्तिपुरको रानीपोखरीबाट प्रभावित भई 'भाजुकस'ले सोही शैलीमा भाजु पुखु बनाउन लगाएको देखिन्छ। सिद्धपोखरीको दक्षिणी भागमा बनेको यो पोखरी र यसको पृष्ठभूमिमा देखिने सूर्यविनायक जंगलले तत्कालीन समयमा भाजु पुखु अति आकर्षक रूपमा निर्माण भएको स्पष्ट हुन्छ। पोखरीको शोभा बढाउन वरिपरिको जग्गामा फूलहरू लगाउन, रुखविरुवा रोप्न पोखरीको दक्षिणी भागमा जग्गा छुट्याएको थियो। ती जग्गामा नेवारहरूको कुलदेवताको पुजा (दिगु पुजा) गर्ने परम्परा यद्यपि प्रचलनमा छ। आफ्ना पुर्खाहरूप्रति सम्मान गर्न कुलदेवता पूजाले यहाँको सांस्कृतिक पर्व उत्थानमा समेत भूमिका निभाएको देखिन्छ। यसअघि भक्तपुर सल्लाघारीको दिगु द्योमा राजा जगज्योर्ति मल्लले रानीपोखरी र यता इनाग:स्थित दिगु द्योमा सिद्धपोखरी बनिसकेको अवस्थामा इनाग गणेशको दक्षिणतिरका कुलदेवता पूजा गर्नेलाई सजिलो बनाउने हेतुले भाजु पुखु बनेको अनुमान गर्न सकिन्छ।

'भाजुपोखरी' को उचित संरक्षण र सम्बर्द्धन हुन नसक्दा एक समय यसको इतिहास दन्त्य कथा जस्तै बन्न पुगेको थियो। ३० रोपनी क्षेत्रफलमा फैलिएको सो पोखरीमा पानी अड्न नसक्दा केही दशकयता घाँसे मैदानमा परिणत भएको थियो। पोखरीको दक्षिणी भागमा अवस्थित भक्तपुर

क्याम्पसले पोखरी वरिपरि तारवार एवम् पर्खाल निर्माण गरिंदा यो पोखरी सीमित क्षेत्रमा संकुचन हुन पुगेको थियो । पोखरी स्थानीय जनताको शौचालयको निकास फ्याँक्ने 'डम्पिङ' क्षेत्रजस्तै बनेको थियो । त्यसमाथि जिल्ला पशु कार्यालय, भक्तपुर क्याम्पसले समेत पोखरीलाई अनधिकृत रूपमा प्रयोग गर्दै आएको थियो । पोखरी सार्वजनिक जग्गा, निजी भवन र सरकारी भवनले घेरिएको थियो । यसैकारण यो पोखरीमा कुनै दिन अलिसान भवन ठडिने हो कि भन्ने शंका पनि उब्जेको थियो ।

तर ढिलै भए पनि भक्तपुर नगरपालिकाको सम्पदा पुनःनिर्माण अभियान निकै सराहनीय छ । जसकारण भक्तपुरका सम्पदाप्रेमी तथा कला-संस्कृति क्षेत्रमा आबद्ध व्यक्तित्वहरूमा सकारात्मक सन्देश प्रवाह गरेको छ । भक्तपुर नपाले नियमित रूपमा भक्तपुरका ऐतिहासिक सम्पदास्थल, खुला क्षेत्र, पोखरी आदि स्थानहरूको सरसफाइ गर्ने कार्यक्रम पनि स्वीकारयोग्य छ । सफाई कार्यमा नगरपालिकाकै पदाधिकारीहरू, कर्मचारी, गुथि, टीम, क्लब र स्थानीय जनताको अनिवार्य र प्रत्यक्ष सहभागिता गराउनु अर्को सकारात्मक कार्य हो । ऐतिहासिक भाजु पोखरीको उत्खनन् र पोखरीको नयाँ स्वरूपले भक्तपुरको इतिहासमा एउटा नयाँ अध्याय थपिएको छ ।

भाजुपोखरीको उत्खनन्बाट नयाँ–नयाँ तथ्यहरू फेला परेका छन् । चारैतिर माअप्पा अर्थात् ठूलठूला ईँटाले सजिएको पोखरीको मध्यभागमा उठेको ढिस्कोमुनि कुनै विशेष मन्दिर निर्माण भएको अनुमान त्यहाँ प्राप्त ढुङ्गा र टेराकोटाका मूर्तिहरू, सिंह, कलश, तोरण आदिबाट प्रमाणित हुन्छ । त्यस्तै पोखरीको तीन तहमा बनाइएका भित्ताहरूमा समेत ईँटा लगाएको र त्यसभित्र कालो माटोको सलामी लगाएको हुँदा पोखरी अति व्यवस्थित रूपमा बनाइएको आभाष हुन्छ । यो तीन तहमध्ये सबैभन्दा माथिल्लो तहको लम्बाई १ सय ३५ मिटर छ भने चौडाइ १ सय १५ मिटरको छ । त्यस्तै सबैभन्दा तल्लो तहको लम्बाई ९८ मिटर छ भने चौडाई ८० मिटरको छ । पोखरी तल्लो तहमा मात्र हुनुपर्ने र दोस्रो तहमा पोखरी घुम्ने बाटो भएको अनुमान गर्न सकिन्छ । पोखरीको मध्यमागमा जानको लागि दक्षिण दिशाबाट पक्की पुल रहेको त्यहाँमुनि भेटिएको ईँटाको जगले प्रस्ट्याउँछ । हाल भक्तपुर क्याम्पस रहेको भवन अगाडिको ठूलो ढोका भएर यो पोखरी प्रवेश मार्ग रहेको देखिन्छ । त्यसबाहेक पूर्व, पश्चिम र उत्तर दिशाबाट खुड्किलोको माध्यमबाट पोखरीसम्म जान मिल्ने गरी बनाएको हुँदा पोखरीको चारै दिशामा प्रशस्त सार्वजनिक जग्गा भएको हुनसक्ने अनुमान गर्न सकिन्छ । पोखरीको मुहान र निकासबारे त्यति भरपर्दो जानकारी प्राप्त छैन । पोखरीको दक्षिण–पश्चिम कुनामा पिँधको सतहमा बनेको ढल प्रणालीको कारण पोखरीको पानी सुकेको हुनुपर्छ ।

पोखरीको उत्खनन्पूर्व भाजुपोखरीलाई आधार बनाएर यसअघि चलेको प्रायः सबै किंबदन्तीहरूमा सत्यता नभएको तथ्य खुल्न आएको छ । भाजुपोखरी सम्बन्धमा यसअघि चलेको किंबदन्तीहरूले 'भाजुकस' एक बेइमान, षड्यन्त्रकारी, सस्तो लोकप्रियता चाहने व्यक्तिको रूपमा चित्रण गरिन्थ्यो । सिद्धपोखरीको पानी सुकाउन, रानीलाई खुशी पार्न एकै रातमा भाजुपोखरीको निर्माण हुँदा मध्यभागमा थुम्को बाँकी रहेको जस्ता चर्चित किंबदन्तीहरू चलेको पाइन्छ । तर उक्त पोखरीको पुनःनिर्माणले यी सबै तथ्यहरू भ्रममात्र भएको देखिन आउँछ । पोखरी निर्माण सम्बन्धमा कुनै प्रामाणिक अभिलेखहरू र पुरातत्त्वविद्हरूको सक्रियतामा थप अनुसन्धानयोग्य सामग्रीहरू भेटिएमा 'भाजुकस' एवं भाजुपोखरीको ऐतिहासिक यथार्थ बाहिर आउने सम्भावना देखिएको छ ।



भाज्या पुखु पुर्ननिर्माणको क्रममा खिचिएको तस्बिर

राजा जितामित्र मल्लको शासनकालको अन्ततिर तत्कालीन मन्त्री 'भाजुकस' अझ बढी शक्तिशाली भएको इतिहासले देखाउँछ । वि.सं. १७३५ तिर भक्तपुर दरबारमा 'भाजुकस'को शक्ति बढेपछि उनलाई हटाउन उनकै समकालीन कान्तिपुरका मन्त्री लक्ष्मीनारायण जोशीले अनेकौं षड्यन्त्र रचे । केही समय 'भाजुकस'

लुकीलुकी हिंड्नु परेको थियो। पछि ललितपुरको सर्मथन पाएपछि लक्ष्मीनारायण जोशीको पतन भयो। भाजुकस पुनः दरबारमा शक्तिशाली बन्न पुगे। यसरी दरबारभित्र एकजना मन्त्रीको शक्ति बढेको तत्कालीन राजा जितामित्र मल्ललाई खासै फरक त परेन। तर महत्वाकांक्षी युवराज भूपतिन्द्र मल्ललाई यो कुरा असह्य भयो। यो नेपाल संवत् ८११/१२ तिरको घटना हो। यसै समयमा 'भाजुकस'ले आफ्नो कीर्ति रहने उद्देश्यले भाजुपोखरी बनाउन लगाएको देखिन्छ। यहा अवस्थित सिद्धपोखरी र नःपोखरीबाट प्रभावित भएर भक्तपुरका एक प्रभावशाली राजा जगज्योर्ति मल्लले ने.सं. ७५१ तिर सल्लाघारीको थुम्कोमा सुनको नाग तथा विभिन्न कलाकृतिले सिंगारिएको रानीपोखरी निर्माण गर्न लगाए। त्यसताका उपत्यकाभित्र भक्तपुरको रानीपोखरीको विशेष चर्चा हुन्थ्यो। कान्तिपुर र ललितपुरका राजाहरू मिली ने.सं. ७८० तिर यो पोखरीको कलाकृति लुटेको र पोखरी क्षतविक्षत पारेको थियो। भक्तपुरको रानीपोखरीबाट लुटेर लगेको कलाकृतिको भागबण्डा आफूले नपाउँदा ललितपुरका राजा श्रीनिवास मल्ल कान्तिपुरका राजा प्रताप मल्लसित रिसाएको तथ्य पनि रोचक छ। कान्तिपुरका राजा प्रताप मल्ले भक्तपुरको रानीपोखरीको सिको गरी कान्तिपुर राज्यको उत्तरपूर्वी दिशामा ने.सं. ७९० मा भव्य पोखरी बनाउन लगाएका थिए। जुन अहिलेको रानीपोखरी हो। रानीपोखरीको सुन्दरता र निर्माणशैलीले त्यस समयमा निकै चर्चा पायो।

भक्तपुरका एकजना सर्वसाधारण जनताका छोरा 'भाजुकस'ले कान्तिपुरको रानीपोखरीकै शैलीमा भक्तपुरमा पनि त्यस्तै आकर्षक पोखरी बनाउने विचार गरे। भक्तपुरको पश्चिम भेगको सल्लाघारीदेखि इनागः क्षेत्रसम्म पहिले नै सिद्धपोखरी, नः पोखरी, रानीपोखरी, इनमापोखरीहरूले सजिएको थियो। भाजुपोखरी निर्माणको लागि 'भाजुकस'ले इनागः को दक्षिणतर्फको ठूलो दिगु ख्यः रोजे। सिद्धपोखरीको ठीक दक्षिणतर्फको भिरालो जग्गामा पूर्व-पश्चिम लाम्चो आकारमा पोखरी बनाउने क्रममा पोखरीको मध्यभागमा चारपाते शैलीको मण्डपमा शिखरशैलीको बुर्जावाल मन्दिर बनायो। पोखरीको मध्यभागमा पुग्न पोखरीको दक्षिणतर्फ पुल बनेको देखियो। भाजुपोखरीको निर्माण सम्पन्न भएपश्चात् यो ठाउँ रमणीय बनेको थियो।

तर पोखरी निर्माण सम्पन्नपश्चात् 'भाजुकस' को पतन भयो। ने.सं. ८१६ भाद्र बदी ५ को दिन भूपतिन्द्र मल्लको नाममा टक पाएको आधारमा यसको पुष्टि हुन्छ। यो पोखरी कुनै राजा महाराजाहरूले बनाउन लगाएको सम्पदा नभएकै कारण राज्यले यो पोखरीको संरक्षण र सम्बर्द्धनमा कुनै ध्यान दिएन। 'भाजुकस' को पछिल्लो समयको इतिहास त्यति खुलस्त छैन। वि.सं. १७४५ मा भक्तपुर दरवारमा मुख्य काजी बनेपछि 'भाजुकस' को शक्ति एकाएक बढेको देखिन्छ। ललितपुरका राजा योगनरेन्द्र मल्लको सहायता र समर्थन पाएपछि सर्वाधिक शक्तिशाली बन्न पुगेको 'भाजुकस' ले ललितपुरको सहयोगमा वि.सं. १७४६ मा कान्तिपुरमा आक्रमण गर्न समेत पुगेको थियो। आफूमाथि आक्रमण गरी पदच्युत गरेको रिसमा भागीरामले लक्ष्मीनारायणको विरुद्धमा भारदारहरू सङ्गठित गरिसकेका थिए। वि.सं. १७४७ मा कान्तिपुरका भारदारहरूले आफ्नै घरमा सुतिरहेको लक्ष्मीनारायणको हत्या गरे। आफ्नो वैरीको हत्याबाट 'भाजुकस' को बाटो अवरोधमुक्त भयो। यसपछि 'भाजुकस'को शक्ति र प्रभाव झन् बढेको देखिन्छ। तर त्यस समयको 'भाजुकस' को कुनै लिखित इतिहास भेटिएको छैन। त्यसलाई किंबदन्तीकै भाषामा उल्लेख गर्नुपर्ने बाध्यता छ।

जितामित्रलाई कैद गरी कान्छी रानीसँग दरबारमा बस्ने 'भाजुकस' ले बालक भूपतिन्द्रलाई मार्न पठाएको, तर सहृदयका जल्लादहरूको कारण भूपतिन्द्रलाई मार्न नसकेको कहावत छ। पछि भूपतिन्द्र मल्ल एकजना सिकर्मीको काम गर्ने तामाङसँग तिब्बत पुगेको र काष्ठकला एवं युद्धकलामा पारङ्गत भएपछि भक्तपुरका चारकाजीहरूको सहयोगमा भक्तपुर दरबार कब्जा गरी राजा बनेको कथन छ। यही घटनाबाट आफ्नी आमा लालमती र काका उग्र मल्ललाई जेलमुक्त गरेको अनि कान्छी आमालाई कैदमा राखिएको र 'भाजुकस' लाई निर्ममतापूर्वक प्राणदण्ड दिएको कहावत छ। यस्तै कहावत अनुसार सुकुलढोकामा लुकेर बसेको 'भाजुकस'लाई समातेर भैरवस्थान नजिकै लगेर टाउको काटियो। 'भाजुकस' को शव सार्वजनिक प्रदर्शनको लागि सल्लाघारीमा राखिएको थियो। बाटोमा आवतजावत गर्नेले पिसाब फेर्ने ठाउँमा उनको शव गाडिएको हुनाले त्यस ठाउँलाई 'च्वङापाखे' भनिएको कथन छ। यस्तै किंबदन्तीले भरिएको 'भाजुकस' को इतिहास वर्तमान समयमा पनि प्रचलित छ।

हाम्रा इतिहासका पानाहरूमा जितामित्र मल्लले 'भाजुकस' को बारेमा उल्लेख गरेकोले 'भाजुकस' तत्कालीन समयको एक प्रभावशाली व्यक्तिको रूपमा रहेको थाहा हुन आउँछ। 'भाजुकस' ले भक्तपुर दरबारमा कहिले प्रवेश पाएको भन्नेबारे यकिन तथ्य नभए तापनि उनी वि.सं. १७३५ मा मुख्य भारदार भइसकेको थाहा हुन्छ। उनको वि.सं. १७५३ पछि उनीबारे कतै उल्लेख भएको देखिएन। यस अर्थमा 'भाजुकस'ले १७-१८ वर्ष चौताराको भूमिका निर्वाह गरेको देखिन आउँछ। आफ्नो जीवनकालमा कान्तिपुर र ललितपुरसँग

टक्कर लिई भक्तपुरको स्वाभिमान बचाए तापनि अन्तमा जितामित्रकी कान्छी महारानीसँग नाम जोडिएर एक घृणित पात्रको रूपमा बद्नामी पाउनुपर्यो । पिसाब फेर्ने ठाउँमा आफ्नो शव गाडिनुपरेको कहावतबाट 'भाजुकस' को दुःखद् अन्त्य भएको देखिन्छ ।

भक्तपुरको इतिहासमा भक्तपुर दरबारको चौतारा रहेर आफ्नो जीवनकालमा राजालाई राजकाजमा सघाउने बाहेक आफ्नो नामको ख्याति कमाउने व्यक्तिमा 'भाजुकस' को नाम अग्रपंक्तिमा आउँछ । कला, संस्कृति, भाषा, साहित्यप्रेमी जितामित्र मल्लबाट अत्यधिक प्रभावित भएर उनले जुन कीर्ति कमाए त्यो वास्तवमा चुनौतिपूर्ण मात्र छैन, नेपालकै इतिहासमा उल्लेखनीय छ । राजाको अगाडि एकजना भारदारले आफ्नो कीर्ति कमाउनु 'भाजुकस' को कौशल देखिन आउँछ । 'भाजुकस'बारे लिखित प्रमाणको अभाव भए पनि भक्तपुरमा उनबाट भएका कीर्तिहरू दुईवटा छ । उनले वि.सं. १७३७ मा आफु मुख्य काजी हुँदा भक्तपुरबाट चाँगु जाने कासान पुल बनाउन लगाएका थिए । जुन पुलले भक्तपुरवासीहरूलाई चाँगुनारायणको दर्शन गर्न सजिलो बनाएको थियो ।

त्यसबाहेक उनले सोही वर्ष चाँगुनारायण सुनको श्रीवत्स यन्त्र समेत अर्पण गरेको त्यहाँको अभिलेखबाट थाहा हुन्छ । राजा नरेन्द्र मल्लको समयदेखि चाँगुमा कान्तिपुरको आधिपत्य रहँदै आएको अवस्थामा चाँगुमा सो कीर्ति राख्न सक्नु 'भाजुकस' को ठूलो कुटनीतिक विजय थियो । वि.सं. १७०६ पश्चात् भक्तपुरका कुनै पनि राजाहरू वा भारदारहरूले चाँगुमा कुनै कीर्ति राख्न नसकेको अवस्थामा 'भाजुकस' ले सो कार्य पुरा गरे । उनको अर्को उल्लेखनीय कार्य भाजुपोखरी निर्माण नै थियो । भाजुपोखरीको उत्खननपछि 'भाजुकस' बारे चलेका किंबदन्तीहरूबारे एकपटक नयाँ ढङ्गले सोच्न बाध्य बनाएको छ । त्यस्तै 'भाजुकस' सँगै नाम जोडिएका भूपतिन्द्र मल्लका बारेमा प्रचलित किंबदन्तीहरूमा समेत पुनः विचार गर्नुपर्ने देखिन्छ । भूपतिन्द्र मल्ल तीन वर्षको बालक छँदा 'भाजुकस' र कान्छी महारानीको मिलेमतोमा जंगल लगेर मार्न पठाएको तर जल्लादको कारण बाँच्न सफल भएर तिब्बत पुगेको जुन आख्यान छ, त्यो तथ्य सत्यताको नजिक पुगेको देखिँदैन । वंशावलीअनुसार भूपतिन्द्र मल्लको जन्म वि.सं. १७३१ मा भएको देखिन्छ । त्यतिमात्र होइन जितामित्र मल्लले बालक छँदै भूपतिन्द्र मल्ललाई राजकाजमा संलग्न गराएर भविष्यमा योग्य राजा बनाउने प्रयास गरेको उनका अभिलेखहरूबाट स्पष्ट हुन्छ ।

जितामित्र मल्लले राख्न लगाएका सुरुका प्रायः अभिलेखहरूमा छोरा भूपतिन्द्र, भाइ उग्र मल्ल र मन्त्री 'भाजुकस'को नाम उल्लेख छ । जितामित्र मल्लले वि.सं. १७३५ देखि यी तीनजनाको नाम भएको अभिलेख राख्न लगाएबाट त्यतिबेला भूपतिन्द्र मल्ल भक्तपुर दरबारमै रहेको तथ्य खुल्छ । उनले वि.सं. १७४५ मा दीक्षा लिएको र आफू युवराजको हैसियतले समेत १७४८-४९ तिर भक्तपुर लायकुको ढुंगेधारा पुनःनिर्माण एवं थिमि दथुफले बनाउन लगाएबाट १६-१७ वर्षको लक्का जवान छँदासम्म भूपतिन्द्र भक्तपुर दरवारमै भएको तथ्य स्पष्ट हुन्छ । त्यसो भन्दैमा भूपतिन्द्र मल्ल सजिलै भक्तपुरको राजा बनेको चाहिं पक्कै होइन ।

कतैकतै आफू जीवित छँदै भूपतिन्द्र मल्ललाई जितामित्रले राजा बनाएको पनि उल्लेख छ । यसअघि कान्तिपुरमा प्रताप मल्लले बाबु लक्ष्मीनरसिंहलाई कैद गरी राजा बनेको देखिन आउँछ । ललितपुरमा श्रीनिवास मल्ल जीवित छँदै छोरा योगनरेन्द्र मल्लले बाबुको विरुद्ध समानान्तर सरकार गठन गरेको घटनाबाट भक्तपुरमा त्यस्तो हुन नपाओस् भनी जितामित्र मल्लले आफ्नो जीवनकालमै भूपतिन्द्र मल्ललाई वि.सं. १७५३ मा राजा बनाएको कथन छ । वि.सं. १७५३ मा लेखिएको एक ग्रन्थको पुस्तिकामा स्पष्टसँग 'भूपतिन्द्र मल्लले विजय प्राप्त गरेको राज्य' भनेर उल्लेख तथ्यमा स्पष्टता छैन । भूपतिन्द्र मल्ल मुठभेदका बाबजुद नै भक्तपुरको राजा बनेको देखिन्छ । अर्थात् जितामित्र मल्लले आफू जीवित छँदै राजतिलक लगाइ दिएर राजा बनेको देखिँदैन । 'भाजुकस' ले कान्छी महारानीको षड्यन्त्रमा भूपतिन्द्रलाई मार्न पठाएको किंबदन्तीमा थोरै सत्यता देखिन्छ ।

त्यस्तै प्रायः इतिहासकारहरू वि.सं. १७५३ मा जितामित्र मल्लको मृत्युपछि भूपतिन्द्र मल्ल राजा बनेकोमा सहमत देखिन्छ । भूपतिन्द्र मल्लको नाम अंकित टकको आधारमा वि.सं. १७५३ असोज ११ गते भूपतिन्द्र मल्ल राजा बनेको उल्लेख छ । तर तलेजुभित्रको एक सन्धिपत्रबाट यो तथ्यमा शंका गर्नुपर्ने देखिन्छ । अर्थात् भूपतिन्द्र मल्ल राजा हुँदा जितामित्र मल्लको मृत्यु भएको देखिंदैन । वि.सं. १७५३ असोजमा भूपतिन्द्र मल्ल राजा भइसकेको तर तलेजुभित्रको जितामित्र मल्ल र ललितपुरमा योगनरेन्द्र मल्लले धर्मकर्मको मामिलामा गरेको सन्धिपत्र वि.सं. १७५३ फागुन शुक्लको भएको हुँदा त्यतिबेलासम्म जितामित्र मल्ल जीवित भएको तथ्य खुल्न आउँछ ।

हुन त वंशावली एवम् अभिलेखहरूमा स्पष्टसँग जितामित्र मल्लको मृत्युबारे उल्लेख छैन । यसैबीच जितामित्र मल्लको मृत्यु उनका छोरा भूपतिन्द्र मल्ल राजा भएको १३ वर्ष पछाडि अर्थात् वि.सं. १७६६ मा मात्र भएको तथ्य आफ्ना पति दिवंगत भएको सम्झनामा लालमतिले तलेजुभित्र राखेको

जितामित्र मल्लको सालिकको अभिलेखबाट पुष्टि हुन्छ। त्यस्तै जितामित्र मल्लको लालमतिदेवी एक जनामात्र रानी रहेको सर्न्दभमा यहाँ कान्छी महारानीको जुन कहावतहरू छन्, त्यो भ्रमपूर्ण ठहरिन्छ। आजसम्मको अध्ययनले जितामित्र मल्लको लालमतिबाहेक दोस्रो रानी नभएको देखिन आउँछ। तर यहाँ कान्छी महारानीको प्रसंग आएको छ। उनी अरु कोही नभई जितामित्र मल्लको भाई उग्र मल्लकी रानी हुन्। जितामित्र मल्लसँग राज्यको हक खोज्दै गरेको उग्र मल्ललाई हरेक ठाँउमा स्थान मिल्दै गरेको प्रमाण संयुक्त रूपमा उनको नाम अंकित अभिलेखहरूले दिन्छ। यसमा उनकी आमा पद्मावतीको पनि ठूलो भूमिका रह्यो। त्यतिबेला जीवित रहेकी उनीहरूको आमा पद्मावतीले दरबारबाट जारी तमसुक ताडपत्रहरूमा साक्षी बसेकोबाट झन् पुष्टि हुन आउँछ। त्यस्तै वंशावलीको एक अपुष्ट टिपोटअनुसार कान्छी महारानीको मृत्यु यसअघि नै अर्थात् वि.सं. १७६४ मा थंथु दरबारमा कैदी अवस्थामा भएको देखिन्छ।

तत्कालीन समयमा वि.सं. १७३५ देखि १७४८-४९ सम्म लगातार भूपतिन्द्र मल्ल र 'भाजुकस'का बारेमा अभिलेखहरू प्राप्त हुनु र त्यसपछि एकैपटक वि.सं. १७५३ मा भूपतिन्द्र मल्लको टक एवं अभिलेख देखा पर्नु र जितामित्र मल्ल, कान्छी महारानी एवम् 'भाजुकस'को नाम कतै उल्लेख नहुनुबाट भूपतिन्द्र मल्लले विद्रोह गरी सत्ता कब्जा गरेको स्पष्ट हुन्छ। भूपतिन्द्र मल्लले दीक्षा लिएको समयतिर भक्तपुर दरबारमा 'भाजुकस' अत्यधिक शक्तिशाली भएको र उमेर बढ्दै गरेको भूपतिन्द्र मल्लले दरबारभित्रको स्थिति बुझ्दै गएको अवस्थामा 'भाजुकस'को प्रभाव एवं शक्तिबाट असन्तोष भएको स्पष्ट हुन्छ। युवराज छँदै भूपतिन्द्र मल्लले राख्न लगाएको अभिलेखबाट पनि यो तथ्य स्पष्ट हुन्छ।

वि.सं. १७५० ताका भक्तपुर दरबारमा जितामित्र मल्ल नाम मात्रको राजा रहन गएको तर वास्तविक शासनको लागि एकातिर शक्तिशाली 'भाजुकस' र कान्छी महारानी भएको र अर्कोतर्फ भूपतिन्द्र मल्ल र चार काजी (धौकाजी, भौकाजी, कसकाजी, तिमिलाकाजी) बीच शक्तिसङ्घर्ष भएको थियो। यस आन्तरिक कलह भएको समयतिर वि.सं. १७५०-१७५२ सम्म 'भाजुकस' का कुनै अभिलेख भेटिएको छैन। त्यस्तै जितामित्र मल्लका केही अभिलेखहरू भेटिए पनि तलेजुभित्र मात्र सीमित छ। यसबाट के स्पष्ट हुन्छ भने दरबारभित्रको आन्तरिक कलहबाट जितामित्र मल्ल विरक्त भई धर्मकर्ममा लागेको देखिन्छ। यही समयमा भूपतिन्द्र मल्लले विद्रोह गर्न खोज्दा शक्तिशाली कान्छी आमा र 'भाजुकस' मिली शासन चलाएको देखिन्छ। दरबारबाट केही समय बाहिरिएका भूपतिन्द्र मल्लले सेना र चारकाजीको सहायताले वि.सं. १७५३ मा सत्ता हत्याएको देखिन्छ। यसमा कान्छी आमालाई थथुं दरबारमा कैद र जितामित्र मल्ललाई तलेजुभित्र नजरबन्दमा राखेको र चतुर 'भाजुकस' भक्तपुरबाट भागेर नुवाकोटको त्रिशुली नदी पारी लुक्न पुगेको देखिन्छ।

जितामित्र मल्लका भाई उग्र मल्ल यस योजनामा खासै सक्रिय देखिन्न तर आफनै श्रीमतीलाई भक्तपुर दरबारभित्र कैद गरिराखेको अवस्था सहज थिएन। फलस्वरूप वि.सं. १७५५ मा कान्तिपुरमा शरण लिन पुगे र त्यसको एक वर्षपछि कान्तिपुरका सेना लिएर थिमीसम्म लड्न आएको थियो। तर त्यसलाई भूपतिन्द्र मल्लले दबाएको थियो। यसपछि उग्र मल्लको अवस्था के भयो अहिलेसम्म प्रकाशमा आएको छैन। थंथु दरबारमा कैद गरिएको उनकी श्रीमतीको वि.सं. १७६४ मा मृत्यु भएको वंशावलीले बताउँछ। बाबु जितामित्र मल्लले चौतरियाको रूपमा 'भाजुकस'लाई बढी प्राथमिकता दिंदा भक्तपुर दरबारमा उत्पन्न कचिङ्गलबाट परिचित चतुर भूपतिन्द्र मल्लले आफ्नो शासनकालमा कुनै पनि चौतरियाहरूलाई बढी प्राथमिकता दिएन। मल्ल शासकहरूकै सन्तान हाकु धर्ब्वाले चौतरियाको रूपमा अधिकार जमाउन खोजे पनि सफल भएको देखिंदैन। यसरी चतुर एवं महत्त्वाकांक्षी भूपतिन्द्र मल्लले तत्कालीन प्रभावशाली चौतरिया 'भाजुकस' लाई सदाको निम्ति हटाएको इतिहास छ।

वास्तविक इतिहास जे-जस्तो भए पनि 'भाजुकस'को रहस्यमय इतिहास सँधै जितामित्र मल्लको मृत्यु एवम् भूपतिन्द्र मल्लको सत्ता प्राप्तिसँग गहिरो सम्बन्ध भएको देखिन्छ। जसको बारेमा हाम्रा इतिहासहरू अस्पष्ट एवम् रहस्यमय नै छ। किनभने यहाँ पनि षड्यन्त्रकै अन्ध आउँछ। जहाँ जित्नेको नाममा इतिहास कोरिन्छ। अनि हार्नेको नाममा अनेकौं झूटा लाञ्छनायुक्त किंबदन्तीहरू रचिन्छ। जुन किंबदन्तीहरू सुन्दा र पढ्दा त्यस्ता पात्रहरूमा सदैव खलनायकत्व मात्र भेटिन्छ। त्यस्तै एक पात्रको नाम हो- 'भाजुकस'। उनै 'भाजुकस' लाई सम्झाउने उनको किर्ति हो 'भाजुपोखरी'।

## सन्दर्भ ग्रन्थहरू

१) मासिक 'भक्तपुर' संख्या १५८ (वर्ष १८ अक्त १, २०५७ कार्तिक)
२) चाँगुनारायणको ऐतिहासिक सामग्री- मोहनप्रसाद खनाल
३) भक्तपुर शिलालेख सूची- शंकरमान राजवंशी
४) नेपाल उपत्यकाको मध्यकालीन इतिहास- सूर्यविक्रम ज्ञवाली
५) मिडियभल नेपाल (भाग तीन)- डी.आर. रेग्मी
६) नेपालको इतिहास- डा.पेशल दहाल
७) अभिलेख संग्रह- ११
८) पूर्णिमा- अंक ३
९) भूपतिन्द्र मल्ल- स्व. लीलाभक्त मुनंकर्मी

# काव्य सिर्जना लोकजीवनको दृष्टान्त र देशको चित्र-(३)

विगोल

मल्लकालीन समयमा मठ, मन्दिर, सत्तल, पाटी, चैत्य, बिहार, पोखरी, इनारको विकास, विस्तार र संरक्षण बढी भएको देखिन्छ । चाडपर्व, मेला, डाफाभजन, वाद्यवादन, नाचगान, जात्रा, गीत पनि त्यही समयमा बढी विकास भएको देखिन्छ । मन्दिर, जात्रा या चाडपर्व भएपछि डाफा भजनसँगै वाद्यवादन र गीतको पनि विकास भयो । जात्रा पर्वसँग मिल्ने गीत लेखियो, गाइयो । नेवार समुदायमा प्रत्येक महिनाझैं पर्व/चाड हुन्थ्यो । चाडलाई मिल्ने गरी गीत गाइन्थ्यो । उपत्यकाभित्र मात्र होइन उपत्यका बाहिर पनि डाँडा-डाँडामा ठूल्ठूला देवल/मन्दिर बनाएर धार्मिक स्थल बनाइयो । उहिले मानिसहरू टाढा-टाढासम्म मन्दिर पुग्थे, दर्शन गर्थे । त्यसबारे पनि गीत लेख्थे, गीत गाउँथे । कतिले यात्रा वर्णन गर्दै त कतिले यात्राको स्मरण गर्दै गीत रचे । यसरी नै भक्तजनहरू चार नारायणकहाँ पुग्थे, नमोबुद्ध भगवानकहाँ पुग्थे । यहाँ नमोबुद्ध भगवानसम्बन्धी एक गीत प्रस्तुत छ ।

गुरुजु जय नमो श्री बुद्ध भगवान
लुम्बिनी वनस विज्याक ।धु ।
ब्रह्मान बँपुयका सरस्वतीन वसा लायका,
अलकापुरया जुजु कुवेरन धनद्रव्य लायका विज्याक ।१।
वायुदेवन ध्वजा बोयका अग्निदेवन धूप थनका,
वरुण नाम नागराजान जलधारा हायका बिज्याक ।२।
महादेवन दमरु थायका नारायणन शंख पुयका,
जन्म राजान दण्ड जोनकाव लँछिनकाव बिज्याक ।३।
इन्द्रन छत्रन कुयका भिक्षु गणन च्वामोल गायका
आकाशन स्वान वा गातकाव आनन्द रसन बिज्याक ।४।
नैऋत्य ज्ञानाकर दक्व लोक सहितन,
शेष नागया म्हास बिज्यानाव पूजा फयाव बिज्याक ।५।
वन गज रत्न साल श्री सुरेन्द्र महाराज
ल्हाकह्मा अनाथ जन, गुरुयाके शरण ।६।

नमोबुद्धसम्बन्धी लेखिएको यो गीतमा ब्रह्मा र सरस्वतीको मात्र होइन कुबेर, वायुदेव, अग्निदेव, महादेव, नारायण आदिको क्रियाकलापबारे वर्णन गरिएको छ । ब्रह्माले बढारेर, सरस्वतीले सजाएर, अलकापुरका राजा कुवेरले पैसा चढाएको प्रसङ्ग गीतमा छ । गीतमा वायु देवले ध्वजा (झण्डा) फरफराएको, अग्निदेवताले धूप बालेर सुगन्धित बनाएको, महादेवले दमरु बजाएको र बरुण नागराजाले जलधारा बहाएको उल्लेख छ ।

उहिले सुनेको भूतप्रेतको कुरा अहिले पनि बुढापाकाहरू सुनाउँछन् । पाटी-पौवा र सत्तल-पाटीमा बसेर भूतप्रेतका कुरा सुनाउँछन् । नयाँ पुस्ताको लागि त्यो बखान एकादेशको कथाजस्तो भए पनि भूतप्रेतसँग जुधेका, वातचित गरेका, लखेटेको कुरा कहिलेकाहीं चर्चाको विषय बन्छ । खेतबाट ढिलो फर्कदा, बिहान सबेरै खेत जाँदा भूतप्रेतसँग भेट भएको, बाझाबाझ भएको कथा सुनाउने वृद्धहरू कति बिते त कति अहिले जीवित छन् । अहिले पनि प्रतिकात्मक स्वरूप भैरव नाच र देवी नाचमा भुचा (भूत) को नाच पाउँछौं । भुचा ( भूत) को स्वरूप भयभित देखिन्छ । वेशभूषा पनि फरक ढङ्गको हुन्छ । हातमा रहेको हड्डीको टुक्रा खाएको अभिनय गर्दै नाच्ने शैलीले हिंस्रकको अनुभूति दिन्छ । राक्सस, दैत्य, भूत-प्रेत आदि कुनै लोक कथाकारले बनाएका पात्र हुन् या कुनै समय कहीं राक्सस वा देवी-देवताहरूकै शासन थियो, त्यो अर्को पाटो हो । हामी देवी नाच र भैरव नाचमा शेरसिंहको मात्र होइन राक्सस र देवीको नाच पनि हेर्छौं । राक्सस र देवी नाचमा देवीले विजय पाएको नाच हेर्छौं । ललितपुरको कार्तिक नाच यसको अर्को दृष्टान्त हो ।

भूतप्रेतसम्बन्धी लेखिएको एक चर्चित र जोशिलो गीत यहाँ प्रस्तुत छ ।

रक्षा याइम्हा श्री गुह्यकाली
सेवक याइम्हा कंकाली
कंकालीनं कचमच यासा
हाक नं हाले माली ।१।
भूतया साँ कुलिकुलि
आपा आपा नयफू गुलिगुलि
तिंजक तिन्हुया प्याखनं हइम्हा
कवं कंकाली ।२।
जोगिनी बेताल गुलिगुलि
नागया तिसा उलिउलि
दुष्ट बुद्धि दैत्य यात
खड्ग नं प्यंदक पालि ।३।
सङ्ग्राम स्यात गुलिगुलि
बाकि दक्व बिसेवन सुलिसुलि

खड्ग जोता दिगिदिगि खना
दैत्य स्याम्ह काली ।४।
काली कृपा तयमाली
मतलसा चंदी दास हाली
करजोर विनति शरण जि वया
छिगु तुतिपाली ।५।

भूतको स्वभाव, चरित्र र आनीबानीबारे वर्णन गरिएको यो भजनको गीतमा रक्षा गर्ने गुह्यकाली र सेवा गर्ने कंकालीको वर्णन छ । दुष्ट दैत्यलाई खड्गले प्रहार गरेर मारिएको यो गीतमा देवी र दानवको युद्धको चर्चा छ । युद्धमा कैयौंको मृत्युपछि बाँकी रहेकाहरू लुकीलुकी भागेको प्रसङ्ग, दैत्यलाई मार्ने काली देवीसँग खुट्टा ढोगेर पुकार गरेको गीतमा उल्लेख छ । राक्षस, दैत्य भनेपछि मानिसहरू रक्त पिपासु, हिंस्रकको प्रतीकको रूपमा लिन्छन् ।

सिद्धिनरसिंह मल्लको पालादेखि सुरु भएको कार्तिक नाचको चौथो दिन युद्धकला हुन्छ । नाचको सुरुमा तीन दिन बाठा मान्छेहरूको बातचित तथा खेल प्रदर्शन हुन्छ । पाँचौं दिन देवीनृत्य, छैटौं दिन जलशयन, सातौं दिन बराहलीला र आठौं दिन नृसिंह नृत्य हुन्छ । नृत्यमा तीन दिन भक्तपुर, काठमाडौं र ललितपुरका कलाकारहरूले एकले अर्कोलाई घोचपेच गरेका हुन्छन् । तिनीहरू ठट्टा गरेर दर्शकलाई हँसाउँछन् । नाचको आकर्षण बढाउन यी तीनजनाबीच बाजी थाप्छन्, को भन्दा को कम भनी आफूलाई ठूला ठानी आ–आफ्नो जिल्ला या ठाउँको अनौठो अनौठो बखान गर्छन् र छक्क पार्छन् ।

बाजीकै क्रममा भक्तपुरका कलाकार भन्छन् – हामीकहाँ एउटा गजबको रायोको सागको बोट उम्र्यो । त्यसको पात ठूलो भएर बढ्दा बढ्दा भक्तपुर सहर नै छोपियो ।

काठमाडौंका कलाकार भन्छन्– काठमाडौंमा स्वयम्भूको गजुरदेखि सेतो मच्छिन्द्रनाथको गजुरसम्म माकुराको जाल बुनेर बाटो बनायो । त्यसमा चारवटा घोडा दगुरायो ।

ललितपुरका कलाकार भन्छन् – चोभार डाँडामा अजङ्गको लौका फलिराखेको थियो । त्यसभित्र अप्सराहरू गीत गाएर नाचिरहेका थिए । त्यसबेला त्यहाँ एउटा माछा आइपुग्यो र त्यसले लौका निल्यो । त्यही बेला कताकताबाट एउटा बकुल्लो आयो, त्यसले माछालाई खायो । त्यस समयमा ठूलो आँधीबेहरी चल्यो । बकुल्लो आँधीबेहरीबाट बच्न मेरो फुटेको कुर्कुच्चाको प्वालमा सुत्त पस्यो । त्यसबेला मलाई के गरुँ के गरुँ भयो । मेरो साथमा आएका दुईजना नोकर बेपत्ता भए । संयोगले आज ती दुईजना नोकरहरू मेरै अगाडि देखा परे ।

यसले उहिले नै चर्चित, ठट्टा गर्ने, हास्यव्यङ्ग्य गर्ने कलाकारहरू थिए भन्ने सङ्केत गर्छ ।

मल्ल राजाहरू धर्मपरायण कलामर्मज्ञ, कवि, पौराणिक ज्ञाता, चित्रकार, संगीतकार, विद्वान, राजनीतिज्ञ, सुधारक, धर्मात्मा, पराक्रमी, वीर, योद्धा थिए । उनीहरूकै पालामा उपत्यकामा काठका, ढुङ्गाका र इँटाका मन्दिर बने । मन्दिर भित्र र बाहिर मूर्ति बनाए । अनि चित्रकला, शिल्पकला, हस्तकलाको विकास भयो । कला र सम्पदाहरू बने । अनि वाद्यवादन, नाचगान र गीत बने, बनाइए । उपत्यकामा




भैरव नाचमा महाकालीले राक्षसलाई मारिरहेको दृश्य

देवदेवीहरूको मन्दिरले भरियो। चाडवाड पर्व बने। अनि वंशावली, ठ्यासफु, सुवर्णपत्र, ताम्रपत्र, शिलापत्र बनाइयो। यसैको आधारमा गीत बन्यो, गीत बनाइए र इतिहास बन्यो।

हो, मल्ल शासकहरूमा पनि कमजोरी देखिए। राजगद्दीको लागि एकले अर्कोलाई आरोप-प्रत्यारोप गर्ने, गद्दी प्राप्त गर्न षड्यन्त्र गर्ने काम भयो। शासकहरू फेरिए। मल्ल राजाहरूका पनि बहुपत्नी थिए। एकले अर्कोलाई कमजोर ठाने। आ-आफ्ना पक्षका रानी र मन्त्रीहरू भए। पारिवारिक र मन्त्रीहरूबीचको मनमुताब बढ्यो। राज्य कमजोर भयो। सत्तामुखी झगडा शाहकालमा भयो, राणाकालमा भयो। त्यो राजतन्त्र हुँदै गणतन्त्र स्थापना हुँदासम्म कायम रह्यो।

त्यसबेला राजा, मन्त्रीबीच भएको वाक्युद्ध, षड्यन्त्रको कारण राज्य पतन भएको एउटा गीत यहाँ प्रस्तुत छ।

हेमन राजा, साहा शरीरया धनि जुया चोन।धु।
झिम्हा मचा दसे चोन खुँ व समान
आशा निराशा निम्हा रानी जुया चोन
मचा मिसाया ख्वल स्वया अहंकार याय मते
राज्य नास जुइ।१।
गुँगू लुखा दसे चोन शत्रुया लँपु जुया
सुबुद्धि कुबुद्धि निम्हा मन्त्री जुया चोन
कुबुद्धिया खँन्यना अहंकार यायमते
अनित्य शरीर।२।
डाम्हाकाजी बल कया थितिनीति यानाचोन
चन्द्रसूर्य निम्हा साछि जुया चोन
धरम पाप जक रणया खजाना
मने मदु मेव।३।
चाव न्हिव निम्हा दूत जन्मराजा तोता तल
अहंकार राजा नपां ल्वाय मन याना
लुखा दको बन्द याना सहरस द्वाहाँ वया
राज्य नास याइ।४।
मचा मिसा काजि मन्त्री थव थास बिसे वनि
थमं यानागु ज्याया फल पावे जुइ
वैरीया राज्य जुइ चिना कुना तइ
फेनिव सुनान ?।५।
ल्हाकम्हाया भावन थव मन राजा नाप
भिन मभिन निगू नाप नाप वइ
सुबुद्धिया खँ न्यना भिन ज्याखँ याव
मने मदु मेव।६।

गीतको तिथिमिति र रचनाकार अज्ञात भए पनि गीतमा राजा-महाराजाहरूको अहङ्कार, कुबुद्धिका मन्त्रीहरूको घुसघुसे बानीले सङ्ग्राम भएको चर्चा गरिएको छ। बहुपत्नी हुँदा परिवारका सदस्यहरूबीच हुने झगडा, अहङ्कार, राजाविरुद्ध लड्ने रातदिन दूत छोडेर कुरो बुझ्ने, पापको फल भोग्नुपर्ने हुँदा सुबुद्धिको कुरा सुनेर असल काम गर्नुपर्ने सन्देश यो गीतमा उल्लेख छ। सहरभित्रका सबै ढोका बन्द गरेर राज्य नास गर्न या राजगद्दी आफ्नो हातमा लिन गरिएको युद्धको सङ्केत गीतमा छ।

नेवार राजाले आफ्नो राज्यको सुरक्षाको निम्ति सहरको चारै दिसामा ढोका बनाएको र पर्खाल लगाएको कुरा भक्तपुर सहरमा हालसम्म रहेको ढोका र पर्खालले थाहा हुन्छ। च्याह्मासिंह ढोका, भार्वाचो ढोका, मङ्गलतीर्थको ढोका र व्यासी ढोका यसका दृष्टान्त हुन्। यसबाहेक अन्यत्र पनि ढोका र ढोकाका अवशेषहरू अद्यापि छन्।

नेपालमा पहिले सति जाने प्रथा थियो। यो प्रथा सर्वसाधारण नागरिकबीच मात्र होइन राजदरबारमा पनि रहेछ भन्ने कुरा 'बिज्यालक्ष्मी विदेशनं थ्यंक हल' भन्ने चर्चित गीतले थाहा हुन्छ। यो गीत सतिप्रथामा आधारित छ। रणबहादुर शाह काशीबाट फर्केपछि नेपालका भारदार र स्वयम् आफ्नो रानीले अनेक जालझेल गरी फसाएको आरोपमा रानी बिज्यालक्ष्मी (राज राजेश्वरी) लाई दरबारबाट निकाल्छन्। हेलम्बुमा बसिरहेकी रानी बिज्या (बिजया) लक्ष्मीलाई शेरबहादुर शाहमार्फत स्वामी राजा रणबहादुर शाहको हत्याको खबर पाएपछि रानी स्थानीय जनतासँग बिदा माग्दै सति जान बाध्य भएको गीतमा उल्लेख छ। सति जानु अघि उनले गीर्वाणयुद्ध र लानिथकुलाई भेट्ने इच्छा राखिन्। तर दरबारको आदेश छैन भनी भेट्न दिइँदैन। अन्ततः रानी बिज्यालक्ष्मी घाटमा पुगी रामनामको नाउँ लिई चित्तामा जलिन्। सती प्रथाजस्तो अन्धविश्वासमा जकडिएको बिज्यालक्ष्मीको गीत प्रस्तुत छ।

महारानी बिज्यालक्ष्मी विदेशन थेनके हल,
हेलंगुया परवत चोसं वास रे।धु।
थ स्वया परवत को स्वया समुदर
समुदर हुनुनुनु हाल रे।१।
लखतोने तुंवाचास, आलं याय तपरिस
श्री स्वामियिा खबर नेना वना रे।२।
प्रजाया दया दत चौघरा दयका बिल
महारानी आनन्दन चोन रे।३।
दुःख सुख तनका चोना श्री स्वामियिा खबर नेना
सति विज्याय माल धका धाल रे।४।
हेलंगुया परजा भाजु जि सति वनेमाल
परजाया मिखास खोबि तल रे।५।
अनंनिसे सति बिज्यात बज्रयोगिनी थेनके हल
अन लुया छलिकथि छाया बिल रे।६।

सक्व देशया पञ्च परमवीरसिं दुवाऱ्या सहित
अन माईयात वाजन सयका बिज्यात रे ।७।
सक्व देशया पञ्च परमान हरिवीर सिं प्रधानया छेसं
अन छेसं मेजमा संके हल रे ।८।
अनलिसे लिहाँ विज्यात श्री चंगुनारां थ्यनकल बिज्यात
अन दायना शंख छाया बिल रे ।९।
अनलिसे लिहाँ बिज्यात श्री गुहेश्वरी थ्यनके हल
अन लुँया छत्रछाया बिल रे ।१०।
अननिसें लिहा बिज्यात श्री पशुपति ध्यनके हल
अन लुँया च्वामोल छाया बिल रे ।११।
अननिसें लिहाँ बिज्यात श्री स्वामिया दरसन यात
अन स्वचाक उला पालि भोकपुल रे ।१२।
अननिसे लिहाँ बिज्यात जय बागीश्वरी थ्यनकल बिज्यात
अन लुभोतया तायो छाया दिल रे ।१३।
अननिसें लिहाँ बिज्यात ध्वाकापति चपरासि तयाबिल
यँ देशे वने मदु धाल रे ।१४।
अननिसें लिहाँ बिज्यात न्हवं घाट थ्यनकल बिज्यात
अन महारानी नुगल दाया ख्वल रे ।१५।
यें देशया काजि भारदार जि कायया दरसन मबिउ
उर्जि मदुधका होकुम जुल रे ।१६।



कार्तिक नाच

वायो जुजु वायो पुता गिरिवान जुद्ध विक्रम शाह
जिगु मुले खचि फेतुके रे ।१७।
वायो पुता मैजु लानि थकुं मुले भति चोन वायो
छन वाया कारनसं वने रे ।१८।
महारानी बिज्यालक्ष्मी माम यागु ख्वाल स्वया
अन साहेब जुजुं मिखास खोबि तल रे ।१९।
हाय जुजु हाय पुता परजायात दुःख विय मते
छन राज्य थिर याय फय माल रे ।२०।
महारानी बिज्यालक्ष्मी सिंपस थाहां बिज्यात
महारानी रामनाम काल रे ।२१।
काजि धाय भीमसेन थापा मन्त्री धाय भीमसेन थापा
अकालन छता सिय माल रे ।२२।
महारानी स्वर्गवास जुल अन चोको दुनिया दक्को
मिखास खोबि तया खोल रे ।२३।

दरबारबाट निकालिएकी महारानी बिज्या (बिजया) लक्ष्मी हेलम्बुमा निर्वासित जीवन बिताइरहँदा आफ्नो स्वामी रणबहादुर शाह बितेको खबरसँगै सती जाने खबर पुऱ्याइयो । दुःख कष्टका साथ जीवन बिताइरहेकी रानीलाई स्थानीय जनताले चौघरा बनाएपछि मात्रै उनले आनन्दको अनुभूति गरिन् । दुःख सुख बिर्सेर बसिरहेकी महारानीलाई स्वामीको मृत्युको खबर सुनेपछि सती जानुपर्दा रानी र प्रजाको हृदयमा चोट पर्नु स्वाभाविक हो । सती जान प्रजासँग बिदा माग्दै रानीबज्रयोगिनी, सक्व (      ) का हरिवीरमान सिंको घर, चाँगुनारायण, गुहेश्वरी, पशुपति पुगेर उनले स्वामी रणबहादुरको दर्शन गरी तीनपटक घुमेर पाउ ढोगिन् ।

त्यहाँबाट फर्की जय वागीश्वरी, सहरका विभिन्न द्वार हुँदै दरवार पुगेर छोरीलाई भेट्ने इच्छा व्यक्त गर्दा आदेश छैन भनी भेट्न दिइँदैन । छोरा गीर्वाणयुद्धलाई भेट्न नदिएपछि प्रजालाई दुःख नदिन छोरालाई आग्रह गरिन् । त्यसपछि उनी लास जलाउन राखिएको दाउरामा बसी रामनामको नाउँ लिई चित्तामा जलिन् ।

यो गीतको सार हो । गीत दुःखान्तक र मार्मिक छ । सरकारले बनाएकै अन्धविश्वास र संस्कारले गर्दा लामो समयसम्म जनताले मात्र होइन, राजपरिवारका सदस्यले पनि दुःखपाए । श्रीमान्सँग सती गएर कसैको सुख हुने होइन ।

सती प्रथा हटाउनुपर्ने माग बढ्यो, जनदबाब बढ्यो । सामाजिक मूल्य र मान्यताविपरीतको सो प्रथा चन्द्रशमशेरको पालामा १९७७ असार २५ देखि अन्त्य भयो । पहिले कसैसँग सापटी लिंदा पनि ब्याजको रूपमा छोरा छोरीलाई बिक्री गर्नुपर्थ्यो या कमाराकमारी राख्ने प्रथा थियो । भाउजु बिगार्ने प्रथा थियो । यी प्रथाहरू सामन्ती संस्कारका दृष्टान्तहरू हुन् । रणबहादुर शाहका पाँच पत्नीमध्ये विजया (राज

राजेश्वरी) पहिलो पत्नी हुन्। गीर्वाणयुद्ध तेस्रो पत्नी कान्तिदेवीका पुत्र हुन्। रणबहादुर शाह वि.सं. १८५८ मा काशी गएका थिए।

भक्तपुरमा भालु नाच पनि चर्चित थियो। विशेषगरी यो नाच गाईजात्राको समयमा देखाइन्थ्यो। बुढापाकाको भनाइअनुसार गाईजात्राको बेला भक्तपुर सहरमा रहेका सबै परम्परागत नाचगान देखाउनुपर्थ्यो। भक्तपुर नगरपालिकाले परम्परागत नाचगानको प्रतियोगिता गरेपछि पहिले देखाउन छोडेको यो नाच फेरि देखाइएको थियो। अहिले यो नाच देखाएको पाइँदैन। विशेषगरी भालु नाच भनपाको साविक वडा नं. १७ (हाल वडा नं. १) बाट ल्याइन्थ्यो र टोल-टोलमा देखाइन्थ्यो। यो नाच पहिले क्वाठण्डौं टोलबाट पनि देखाइने गरेको बताइन्छ। लोप हुन लागेको यो भालु नाचको एउटा पुरानो गीत यहाँ प्रस्तुत छ।

संवत् दोलछि व न्हैदया मितिस
घरघरै सिपाइँ जोङावने लोक दुनियाँ सोल वई रे ।१।
सैन्य दको मुनकाव अ हल वान रे
पशुपंछि भालुयाता स्याङा व वानेनु यो हरषन म्हेतल रे ।२।
सिंह ब्याघ्र अजिंगर अनेन दव रे
धनुखवान हथियार जोङा व वानेनु यो हरषन दको रे ।३।
सिकारी, खिचा सिपाहीं छम्हा न्हपालाक छोव रे
भालुजुवा जुंगे लामा सो वई झिपि सकले वङा व जोनेनु ।४।
लामाजुन मन्त्र याना भालु म्वाका काई रे
सिपाइ नं मन्त्र स्याङा विइगु स्वव घेरा बिया चोनेनु ।५।
हनुमानघाते गंगास मोल ल्हुय वानेनु
दको पाप चुयकाव छोयो वानेनु थो हरषन थव छेस रे ।६।
लोक पंच मुनकाव भजन याये रे
रामनाम जप याङाव वाने नुयो बैकुण्ठ वास रे ।७।

यो भालुको गीतमा नेपाल संवत् १०७० उल्लेख छ। यस गीतमा कुनै एक किसानको मकैबारीमा भालु पसेर मकै खाएको प्रसङ्ग छ। भालुले मकै खाएर सखाप पारेपछि सिपाहीं, सेना लिएर जनता मकैबारीमा भालु मार्न पुगे। सिंह, बाघ, अजिङ्गर हुने भयले धनुषवान र हतियार लिएर सबैजना पुग्नु अघि शिकारी कुकुर र सिपाहीं पठाउँथे। भालुका मालिक जुंगे लामाले मारिएको भालुलाई मन्त्रले बचाउने हुँदा जुंगे लामालाई समात्नुपर्ने र लामाको मन्त्र भङ्ग गर्न चारैतिर घेरा गरेर बस्नुपर्ने कथन छ गीतमा। गीतको अन्त्यमा हनुमानघाटको गंगामा स्नान गरेर भएभरको पाप पखाली लोकपञ्च मिली खुसीसाथ भजन गर्ने प्रसङ्ग यो भालु गीतमा उल्लेख छ।

यो भालु नाचको गीत मित्र लक्ष्मीनारायण राजलवटमार्फत भार्वाचोस्थित मनिसुन्दर गाणेश डाफाभजनमार्फत लिइएको हो।

भालु नाचमा एक भालु, सिकारी, मन्त्र जान्ने लामा र सिपाहीं हुन्थे। गीत गाउँदै भालु नाच्दा रमाइलो हुन्थ्यो। त्यसमाथि कलाकारबीचको वातचित ठट्यौली, व्यङ्ग्यात्मक हुन्थ्यो र दर्शकलाई मनोरञ्जन दिन्थ्यो। यस्तो भालु नाच पहिले पहिले गाईजात्राको बेला प्रत्येक वर्ष टोल-टोलमा ल्याइन्थ्यो र स्थानीय टोलवासीहरूले हेर्थे। मनोरञ्जन लिन्थे। अब नयाँ पुस्ताले भालु नाच हेर्न पाउँछ कि पाउँदैन, चिन्ताको विषय बनेको छ। भालु नाचका पुराना कलाकारहरूमार्फत यो नाच देखाउन पाए, नयाँ पुस्ताले पनि जानकारी पाउँथे। पहिले यस्ता नाचहरू हेर्न टोलभरि दर्शक हुन्थे। आजभोलि घरघरमै फिल्म, टेलिसृङ्खला हुने भएकोले र नयाँ पुस्ताको ध्यान नगएको हुँदा दर्शकहरू पनि कममात्र हुन्थे। कति नाचगानहरू पुराना कलाकारहरू बितिसकेको र वृद्ध हुन थालेपछि देखाउन नसकेको देखिन्छ। तर पनि परम्परागत मौलिक नाचलाई जीवन्तता दिइरहनु जरुरी छ।

**सन्दर्भ सामग्री**

पुलांगु म्ये : सङ्कलक ठाकुरलाल मानन्धर
बाखं : प्रेमबहादुर कसा
मनिसुन्दर गणेश डाफाभजन, भार्वाचो
नेपाली लोकसाहितय : चुडामणि बन्धु

**सन्दर्भः सिद्धिचरण श्रेष्ठ जन्म दिवस**

## पुरुखा पिनिगु म्हगस

*- सिद्धिचरण श्रेष्ठ*

जिमि हे पुरुखापिनिगु हिचःति मुनाः दयाच्वंगु थ्व जिगु दे
बिलिबिलि जायाच्वंगु अमिगु हे माया-मतिना खः जिगु म्हय्
लख दुन्य वसिना च्वंगु थ्व धर्ति अमिसं हे खः पित हःगु
वा-फय्, खुसिबाः, निभाः मधास्यें थःत थ्वया निंतिं फ्याःगु ।

छँ, बुँ व ख्यः क्यब थाय्बाय् सकतां खः पुरुखापिनि हे छँ गू
ल्वानाः, ख्यानाः, स्यानाः व सिनाः थ्वैत सदां म्वाका तःगु
गाः, ध्वप ल्हाकाः, कंझाः चीकाः थथ्याःथाय् माथं वंकाः
गां, पाः, दे, लँपु अमिसं स्वंगु जीवन गुँखि झीगु ब्वलंकाः ।

जिगु प्ये, जिगु घुटु, जिगु तिय पुन्य नं खः पुरखापिनिगु हि चःति
अमिगु म्हगस खः, स्वयम् जि हे नं न्ह्यैपुस्य च्वंक्यत थुगु सृष्टि
छिंक्यत, भिंक्यत, यैपुस्य च्वंक्यत थन जियां लिपा वैपिंत
आय्बू जि सदां खेलुइताः थें जःया नं जःतुं ज्वीत ।

*(साभारः खेलुइताः, ने.सं. ११०२ म्हपुजा)*

नागरिक भावना

# पर्यटक शुल्क

हेमन्त

गाईजात्रा पर्वको रमाइलो दिन थियो। भक्तपुरमा 'घिंतां घिसि' नाच तथा परम्परागत नाचहरूको नगर परिक्रमा हुँदै थियो। जात्रा हेर्नका निम्ति आन्तरिक पर्यटकहरूको घुइँचो लामै थियो। विदेशी पर्यटकहरू पनि समूह-समूह गरी त्यही भिडमा सामेल थिए। 'गिनि त्वाङ् गिनी त्वाङ् घिंतां घिसि ट्वाङ्' बाजाको बोलमा बालक, युवा-युवती तथा अधबैंसे कलाकारहरू ताल मिलाई नाच्दै गरेको साह्रै आकर्षक देखिन्थ्यो। सबैको अनुहार हँसिलो थियो। सबै रमाइरहेका थिए। कालो बादलले घाम छोपिएको थियो। पसिनाले शरीर निथ्रुक्कै भिजे तापनि गर्मी भने थिएन। गाईजात्राको मनोरञ्जन लिंदै समाजसेवी रामदाइले भक्तपुर नगर एक चक्कर लगाए। त्यसकारण उनी थकाइ मार्न र भोक मेटाउन गल्लीको बाटो हुँदै घर फर्कंदै थिए। त्यही गल्लीको बाटो हुँदै एक समूह विदेशी पर्यटकहरू आउँदै थिए। ती पर्यटकहरूमाथि रामदाइले गौण गरी नियाले। ती पर्यटकहरूको समूहमा एक जना नेपाली युवा पनि थिए। सायद उनी गाइड थिए। शंकालु आँखा घुमाउँदै गाइडले पर्यटकहरूलाई लग्दै थियो। तर रामदाइलाई ती पर्यटकहरू टिकट काउण्टर छलेर आएको अनुमान गरे, किनकि तिनीहरूको हातमा ब्रोसर र टिकट थिएन।

रामदाइले सबैको अनुहार नियाल्दै मनमा कुरा खेलाउन थाले- शुल्क तिरिसकेका पर्यटकहरूको हात-हातमा भक्तपुरको ब्रोसर र प्रवेश टिकट हुन्थ्यो तर यिनीहरूको हात त खाली छ। यिनीहरू पक्कै काउण्टर छलेर नगर प्रवेश गर्नेहरू हुन् रामदाइले अठोट गऱ्यो।

ए रामदाइ ! कुइरेहरूलाई किन नियाल्नु भएको ? पाटीमा बसी तास खेलिरहेको भिमेचाले अपरझट प्रश्न गऱ्यो। ऊ सधैं पाटीमा तास खेली दिन बिताउने गर्थ्यो। निर्वाचनको बेला आर्थिक सहयोग गर्ने पार्टीको लहलहैमा प्रचार अभियानमा हिंड्ने गर्थ्यो। एउटै पार्टीको झण्डा मुनी बस्नुपर्छ भन्ने बाध्यता उसलाई थिएन। आर्थिक सहयोग नगर्ने पार्टीको नामै लिंदैनथ्यो। यी कुइरेहरूले बिना शुल्क नगर प्रवेश गऱ्यो कि जस्तो लाग्यो ! रामदाइले जवाफ दिए।

धत्तेरी ! त्यसमा किन टाउको दुखाउने ? पर्यटक शुल्क तिरोस् या नतिरोस् तपाईंलाई के मतलब ! वास्तै नगरे त भइ हाल्यो नि। तपाइँ नगरपालिकाको कर्मचारी होइन, जनप्रतिनिधि पनि होइन। चुप लागेर बसे त भइ हाल्यो नि ! के पर्यटक शुल्कबाट तपाईंलाई कमिशन आउँछ कि कसो रामदाइ ? भिमेचाले जिम्मेवारीहीन प्रश्न गऱ्यो। भिमेचाको प्रश्न सुनेर रामदाइको पाइतलादेखि रिस उठ्न थाल्यो तापनि 'रिसाएको ब्राम्हणले वेद पढ्दैनन्' भन्ने उखान सम्झि रिसलाई दबाइ सम्झाउन थाले-कुरो त्यसो होइन भिमेचा ! कुरा बुझ, हामी यही नगरका नगरवासी हौं। यहीं जन्म्यौं- यहीं मर्नुपर्छ। त्यसकारण नगरलाई नोक्सान हुने कुरामा र नगरवासीलाई नोक्सान हुने कुरालाई जोगाउनु हाम्रो कर्तव्य हो। ती विदेशी पर्यटकहरूले प्रवेश शुल्क नतिरिकन नगर घुम्न थाल्यो भने नगरवासीलाई नोक्सान हुँदैन र !

ड्याक परे पनि नाफा भए पनि नगरवासीलाई 'बेल पाक्यो हर्ष न बिस्मात्' के नगरपालिकाले पर्यटन शुल्क उठाएर नगरवासीलाई भागबन्डा गरी दिएको छ ? वाहियात ! जानुस् आफ्नो काममा ! भिमेचाले आदेश दियो।

भिमेचाले पर्यटक शुल्कबारे लापरवाही विचार व्यक्त गरे तापनि रिसलाई नियन्त्रण गर्दै रामदाइले पर्यटक शुल्कबारे विगतका इतिहास बताउन थाले-

लौ सुन भिमे ! सांस्कृतिक सम्पदाहरू संरक्षण गर्ने विषयमा नेपालका पुराना नगरहरूझैं हाम्रो भक्तपुर नगर पनि अग्रपंक्ति मै छ। यहाँका पाटी-पौवा, मठ-मन्दिर, विहार, पोखरी, सडक तथा गल्लीका बाटाहरू पुरानै स्वरूपमा जीर्णोद्वार गर्ने काम निरन्तर भइरहेका छन्। त्यसैकारण यो नगर विश्व सम्पदा सूचिमा छ। नेपाल घुम्न आउने विदेशी पर्यटकहरू भक्तपुरका सांस्कृतिक सम्पदाको दृश्यावलोकन नगरी फर्कनु परे साह्रै चित्त दुःखाएर जान्छन् भन्ने कुरा सुन्नमा आउँछ। यो जीवन्त सांस्कृतिक नगर हो। यसलाई नाचगानको राजधानी पनि भन्ने गर्छन्।

विगतका दिनहरूमा नगरपालिकाको आर्थिक स्रोत कमजोर हुनाको कारण असंख्य ऐतिहासिक सम्पदाहरू लोप भइसकेको कुरा बुढापाकाहरू भन्ने गर्छन्। सूर्यमढी दबुको महादेव मन्दिर, तुलाछें टोलको जगन्नाथ मन्दिर तथा उनान्सय चोकभित्रका महत्त्वपूर्ण चोकहरू, हाम्रो आँखाबाट ओझेल परिसकेका छन्।

विश्वका विकसित देशहरूले पर्यटकहरूसँग शुल्क उठाएर आ-आफ्नो ऐतिहासिक सम्पदाहरू सुरक्षित गर्दा रहेछन् भन्ने कुरा हाम्रा जनप्रतिनिधिहरूले थाहा पाए। त्यसकारण भक्तपुर नगर अवलोकन गर्न आउने विदेशी पर्यटकहरूसँग शुल्क उठाउने भावना जाग्यो। नगरपालिकाले ➲➲

## भक्तपुर नगरपालिका क्षेत्रभित्रका पाटी विवरण

भक्तपुर नगरपञ्चायतबाट २०३१ सालमा संकलन गरिएको भक्तपुर नगरभित्रको पाटी विवरण यस अङ्कदेखि पुनः प्रकाशन गरिएको छ। यो विवरण २०३१ साल जेठ ३ गतेदेखि भाद्र ९ गतेसम्म श्री रामचन्द्र श्रेष्ठले वडा नं १ देखि ९ सम्म र श्री सूर्यप्रसाद श्रेष्ठले वडा नं. १० देखि १७ सम्म संकलन गर्नुभएको हो। यस विवरणलाई भक्तपुर नपको प्रकाशन 'पञ्चायत' (मासिक) मा वर्ष २ अङ्क ९, २०४१ देखि वर्ष ५ अङ्क ४, २०४३ सम्मका विभिन्न अङ्कमा प्रकाशित गरिएको थियो। २०७२ सालको भूकम्पपछि यस विवरणलाई पुनःप्रकाशित गर्नु सामयिक देखिएकोले क्रमशः प्रकाशन गरिएको छ - 'भक्तपुर')

| सि.नं. | पाटी रहेको वाडं नं. र टोल | चार किला | | | | पाटीको विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | पूर्व | पश्चिम | उत्तर | दक्षिण | | |
| **वडा नं. २ (हाल वडा नं. ८)** | | | | | | | |
| २९ | जेंला भट्प्वा | बाटो | घर | बाटो | पाताल | सार्वजनिक | पूर्वतर्फ दलान कवल ३, उत्तरतर्फ २, दक्षिणतर्फ २ |
| ३० | दत्तात्रय मठ अगाडि | घर | बाटो | बाटो | बाटो | सार्वजनिक | पश्चिमतर्फ दलान कवल ३, उत्तर दक्षिण १-१ |
| ३१ | जेंला | बाटो | बाटो | बाटो | बाटो | सार्वजनिक | दक्षिणतर्फ दलान कवल ३, पूर्वतर्फ १ |
| ३२ | जेंला | बाटो र घर | बाटो | बाटो | सत्तल घर | सार्वजनिक | उत्तरतर्फ दलान कवल ४, पूर्वतर्फ २ |
| ३३ | माचो भैरव अगाडि | बाटो | घर | बाटो | बाटो | सार्वजनिक | पूर्वतर्फ दलान कवल ३, दक्षिण उत्तर १ |
| ३४ | जेंला | घर | बाटो | घर | बाटो | सार्वजनिक | दक्षिणतर्फ दलान कवल ३, पाटी माथि घर |
| ३५ | जेंला पोखरी | बाटो | जेंला पोखरी | बाटो | बाटो | सार्वजनिक | दक्षिणतर्फ दलान कवल ३, पूर्वतर्फ ३ |
| ३६ | जेंला पोखरी | बाटो | पोखरी | घर | बाटो | सार्वजनिक | दक्षिणतर्फ दलान कवल २, पूर्वतर्फ ३ |
| ३७ | माचो भैरव | बाटो | बगैंचा | बाटो | गुसीपको | सार्वजनिक | उत्तरतर्फ दलान कवल ३, पूर्वतर्फ १ |
| ३८ | माहेश्वरी | बाटो | बगैंचा | बगैंचा | बाटो | सार्वजनिक | पूर्वतर्फ दलान कवल ३, दक्षिणतर्फ ३, माथि सत्तल |
| ३९ | माहेश्वरी चोल्याउने पाटी | बाटो | बगैंचा | बगैंचा | बाटो | सार्वजनिक | दक्षिणतर्फ दलान कवल ४ |
| ४० | माहेश्वरी उकालोमा | बाटो | बगैंचा | बगैंचा | बाटो | सार्वजनिक | दक्षिणतर्फ दलान कवल ३, पूर्वतर्फ १ |
| ४१ | जेंला माहेश्वरी तँचो | बाटो | बाटो | घर | बाटो | सार्वजनिक | दक्षिणतर्फ दलान कवल ३, पूर्वतर्फ ३ |
| ४२ | जेंला | बाटो | घर र बगैंचा | बाटो | बाटो | सार्वजनिक | पूर्वतर्फ दलान कवल ३, उत्तरदक्षिण १-१ |
| ४३ | जेंला | घर | लामोबारी | घर | बाटो | सार्वजनिक | दक्षिणतर्फ दलान कवल २, माथि घर |
| ४४ | जेंला | बाटो | घर | घर | बाटो | सार्वजनिक | दक्षिणतर्फ दलान कवल ३, माथि घर |

➲➲ नगरवासीहरूको राय-सुझाव संकलन गरी पर्यटक शुल्क उठाउने कुरा बोर्ड बैठकले निर्णय गऱ्यो। त्यस निर्णयका विरुद्ध नेपाल सरकारले समेत विरोध गरेको थियो। निर्णय फिर्ता लिन दबाब दिएको थियो। स्थानीय निकाय स्वायत्त शासन हुनाको कारण हाम्रा जनप्रतिनिधिहरूले सरकारको दबाब अस्वीकार गरे। भक्तपुर नगरपालिकाले पर्यटक शुल्क उठाइ छाड्यो तर आफ्नै खल्तीबाट शुल्क तिर्नुपर्ने सम्झेर स्थानीय केही व्यापारीहरूले पनि विरोध जनाएका थिए तापनि त्यो सफल हुन सकेन। हाल यो पर्यटक शुल्क भक्तपुर नगरको मुख्य आम्दानीको स्रोत बनेको छ। पर्यटक शुल्क उठाउन नपाएको भए न सम्पदाहरू जीर्णोद्धार हुन्थे न त सरसफाइ नै गर्न सकिन्थ्यो। यद्यपि पर्यटक शुल्क स्थिर आर्थिक स्रोत भने होइन। यसमा नगरवासीले ध्यान दिनुपर्छ। रामदाइले भिमेचालाई सम्झाउने-बुझाउने प्रयास गरे।

लौ भिमे ! तिमीलाई थाहै छ- तिम्रो टोलको पाटी, द्यछें, वहि पहिले कुन अवस्थामा थियो भन !

'त्यो त सबै नै घरपातालै थियो नि ! भिमेचाले जवाफ दियो। हो$^{s}$, अब त्यो पुनःनिर्माण भएन त ?' राम दाइले उत्तरसँगै प्रश्न सोधिहाले। 'त्यो त जीर्णोद्धार भइसक्याछ !' भिमेचाले छोटकरीमा जवाफ फर्कायो।

त्यही पर्यटक शुल्कबाट पाँचतले मन्दिर, भैरव नाथको मन्दिर, सिद्धपोखरी, कमलविनायक पोखरी, विभिन्न कलेजहरू तथा जनस्वास्थ्य कार्यालय सञ्चालन भएका हुन्। अब के यो पर्यटक शुल्क जनतालाई बाँडेको होइन त ? रामदाले कस्सिएर प्रश्न गरे। भिमेचाले यथार्थ ज्ञान पाएको अनुभव गरेपछि रामदाइले नगरपालिकामा मोबाइलबाट सूचना दिंदै भने- प्रमुखज्यू ! विदेशी पर्यटकहरू विना शुल्क नगर प्रवेश गर्दै छन् है।

# ;dfhdf k|rlnt cGwljZjf; M slt ;To slt c;To



सह प्रा.डा. बलराम कायस्थ

अन्धविश्वास त्यस्ता कुरा हुन्, जसमा कुनै प्रामाणिकता हुँदैन, तर पनि जीवनको प्रत्येक मोडमा त्यसलाई बोकेर हिंड्नु परिरहेको हुन्छ। आजको जस्तो वैज्ञानिक विचार अर्थात् कुनै पनि कुराको निषक्ष, स्वतन्त्र र तर्कसगत ढंगले विचार विमर्श गर्ने पद्धति प्राचीन समयको समाजमा विकास भइसकेको थिएन। अतः धेरै कुराहरू प्रामाणिक आधारविहीन भए तापनि मानव समाजले अँगाल्न पुग्यो, जसलाई पछिका समाजले परम्पराका रूपमा स्वीकार गर्‍यो। यसरी प्रत्येक मानिसको धर्म, संस्कृतिमा अन्धविश्वास घुलमिल भएको पाइन्छ, केवल स्तर र गुणमात्र भिन्न हुन्छ। जस्तो; अगाडि बढेको समाजमा थोरै र पछाडि परेको समाजमा बढी पाइन्छ। हाम्रो देश नेपाल पनि सामाजिक दृष्टिकोणले पछाडि परेको छ, जसले गर्दा यहाँ अन्धविश्वास ब्यापक रूपमा प्रचलित रहेको पाइन्छ, जुन जीवनको प्रत्येक क्रियाकलाप, धर्मकर्म आदिमा यो प्रशस्त भेटिन्छ। यद्यपि समाजले मान्दैमा, परम्पराले स्वीकार्दैमा कुनै पनि अन्धविश्वासलाई विश्वास गर्नैपर्छ भन्ने बाध्यता कसैलाई पनि छैन, तर पनि नचाहँदा नचाहँदै पनि प्रायः सबैले त्यसलाई बोकेर हिंडिराखेकै हुन्छ। हालै मात्र पश्चिम नेपालको कैलाली, कंचनपुरतिर एउटी थारु युवतीलाई बोक्सीको आरोपमा हरिबाबु भन्ने धामीले देउता आएको भन्दै बोक्सी भगाउन मरणासन्न हुने गरी कुटपिट गरे। यो सबैका सामु दिनदहाडै भएको घटना थियो। यो मानव अधिकार उल्लंघनको चरमसीमा थियो। तर पनि अन्धविश्वास भनी थाहा पाउँदा पाउँदै पनि समाजले यस्ता कुरालाई सहज ढंगले लिएको देखिन्छ। त्यस्तै पश्चिम नेपालको पहाडी प्रदेशमा रहने महिलाहरूलाई महिनावारी हुँदा प्रचलित छाउपडी प्रथाको अन्धविश्वासले कष्टकर जीवन भोग्न बाध्य पारेको छ। तराईको मधेसी समुदाय, हिमाली भेगका बासिन्दा, उपत्यकाको नेवार समाजलगायत सबैतिरका मानिसहरूमा अन्धविश्वाससम्बन्धी धारणा रहेको पाइन्छ।

समाजमा प्रचलित अन्धविश्वासलाई मूलतः दुई भागमा राखेर अध्ययन गर्न सकिन्छ। जस्तैः १) धार्मिक परम्परासँग सम्बन्धित अन्धविश्वास, २) सामाजिक जीवनसँग सम्बन्धित अन्धविश्वास।

**१) धार्मिक परम्परासँग सम्बन्धित अन्धविश्वास–** समाजमा गरेका अनेकौं अनैतिक कार्यको प्रायश्चित मन्दिरमा गएर केही चढाउँदैमा हुँदैन। तर नेपाली समाजमा यस किसिमको अन्धविश्वास ब्यापक रूपमा रहेको पाइन्छ। वास्तवमा आफूले गरेका कुकृत्यहरूबाट बच्न ईश्वरलाई केही भेटी चढाएर क्षम्य हुने भए जो कोही पनि अपराध कर्म गर्नतिर लालायित हुन्छन्। समाजमा नैतिक मूल्य–मान्यताहरू समाप्त भएर जान्छन्। आदर्श, सच्चरित्रता, सदाचार, इमानदारीता भन्ने कुराको कुनै अर्थ नै रहँदैन। प्राचीन समयका मानिसहरूले समयमा पानी पार्ने, कृषिफसल राम्रो गरिदिने, सबैतिर सुख, शान्ति र समृद्धि फैलाउने, प्राकृतिक प्रकोप, दैवी विपत्तिका घटनाहरू हुन नदिने एउटा अदृश्य शक्ति, जो सर्वशक्तिमान छ, निराकार छ भन्ने ठाने र त्यसैलाई ईश्वरको रूपमा मान्न थाले। आकारविहीन रूपको ईश्वर हुन्छ भन्ने कुरालाई पछिका समाजले मानेनन्। त्यसैले मूर्ति बनाउन थालियो। उसले जे पनि गर्न सक्ने भएकाले उसलाई सबभन्दा सुन्दर बनाइयो। त्यस मूर्तिलाई भव्य रूपको मन्दिर बनाएर स्थापना गरियो। त्यसपछि पूजाविधि, पशुबलि, नरबलिको चलन चल्न थाल्यो। तर यो धर्म होइन, केवल अन्धविश्वास हो। महाकवि लक्ष्मीप्रसाद देवकोटाका अनुसार मन्दिरमा जाँदैमा धर्म प्राप्ति हुँदैन, सच्चा धर्म त दीन–दुःखीहरूको सेवाबाट प्राप्त हुन्छ। महात्मा गान्धीको भनाइमा मानिसको सेवा गर्नु नै साँचो अर्थमा ईश्वरको सेवा गर्नु हो। वास्तवमा अदृश्य शक्तिको रूपमा रहेको ईश्वर न त मूर्तिमा हुन्छ, न त मन्दिरमा नै बस्ने गर्दछ न कुनै किसिमको पूजा वा पशुबलिको माग गर्छ। यो त प्रत्येक मानिसको मनमा बसेको हुन्छ। बुढापाकाहरू भन्ने गर्छन् "मन चंगा तो लोटामे गंगा !" अर्थात् आफ्नो मन पवित्र छ भने ईश्वर खोज्न अन्त कतै गइरहनुपर्दैन। आफ्नै मनको अन्तर कुन्तरमा खोजी हेरे पुग्छ। यदि मनमा कपट छ भने मन्दिर जाँदैमा मात्र केही प्राप्ति हुनेवाला छैन।

नेपाली समाजमा सनातनकालदेखि प्रचलित धर्ममा वैज्ञानिकता छ कि छैन भन्न गाह्रै छ। तर पनि सामाजिक संस्कार, रीतिरिवाजहरू आदि सबै परम्परादेखि धर्मकै आधारमा चल्दै आएका छन्। यसलाई बहिष्कार गर्न सकिने अवस्था

छैन। विभिन्न पर्व विशेषका अवसरमा देवदेवीका मन्दिरमा तिनलाई खुसी पार्न दिइने पशुबलि लगायतका बलिहरू सर्वथा अन्धविश्वास हुन्। मानिसलाई आफ्नो शारीरिक तन्दुरुस्तीका लागि मासु खानु पर्ला, त्यो बेग्लै कुरा हो। तर यसका लागि ईश्वरलाई दोषी बनाउनु उचित देखिँदैन। यस सन्दर्भमा यहाँ एउटा उदाहरण प्रस्तुत गर्न सकिन्छ। जस्तोः हिन्दु धर्मशास्त्रअनुसार गणेश भगवानले बलि लिएको कहीं पनि देखिँदैन, तर हाम्रो समाजमा टोलटोलमा रहेका गणेशलाई कुखुरा, हाँस, बोका, राँगो आदिको बलि दिने परम्परा रहेको छ। गणेशको पूजा गर्दा पंचमकारविधिले पूजा गरिन्छ अर्थात् मत्स्य, मास, मदिरासहितको सम्हेय्बजी चढाएर पूजा गरिन्छ। यद्यपि यस परम्परालाई यहाँको आफ्नै मौलिक परम्परा भन्ने गरिन्छ, तर वैदिक देवता कुनैले पनि रक्तबलि स्वीकारेको वर्णन धार्मिक ग्रन्थ, पुराणहरूमा भेटिदैन। यसरी दक्षिण एशियाको कुनै पनि हिन्दु समाजमा नभएको परम्परा हाम्रो समाजमा रहेको पाइन्छ। त्यस्तै यहाँको समाजमा गणेशका आकृतियुक्त भन्दा अनाकृत अर्थात् स्वरूप बेगरका प्रस्तर मूर्तिहरू ज्यादै प्रख्यात र शक्तिशाली अनि ऐतिहासिक मानिन्छन्।

पिछडिएको समाजमा आफ्ना कमी–कमजोरी, डर, त्रास, भय आदिका कारणले गर्दा मानिसलाई कसैको शरणमा पर्नु आवश्यक भयो। कसको शरणमा पर्ने भन्दा सृष्टिको प्रारम्भदेखि नै यस चराचर जगतलाई ब्यवस्थित ढंगले चलाउँदै आएको एउटा अदृश्य शक्ति, जो निराकार छ, सर्वव्यापी छ, त्यसकै शरणमा पर्नु राम्रो देख्यो। यद्यपि ईश्वरलाई अझै पनि काल्पनिक शक्ति ठानिन्छ। यसको प्रमाण अझै पनि भेटिएको छैन तथापि हामीले यसलाई बोकेर हिंडनु परिराखेको छ। किनकि मानिस र वातावरणीय पर्यावरण अर्थात् जीव र जगतबीचको सम्बन्ध सदा सन्तुलित बनिरहोस् भन्नाका लागि पनि देवी–देवतालाई रिझाउनु परिरहेको छ।

नेपाली समाजमा प्रचलित अर्कोथरीको अन्धविश्वासमा भूत, प्रेत, पिशाच, वीर, वायु आदि हुन्। त्यस्तै तन्त्रमन्त्र, बोक्सी, धामी, झाँक्रीमा पनि यहाँका बासिन्दा विश्वास गर्दछन्। यी कुराहरूको प्रामाणिकता मापन गर्ने कुनै आधार आजसम्म भेटिएको छैन।

**२) समाजसँग सम्बन्धित अन्धविश्वास–** यहाँ प्रचलित सबै सामाजिक मूल्य–मान्यताहरू प्रामाणिक र उपयोगी छैनन्। पिछडिएको अवस्थामा रहेको नेपाली समाज परम्परा र धार्मिक विश्वासमा आधारित छ। नेपाली समाजमा अशिक्षितहरूकै बाहुल्यता रहेको छ। वस्तुगत ज्ञानविना नेपाली समाजलाई अन्धविश्वासबाट टाढा राख्न सकिंदैन।

कुनै नयाँ काम शुरु गर्न वा कतै जाँदा शुभ मुहर्त वा शुभ दिनको साइत निकालिन्छ र निधारमा रातो टीका लगाइन्छ। सामाजिक विश्वासअनुसार साताका केही दिनमात्र शुभ हुन्छन्। यसैले कुनै काम गर्न, कतै टाढा जान, कपडा किन्न आदि निश्चित बारहरूमा मात्र गर्नुपर्दछ भन्ने मान्यता छ। शुभ दिन वा निश्चित् साइतहरू खगोल शास्त्रीय पंचाङ्ग र ज्योतिषीय गणितका आधारमा निर्क्यौल गर्ने गरिन्छ। त्यस्तै आफ्नो जीवनमा कुनै ठूलो दुःख–कष्ट वा विपत्ति आइपऱ्यो भने त्यसलाई पूर्वजन्मको पाप सम्झने नेपालीहरूको मान्यता छ, जुन मान्यता कुनै पनि प्रकारले तर्कसगत, तथ्यपरक, विज्ञानसम्मत देखिँदैन। दुःखको बेला केवल आफ्नो मनको बह पोखेको मात्र हो। नेपाली समाजमा थुप्रै अन्धविश्वासहरू पाइन्छन्, जुन नेपाली समाजको विकासका बाधक हुन्। कतै जाँदा बिरालोले बाटो काट्नु, रित्तो गाग्री भेटिनु आदिलाई अपशकुन मानिन्छ।

यसप्रकार नेपाली समाजमा विविध प्रकारका अन्धविश्वासहरू अद्यापी प्रचलित छन्।

### सन्दर्भ ग्रन्थ सूची


- थापा, कृष्ण बहादुर, मैन अस्पैक्ट अफ सोसल, इकोनोमिक एण्ड एडमिनिस्ट्रेटिभ हिष्ट्री अफ मोडर्न नेपाल, काठमाडौं: अम्बिका थापा, ई.सं. १९८८।
- बरगती, एन्नी, गड्स, मैन एण्ड टेरीटोरी, न्यूदिल्लीः मनोहर पब्लिसर्स, ई.सं. १९९५।
- वैद्य, टि.आर. र अन्य, सोसल हिष्ट्री अफ नेपाल, न्यू दिल्लीः अनमोल पब्लिकेशन प्रा.लि., ई.सं. १९९३।
- रेग्मी, डि.आर., मेडियभल हिष्ट्री अफ नेपाल, दोश्रो भाग, कलकत्ताः के.एल. मुखोपाध्याय, ई.सं. १९६६।
- लेभी, रबर्ट आइ., मेसोकज्म, दिल्लीः मोतीलाल बनारसीदास पब्लिसर्स, ई.सं. १९९२।


**बासिबियाँलो**



डाँडा र पानीमा छायाँ देख्नु भयो होला। तर चित्रमा महिला र बच्चाको आकृति देख्नु भयो त?

जति ताछ्यो त्यति ठूलो हुने के हो ?

# घरदैलो नर्सिङ सेवाले भक्तपुरका वडावासीहरूमा सकारात्मक सन्देश प्रवाह गरेको छ

*सविना दुवाल–वडा नर्स, भनपा ९*

भक्तपुर नगरपालिकाले २०७४ भदौ १२ गतेदेखि नमुनाको रूपमा भनपा ३, ४ र ६ वडामा एक–एक जना नर्स र स्वास्थ्य स्वयम्सेविकाहरूमार्फत् घरदैलोमा नर्सिङ सेवा सुरु गरेको हो। वडावासीहरूबाट त्यस कार्यको सकारात्मक प्रतिक्रिया प्राप्त भएको आधारमा बाँकी ७ वटा वडाहरूमा २०७५ वैशाख ९ गतेदेखि उक्त कार्यक्रम सुरु भएको हो।

भक्तपुर नगरपालिका ९ नं. वडामा वडावासी आदरणीय दाजुभाइ दिदीबहिनीहरूलाई घरदैलोमा नर्सिङ सेवा प्रदान गर्न नर्सको रूपमा म खटिरहेको छु भने मेरो साथमा ९ जना स्वास्थ्य स्वयम्सेविका दिदीहरू हुनुहुन्छ। हामीहरू हरेक दिन बिहान ७ बजेदेखि ९ बजेसम्म उपचार सामग्रीसहित जनताको घरघरमा पुगिरहेका छौं। वडाको पश्चिमी भेगबाट सुरु गरिएकोले यो लेख लेख्दासम्म हामी नागपोखरी, थालाछें, याताछें, बालकुमारी, दत्तात्रय, तिनाछें, सकोलान, गछें, चोफल, लामगाल र गरुडकुण्डमा घरदैलो गरिसकेका छौं। यस क्रममा परिवारका सदस्यहरूलाई सामान्य रोगको पहिचान, दीर्घरोगीहरूलाई उपचारमा सहयोग, सुत्केरी, बालबच्चा र ज्येष्ठ नागरिकहरूलाई स्याहारसुसार गर्न सिकाउने, घाउ सफा गर्ने, कृत्रिम पिसाब नली फेर्ने, औषधी खाए नखाएको हेर्ने र औषधी सेवन गर्ने तरिका सिकाउने लगायतका कार्यहरू गरेका छौं। यससँगै परिवारका सदस्यहरूको स्वास्थ्यसम्बन्धी लगत सङ्कलन गर्ने कार्य पनि गरेका छौं।

हामीले ४ सय ११ परिवारका २ हजार ३ सय ५७ सदस्यहरूको स्वास्थ्यसम्बन्धी तथ्याङ्क संकलन गर्दा धेरै संख्यामा उच्च रक्तचाप र मधुमेह रोग फेला पारेका छौं। बाथ रोग, दम रोग र मुटु रोगका बिरामीहरू धेरै देखिएका छन्। त्यस्तै मानसिक रोग, थाइराइड, कोलेस्टेरोल र क्यान्सर रोगका विरामीहरू पनि केही संख्यामा भेटिएका छन्। यस क्षेत्रका सबै बालबालिकाहरूले नेपाल सरकारद्वारा निर्धारण गरिएका सबै खोपहरू पूर्ण रूपमा लगाइसकेको जानकारी पाएका छौं।

नगरबासीहरूको जीवनशैलीमा आएको परिवर्तनसँगै रोगीहरूको प्रकृति पनि फरक भएका छन्। पहिलेका दिनहरूमा दिनहुँजसो खेतमा वा ज्याला मजदुरीमा अधिकत्तम परिश्रम गर्ने र सामान्य खानपानमा सन्तुलन मिल्ने हुँदा दीर्घरोगहरू कममात्र देखिन्थे। बरु पानी प्रदूषित हुँदा वा विरामीहरूको हेरचाह गर्ने विधिबारे जानकारी नहुँदा झाडापखाला, आउँ, क्षयरोग, हैजा, टाइफाइडजस्ता हावा र पानीको माध्यमबाट सर्ने सरुवा रोगहरू धेरै संख्यामा देखिन्थे। तर हालका दिनहरूमा शारीरिक कसरत कम गर्ने, चिल्लो पिरो बढी खाने र वातावरणीय प्रदूषणले उच्च रक्तचाप, मधुमेह, दम जस्ता रोगहरू लागेका दीर्घरोगीहरूको संख्या बढी देखिन थालेका छन्।

घरदैलो जाने क्रममा १ सय ४५ जनालाई उच्च रक्तचाप र ६२ जनालाई मधुमेह रोग लागेको र अधिकांशले नियमित औषधी सेवन गरिरहेको भेटिएको छ। उच्च रक्तचाप (प्रेसर) सामान्य रोग जस्तै देखिन्छ। यस रोगका पूर्व लक्षणहरूबारे धेरैलाई राम्रो जानकारी नहुँदा वास्ता नगर्ने चलन छ। सार्है नै नभएसम्म चिकित्सकको परामर्श नलिने र स्वास्थ्य संस्थामा जँचाउन नजाने हाम्रो बानीले गर्दा पनि समस्या पैदा गरेको हो। उच्च रक्तचापका बिरामीले डाक्टरको सल्लाहमा एकचोटि औषधी सेवन गरेपछि जीवनभर औषधी खाइरहनुपर्छ भन्ने बुझाइको कारण पनि हत्तपत्त स्वास्थ्य संस्थामा जँचाउन नजाने र घरेलु उपचार विधिको प्रयोग गर्न खोज्ने प्रवृत्ति पनि नभएको होइन। यस रोगलाई बेवास्ता गर्दा पक्षघात र हृदयघाट पनि हुनसक्ने खतरा र यसले बिरामीको ज्यानै जान सक्ने तथा जीवनभर शरीरका अंगहरू नचल्ने र अपांग हुनेबारे हामी कमैमात्र सचेत छौं। वडामा घरदैलो गर्दा यस्तो समस्या देखेका छौं। हामीले ती विरामीहरूको ब्लड प्रेसर नापेर औषधी सेवन गरे नगरेको जानकारी लिएका छौं र गम्भीर समस्या भएकालाई तुरुन्त स्वास्थ्य संस्थामा जँचाउन आग्रह गरेका छौं। रोगबारेका गलत बुझाइलाई प्रष्ट पार्नु हाम्रो दायित्व हो।

उच्च रक्तचापका बिरामीहरूले एकचोटि डाक्टरलाई जँचाएर उहाँको सल्लाहमा नियमित औषधी सेवन गरिरहे पनि समय समयमा डाक्टरलाई आफ्नो स्वास्थ्य परीक्षण गराउनुपर्छ



भक्तपुर नगरपालिकाद्वारा संचालित घरदैलो नर्सिङ सेवाको विवरण (२०७५ वैशाख मसान्तसम्म)

| वडा नं. | परिवार संख्या | उच्च रक्तचाप | सुगर रोगी | दम | हाडजोर्नी | ग्याष्ट्रिक | थाइराइड | मुटुरोग | नसा रोग | मानसिक रोग | क्षयरोग | जण्डिस | सुस्त मनस्थिति | प्यारालाइसिस | मृगौला रोगी | पत्थरी | कोलेस्ट्रोल | क्यान्सर | अशक्त अपांग | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १६३ | ४५ | १८ | १० | ३२ | १४ | ४ | २ | १ | २ | १ | १ | | | | | | | | १ |
| २ | १३७ | ५६ | २८ | ९ | | | | | | | | | | | | | | | | ५ |
| ३ | ६० | | | | | | | | | | | | | | | | | | | |
| ४ | १४६ | | | | | | | | | | | | | | | | | | | |
| ५ | ३६७ | १२८ | ५३ | २५ | ५ | | ६ | ४ | १ | ४ | | | ३ | १ | | | | | | |
| ६ | | | | | | | | | | | | | | | | | | | | |
| ७ | १३० | २१ | ७ | ६ | ९ | | | १ | १ | | ३ | | | | | | | | | १५ |
| ८ | १७९ | १५ | ६ | ५ | | | | | | | ३ | | | | २ | | | | | ५ |
| ९ | ४११ | १४५ | ६२ | २३ | ३४ | २७ | २ | २३ | ८ | २५ | २ | | | ६ | ३ | ४ | १४ | ६ | | ८ |
| १० | ७० | २५ | ३ | २ | | | १ | १ | | | | | | | | | | १ | १ | २७ |
| जम्मा | १६६३ | ४३५ | १७७ | ८० | ८० | ४१ | १३ | ३१ | ११ | ३१ | ९ | १ | ३ | ७ | ५ | ४ | १४ | ७ | १ | ६१ |

स्रोत : भक्तपुर नगरपालिका

भन्ने जानकारी नभएका पनि पाइएको छ। रोगीले एकचोटी मात्र डाक्टरलाई देखाएर पुग्दैन। आफूले औषधि सेवन गर्दा स्वास्थ्य सुधार आएको छ वा छैन भनी बुझ्न र औषधी सेवनको मात्रा बढाउने वा घटाउनेबारे परामर्श लिन पनि बरोबर डाक्टरको परामर्श लिन जरुरी छ। समय-समयमा सामान्य रक्त परीक्षण गरेर पनि आफ्नो स्वास्थ्य अवस्थाबारे जानकारी हासिल गर्न सकिन्छ। घरदैलो जाने क्रममा हामी यिनै कुराहरू गर्छौं।

उच्च रक्तचाप र मधुमेह वंशानुगत पनि हुनसक्छ। त्यसैले बुवा, आमा, हजुरबुवा वा हजुरआमामा पनि यस्तो रोग छ कि भनी जानकारी लिनु आवश्यक छ। यी रोगहरू उमेर बढेपछि मात्र लाग्छ भन्नु सही होइन। जीवनशैलीमा आएको परिवर्तनको कारण कम उमेरका युवा युवतीहरूमा पनि यी रोगहरू देखिएका छन्। त्यसैले चिल्लोपिरो नखाने, बोसोयुक्त खाना कम खाने, नियमित व्यायाम गर्ने, स्वच्छ हावाको लागि विहानी समयमा हिंडडुल गर्ने, नियमित स्वास्थ्य परिक्षण गर्ने कार्यमा कन्जुस्याई नगरौं भन्ने हाम्रो आग्रह हो।

मधुमेह रोगको अर्थ हाम्रो रगतमा चिनीको मात्रा बढी वा घटी हुनु हो। हामीले खाएको खानामा रहेको चिनीको मात्रालाई शरीरका विभिन्न भागहरूमा ग्रन्थीहरूबाट निस्कने इन्जाइमहरूको माध्यमबाट टुक्र्याउने र त्यसबाट शरीरका लागि आवश्यक ऊर्जा प्रदान गर्ने कार्य नियमित रूपमा भइरहेका हुन्छन्। तर विभिन्न कारणले रगतमा रहेको चिनीको मात्रालाई टुक्र्याएर ऊर्जामा परिणत गर्न नसक्दा रगतमा चिनीको मात्र बढ्न जान्छ र मधुमेह रोग लाग्छ।

रगतमा चिनीको मात्रा अचानक बढ्दा र अचानक घट्दाको दुवै अवस्था खतरायुक्त हुन्छ। नियमित रूपमा रगतको परीक्षण गर्दा उक्त कुरा थाहा पाउन सकिन्छ। मधुमेह रोगको समयमै उपचार गर्दा स्वास्थ्य अवस्थामा सुधार पनि आउँछ र शरीरका अन्य अंगहरू पनि स्वस्थ हुन्छ।

मधुमेहका रोगीहरूले विशेषतः आँप, केरा, अंगुर, लिची, खर्बुजा नखाँदा बेश हुन्छ। कुनै पनि फलफूलको रस नपिउँदा राम्रो हुन्छ। धेरै समय भोकै बस्नु पनि हुँदैन, कम्तिमा दुई घण्टाको फरकमा थोरै थोरै खाना वा खाजा खानुपर्छ।

## हार्दिक समवेदना




**स्व. नारायणभक्त बखुन्छें**

**जन्म : २००९ कार्तिक १४   निधन : २०७५ जेठ १७**

यस नगरपालिकाका कर्मचारी राजेश बखुन्छेंका पुजनीय पिता **नारायणभक्त बखुन्छें**को दुःखद निधनमा गहिरो शोक व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारणको लागि हार्दिक समवेदना व्यक्त गर्दछौं।

**भक्तपुर नगरपालिका परिवार**




## Henry Ambrose Oldfield's

# SKETCHES FROM NIPAL 25

As we were getting rather tired of waiting, we heard the distant rattle of musketry up the valley, the echo reverberating from side to side. There was an instant exclamation of delight, as this firing showed the elephants were approaching. It proceeded from parties of sepoys stationed at various points in the jungle wherever there was a path which seemed likely to afford a line of retreat or escape to elephants. They were accompanied by numbers of villagers and others with sticks and stones, which they rattled so as to increase the noise whenever the elephants came near. The sepoys were ordered always to reserve their fire till the elephant was close on them, then to fire blank cartridge in a volley in his face ; at the same time the stones and sticks were rattled and knocked together so as to add to the noise. This was always sufficient ; and the elephant retreated, generally much faster than he had come. At every turn, on either side, whenever they attempted to quit the valley and get into the jungle, a volley of musketry met them and frightened them back, at the same time that a crowd of tame elephants, with an army of beaters, &c, were driving them on from behind. Thus their only course was forward, along the course of the valley towards our stockade. As they came nearer and nearer the reports of musketry became more frequent ; sometimes on one side, sometimes on another. Then all was silent for some time, when musketry was heard again, but unfortunately in the distance ; the elephants had evidently doubled back. The excitement now became very great. Presently the reports were again heard coming nearer and nearer, and more frequent ; still nothing was seen. At last, after one very near report, a cloud of white smoke rising from the jungle about a mile from us showed us the exact whereabouts of the herd; they had charged in that spot and been met by a volley. Another report and another in rapid succession, each accompanied, or rather preceded, by a cloud of white smoke. Then silence for a few minutes. Suddenly a succession of rapid discharges of musketry on the opposite side of the valley, but still among the jungle, showed that the elephants were trying to force their way in that direction. They were, however, so steadily met by the sepoys, who never flinched, that they were always driven back. Still nothing, save the clouds of white smoke rising from different spots on the hill-sides, could be seen. Presently the discharges became more frequent and much nearer, and at last a white column of smoke was seen to emerge from the trees, only about half a mile from us, close to the point where the valley opened out to our view. We knew that the herd must be at that point. As the beaters came on behind them, we could now distinguish the distant voices and shouting of the men ; discharge rapidly succeeded discharge. Suddenly all was silence again, and we shortly heard the firing again, but at some distance; the elephants had evidently made good a charge and broken through the line of beaters. Presently, however, the smoke, the rapid firing, and the shout of the beaters showed us again that the herd was approaching, and ere long, at the edge of the jungle, half hidden by the bushes, we descried the head and neck of an elephant peering round to see if the ground were clear for her to emerge into the open. Apparently satisfied by seeing no one in front, and hearing the firing, &c. behind, she came out, followed by a young one ; then another female with her young one ; then two or three more, following each other at short intervals, each one always stopping a little to reconnoitre before she left the protection of the jungle. On they came in single file at a good trot across the open ground on the side of the stream, which latter they forded two or three times, the young ones cantering on by their mothers’ sides. They passed close under the hill where we all were, evidently not aware of our presence, as we kept strict silence. On seeing the stockade stopping their further progress, they were at fault. Collected together, apparently to deliberate, and then following the largest, they

turned and tried to enter the woods on the hill opposite to us by a pathway which led into the jungle. They were, however, all of a sudden, on nearing it, assailed with such a discharge of musketry from men concealed there that they again recoiled into the open ground ; they then turned, with a view of returning again to the jungle they had first quitted ; but at this moment from it emerged a large party of tame elephants, with two large " must " ones accompanying them. In all directions the firing continued, closing gradually in on them, so as to confuse and frighten them still more. In a minute the tame elephants, each with two mahauts on it, were mixed up in a mass with the wild ones, firing and shouting going on all the time. The hustling and pushing were tremendous, and it was impossible to make out the exact mode of throwing the lasso, or, in fact, often to distinguish the tame from the wild ones. All of a sudden a wild one burst from the crowd. We thought it had escaped, but we're delighted at seeing that the lasso was fixed round her neck, and two large elephants were in close attendance upon her ; they were evidently letting her tire herself by running and pulling against the ropes, as an angler lets a large fish play and run off with the line before he attempts to land him.

Out came presently another wild one, similarly accompanied, from the confused mass, in which elephants wild and tame—mahauts hopping about like mad monkeys on their backs and vociferating violently as they were hurling ropes and picking them up again—were all blended together in the centre; while in a sort of outer ring were the two large "must" elephants standing as still as possible, stationed at points to cut off all retreat into the jungle in case a wild one should succeed in detaching herself from the mob. This elephantine mass kept swaying backwards and forwards till they came close on the edge of the river, where, overhung by precipitous rock, it was very deep. In rushed the wild ones closely pursued and accompanied by the tame ones, as well as by their own young ones. The water was soon over their heads, but still the scrimmaging went on; the mahauts clung, like leeches, with wonderful tenacity to their elephants, as the water deepened each mahaut raising himself into a standing position on the elephant's back ; so that as the elephant swam along you could see the tip of his trunk only above the water, and about a yard behind it the black head and shoulders of the mahaut, all of whom, partly by treading, partly by swimming, managed to keep to their own elephants.

There must have been altogether about twenty elephants in the water together, all pushing, wallowing, fighting, trumpeting, rolling like a party of hippopotami having a frolic, and the little mahauts popping up and down here and there among them, busy in taking advantage of the confusion to secure the ropes round the wild ones' necks. After a few minutes in the water, the wild ones, probably finding themselves fatigued by the struggle, made a rush towards the shore, hoping to gain the jungle again. But it was too late. During the melee the mahauts had managed to secure the lasso round the neck of every one of the wild elephants, seven in all ; so that there was no chance of escape. However, the knot in the lasso of one of them had unfortunately in some way got wrong and become a mere noose or running knot. As the elephant plunged violently on reaching the shore, the mahauts, unaware of this, gave her head, with a view of letting her run a little and so tire herself out. She suddenly stopped, staggered for a moment, and falling heavily forward, rolled over on her side quite dead. The noose had evidently suddenly tightened during her struggles, and she was strangled. Seeing what had happened, the mahauts instantly cut the rope ; but it was too late, she was quite dead. It was a great pity, as she was the finest elephant of the batch. She had a young one with her, a few months old, and about as large as a small heifer. This young one, despite the confusion and noise around it, would not abandon its mother ; but, uttering moans and whines, kept trying to coax her to rise, lifting up her trunk, stroking her about the head, pushing her gently, and whenever any of the tame elephants were brought up to the spot the little thing charged them with the greatest fury. It was curious to see the quiet way in which its charges were received by the tame ones, who, with their trunks, gently put the youngster aside, taking no more notice of her than a mastiff or a bloodhound would of a lap-dog's puppy. **(To be continued)**

## नेपालको संविधान २०७२ (३२)

भाग – २५

# राष्ट्रिय मानव अधिकार आयोग

**२४८. राष्ट्रिय मानव अधिकार आयोग :** (१) नेपालमा एक राष्ट्रिय मानव अधिकार आयोग रहनेछ जसमा अध्यक्ष र अन्य चार जना सदस्य रहनेछन् ।

(२) राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्नेछ ।

(३) राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्ष र सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुनेछ ।

(४) उपधारा (२) बमोजिम नियुक्त अध्यक्ष तथा सदस्यको पुनः नियुक्ति हुन सक्ने छैन ।

तर सदस्यलाई अध्यक्षको पदमा नियुक्ति गर्न सकिनेछ र त्यस्तो सदस्य अध्यक्षको पदमा नियुक्ति भएमा निजको पदावधि गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।

(५) उपधारा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्थामा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष वा सदस्यको पद रिक्त हुनेछ :–

(क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको विरुद्ध धारा १०१ बमोजिम महाभियोगको प्रस्ताव पारित भएमा,

(ग) शारीरिक वा मानसिक अस्वस्थताको कारण सेवामा रही कार्य सम्पादन गर्न असमर्थ रहेको भनी संवैधानिक परिषदको सिफारिसमा राष्ट्रपतिले पदमुक्त गरेमा,

(घ) निजको मृत्यु भएमा ।

(६) देहायको योग्यता भएको व्यक्ति राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्ष वा सदस्य पदमा नियुक्तिका लागि योग्य हुनेछ :–

(क) अध्यक्षको हकमा मानव अधिकारको संरक्षण र संवर्धनको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका प्रधान न्यायाधीश वा सर्वोच्च अदालतको न्यायाधीशको पदबाट सेवानिवृत्त व्यक्ति वा मानव अधिकारको संरक्षण र संवर्धन वा राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा कम्तीमा बीस वर्ष क्रियाशील रही विशिष्ट योगदान पुऱ्याई ख्यातिप्राप्त गरेको,

(ख) सदस्यको हकमा मानव अधिकारको संरक्षण र संवर्धन, बालबालिकाको हकहितको क्षेत्रमा कार्यरत वा राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा कम्तीमा बीस वर्ष क्रियाशील रही विशिष्ट योगदान पुऱ्याई ख्यातिप्राप्त गरेको,

(ग) मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि हासिल गरेको,

(घ) पैंतालिस वर्ष उमेर पूरा गरेको,

(ङ) नियुक्ति हुँदाका बखत राजनीतिक दलको सदस्य नरहेको,

(च) उच्च नैतिक चरित्र भएको ।

(७) राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका शर्त संघीय कानून बमोजिम हुनेछ । राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष र सदस्य आफ्नो पदमा बहाल रहेसम्म निजहरूलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका शर्त परिवर्तन गरिने छैन ।

तर चरम आर्थिक विश्रृंखलताका कारण संकटकाल घोषणा भएको अवस्थामा यो व्यवस्था लागू हुने छैन ।

(८) राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्ष वा सदस्य भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्तिका लागि ग्राह्य हुने छैन ।

तर कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबीन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

**२४९. राष्ट्रिय मानव अधिकार आयोगको काम, कर्तव्य र अधिकार :** (१) मानव अधिकारको सम्मान, संरक्षण र संवर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य हुनेछ ।

(२) उपधारा (१) मा उल्लिखित कर्तव्य पूरा गर्न लागि राष्ट्रिय मानव अधिकार आयोगले देहाय बमोजिमका काम गर्नेछ :–

(क) कुनै व्यक्ति वा समूहको मानव अधिकार उल्लंघन वा त्यसको दुरुत्साहन भएकोमा पीडित आफैं वा निजको तर्फबाट कसैले आयोग समक्ष प्रस्तुत वा प्रेषित गरेको निवेदन वा उजूरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको वा आयोगको जानकारीमा आएको विषयमा छानबिन तथा अनुसन्धान गरी दोषी उपर कारबाही गर्न सिफारिस गर्ने,

(ख) मानव अधिकारको उल्लंघन हुनबाट रोक्ने जिम्मेवारी वा कर्तव्य भएको पदाधिकारीले आफ्नो जिम्मेवारी पूरा नगरेमा वा कर्तव्य पालन नगरेमा वा जिम्मेवारी पूरा गर्न वा कर्तव्य पालन गर्न उदासीनता देखाएमा त्यस्तो पदाधिकारी उपर विभागीय

कारबाही गर्न सम्बन्धित अधिकारी समक्ष सिफारिस गर्ने,

(ग) मानव अधिकार उल्लंघन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध मुद्दा चलाउनु पर्ने आवश्यकता भएमा कानून बमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिस गर्ने,

(घ) मानव अधिकारको चेतना अभिवृद्धि गर्न नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने,

(ङ) मानव अधिकारको उल्लंघनकर्तालाई विभागीय कारबाही तथा सजाय गर्न कारण र आधार खुलाई सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने,

(च) मानव अधिकारसँग सम्बन्धित कानूनको आवधिक रूपमा पुनरावलोकन गर्ने तथा त्यसमा गर्नु पर्ने सुधार तथा संशोधनका सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(छ) मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि वा सम्झौताको नेपाल पक्ष बन्नु पर्ने भएमा त्यसको कारणसहित नेपाल सरकारलाई सिफारिस गर्ने र नेपाल पक्ष बनिसकेका सन्धि वा सम्झौताको कार्यान्वयन भए वा नभएको अनुगमन गरी कार्यान्वयन नभएको पाइएमा त्यसको कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ज) मानव अधिकारको उल्लंघनका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले गरेको सिफारिस वा निर्देशन पालन वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम कानून बमोजिम सार्वजनिक गरी मानव अधिकार उल्लंघनकर्ताको रूपमा अभिलेख राख्ने ।

(३) मानव अधिकार आयोगले आफ्नो कार्य सम्पादन गर्दा वा कर्तव्य पालन गर्दा देहाय बमोजिमको अधिकार प्रयोग गर्न सक्नेछ :-

(क) कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराई जानकारी वा बयान लिने वा बकपत्र गराउने, प्रमाण बुझ्ने, दशी प्रमाण दाखिला गर्न लगाउने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार प्रयोग गर्ने,

(ख) मानव अधिकारको गम्भीर उल्लंघन हुन लागेको वा भइसकेको सूचना आयोगले कुनै किसिमबाट प्राप्त गरेमा कुनै व्यक्ति वा निजको आवास वा कार्यालयमा विना सूचना प्रवेश गर्ने, खानतलासी लिने तथा त्यसरी खानतलासी लिंदा मानव अधिकार कोउल्लंघनसँग सम्बन्धित लिखत, प्रमाण वा सबुत कब्जामा लिने,

(ग) कुनै व्यक्तिको मानव अधिकार उल्लंघन भइरहेको कुरा जानकारी भई तत्काल कारबाही गर्नु पर्ने आवश्यक देखिएमा विना सूचना सरकारी कार्यालय वा अन्य ठाउँमा प्रवेश गर्ने र उद्धार गर्ने,

(घ) मानव अधिकारको उल्लंघनबाट पीडितलाई कानून बमोजिम क्षतिपूर्ति दिन आदेश दिने ।

(४) राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार सो आयोगको अध्यक्ष, कुनै सदस्य वा नेपाल सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

(५) राष्ट्रिय मानव अधिकार आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि संघीय कानून बमोजिम हुनेछ ।


(क्रमशः)


## भक्तपुर नगरवासीहरूमा भक्तपुर नगरपालिकाको अनुरोध


- जन्म, मृत्यु, विवाह, बसाइसराई जस्ता व्यक्तिगत घटना दर्ता गरौं ।
- करदाताहरूले समयमै आआफ्नो व्यवसाय कर, सफाइ कर, घर बहाल कर, घरजग्गा मूल्याङ्कन करलगायतका करहरू बुझाऔं ।
- नगरपालिका क्षेत्रभित्र घर, टहरा, ग्यारेज आदि कुनै पनि निर्माण गर्दा नक्सापास गरौं, पास भएको नक्साबमोजिम मात्र निर्माण कार्य अघि बढाऔं, समयमै निर्माण सम्पन्न प्रमाणपत्र प्राप्त गरौं ।
- ऐतिहासिक एवं सांस्कृतिक भक्तपुर नगरको मौलिकतालाई संरक्षण गरौं, परम्परागत शैलीमा घर निर्माणलाई प्राथमिकता दिऔं ।
- आफू बस्ने घर, चोक, गल्ली, सडक, टोल र नगर सफा गरौं, सफाइगर्दा इज्जत घट्दैन बरु सभ्य भइन्छ र रोगबाट समेत मुक्त हुन्छ ।
- सडकको दायाँबायाँ पेटी र फुटपाथमा पसलका सामानहरू राखेर पैदल हिंड्ने यात्रुहरूलाई आवागमनमा कठिनाइ नपुर्‍याऔं, ऐतिहासिक सम्पदा स्थल तथा सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौं ।
- सार्वजनिक स्थलहरूमा गाईवस्तु जस्ता चौपायाहरू जथाभावी नछाडौं, आफ्ना घरपालुवा कुकुरलाई घरबाहिर जथाभावी फोहर नगराऔं ।
- नगरपालिका नगरवासीहरूको साझा संस्थाहो । नगरपालिकालाई भ्रष्टाचार मुक्त बनाउने अभियानमा सहयोग गरौं ।

## निर्माण सम्पन्न सम्पदाका तस्बिरहरू


२०७२ सालको भूकम्पमा क्षतिग्रस्त केही सम्पदाहरू भक्तपुर नगरपालिकाले पुनःनिर्माण सम्पन्न गरेको छ । भक्तपुर दरबार क्षेत्रमा अवस्थित निर्माण सम्पन्न भएका केही सम्पदाहरू ।




भक्तपुर दरबार क्षेत्रको प्रवेशद्वार



हरिहरनारायण मन्दिर



बद्रीनारायण मन्दिर

# तस्बिरमा केही गतिविधि



चिनियाँ प्रतिनिधि मण्डललाई जेठ ३ गते स्वागत गर्नुहुँदै भनपा प्रमुख सुनिल प्रजापतिलगायत



जेठ ६ गते साउथ वेष्ट युनिभर्सिटि अफ साइन्स एण्ड टेक्नोलोजी चाइना (South West University of Science and Technology, China) सँग ख्वप इन्जिनियरिङ कलेजको MOU गर्नुहुँदै प्रमुख प्रजापति



भनपा र भक्तपुर पर्यटन विकास समितिसँग जेठ १६ गते भएको बैठक



भक्तपुर नपाद्वारा जेठ १५ गते विभिन्न विद्यालयका शिक्षक शिक्षिकाहरुलाई पाठ्यक्रम प्रवोधिकरण बारे जानकारी दिनुहुँदै प्रमुख प्रजापति




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिलगायत काठमाडौं उपत्यका खानेपानी बोर्डका पदाधिकारीहरू मेलम्ची खानेपानी आयोजना अवलोकन भ्रमणमा (२०७५/०२/०५)



जेठ १७ गते भनपाको पाठ्यक्रम प्रवोधिकरण कार्यक्रममा पद्म स्रोत केन्द्र अन्तर्गतका विद्यालयका शिक्षक शिक्षिकाहरू

# आ.व. २०७४/७५ बैशाख महिनामा भक्तपुर नगर अवलोकन गर्ने पर्यटकहरू




| गते | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | ९७१ | ५५८ | ४१३ | ३९९ | ४७४ | ४०४ | ४६६ | ४५९ | ४६० | ४३४ | ४६१ | २९४ | ४११ | ५३० | ४८५ | ६०२ |
| ■ सार्क तथा चिनियाँ | ३६१ | २७९ | ३२३ | २८७ | २४८ | ३३० | २८७ | ३४३ | ३५६ | २०३ | ४३७ | ३९७ | २५४ | ४४३ | ३९७ | ३७९ |

| गते | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० | ३१ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | ४०१ | ४२४ | ३४० | ४४४ | ४४१ | ३९८ | ३५३ | ३४६ | ३७३ | ३३३ | ३४६ | ३६५ | ४११ | ३१० | १५९ |
| ■ सार्क तथा चिनियाँ | ३९२ | ३०७ | ४८३ | २६७ | ८५७ | ३४९ | २३५ | २०३ | ३७८ | २७२ | २६८ | ३५२ | ३०९ | ३२२ | २२५ |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कुल पर्यटक संख्या |
|---|---|---|---|
| २०७५ बैशाख | १३,२६५ | १०,५४३ | २३,८०८ |
| २०७४ बैशाख | १२,४३० | ७,३९४ | १९,८२४ |
| प्रगति | ८३५ (६.७२%) | ३,१४९ (४२.५९%) | ३,९८४ (२०.१०%) |

तथ्याङ्क र चार्ट : पर्यटक सूचना केन्द्र

सम्पादकको पृष्ठ

# बिहानले दिनको संकेत गरेको छ

भक्तपुर नपाका जनप्रतिनिधिहरूले कार्यभार सम्हालेको एक वर्ष पूरा भएको छ। गतवर्ष स्थानीय तहको निर्वाचनपछि जेठ ७ गते शपथ ग्रहण गरेका जनप्रतिनिधिहरूले घोषणापत्रलाई जिम्मेवारी र कर्तव्य निर्वाहको मार्गचित्र बताउँदै आएका छन्। त्यसैले घोषणापत्रमार्फत जनतामाझ व्यक्त गरेका प्रतिबद्धताहरू पूरा गर्न जनप्रतिनिधिहरू लागि परेका छन्। निःस्वार्थ र इमानदारीपूर्वक देश र जनताको सेवालाई राजनीति ठान्ने जनप्रतिनिधिहरूले आफ्नो वाचा पूरा गर्न अधिकत्तम प्रयास गरिरहेको सर्वत्र अनुभव गरिएको छ।

संविधानले स्थानीय तहलाई अधिकार सम्पन्न बनाएको छ। तर व्यवहारमा अधिकार दिन कञ्जुस्याइँ गरेको मात्र होइन कुण्ठितसमेत पारेको देखिएको छ। यसले एकातिर देश र जनताको सेवा गर्न खोज्ने र चाहने जनप्रतिनिधिहरू असन्तुष्ट देखिएका छन् भने अर्कोतिर प्राप्त अधिकारको दुरूपयोग गरेको, कार्यक्षमता प्रदर्शन नगरेको चर्चा पनि पत्रपत्रिकामा निरन्तर आइरहेका छन्। प्राप्त अधिकारको सदुपयोग नहुँदा संविधानको उदात्त भावनाबाट स्थानीय तहमार्फत देश र जनता लाभान्वित हुनबाट बञ्चित भएका छन्। जनताको हित र सेवामा कथित जनप्रतिनिधिहरूबाट अकर्मण्यता प्रदर्शन हुनु दुःखको कुरा हो। अधिकार सही व्यक्तिको हातमा पुग्दा र गलत व्यक्तिको हातमा पुग्दा परिणाम पनि फरक देखिनु स्वाभाविक छ ।

देशका स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरूको पाँच वर्षे कार्यकालको एक वर्ष पूरा हुँदासम्म भक्तपुर नपाका जनप्रतिनिधिहरूले समय र अवसरको अधिकत्तम सफलतासाथ सदुपयोग गरेको दाबी गर्न धक मान्नुपर्ने कतै दृष्टिगोचर हुँदैन। यो सुखद् पक्ष हो। यद्यपि डेढ दशक जनप्रतिनिधिविहीन अवस्थालाई दृष्टिगत गर्दा जनप्रतिनिधिहरूले आफ्नो कर्तव्य निर्वाहमा विभिन्न समस्या अनुभव गरेका छन्। परन्तु त्यसमा निराश वा हतास देखिंदैनन्। यो कुरा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले पदबहालीको एक वर्ष पुगेको अवसरमा आयोजित कार्यक्रममा व्यक्त मन्तव्यबाट बुझ्न सकिन्छ। उहाँले स्पष्टै भन्नुभएको छ– चुनौतीबाट भागेर होइन डटेर सामना गर्दै अघि बढ्दै छौं। त्यसैले बिहानले दिनको संकेत गरेझैं बितेको एक वर्षका कामले बाँकी चार वर्ष पनि सकारात्मक र उपलब्धिमुलक हुने आशा र विश्वास सम्प्रेषण गरेको छ। भक्तपुर नपाले आफ्नो वाचा र लक्ष्य बाँकी कार्यकालमा सफलतासाथ पूरा गर्ने अठोट र नगरवासीको अपेक्षा साकार हुने आशा गर्नु रत्तिभर अन्यथा हुनेछैन। यद्यपि भक्तपुर नपाको काम–कारबाहीको सही र निष्पक्ष मूल्याङ्कन सचेत नगरवासीहरूले गर्ने नै छन्।